स्वास्थ्य सेवामा बामपन्थी विकल्प के ?
महत्त्वपूर्ण विचार–अन्तर्क्रियाको रिपोर्ट

# मूल्याङ्कन

मूल्य रु.१५।-
विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क १९, २०५१, जेठ




भारतीय हस्तक्षेपको विरुद्ध

## जनसंघर्षको लहर

नेपालमा पहिलोपटक चारधर्के (4RT) फलामे छड

'तौल ट्याग' सहित

फलामे छड रोज्दा
अब अल्मलिनु पर्दैन




पंचकन्याको चारधर्के फलामे छड रोज्नुहोस् र निश्चिन्त हुनुहोस् ।

*पञ्चकन्याको छड अलग्गै चिनिन्छ । छड किन्दा बण्डलमा झुण्ड्याइएको ट्याग हेरेर मात्र किन्नु होस् । स्मरण रहोस्, बजारमा उपलब्ध अन्य छडहरूमा पनि यस्तै ट्याग देखिन थालेका छन् । हामी गुणस्तरीय उत्पादनप्रति प्रतिवद्ध छौं । हाम्रो प्रत्येक उत्पादनको प्रयोगशालामा परिक्षण गरिएको हुन्छ । पञ्चकन्याको छड किन्दा 'टेष्ट सर्टिफिकेट' पनि माग्न नबिर्सनु होला ।*

हामी चाहन्छौं, तपाईको रोजाई विशुद्ध तपाईकै होस् ।

पंचकन्या ...... सदैव विश्वासिलो

**पंचकन्या** आईरन इण्डष्ट्रिज प्रा.लि.

कोटिहवा, भैरहवा, फोन नं. (०७१) २०३६८, (०७१) २०५१७
मुख्य कार्यालय : कृष्णगल्ली, पुल्चोक, पोष्ट बक्स : २७४३ काठमाडौं
फोन ५२६५५१, ५२५१७२, फ्याक्स : ५२६५२९



Mark of Quality

**Leather Wings**

for real walking pleasure

जहिले पनि जहाँ पनि सबैलाई हुने

**अन्तर्राष्ट्रिय स्तरको लेदर विङ्गसका जुत्ताहरू**

**सुपथ मूल्यमा ग्यारेण्टिका साथ धमाधम बिक्री हुँदैछ ।**

"सित्तैमा"

आर्थिक वर्ष भित्र लेदरबिङ्गसका शोरूम भोटाहिटी कमलाक्षी गल्ली तथा पाटनढोका वसपार्क अगाडिबाट १८ जोर जुत्ता खरीद गरेमा एक जोर सित्तैमा प्रदान गरिने छ ।

अधिराज्यका सम्पूर्ण शहरहरूमा उपलब्ध छ ।

समय मै लेदर विङ्गसका जुत्ता खरीद गरी ढुक्क हुनुहोस् ।

कृपया लेदर विङ्गसको छाप (लोगो) हेर्न नभुल्नु होला ।





**लेदर विङ्गस (प्रा०) लि०**

पो. व. नं. ७२४० बाँसबारी, रिंगरोड, काठमाण्डौं -३ फोन ४-११७२०

Leather WingsLeather WingsLeather WingsLeather WingsLeather Wings



**नेबिको**

**नयाँ आवश्यकता**

**बिस्कुटहरु**

**तपाईको स्वास्थ्य, वचत र सम्मान प्रति जत्तिको होसियार छ त्यत्तिकै आफ्नो गुणस्तर प्रति छ।**




**नेबिको प्रा. लि.**


काठमाडौं, नेपाल

## भारतीय सशस्त्र हस्तक्षेपको विरोधमा अभिव्यक्त

# जन संघर्षको लहर

देशभक्ति र राष्ट्रिय स्वाधीनताको सवालमा वामपन्थी शक्तिको आलोचनात्मक संलग्नता र राष्ट्रिय चेतमा कतै ह्रास त आएको छैन ?





# स्वास्थ्य सेवामा क्रान्ति

## स्वास्थ्य सेवामा वामपन्थी विकल्प के ?

**वाम विकल्पको खोजि**

**वामनेताहरू–**
- क.निर्मल लामा, क. माधव नेपाल क. रोहित

**स्वास्थ्यविज्ञहरू–**
- डा. महेश मास्के, डा. शरद वन्त, डा. सरोज धिताल डा. भरत प्रधानका साथै

*अर्थविद्हरू, समाजशास्त्रीहरू र सामाजिक कार्यकर्ताहरूबीच सम्पन्न महत्वपूर्ण विचार अन्तर्क्रियाको विस्तृत रिपोर्ट !* (२४- ३८ सम्म)

**चिली**

# वामपन्थी सरकारदेखि अमेरिकी साम्राज्यवाद थर्कमान !

(१४-१९)

**जनरल पिनोचेटको सैनिक विद्रोहको पछाडि**

**अमेरिकी साम्राज्यवादको स्वार्थ के थियो ?**

**सी.आई.ए.ले कसरी सैनिक विद्रोह संगठित गऱ्यो ?**

*सैनिक विद्रोहमा बहुराष्ट्रिय कम्पनीहरूको सहभागिता !*

*एमालेको वामपन्थी सरकारको सुधारवादी र क्रान्तिकारी कार्य !*


**हाम्रो मूल्यांकन**
बधाइ, मण्डेला र ए.एन.सी. ४

**घटना र प्रवृत्ति**
राजालाई डक्टरेट दिनुको रहस्य १०
नेपालप्रति भारतीय शासकको दृष्टिकोण ७
गिरिजा कालमा बढ्दो महंगी ७
मट्टीतेलको भाउ किन घट्यो ? ४५

**विश्व कम्युनिष्ट आन्दोलन**
लण्डनमा वामपन्थीहरूको जमघट ८
विश्वका कम्युनिष्टहरूको मोर्चाबन्दी ९
मार्क्सका घतलाग्दा उक्तिहरू ९
नेताहरूको आचरणबारे लेनिन ४१
लेनिन थिए, लेनिन छन्, ....... ४१
रेष्टुरेण्टमा लेनिन ९

**दर्शन/दिग्दर्शन**
गौतम बुद्ध अनित्यबोधका उद्घोषक
- डी.आर. पोखरेल ११

**आँखीझ्याल**
सोमालियामा किन अनिकाल पऱ्यो ?
- दीपक वैद्य २०

**संगठन र जनसत्ता**
नेपाली मजदूर आन्दोलन किन बलवान हुन सकिहेको छैन ?
- विष्णु रिमाल ४२

**नीति/संस्कृति**
हामीभित्र कसरी भ्रष्टाचार मौलाइरहेछ ?
- हरिमान प्रधान ४०

**पर्दा/रंगमंच**
फिल्म "कसम" : राजेश हमालहरूको मारमुंग्री
- हरिगोविन्द लुइटेल ४३

**साहित्य**
पारिजातका कविताहरू
- मृत्यु
- एउटी स्वास्नीमान्छेसँग अन्तर्वार्ता२३
पारिजातको शालिक स्थापित ४४
भारतमा पारिजात-स्मृति ४४
गोविन्द भट्ट पुरस्कृत ४३

**विज्ञान/प्रविधि**
जाजरकोटमा नयाँ आविष्कार शौर्य कार : नयाँ क्रान्ति
- खेम भण्डारी २२
दिन लम्बिँदो छ !
- रविन्द्र राय १३
सयपत्रीबाट पनि लामखुट्टेको नियन्त्रण
- प्रकाश अधिकारी १३
सौर्य शक्ति १०

**आजको घटना / आजको विचार**
- क. रुपलाल विश्वकर्मा ३९

**पाठकको कुरो** ४६


आवरण फोटो : नेपाल बन्दको सन्दर्भमा संयुक्त जनमोर्चाको मसाल जुलुस / फोटोः- ए.बी.सी. फोटो, बागबजार
आवरण कला : आइडियल डिजाइनर्स / कलर स्क्यानिङ :- प्रिज्म कलर स्क्यानिङ, कुलेश्वर

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १२, पूर्णाङ्क १९
२०५१, जेष्ठ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संगौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन
**लेखा**
केदारमणि पोखरेल



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित
**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, झोछें, ख-२,२३७
काठमाडौं-२३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं


# बधाइ, नेल्सन मण्डेला र अफ्रिकी राष्ट्रिय कंग्रेस !

सही नेतृत्वमा अन्याय विरूद्ध जनताले संगठित र एकतावद्ध भएर संघर्ष गर्दछन् भने अन्ततः त्यसको विजय अवश्यंभावी छ । दुनियाँको कुनै अन्यायकारी तागतले जनताको एकताबद्ध न्यायपूर्ण संघर्षलाई पराजित गर्न सक्दैन, चाहे त्यो जतिसुकै शक्तिशाली किन नहोस् ! दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टीसहित संलग्न दक्षिण अफ्रिकी राष्ट्रिय कंग्रेस (ए.एन.सी.) को नेतृत्वमा दक्षिण अफ्रिकामा समान हकका लागि काला जातिले गरेको ९० वर्ष लामो संघर्षको शानदार विजयले यही सावित गरेको छ ।

जनताको निरन्तर एकतावद्ध संघर्षकै फलस्वरूप ३४२ वर्ष यता पहिलो पटक काला जातिले दक्षिण अफ्रिकामा गोरा जाति सरह भोट दिने अधिकार पाएका छन् । १३ प्रतिशत गोरा जातिको ७६ प्रतिशत काला जातिमाथिको एकलौटी शासन ढलेको छ । ४०० सीटको संसदमा ६२ प्रतिशत स्थान ल्याएर अफ्रिकाको सवै संघर्षशील शक्तिहरूको संयुक्त मोर्चा- अफ्रिकी नेशनल कंग्रेस अब दक्षिण अफ्रिकाको सत्तारूढ दल हुनपुगेको छ । २७ वर्ष सम्म श्वेत शासक वर्गको जेलको कोठरीमा थुनिएका अश्वेतहरूको संघर्षको एकताको प्रतीक- नेल्सन मण्डेला अब द. अफ्रिकाको नयाँ राष्ट्रपति बन्नु भएको छ । यस महान तथा ऐतिहासिक विजयमा हामी त्यहाँको कम्युनिष्ट पार्टी, अफ्रिकी राष्ट्रिय कंग्रेस र यसका नेता नेल्सन मण्डेलालाई हार्दिक बधाइ र शुभकामना व्यक्त गर्न चाहन्छौं ।

इतिहासमा अक्सरतया विजेताहरूमा विजयको उन्माद छाउँछ । उत्पीडितहरू जितेपछि आफै उत्पीडकमा परिणत भएको थुप्रै दृष्टान्तहरू विश्व इतिहासमा भेटिन्छन् । अफ्रिकी राष्ट्रिय कंग्रेसले भने यो मामलामा शुरूमै उच्च संस्कृतिको परिचय दिएको छ । भारी विजयपछि पनि उसमा कुनै विजयको उन्माद र अहंकार छाएको देखिएन । थुप्रै वर्ष श्वेतहरूको अवर्णनीय अत्याचार भोगेका अश्वेतहरूले राज्य नै आफ्नो हातमा आउँदा समेत श्वेतहरूप्रति बदलाको कुनै व्यवहार कतै देखाएनन् । यो संयम र सांस्कृतिक उच्चताले दक्षिण अफ्रिकामा न्यायको युग शुरू भएको संकेत दिएको छ ।

तर यूरेनियम, हीरा, सुन र विद्युतको भण्डार-दक्षिण अफ्रिकामा अफ्रिकी राष्ट्रिय कंग्रेसको सामुन्ने चुनौतीहरू चाहिं सारै गंभीर छन् ।

४ करोड जनसंख्या भएको द. अफ्रिकामा सत्ता अश्वेतहरूको हातमा आए पनि देशको आर्थिक र राज्यको ढाँचा पुरानै कायम राखिएको छ । यही पुरानो राज्य ढाँचा र आर्थिक ढाँचा अफ्रिकी राष्ट्रिय कंग्रेसको लागि भालूको कन्पट सिद्ध हुने अवश्यंभावी छ । यो ढाँचा अन्तर्गत श्वेतहरूको प्रतिव्यक्ति आम्दानी अश्वेतहरूको भन्दा १३ गुना बेसी छ । केवल ५ प्रतिशत जमीन खेतीयोग्य छ, त्यसमा पनि ८५ प्रतिशत गोराहरूको हातमा छ । उद्योगमा ६ वटा कंपनी समूहको एकलौटी एकाधिकार छ । शेयर बजारको ८० प्रतिशत पूँजीमा यिनै ६ कंपनीको हिस्सेदारी छ । देशको प्रमुख हीरा, सुन लगायत बहुमूल्य खानी यिनीहरूकै कब्जामा छ । उता वेरोजगारी भने निकै चुलिएको छ । जनसंख्याको १८ प्रतिशत पूरै बेरोजगार छन् । त्यस मध्ये पनि बेसी बेरोजगार त काला जातिका मानिसहरू नै छन् । ४० प्रतिशत मजदूरहरू पूरै बेकार छन् र त्यस मध्ये बहुसंख्यक काला जातिका छन् । अत्याधिक काला जातिको कुनै घर छैन । ५० प्रतिशतभन्दा बढी काला जातिहरू गरीवीको रेखामुनि छन् । देशको उत्पादन घट्दो छ । गएको ३ वर्ष यता त्यो ३ प्रतिशतका दरले घटिरहेको छ ।

यी बिकराल सामाजिक समस्याहरूलाई ए.एन.सी.ले कसरी सामना गर्ला ? पुरानै बनी वनाउ राज्य ढाँचा मार्फत यी समस्या कसरी समाधान गर्न सकिएला ? आर्थिक क्षेत्रमा गोरा जातिको एकलौटी एकाधिकार रहेको वर्तमान स्थितिमा काला जातिले सामाजिक र सांस्कृतिक रूपले समानता कसरी प्राप्त गर्लान् ? उत्पीडितहरूले कसरी समाजमा आमूल परिवर्तनको अनुभूति गर्न सक्लान् ? यी सारा सवालहरू द. अफ्रिकाको नयाँ सत्ता सामुन्ने अजिंगरको मुख बाएर खडा छन् । ए.एन.सी.को निम्ति सबैभन्दा ठूलो चुनौती नै यिनै सवालहरू हुन् ।

तथापि ए.एन.सी. सी.ले जनता सामु आफ्नो विकल्प पेश गरेको छ । पुनर्निर्माण र विकास कार्यक्रम RDP को नामले प्रसिद्ध यो बैकल्पिक कार्यक्रममा क्रान्तिकारी भूमिसुधार, मिश्रित अर्थतन्त्र, १० वर्ष भित्र सवै काला जातिलाई घर, बढ्दो मात्रामा रोजगारीको प्रबन्ध, विजुली र खानेपानीको व्यवस्था, अश्वेतहरूलाई सवै क्षेत्रमा समान अधिकार जस्ता विकल्पहरू पेश गरिएका छन् ।

यो वैकल्पिक कार्यक्रमले अफ्रिकी जनजीवनमा के प्रगतिशील परिवर्तन ल्याउला ? अहिले नै भविष्यवाणी गर्नु अपरिपक्व कार्य हुनेछ । अहिले त ए.एन.सी.लाई विश्वका संपूर्ण श्रमिक र उत्पीडितहरूले हरसंभव ढंगले सहयोग गर्नु परेको छ । त्यसका गल्ती र कमजोरीहरूलाई मित्रवत ढंगले देखाइ दिनु परेको छ । साम्राज्यवादीहरूले अहिलेनै ए.एन.सी.लाई आफ्नो बल्छीमा पार्न ऋण र सहयोगको लोभलाग्दो थैलीलाई बल्छी-कीराको रूपमा फालिसकेका छन् । उनीहरू सोमालिया बनाउने दाउमा छन्,दक्षिण अफ्रिकालाई । यस स्थितिमा द. अफ्रिकी कम्युनिष्ट पार्टीसहित समाहित भएको ए.एन.सी. होशियारपूर्ण ढंगले अघि वढोस्, हामी यही कामना गर्दछौं !!

❐ ❐

फोटोहरू : उषा तिवारी / अन्य फोटो र स्केचहरू : "डाक्टर नभएमा" पुस्तक, प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, बागबजार, जिफन्ट, युवा लिग
कम्प्युटर : **नेप्युटर,** बागबजार / मुद्रक : इन्द्रेणी अफसेट प्रेस, बागबजार ।

**भारतीय हस्तक्षेपको बिरोधमा अभिव्यक्त**

# जन संघर्षको लहर

## जनवादी युवा लिग, प्रजातान्त्रिक राष्ट्रिय युवा संघ र क्रान्तिकारी विद्यार्थी संगठनहरू सडकमा उत्रे, संयुक्त जनमोर्चा बाहेक अन्य वामपन्थी पार्टीहरू किन सडकमा उत्रेनन् ?

**बा**नेश्वरमा भारतीय प्रहरीहरूले गरेको चैत्र १४ को नांगो हस्तक्षेपले नेपाली जनताको राष्ट्रिय भावनामा कति गहिरो घाउ पारेको रहेछ, त्यो वैशाख २१ गतेको "नेपाल बन्द" कार्यक्रमको शानदार सफलताले उदांगो पारेको छ। थोरै मेहेनत र सक्रियतामा पनि अनपेक्षित अनुपातमा संघर्षको कार्यक्रम सफल हुनुले देखाएको छ- नेपाली जनता राष्ट्रिय स्वाधीनताको सवालमा झन्-झन् सजग र संवेदनशील बन्दै छन् ।

### प्रशंसनीय पहल

संयुक्त जनमोर्चा, नेपालले यो मामलामा सार्वजनिक संघर्षको कार्यक्रम राखेर प्रशंसनीय कार्य गरेको छ । यो विषय यस्तो थियो, जसमा सम्पूर्ण बामपन्थी शक्तिहरू तत्काल एकजुट भएर मैदानमा ओर्लनु जरुरी थियो । देशको राजधानीमै भारतीय साम्राज्यवादद्वारा देशको स्वतन्त्रता र सार्वभौमिकतामाथि [illegible] सार्वजनिक बलात्कार गरेको गम्भीर घटनालाई फगत वक्तव्य दिएर उत्तिकै छोडीदिनु कदापि ठीक थिएन । यो यस्तो मुद्दा थियो, जसमा राष्ट्र सिंगै एक भएर यसबारे संघर्ष उठाउने नेतृत्वको पछाडि खडा हुन सक्थ्यो । गिरिजा सरकारसित यो मुद्दामा जिम्मेवारीबाट पन्छने कुनै चोर ढोका थिएन । सबूदहरू त्यस्ता थिए, जसले राष्ट्रिय अस्मिताको यो बलात्कारमा गिरिजा सरकारलाई सक्रिय सहयोगीको रुपमा चिनिनु या उसको राज्ययन्त्र बिल्कुलै नाकाम छ भनेर स्वीकार्नु बाहेक अर्को विकल्प थिएन ।

तर कुन अप्राथमिक कुरालाई प्राथमिकता दिने सोचले गर्दा हो, नेपालका अन्य जिम्मेवार बापमन्थी शक्तिहरूले यो अहं राष्ट्रिय मुद्दामा जनतासित सडकमा जानुपर्ने कुनै दरकार महशूस गरेनन् । संसदमा आवाज उठाउनु आफ्ना जनवर्गीय संगठनहरूलाई मात्र सडक कार्यक्रमको लागि अघि सार्नु र वक्तव्य जारी गर्नुमै उनीहरू सन्तुष्ट देखिए । यो मुद्दामा प्रजातान्त्रिक राष्ट्रिय युवा संघ र जनवादी युवा लीग मैदानमा निक्लिए, क्रान्तिकारी विद्यार्थी संगठनहरू सडकमा उत्रिए, तर बामपन्थी पार्टीहरूलाई भने त्यसो गर्न कुनै तातो लागेन । आखिर त्यस्तो कुन मुद्दा र कार्यक्रम थियो, जो त्यतिखेर योभन्दा महत्वपूर्ण र प्राथमिक थियो ? देशभक्तिको र राष्ट्रिय स्वाधीनताको सवालमा यसअघि अग्रगामी भूमिका निभाउँदै आएका बाम शक्तिहरूको आलोचनात्मक सजगतामा र राष्ट्रिय चेतमा अब कतै ह्रास त आएको होइन ? यो प्रश्न उठाउने ठाउँ यसपालिको घटनाले दिएको छ ।

यस परिप्रेक्ष्यमा संयुक्त जनमोर्चा, नेपाल मात्रै पनि सडकमा निक्लिनु स्वागतयोग्य कुरा भएको छ ।

संघर्ष के गर्दा सफल र बढी प्रभावकारी हुन्छ ? हर संघर्षलाई त्यो दृष्टिकोणले हेर्नु नै जिम्मेवार सामाजिक शक्तिहरूको मुख्य परिचय हो । यो दृष्टिकोणबाट संजमो, नेपालले यो संघर्षलाई हेऱ्यो कि हेरेन ? संघर्षलाई सफल र बढी प्रभावकारी बनाउनका लागि त्यसले अन्य बाम शक्तिहरूलाई पनि एकताको निम्ति जिम्मेवारपूर्ण पहल गऱ्यो कि गरेन ? यो प्रश्न उठ्ने-उठाउने ठाउँ यतिखेर छ । तथापि फगत एक्लै जस लिने आत्मकेन्द्रित मानसिकताबाट अहिलेको संघर्ष उत्प्रेरित भएको हैन भने, यो आशा गर्न सकिन्छ, वर्तमान संघर्षको पहलकर्ताले फेरि पनि अन्य बाम शक्तिलाई मैदानमा ल्याउन यथासंभव पहल गर्नेछ, उनीहरू आउनु नआउनु उनीहरूको जिम्मेवारी बोधको कुरा हो । तर पहल भने नितान्त आवश्यक छ । यसबाट आयोजकलाई दोहोरो फाइदा हुनेछ, आए भने संघर्ष झन् तेज र जनव्यापी हुनेछ र त्यो सफल हुने संभावना बढ्नेछ । आएनन् भने संघर्षको सफलतामा नोक्सानी पुगे पनि जन समक्ष उनीहरूको कमजोरीको आलोचनाद्वारा जनताको विश्वास अरू बढी आफूले प्राप्त गर्ने संभावना बढ्नेछ ।

### संघर्षको सीमा र कमजोरीहरू

[illegible] अहिलेको संघर्षको मैदानको [illegible] जो यतिखेर पनि मैदानमा [illegible] पनि कार्यवाहीगत सम्पर्क र [illegible] देखिन्न । युवा संघ, युवा लीग, संजमो, सबै मैदानमा छन्, तर एक्ला एक्लै ! उद्देश्य एउटै, शत्रु पनि एउटै ! तर कार्यवाही






अलग अलग ! प्रश्न के उठ्छ भने उनीहरू सबैको उद्देश्य एउटै हो भने उनीहरू सबैबीच संघर्षमा किन समन्वय र सम्बन्ध हुनसक्दैन ?

अर्को सीमा के देखिएको छ भने- पहिले नेपाल बन्द जस्तो उच्चकोटीको संघर्षका कार्यक्रमहरू, त्यसपछि त्योभन्दा तल्लो स्तरका कार्यक्रमहरू । संघर्ष त न्यूनस्तरबाट उच्चतातिर, सानोबाट झन् झन् ठूलोतिर, साँघुरोबाट व्यापकतातिर चुलिनुपर्ने । तर अहिले उल्टो भैरहेछ ।

संघर्षका केही कार्यक्रम यस्ता छन्, जसलाई लिएर प्रतिक्रियावादी भारतीय शासक वर्गले जनसमुदायमा 'यो भारत विरोधी कार्यक्रम हो' भनेर भ्रम फिँजाउने अवसर पाउँछ, जस्तो- भारतीय गाडीको आवागमन रोक्नु- भारतीय फिल्म बन्द गर्नु जस्ता कार्यक्रमहरू ।

यो सही हो कि भारतीय गाडीहरूलाई नेपालमा आवागमन गर्ने असमान विशेषाधिकार छ र यो साम्राज्यवादी विशेषाधिकारको अन्त हुनुपर्छ । तर त्यो विशेषाधिकारको निम्ति मूल दोषी यहाँको भारतीय साम्राज्यवादपरस्त सरकार हो, उसको तावेदारी नीति र चरित्र हो । मौका मात्र दिइयो भने कुन साम्राज्यवादले विशेषाधिकार खोज्दैन ? र मौका दिने नेपाली कांग्रेसको सरकार हो ! के भारतीय शासकवर्गले नेपाललाई कुनै एउटा त्यस्तो विशेषाधिकार दिएको छ ?

त्यसैले, यो मामलामा विरोध हामीले भारतीय साम्राज्यवादको तावेदारी गर्ने कार्य गरे बापत नेपालको शासक वर्गको गर्नुपर्छ । त्यसलाई माग गर्नुपर्छ कि यो एक्लौटी विशेषाधिकारको तुरून्त अन्त गर । भारतीय गाडीको जहाँसम्म सवाल छ, त्यसमा साम्राज्यवादीहरू मात्र चढेर आउँदैनन्, जनसाधारण पनि चढेर आउँछन् । कैयन नेपालीकै भारतीय प्लेटका गाडी छन् । हामीले गाडीको आवागमन रोकेर भारतीय शासक वर्गलाई मात्र आक्रमण गरिरहेका हुन्नौं, जन साधारणलाई पनि चिढाइरहेका हुनेछौं । यस्तो गर्नु संघर्षको हितमा हुने छैन ।

भारतीय फिल्मको हाम्रो विरोध सम्पूर्ण भारतीय नामको फिल्मको विरोध हैन, भारतबाट भित्रिने प्रतिगामी विषयवस्तु र भ्रष्ट विचारधारा र संस्कृति बोकेका श्रव्य-दृश्यहरूको विरोध हो । त्यस्ता श्रव्य-दृश्यहरू भारतीय मात्र छैनन्, नेपाली पनि छन् । र, सबै भारतीय फिल्महरू खराब पनि छैनन् । राम्रा र जनपक्षीय भारतीय फिल्महरू पनि छन् । त्यसैले, सबै कुरालाई हामीले छ्यासमीस पार्नु उचित र सही हुँदैन । किनकि, हामी भारतीय भनिने जति सबै कुराका विरोधी होइनौं । समाजलाई अहित गर्ने प्रतिक्रियावादी भारतीय वस्तु र विषय वस्तुका मात्र हामी विरोधी हौं र ती भारतीय मात्र हैन, अरू देशका भए पनि हामी विरोधी हौं । भारतीय फिल्मको प्रदर्शनमा रोक लगाउने हाम्रो मागले जनसमुदायमा भारतविरोधी चेत विस्तार हुन्छ, भारतीय प्रतिक्रियावाद विरोधी चेत होइन । अतः त्यस्तो हुन दिनु हुँदैन । हामी प्रतिक्रियावादी भारतीय शासकवर्गका विरोधी हौं, भारत विरोधी होइनौं । भारतीय जनता पनि हाम्रो विरोधी होइन ।

यी कमजोरीहरू हुन्, वर्तमान चरणको आन्दोलनका, जसलाई जिम्मेवार वामशक्तिले महशूस गर्नासाथ चाँडै नै र सजिलै हटाउन सक्छ । मुख्य कुरा फेरि पनि यिनै कमजोरी होइनन् । यसको आयोजकले मैदानमा उत्रेर भारतीय शासकवर्गको साम्राज्यवादी कार्यवाही विरुद्ध नेपाली जनतालाई गोलबन्द गर्न पहल गर्नु नै मुख्य कुरा हो । त्यो प्रशंसनीय कार्य यसले शुरु नै गरिसकेको छ । आम नेपालीको कामना छ, त्यसले आफ्ना उपरोक्त कमजोरीहरूलाई हटोओस् र संघर्षलाई अरू लक्ष्योन्मुख पारोस्, कार्यक्रमको स्तर झन् झन् तेज र उकालोलाग्दो पारोस् र संभव जति सबै सामाजिक शक्तिहरूलाई यो दिशामा एकताबद्ध पारोस् ।

## सरकारी चालवाजी

सरकारको एक सदस्यीय आफ्नो कर्मचारीको आयोगले आफ्नो रिपोर्ट सरकारसमक्ष पेश गरिसकेको छ । तर "प्रजातन्त्रवादी" सरकारले आफ्नै कर्मचारीको रिपोर्ट पनि जनतासमक्ष सार्वजनिक गर्न आँट गरेको छैन, मानौं जनताको सूचनाको हक र पारदर्शिता भन्ने कुरा उसको "प्रजातन्त्र" अन्तर्गत पर्दैन ।

तथापि सरकार नजिकैका छापाहरूले लेखेअनुसार यो रिपोर्टमा दोष जति प्रहरीयन्त्र र गुप्तचरयन्त्रलाई थोपरेर गिरिजा सरकारलाई चाहिं चोखै बचाउने चालवाजी गरिएको छ । यसो गर्दा सरकार पनि दोषबाट बच्ने र प्रहरी र गुप्तचरयन्त्र नाकाम छ भन्ने निहुँमा यसलाई अरू सुदृढ र कांग्रेसीकरण गर्न पनि पाइने, दुवै हातमा लड्डू नै लड्डू !

सरकारको चालवाजी यही हो भने यसको पनि सख्त विरोध र भण्डाफोर गर्नु जरुरी छ । यदि दोष गुप्तचरयन्त्र वा प्रहरीयन्त्रको मात्र थियो भने ५/७ दिनसम्म नेपालको मुटुमा आफ्नै प्रहरीको संलग्नता सहित विदेशीको यत्रो सशस्त्र गतिविधि चल्दा पनि सरकारलाई थाहा नहुने, घटना थाहा पाइसकेपछि पनि सेना र प्रहरीमार्फत अपराधीलाई पक्रन नसक्ने, यस्तो नाकाम सरकारको औचित्य के ? हैन, सरकारलाई थाहा थियो भने विदेशी प्रहरी लगाएर आफ्नै नागरिकको कञ्चटमा गोली दाग्न दिने, घरमा छापामार्न दिने- यस्तो विदेशी कठपुतली सरकार-को औचित्य के ? कुनै हिसाबबाट पनि यो घटनाबाट गिरिजा सरकारलाई उम्कने





*नरसिंह राव र गिरिजाको पुत्ला जलाएर नेपाली जनताले भारतीय साम्राज्यवाद र त्यसका नेपाली दलालको विरुद्ध रोष प्रकट गरे !*




ठाउँ छैन । ठाउँ दिइनु हुन्न । सरकारले रिपोर्टलाई सार्वजनिक गर्नुपर्छ यो माग यतिखेर जोडदार रुपले उठाइनु जरुरी छ ।

### अनुकूल परिस्थिति र दायित्वहरू

अहिले संघर्षको निम्ति परिस्थिति अत्यन्त अनुकूल छ । गिरिजा सरकार आफ्नै पंक्तिभित्रबाट पनि अहिले आक्रमणको तारो भएको छ । गणेशमान सिंह र ३६ सांसदहरू गिरिजाको सत्ताच्यूतको लागि अहिले पनि संघर्षरत छन् । अब बैठक, वार्ता, भट्टराईको निर्णय जस्तो शान्तिपूर्ण उपायद्वारा गिरिजालाई दण्डित गर्नु संभव छैन भन्ने कुरा धेरैतिरबाट प्रमाणित भएको छ ।

यो स्थितिमा बामपन्थी शक्तिले एकताबद्ध भएर संघर्ष छेड्ने र यो असन्तुष्ट तप्कासित पनि कार्यनीतिक संयोजन कायम गर्ने हो भने- संघर्षको दायरा निकै बलियो, व्यापक र प्रभावकारी हुने कुरा अवश्यंभावी छ । महंगी, गरीबी, हत्या र ज्यादतीले वाक्कदिक्क भइसकेका जनताहरूको प्रतीक्षा भरोसिलो नेतृत्वको छ । एउटा टुंगोसम्म संघर्षलाई पुऱ्याइ छाड्ने दृढ नेतृत्व भेटिने हो भने जन संघर्षको ज्वारभाटा फेरि उर्लने निश्चित छ । त्यो जनसंघर्षलाई कुन उच्चाइसम्म पुऱ्याउने ? यो कुरामा भने बाम नेतृत्व स्पष्ट हुनु जरुरी छ ।

राष्ट्रिय स्वाधीनताको मुद्दामा- अहिलेसम्म राष्ट्रियताको नारा दिंदै आएका राजापक्षीय शक्तिलाई पनि सरकारको पक्ष लाग्न गाह्रो हुनेछ । जनसंघर्ष चर्कियो भने त्यो पनि त्यसको पछि लाग्नु बाध्य हुनेछ, या तटस्थ बस्न बाध्य हुनेछ । यसको विरोध गर्नासाथ उसको ढोंग सर्वत्र नांगिनेछ । यस हिसाबले पनि विदेशी शक्ति बाहेक, यतिखेर गिरिजा सरकार सर्वत्र एक्लो पर्ने स्थिति छ ।

त्यसैले वस्तुगत परिस्थिति अहिले अत्यन्त अनुकूल छ, जन संघर्षको उठानको निम्ति । संघर्षका मुद्दा पनि गहकिलो छ । आवश्यकता छ, आत्मगत प्रयत्नको, जुन बामशक्तिको प्रतिबद्धतापूर्ण संयुक्त शक्तिमा निर्भर गर्छ । यो अनुकूल परिस्थितिलाई कुनै पनि हालमा उम्कन दिनु बुद्धिमानी हुने छैन । यतिखेर यो बाम शक्तिको ऐतिहासिक दायित्व हो । ❑

## गिरिजा सरकार सत्तामा आएदेखि यता महंगी कसरी बढिरहेछ ?

| बस्तु | | | प्रधानमन्त्री भएको दिन | अहिले | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| मन्सुली चामल | प्रति | के.जी. | १०।- | १५।- | ५०% |
| मुसुरको दाल | " | " | १८।- | २१।- | १६.७% |
| कालो दाल | " | " | २२।- | २८।- | २७.३% |
| आलु, रातो | " | " | ६।७५ | ९।- | ३३.३% |
| प्याज | " | " | ७।- | ८।- | १४.३% |
| जिरा | " | " | ७६।- | १२०।- | ५७.९% |
| तोरीको तेल | " | लिटर | ५४।५० | ५५।- | १% |
| मट्टीतेल | " | लिटर | ८।५० | ९।- | ५.९% |
| कुखुराको फुल | " | गोटा | २।- | ३।- | ५०% |
| दूध १ प्याकेट | " | प्याकेट | ५।- | ७।५० | ५०% |
| न्यूनतम विद्युत महशूल | | | ११।- | ५०।- | ३५४.५% |
| न्यूनतम धारा महशूल | | | ९।- | ३०।- | २३३.५% |
| प्रति यूनिट विद्युत महशूल | | | १।९५ | ४।- | १०५% |
| प्रति यूनिट धारा महशूल | | | २।५० | ५।- | १००% |

*स्रोत : नेपाली पत्र र मूल्यांकन मासिकको आफ्नै अनुसन्धान, २०५१ जेठ १० को न्यूनाजोलको बजार भाउमा आधारित*

## भारतीय शासक नेपालबारे के धारणा राख्छ ?

# नेपाल पश्चिम बंगाल जति पनि स्वतन्त्र छैन ?

*टिप्पणी : यस समाचारमा हरेकले याद गर्न सक्छ- उत्तर प्रदेश सरकारले नेपालको राजधानी काठमाण्डूसम्म बस चलाउने चाहिं आफैले निर्णय गरेको छ । तर आश्चर्य, भारतकै वाराणशीबाट कलकत्तासम्म बस चलाउन भने उसले निर्णय गर्न सक्दैन । उसले यस निम्ति बंगाल सरकारसित विचार विमर्श गर्नु पर्छ, अनुमति लिनु पर्छ ।*

नव भारत टाइम्स

काठमाडौं तक बस — जुलाई २८, १९८१

( श्रावण १३- २०३८ मंगलवार )

गाजियाबाद, २७ जुलाई (प्रेट्र). उत्तरप्रदेश सरकार ने नेपाल की राजधानी काठमाडौं तक राज्य परिवहन निगम की बस चलाने का निर्णय किया है. यह सेवा शीघ्र ही चालू कर दी जायगी.

यह घोषणा आज यहां परिवहन राज्यमंत्री श्री कीर्ति सिंह सैनी ने की. उन्होंने बताया कि प्रदेश मे ५०० नयी बसे चलायी जायगी. राज्य परिवहन निगम की कार्य-प्रणाली में सुधार के लिए शीघ्र ही एक श्वेतपत्र प्रकाशित किया जायगा.

वाराणसी से कलकत्ता तक सीधी बस सेवा चलाने के लिए बंगाल सरकार से विचार किया जा रहा है. अन्य प्रदेशों के प्रमुख नगरों तक सीधी बस सेवा के लिए कार्यवाही की जा रही है

*यसको मतलब के भयो भने- भारतीय शासक वर्गको लागि नेपाल भारतकै राज्य बंगाल जत्ति पनि स्वतन्त्र र सार्वभौम छैन । यही निर्णयले देखाउँछ- भारतीय शासक वर्ग नेपालबारे के धारणा राख्छ ?* ❑

मई दिवसको उपलक्ष्यमा

# लण्डनमा विश्वका बामपन्थीहरूको जमघट

**किन सत्ता आफ्नो हातमा लि सकिरहेको छैन ? लिई हाले पनि किन दीगो रूपमा टिकाउन सकेको छैन ? के दोष र कमजोरी छ, श्रमिक आन्दोलन र यसको नेतृत्वमा, जसले गर्दा यस्तो भैरहेछ ? यस वर्षको मई दिवस जमघटको विचार प्रस्तुतिकरणको मुख्य विषय यो थियो**

**साम्राज्यवाद विरोधी व्यापकतम संयुक्त मोर्चाका लागि पहल !**

International Marxist convention (IMC).को आयोजनामा यही वैशाख १७ गते लण्डनमा विश्वका विभिन्न पार्टी, समूह र व्यक्तित्व-हरूको सहभागितामा मई दिवस जमघट- १९९४ सफलतापूर्वक सम्पन्न भएको छ । IMC का सदस्य तथा बाम बौद्धिक-अमर चक्रवर्तीको सभापतित्वमा भएको त्यस जमघटको सबैभन्दा उल्लेखनीय उपलब्धि साम्राज्यवाद विरुद्धमा एउटा व्यापकतम संयुक्त मोर्चा निर्माण गर्नको निम्ति सबै सहभागीबीच साझा सहमति थियो ।

श्रमिक वर्ग प्रत्येक समाजको बहुसंख्यक जनसमुदाय हो । तथापि यो बहुसंख्यकले किन सत्ता आफ्नो हातमा लिन सकिरहेको छैन ? लिई हाले पनि किन दीगो रूपमा टिकाउन सकेको छैन ? के दोष र कमजोरी छ, श्रमिक आन्दोलन र यसको नेतृत्वमा, जसले गर्दा यस्तो भैरहेछ ? यस वर्षको मई दिवस जमघटको विचार प्रस्तुतिकरणको मुख्य विषय यो थियो ।

एक दिनव्यापी यस विचार प्रस्तुतिकरण समारोहमा यस विषयमा विभिन्न पार्टी र व्यक्तित्वहरूद्वारा गहकिला विचारहरू प्रस्तुत भएका थिए । IMC ले ती सबै विचारहरूलाई पुस्तकका रूपमा प्रकाशित गर्ने योजना गरेको छ । "मूल्यांकन"ले आफ्नो आगामी अंकमा विस्तृत रूपमा ती विचारहरू प्रस्तुत गर्ने निधो गरेको छ ।

लण्डनको फरेष्ट गेटे डर्बिङ हलमा सम्पन्न त्यस समारोहमा भारतबाट भारतीय समाजवादी एकता केन्द्र (SUCI) का नेता क. मणिक मुखर्जी, बंगलादेशबाट बंगलादेशेर समाजतान्त्रिक दल (BSD) का नेता क. खलेकुज्मान, र इरानबाट क्रान्तिकारी श्रमिकहरूको संगठन (ORWI) का नेता क. अरेमान अरानीले प्रतिनिधित्व गर्नुभएको थियो । टर्कीबाट प्रतिनिधित्व गर्नुभएको थियो, क. श्रीमती मेरन गिनेले जो टर्की कम्युनिष्ट पार्टीसित सम्बद्ध हुनुहुन्थ्यो । र ब्रिटेनस्थित प्रगतिशीलहरूको यूनियनको पनि नेतृत्व गर्नुहुन्थ्यो । त्यस्तै आयरल्याण्डबाट आइरिश कम्युनिष्ट पार्टीसित संबद्ध युवा नेता क. उड्डले प्रतिनिधित्व गर्नुभएको थियो । ग्रेट ब्रिटेनबाट ग्रेट ब्रिटेनको कम्युनिष्ट पार्टीसित संबद्ध मजदूर नेता क. टोनीले र कम्युनिष्ट एकताको लागि खुला विवाद मन्च Open Polemic का क. जोनले भेलालाई संबोधन गर्नुभएको थियो । नेपालबाट "मूल्यांकन" मासिकका प्रधान सम्पादक श्याम श्रेष्ठलाई आफ्नो विचार प्रस्तुतिको निम्ति निम्त्याइएको थियो ।

समारोहलाई बेलायतस्थित प्रतिष्ठित बाम बौद्धिकहरूले पनि आफ्नो सारगर्भित विचार प्रस्तुत गरेर महत्वपूर्ण बनाउनु भएको थियो । त्यसरी संबोधन गर्नेहरूमा डा. मजुमदार र प्रोफेसर फज्दुल आलम हुनुहुन्थ्यो ।

समारोहको मुख्य आयोजक IMC का संयोजक क. बी. बनर्जीले समारोहको शुरुमै यसलाई सम्बोधन गर्नुभएको थियो । यसअघि "हामी जित्नेछौं" भन्ने प्रसिद्ध अन्तर्राष्ट्रिय गीत गाएर कार्यक्रको थालनी भएको थियो ।

मई दिवसको त्यस जमघटमा मूल्यांकनका प्रधान सम्पादकबाट केही महत्वपूर्ण प्रस्तावहरू प्रस्तुत भएको थियो । प्रस्तावहरू थिए-

*- विश्वका प्रत्येक देशका श्रमिक वर्गीय आन्दोलनहरू विश्वव्यापी रूपमा एकताबद्ध भएमा मात्र साम्राज्यवादको सामना गर्न सक्छन् । त्यसैले साम्राज्यवाद विरुद्ध उनीहरूको व्यापकतम अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माणका निम्ति एउटा अन्तर्राष्ट्रिय जमघटको आयोजना गरिनुपर्छ !*

*- अत्यन्त वैज्ञानिक विचारधाराबाट लैशन भैकन विश्वमा भएको ज्ञान विज्ञानको विकासबाट श्रमिक वर्ग बेखबर रहेर पूँजीपतिवर्गलाई विचारधारात्मक रुपले परास्त गर्न सकिन्न । त्यसैले, आफ्नो विचारधारालाई अत्याधुनिक पार्न र पारिरहन ज्ञान विज्ञानका पछिल्ला उपलब्धिहरूको संश्लेषण गर्ने प्रक्रिया विश्वका श्रमिक वर्गीय पार्टीहरूले संयुक्त रूपमा थाल्नुपर्छ ।*

*- श्रमिक वर्गलाई विचारधारा र संस्कृतिको क्षेत्रमा जरैदेखि ध्वस्त र भ्रष्ट पार्ने साम्राज्यवादीहरूले विकास गरिरहेको विश्वव्यापी संचारयन्त्रको जालोको श्रमिक वर्गका पार्टीहरूले डटेर सामना गर्नसक्नु पर्छ । यसको सामना गर्न श्रमिक वर्गका पार्टीहरूले पनि आ-आफ्नो मुलुकमा र एकताबद्ध रूपमा विश्वस्तरमा प्रभावकारी सन्चारयन्त्रको विकासमा ध्यान दिन थाल्नुपर्छ ।*

*- श्रमिक वर्गको राज्यलाई पृथ्वीमा कतै रहनै नदिने साम्राज्यवादी अठोटअनुसार अहिले अनेकौं बहानामा उत्तर कोरिया र क्यूबालाई साम्राज्यवादीहरूले अमेरिकी साम्राज्यवादको नेतृत्वमा चारैतिरबाट घेर्न, एक्ल्याउन र अन्ततः आक्रमण गरेरै खत्तम गर्न षड्यन्त्र थालिरहेछन् । यो साम्राज्यवादी षड्यन्त्रको डटेर विरोध गरिनुपर्छ, सम्पूर्ण मतभिन्नताको बाबजुद हरसंभव तरीकाले उत्तरकोरिया र क्यूबाको साम्राज्यवाद विरोधी संघर्षमा हामीले ऐक्यबद्धता जाहेर गर्नु पर्छ र सघाउनु पर्छ ।*

जमघट पछि बसेको IMC को बैठकले साम्राज्यवाद विरोधी व्यापकतम मोर्चाको निर्माणको निम्ति १९९५ को मार्च महिनामा भारत, बंगलादेश वा नेपालमध्ये कुनै एक ठाउँमा साम्राज्यवाद विरोधी श्रमिक वर्गीय शक्तिहरूको एउटा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्न पहल गर्ने निर्णय गरेको छ ।

यो निर्णयलाई इरान, टर्की र आयरल्याण्डका प्रतिनिधिहरूले आफूले स्वीकार गरेको र आ-आफ्नो पार्टीमा अनुमोदनार्थ राख्ने सूचना गरेका छन् ।


यता मई दिवस समारोह भइरहेको बेला बेल्जियममा पनि रुसका बोल्सेविक फोरमका नेतृ नीना एन्द्रिवासहितको विभिन्न श्रमिक वर्गीय पार्टीहरूको जमघट भइरहेको थियो । IMC को यस प्रस्तावलाई लिएर IMC का संयोजक बी. बनर्जी लण्डनको जमघट सकिनासाथ बेल्जियम जानुभयो । IMC को यस प्रस्तावलाई नीना इन्द्रिवाले पनि आफ्नो पार्टीको तर्फबाट खुशीसाथ स्वीकार्नु भएको छ र बेल्जि-यमको श्रमिक पार्टीले पनि स्वीकारेको छ ।




**लण्डनमा भएको विश्वका बामपन्थीहरूको जमघट र विचार- अन्तर्क्रियाको विस्तृत रिपोर्ट मूल्यांकनको आगामी अंकमा**

### कार्ल मार्क्सको १७६ औं जन्म दिवसको उपलक्ष्यमा

# कार्ल मार्क्सका घतलाग्दा उक्तिहरू



❑ व्यवहारबाट अलग्गिएर गरिएको चिन्तनको यथार्थता अथवा अयथार्थता सम्बन्धी विवाद विशुद्ध पण्डित्याइँ मात्र हो ।

❑ मानवले नै परिस्थितिमा परिवर्तन ल्याउँछ र स्वयम शिक्षक पहिले शिक्षित हुनु आवश्यक हुन्छ ।

❑ दार्शनिकहरूले विभिन्न तरिकाले संसारको व्याख्या मात्र गरे, तर मुख्य कुरा त संसारलाई बदल्नु हो ।

❑ अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्ग संघर्षको इतिहास हो ।

❑ व्यक्तिगत स्वामित्वको अन्त्य गरियो भने सम्पूर्ण क्रियाकलाप ठप्प हुनेछ र आम आलस्यको राज्य हुनेछ भनेर आपत्ति जनाइन्छ । यदि यसो हो भने पूँजीवादी समाज आलस्यले गर्दा धेरै पहिले नै नष्ट भइसक्नु पर्ने थियो, किनभने यस समाजमा जसले काम गर्दछ, त्यसले केही पनि पाउँदैन, तर जसको हातमा संपत्ति रहन्छ, उसले कामै गर्दैन ।

❑ साम्यवादले कसैलाई पनि सामाजिक वस्तुहरूको उपभोगबाट बन्चित तुल्याउँदैन । त्यसले त यसको माध्यमबाट अर्काको श्रमलाई शोषण गर्ने संभावनाबाट मात्र बंचित तुल्याउँछ ।

❑ कसैको राम्रो गुणको प्रशंसा गर्नमा आफ्नो समय खेर नफाल, बरू त्यसको सिको गर्ने प्रयत्न गर !

❑ प्रत्येक सच्चा दर्शन आफ्नो समयको बौद्धिक सारतत्व हो ।

❑ बस्तुको बाह्य आकृति र त्यसको सार प्रत्यक्ष रूपमा उस्तै उस्तै हुने भए संपूर्ण विज्ञान बेकार हुने थियो ।

❑ जब सिद्धान्तले आम जनसमुदायलाई समात्छ, सिद्धान्त पनि एउटा वस्तुगत तागत बन्दछ ।

❑ आधुनिक राज्यसत्ता भनेको तमाम पूँजीजीबिवर्गको सामान्य कार्यको प्रबन्ध गर्ने समिति मात्र हो ।

❑ पूँजीजीबि बर्गले गाउँलाई शहरको अधीनमा पारिदिएको छ । .. जसरी यसले गाउँलाई शहरप्रति आश्रित तुल्याइ दिएको छ, त्यसरी नै बर्बर र अर्द्ध बर्बर देशहरूलाई सभ्य देशप्रति, कृषिप्रधान देशलाई औद्योगिक राष्ट्रप्रति पूर्वलाई पश्चिमप्रति, आश्रित बनाइदिएको छ ।

❑ कम्युनिष्टहरू आफ्ना दृष्टिकोण र उद्देश्यहरूलाई लुकाउनु घिनलाग्दो काम ठान्दछन् । उनीहरू हाकाहाकी घोषणा गर्दछन्, संपूर्ण बर्तमान सामाजिक व्यबस्थालाई बलपूर्वक ध्वस्त गरेपछि मात्रै उनीहरूको उद्देश्य पूर्ति हुन सक्छ । साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होउन् । सर्बहारा वर्गले यसमा आफ्ना हत्कडी सिवाय अरू केही गुमाउनु पर्दैन । बरू जित्नका लागि उनीहरूसित सारा संसार छ । ❑

# के बजार अर्थतन्त्रबाट पूर्वी यूरोपमा प्रगति भएको छ ?

### तथ्यांक आफै बोल्छ :

पूर्वी यूरोपेली मुलुकहरूको वार्षिक कुल घरेलु उत्पादन वृद्धि दर प्रतिशतमा

| देश | बजार अर्थतन्त्र लागु हुनु अघि -१९८९मा | बजार अर्थतन्त्र लागु भए पछि - गएको ४ वर्षमा १९९० | १९९१ | १९९२ | १९९३ |
|---|---|---|---|---|---|
| रूस | ३.० | -२.० | -१२.९ | -१८.५ | -१५.० |
| यूक्रेन | ४.१ | -२.६ | -११.२ | -१४.० | -१५. |
| कजाखस्तान | - | - | -१२.० | -१३.० | -१५.० |
| पोलैण्ड | ०.३ | -११.६ | -७.६ | १.० | ४.० |
| चेक | १.४ | -१.२ | -१४.२ | -७.१ | ०.० |
| स्लोतक | १.० | -२.५ | -११.२ | -७.० | -७.० |
| वुल्गेरिया | -०.६ | -९.१ | -११.७ | -७.७ | -५.० |
| हंगेरी | ०.१ | -३.३ | -११.९ | -४.५ | -३.० |
| रूमानिया | -५.८ | -७.४ | -१३.७ | -१५.द्ध४ | -६.० |

स्रोत : Vienna Institute for comparative Economic studies/ News week Jan 31, 1994

# रेष्टुरेण्टमा लेनिन

*रूसका सम्मानित नेता भ्लादिमिर लेनिनको शालिकलाई अमेरिकाको डल्लास क्षेत्रको रेष्टुरेण्ट अगाडि छिट्टै स्थापना गरिने भएको छ ।*

*"हामी उहाँलाई त्यहाँको सडकमा स्थापना गर्न गइरहेका छौं जहाँ "पूँजीवादले निक्कै राम्ररी काम" गरिरहेको छ ।" एक जना रेष्टुरेण्ट मालिक हार्भे गाउगले भनेकाछन् ।*

*गफ नामले पनि चिनिने गाउगले हालै रूसको भ्रमण गर्दा त्यहाँका प्रायः सबै शहरको बीचमा र धेरै सार्वजनिक भवनहरूको अगाडि लेनिनको शालिक उभिएको देखेपछि त्यसबाट प्रभावित भएर उनले ३ सय १७ किलोग्रामको लेनिनको शालिक ल्याएर आफ्नो रेष्टुरेण्ट अगाडि स्थापना गर्ने निर्णय गरेका थिए ।*

*यसरी लेनिनको शालिक राख्न खोज्नेमा गाउग एक्लै छैनन् । व्यापारी लिविस इमान कार्पेन्टरले पनि १७ फुट अग्लो शालिक ल्याएर आफ्नो रेष्टुरेण्टमा प्रदर्शनको लागि राखेका छन् । उनले १९९३ सन्मा साम्यवादी सत्ता ढल्दा स्लोभाक गाउँमा ढालिएको लेनिनको कांस्यको शालिक नै उठाएर ल्याएका हुन । उनी त्यसलाई एतिहासिक महत्वका साथ आफ्नो रेष्टुरेण्ट अगाडि प्रदर्शन गर्न चाहन्छन् । लेनिनका अधिकांश शालिकहरू यसरी नै नयाँ- नयाँ स्थानमा स्थापित भएका छन् ।* -(एपी)

# विश्वका कम्युनिष्ट पार्टीहरू मोर्चाबन्दीतिर

सोभियत संघ र पूर्वी यूरोपमा प्रतिक्रान्ति भएपछि अत्यन्त आहत भएका विश्वका कम्युनिष्ट पार्टीहरू पुनः साम्राज्यवादी शोषण र उत्पीडन विरूद्ध लड्न, समाजवादको निर्माणका लागि संघर्षरत विश्वका श्रमिक जनतावीच एकता, भातृत्व र अन्तर्राष्ट्रिय भावना विकसित गर्न मोर्चाबन्दीतिर लाग्न थालेका छन् ।

गत वर्षको मंसीरतिर यूरोपमा भेला भएका विश्वका ११ वटा भन्दा वढी कम्युनिष्ट पार्टीहरूले एक संयुक्त वक्तव्य जारी गरी विश्व कम्युनिष्ट आन्दोलनलाई वलियो पार्न आह्वान गरेका छन् । वक्तव्यमा सोभियत प्रतिक्रान्तिबाट उत्पन्न भ्रम र विभाजनलाई चिर्न मार्क्सवादी-लेनिनवादी पार्टी तथा संगठनहरूले वाम एकता गर्न र नयाँ परिस्थिति र समस्याहरूसंग जुभन आफ्नो कृयाशीलतालाई अफ तीव्रताकासाथ बढाउन अपील गरिएको छ । विश्व कम्युनिष्ट आन्दोलनलाई मजबूत पार्न गंभीर, स्वस्थ र स्वच्छ छलफल, वैचारिक संघर्ष गरी विचारधारात्मक र राजनीतिक एकताको नयाँ चरण छुनु आवश्यक छ भनी वक्तव्यमा जोड दिइएको छ ।

उक्त वक्तव्यमा हस्ताक्षर गर्ने कम्युनिष्ट पार्टीहरूमा कम्युनिष्ट पार्टी अफ अल्बानिया, कम्युनिष्ट पार्टी अफ कोलम्विया (मार्क्सिष्ट- लेनिनिष्ट), कम्युनिष्ट मार्क्सिष्ट-लेनिनिष्ट पार्टी अफ इक्वेडर, कम्युनिष्ट पार्टी अफ वर्कर्स अफ फ्रान्स, अर्गनाइजेशन फर दि यूनाइटेड कम्युनिष्ट पार्टी अफ ग्रीस, पार्टी अफ लेबोर अफ इरान, अर्गनाइजेशन फर दि कम्युनिष्ट पार्टी अफ दि इटालियन प्रोलिटेरियट, कम्युनिष्ट मार्क्सिष्ट लेनिनिष्ट पार्टी अफ मेक्सिको, "अक्टोवर" कम्युनिष्ट अर्गनाइजेशन (स्पेन), रिभोल्यूशनरी कम्युनिष्ट पार्टी अफ भोल्टा छन् ।

रिभोल्यूशनरी-कम्युनिष्ट पार्टी अफ ब्रिटेन (मार्क्सिष्ट- लेनिनिष्ट) र कम्युनिष्ट पार्टी अफ जर्मनीका प्रतिनिधिहरू भेलामा सकृय सहभागी भएर पनि पार्टीको आधिकारिक व्यक्तिको हैसियतको अभावमा हस्ताक्षर गर्न सक्षम भएनन् । ❑

# राजालाई डक्टरेट डिग्री दिनुको रहस्य



Rajendra Chitrakar/TRN

चिकित्सा क्षेत्रको शिक्षण नाफामुखी निजी क्षेत्रलाई छोड्ने सरकारी निर्णयको विरोधमा चिकित्सक संघको संघर्ष

चिकित्सा क्षेत्र जस्तो जनस्वास्थ्यका हिसाबले अत्यन्त संवेदनशील विषयको अध्ययन अध्यापन गर्ने जिम्मेवारी नाफा केन्द्रित निजीक्षेत्रलाई छोड्नु हुँदैन भनेर नेपाल चिकित्सक संघले गिरिजा सरकारलाई कडा विरोध जनाएको धेरै समय बितेको छैन । यस्ता गैर जिम्मेदार र नाफा केन्द्रित निजी क्षेत्रका शिक्षण संस्थाबाट उत्पादित जनशक्तिलाई नेपाल चिकित्सक संघले कुनै पनि हालतमा डाक्टरका रुपमा मान्यता नदिने र त्यस्ता संस्थाहरू नेपालमा बन्दै हुनु पर्ने माग पनि नें. चि. सं. ले गरेको जग जाहेर छ । यो आपत्ति संघले सरकारद्वारा पोखरा, नेपालगञ्ज र भरतपुरमा गैर जिम्मेवार र गैर कानूनी तरीकाले शुरु गर्न लागेको निजी क्षेत्रबाट डाक्टर उत्पादन कार्यक्रमको विरोध गरेको थियो । ती मेडिकल कलेजबाट उत्पादित चिकित्सकहरूलाई नेपाल मेडिकल काउन्सीलले पनि मान्यता नदिने सूचना सार्वजनिक रुपमा प्रसारित गरिसकेको छ ।

त्रिभुवन विश्व विद्यालयले पनि ने.चि.सं. कै अडानलाई मान्यता दिएपछि आधिकारिक मान्यता र स्वीकृतिको समस्याले तिल्मिलाएका संस्था र तत्वहरू अहिले राजालाई डक्टरेट उपाधि दिएर चोर ढोकाबाट स्वीकृति र मान्यताको समस्या हल गर्न क्रियाशील देखिएका छन् । हालै जेष्ठ ९ गते राजालाई पश्चिम भर्जिनिया प्राविधिक इन्टिच्यूटले मानविकी क्षेत्रको सम्मानार्थ दिएको डक्टरेटको उपाधि त्यही कुत्सित राजनीतिको एउटा चाल थियो ।

स्मरणीय छ, पश्चिम भर्जिनिया प्राविधिक इन्स्टिच्यूटले भरतपुर, चितवनमा निजीक्षेत्रबाट अमेरिकी स्तरको चिकित्सक उत्पादन गर्ने योजना गर्दैछ । त्रिभुवन विश्व विद्यालयले यो नाफामुखी, गैर जिम्मेवार संस्थालाई त्यस्तो गर्ने अनुमति र स्वीकृति नदिएपछि त्यस इन्स्टिच्यूटले हालै मात्र प्रधानमन्त्री गिरिजा कुलपति भएको काठमाण्डू विश्वविद्यालयसँग यस निम्ति संझौता गरेर आफ्नो स्वीकृतिको समस्या हल गरेको थियो ।

अहिले राजालाई प्रदान गरिएको कथित डक्टरेट डिग्री पनि त्यही स्वीकृतिको समस्या घुमाउरो बाटोबाट हल गर्ने षडयन्त्रकै थप निरन्तरताका रुपमा देखिन्छ ।

यस पटक ने.चि.सं. र त्रि.वि.वि.ले जन स्वास्थ्यको शिक्षण नाफामुखी निजी क्षेत्रलाई सुम्पनु हुन्न भन्ने सवालमा लिएको अडान बिल्कुलै जायज र जनहितमुखी थियो । चिसा पानी, नेपालगञ्ज स्थित वाइ.वी. पटेल कलेजका विद्यार्थीहरू पठन पाठनको शुरुमै पढ्न नपाएर अलपत्र परेपछि उनीहरूले शिक्षामन्त्रालय अगाडि धर्ना दिनु परेको घटना स्वयंले पनि ने.चि.सं. र त्रि.वि.वि.को अडानलाई सही र न्यायोचित सावित गरेको थियो । वास्तवमा चिकित्सा शिक्षणलाई सरकारले नै आफ्नो जिम्मेवारीका रुपमा लिनु पर्दथ्यो र अहिलेको सीमित शिक्षणलाई क्रमिक रुपमा अरु व्यापक र विस्तारित गर्दै लैजानु पर्दथ्यो ।

तर आश्चर्यको कुरा के छ भने, आफ्नै मातहतका जिम्मेवार निकायले स्पष्ट आधार र प्रमाणका साथ विरोध जनाउँदा जनाउँदै पनि सरकार त्यस विरोधलाई जबर्दस्ती लत्याउँदै छ । प्रधानमन्त्री स्वयं कुलपति भएको काठमाण्डू विश्व विद्यालयले ने.चि.सं. र त्रिभुवन विश्व विद्यालयद्वारा आपत्ति जनाइएको शिक्षण सेवाका निम्ति विदेशी संस्थासित संझौता गरेको छ । सरकारले यस मामलामा हरियो बत्ति देखाएको महशूस गरेर होला, राजाले पनि विवादग्रस्त संस्थाको चालवाजीपूर्ण डिग्री सम्मान थाप्न मञ्जुरी देखाएको छ ।

एकातिर, १७ वर्ष अघि स्थापना भएको देशको एउटै मात्र मेडिकल कलेज (Institute of Medicine) राज्यको सही संरक्षण नपाएर दिन दिनै ताजुक हुँदैछ भने अर्कोतिर आफ्नै देशमा समेत स्वीकृति नपाएका यी नाफाखोर निजी मेडिकल कलेजहरूलाई सरकारले फुलमाला लगाएर स्वागत गर्दैछ ।

नेपालमा अमेरिकी स्तरको चिकित्सा शिक्षा पढाउने घोषणा गर्दै आएको पश्चिम भर्जिनिया प्राविधिक इन्स्टिच्यूटले हाम्रो राष्ट्रिय गर्वलाई गहिरो ठेस पुऱ्याएको छ । आखिर अमेरिकी स्तर भनेको के हो ? आज आएर हामीलाई यो अमेरिकी स्तरको चिकित्सा शिक्षाको किन जरुरत पऱ्यो ? के नेपाली जनताको स्वास्थ्य समस्या सुल्झाउन हामीलाई अमेरिकी स्तरकै चिकित्सा शिक्षाको जरुरत पर्दछ ? त्यसो भए आजसम्म देशमा उत्पादन गरिएको स्वास्थ्य जनशक्ति के निकम्मा थियो ? यो घोषणा हाम्रो आफ्नो चिकित्सा शिक्षा प्रणाली र हाम्रो स्वास्थ्य जनशक्तिलाई सोझो चुनौती होइन र ?

अर्कातिर यी मेडिकल कलेजहरूसँग श्री ५ को सरकारले गरेको कुनै पनि संझौता सार्वजनिक बनाइएको छैन । यो आफैमा रहश्यपूर्ण छ । आखिर यस्तो किन हुँदैछ त ?

खेल यहाँ कमीशन स्वार्थको देखिन्छ । अहिले बहुराष्ट्रिय ओखति र प्रविधि निर्माता कम्पनीहरू जन स्वास्थ्यलाई सरकारी दायित्वअन्तर्गतको जन सेवाको सट्टा नाफालाग्दो व्यापारमा बदलेर त्यसबाट रातारात अरबौं रुपैयाँ कुम्ल्याउने योजना गर्दैछन् । त्यस निम्ति चारैतिर उनीहरू जन स्वास्थ्यलाई सरकारी दायित्वबाट हटाउने धारणा सर्वस्वीकृत गराउने अभियानमा लागेका छन् । यसबाट अरबौंको फाइदा भएपछि यसनिम्ति करोडौंको कमीशन दिनु कुनै गाह्रो कुरा छैन । नेपालमा पनि अहिले यही कमीशन स्वार्थले नीति निर्माताहरूलाई वशमा लिन थालेको प्रतीत हुन्छ । नत्र जनस्वास्थ्य जस्तो अति संवेदनशील विषयमा आफ्नै जिम्मेवार निकायको जायज र तथ्यसम्मत माग एवं अडानलाई कुल्चेर यसलाई व्यापारमा बदल्न सहमति जनाउने अनैतिक काम कुन जनमुखी र जिम्मेवार सरकारले गर्न सक्छ ?

---

# कोइलाभन्दा सस्तो सौर्यशक्ति प्रविधिको आविष्कार

*एशोशिएटेड प्रेसका अनुसार, अस्ट्रेलिया अब त्यस्तो सौर्य शक्ति सेल प्रविधि विकास गरेको छ, जसबाट सौर्य शक्ति आगामी ५ देखि १० वर्षभित्रमा कोइलाको शक्तिभन्दा पनि सस्तो पर्न जानेछ । यो नयाँ प्रविधिले गर्दा सौर्य शक्ति पैदा गर्नमा लाग्ने पहिलेको खर्चमा ८० प्रतिशत कटौती हुनेछ ।*


*"हामीले त्यस्तो नयाँ डिजाइन र रणनीति विकास गरेका छौं, जसले गर्दा सस्तो र वातावरणको हिसाबले सफा शक्तिको आपूर्ति गर्ने सबै राष्ट्रिय माग पूरा हुन सक्छ । सस्तो, सफा, सुविधाजनक र कहिल्यै नसिद्धिने शक्तिको आपूर्ति र उत्पादन गर्ने सम्भावना जहिले पनि विद्यमान थियो र, यो कसरी गर्न सकिन्छ- हामीले अब जानेका छौं ।"*

*यसका आविष्कारक प्रोफेसर मार्टिन ग्रीनले बताएका छन् । प्रोफेसर ग्रीन फोटाभोल्टोमिक उपकरण र प्रणालीका निम्ति न्यू साउथ वेल्स विश्व विद्यालय केन्द्रका प्रमुख हुनुहुन्छ ।*

*यो प्रविधिको आम उत्पादन सफलतापूर्वक हुन थालेपछि यो नयाँ सौर्य सेल प्रविधिले उत्पादन गर्ने उर्जा प्रतिवाट १ डलरभन्दा पनि कम मूल्यमा उत्पादित हुनेछ । ग्राहकको लागि त प्रति किलोवाट घण्टाको निमित यो ३ देखि ४ सेण्टमै प्राप्त हुनेछ । नेपाल जस्तो देशको लागि यो प्रविधि सारै नै सस्तो सर्वशुलभ र उपयोगी हुनेछ ।*

**– हाम्रा विज्ञान विज्ञबाट**

# बुद्ध जयन्तीको सन्दर्भमा



# गौतम बुद्धः अनित्यबोधका उद्‌घोषक

डि.आर. पोखरेल

*"बुद्धं शरणं गच्छामि,*
*धर्मं शरणं गच्छामि,*
*संघं शरणमं गच्छामि",*

**बु**द्धको शरणमा जान्छु, धर्मको शरणमा जान्छु, संघको शरणमा जान्छु, भन्ने शंखघोषका साथ पैदा भएको बुद्ध धर्म दर्शन उपनिषदकालीन चिन्तनका स्कूलहरू (धार) (Schools of thougths) मध्येको सर्वाधिक नवीन स्कूल थियो । यस स्कूलका प्रवर्त्तक गौतम बुद्ध हुनुहुन्थ्यो । आजभन्दा २५५७ वर्ष अघि नेपालको तराई (लुम्बिनी) मा जन्मनु भएका सिद्धार्थ गौतमले ३६ वर्षको उमेरमा बुद्धत्व प्राप्त गर्नुभयो । त्यसपछि ४४ वर्षसम्म आफ्नो धर्म दर्शनको प्रचार गर्दै ८० वर्षको उमेरमा कुशिनारा (हालको गोरखपुर जिल्ला अन्तर्गत) मा निर्वाण प्राप्त गर्नुभएको कुरा बौद्ध साहित्यहरूमा उल्लेख भएको छ ।

गौतम बुद्ध उपनिषदकालीन चिन्तकहरू मध्येका सर्वाधिक नवीन धाराका प्रर्वतक हुनहुन्थ्यो भन्ने कुरा उहाँका चिन्तनमा पाइने अपरंपरावादी स्वरले प्रष्ट्याएको छ । बेद र उपनिषदका "आत्मा" र "ब्रह्म" का अधिभौतिक स्वत्वको धारणाको विरूद्धमा जुन नयाँ धार बुद्धले श्रृजना गर्नुभयो (हुन त बेद विरोधी अन्य धारहरू नभए-का त होइनन्) त्यो तात्कालीन समयमा ठूलो महत्वको थियो । किनकि यसबाट बेद उपनिषदका मन्त्रद्रष्टा ऋषिहरू समेत प्रभावित भएका थिए ।

गौतम बुद्धलाई आज "एशियाका प्रकाशपुन्ज (The Light of Asia) भनिदैछ र ठूलाठूला दार्शनिक लेखकहरूबाट बुद्धलाई विश्वस्तरका उत्कृष्ठ चिन्तकहरू मध्येका एक मानिदै आएकोछ । हाम्रोलागि यो ठूलो गौरवको कुरा हो कि हाम्रो माटोमा नै बुद्ध जस्ता उच्च कोटिका चिन्तकहरू पैदा भए ।

गौतम बुद्ध यति उच्च कोटिको व्यक्तित्व हुनुहुन्थ्यो तर आज बौद्ध धर्मालम्बीहरूको गतिविधिले बुद्धको त्यो शिखरको व्यक्तित्वलाई उठाउने काम गरिरहेको छैन । उनीहरूले बुद्धलाई सम्प्रदायी बनाएका छन् । कर्मकाण्डी बनाएका छन् । गुरू घंटाल बनाएका छन । बुद्धको चिन्तनलाई ठीक ठीक ढंगले बुझेको र त्यो अनुकूल आचरण गरिएको भए अहिले पनि त्यो एक प्रकारको उचित कार्य नै हुन्थ्यो । त्यसबाट कम से कम बुद्धको बचनप्रतिको प्रतिबद्धता त देखिन्थ्यो । एक प्रकारको इमान्दारी त हुन्थ्यो । तर आज उनीहरू यसो नगरी बुद्धलाई गुम्वाहरूमा थुन्ने, लामा फांक्रीको आँगमा चढाउने, जन्तर मन्तरमा टाँस्ने काम गरिरहेका छन् । बुद्धको नाममा, बौद्ध धर्मको नाममा बुद्ध विरोधी, बौद्धमत विरोधी धन्दाहरू भएका छन् । बुद्धलाई "ईश्वर" बनाएका छन्, बौद्ध साहित्य-त्रिपिटकलाई स्वतः प्रमाणित ग्रन्थ घोषित गरेका छन् । बौद्धमतलाई महायान, हीनयान, बज्रयान लगायत विभिन्न शाखाहरूमा, मतवादहरूमा विभक्त गरेका छन् । भिक्षुको चोगा पहिरिएका ढोंगी लामावादी, कर्मकाण्डी तथाकथित बुद्ध धर्माबलम्बीहरूकै प्रभुत्व देखिन्छ, बर्तमान बौद्धधर्म-दर्शन आन्दोलनमा । के यस्तो ढंगले अनीश्वरवादी, अनित्यवादी र अन्वेषणवादी गौतम बुद्धको उचित अनुशरण हुन सक्छ ? के यस ढंगबाट हामीले बुद्धलाई हाम्रो राष्ट्रिय विभूतिको रूपमा सम्मान गरेको, अभिनन्दन गरेको ठहर्छ ?

**बुद्ध धर्म-दर्शनको उद्‌भव कुन ऐतिहासिक परिवेशमा भएको थियो ? बुद्धका मूलभूत सिद्धान्तहरू के-के थिए र आज तिनको के उपयोगिता छ ?**

त्यसो भएकोले आज यो जरूरी भएको छ कि गौतम बुद्ध वा बौद्ध धर्म-दर्शन बारे अध्ययन अनुसन्धान गरियोस् । आज बुद्ध धर्म-दर्शनको उद्‌भव कुन ऐतिहासिक परिवेशमा भएको थियो ? बुद्धका मूलभूत सिद्धान्तहरू के-के थिए र आज तिनको के उपयोगिता छ ? यी प्रश्नहरू बारे घोरिनु जरूरी भएको देखिन्छ ।

## बौद्ध धर्म-दर्शनको पृष्ठभूमि

माथिनै उल्लेख भै सकेको छ कि बुद्धको चिन्तन उपनिषद-कालमा पैदा भएको हो । हामीलाई थाहै छ कि बेद र उपनिषदलाई श्रुति, स्मृति भनिन्थ्यो । लिपिको विकास हुनुभन्दा अगाडि अघिल्लो पुस्ताका ज्ञान- अनुभव पछिल्लो पुस्तामा सार्ने जुक्ति नै अघिल्लो पिंढीबाट कथा सुनेझैं सुनिएका कुराहरूलाई घोकेर कण्ठ पारी पुनः आफूभन्दा पछिल्लो पिंढीलाई सुनाउने गरिन्थ्यो। यो क्रम लामो समयसम्म चल्यो र पछि मात्र यो पुस्तकको रूपमा छापिएको हो । त्यसकारण यसको नामनै श्रुति, स्मृति रहन गएको देखिन्छ ।

इतिहासकारहरूको भनाइ छ- बेद कुनै एक व्यक्तिले २/४ दिनमा लेखेको कुरो होइन । चारै बेदको निर्माण हुन झण्डै १००० वर्ष लागेको थियो । बुद्धको समयमा आईपुग्दा बेद उपनिषद्‌को भयंकर विकास भैरहेको थियो । तथापि उपनिषदले पनि दर्शनका कतिपय कुराहरूमा र खासगरी "ब्रमह्म" के हो भन्ने बारेमा नै यही हो भनेर टुँग्याई सकेको भने थिएन । "नेति नेति" अर्थात यतिमात्र होइन, यो नै होइन भनिरहेको थियो, यद्यपि जगतको श्रृष्टि "ब्रह्म"बाट अतिभौतिक परम स्वत्वबाट भएको हो भन्ने कुरामा भने पक्का टुँगो नै भई सकेको थियो । राजा जनक र याज्ञवल्क्य मिथिला जनपथको विदेहमा (जनकपुरमा) बसेर "आत्म" र "ब्रह्म" बारे महाविवाद गरिरहेका थिए । चार्वाक स्कूलको जनप्रियता पनि कम थिएन । भन्नाले त्यतिखेर झण्डै खुल्ला चिन्तनको समयावधि थियो । त्यो मानव जातिकै इतिहासमा मानवीय मस्तिष्कको भब्य उडानको काल वा चिन्तनको स्वर्णकाल थियो भनिन्छ । त्यतिखेर झण्डै ६० वटा चिन्तन प्रबृतिहरू थिए ।

प्राकृतिक भौतिकवादी आदिमकालीन मानव चिन्तन- टोटेमवाद, वस्तुपूजा र सर्वात्मवादको पृष्ठभूमिमा नयाँ नयाँ चिन्तनका स्कूलहरू स्थापित भैरहेका थिए । यसै आदिकालीन चिन्तनले स्वयममा एउटा दर्शनको रूप लिन पनि खोजिरहेको थियो । समाजमा बेद-उपनिषदलाई मान्ने र नमान्नेहरूको वीचमा स्पष्ट विभाजन थियो । बैदिक र अवैदिक दुईवटा धार थियो । जे होस्, समाजमा तीन थरिका प्रष्ट स्कूलहरू थिए- पहिलो जादू, टुनामुनामा आधारित कर्म र फलको स्कूल, दोस्रो उपनिषद्‌को "बह्म" लाई परम सत्य र आत्मालाई नित्य वस्तु मान्ने स्कूल र तेस्रो स्कूल थियो- सर्वखण्डनवादी (Nihilist) स्कूल ।

उपनिषद कालको विशेषता यही थियो कि यतिखेर जति स्कूलहरू थिए, तिनका जति पनि प्रवक्ताहरू थिए, ती सबै समान रूपले समाजमा सम्मानित थिए । यसको मूल कारण थियो- त्यस कालको उत्तर भारत (जम्बु द्विप) मा दुई खालका राज्य व्यवस्थाहरू थिए । उत्तर भारत वा भागीरथी गंगाको मैदान त्यतिखेर १६ वटा महाजनपथहरूमा खण्डीकृत थियो । अंग, मगध, काशी, कोशल, विज्जी, मल्ल, छेदी, बत्स, कुरू, पन्चाल, मत्स्य, सुरसेन, असमक, अवन्ती, गान्धार र कमभोज जनपथहरू मध्ये आठवटा जनपथहरूमा गणतान्त्रिक व्यवस्था थियो, जबकि अन्य जनपथहरूमा राजतन्त्रात्मक व्यवस्था थियो । गणतन्त्रहरूको संघ हुन्थ्यो अथवा

तिनीहरू संघीय गणतन्त्र अन्तर्गत थिए। राजा शुद्धोधन वा कपीलवस्तुको शाक्य वंश पनि गणतन्त्र अन्तर्गत थियो। गणतन्त्रका सभासदहरूलाई "राजा" भनिन्थ्यो भनी राहुल सांकृत्यायनले आफ्नो पुस्तकहरूमा उल्लेख गर्नु भएको छ।

गणतन्त्रहरूमा राम्रो व्यवस्था थियो। सभासदहरूको विचारको ठूलो कदर हुन्थ्यो। हरेक व्यक्ति गणतन्त्रको लागि र गणतन्त्र हरेक व्यक्तिको लागि हुन्थ्यो। गणतन्त्रमा उच्च प्रकारका शील वा सदाचारको मूल्यहरू थिए। राजतन्त्रमा दासप्रथा र घोर अन्यायको राज थियो। गणतन्त्र त्यो भन्दा तुलनात्मक रूपमा अगाडि थियो ।

यस प्रकारका सामाजिक, आर्थिक वा राजनैतिक व्यवस्थाभित्र विभिन्न धर्म-दर्शनका स्कूलहरू थिए। अबैदिक स्कूलमध्ये चार्वाक स्कूल प्रमुख थियो। वृहस्पति यसका प्रवर्त्तक थिए। आज यस धर्म दर्शनका सूत्रहरू वा पूस्तकहरू त उपलब्ध देखिदैनन्। तर बैदिक मतावलम्वीहरूले चार्वाक मत खण्डनको सिलसिलामा उल्लेख गर्ने गरेको "ऋण कृत्वा धृतम् पिवेत" र "भश्मि भूतस्य देहस्य पुनरागमन कूतः" दुइवटा सुत्रहरू उपलब्ध छन्। यसबाट पनि वुभिन्छ कि अवैदिक स्कूलका चिन्तनहरू पनि युगीन महत्वका थिए। बैदिक चिन्तनमा रहेको ब्रह्म र आत्माको अधिभौतिक स्वत्वको खण्डन वृहस्पतिका यी दुई सूत्रहरूले गरेका देखिन्छन्।

यसैगरी बैदिक स्कूलको पुनर्जन्म वा कर्मफलको खण्डन अजित केशकम्वली-को स्कूलले पनि गरेको देखिन्छ। यसैगरी नै मक्खलि गोशाल, पूर्णकाश्यप, ऋुध कात्यायनका स्कूलहरूले अवैदिक चिन्तनलाई बढाएको देखिन्छ र यी स्कूलहरू पनि वैदिक स्कूलहरू सरह समाजमा सम्मानित र प्रतिस्थापित देखिन्छन्। यी स्कूलहरु चार महाभूत-पृथ्वी, जल, वायु र अग्नीलाई सत्य मान्दथे। यो धारणा आदिकालीन सर्वात्मवाद वा टोटेमवाद वा वस्तु पूजाको धारणावाट विकसित भएको देखिन्छ।

यही परिवेशमा बुद्ध पैदा हुनुभएको थियो। बौद्ध धर्म-दर्शनको यही पृष्ठभूमिमा प्रकट भएको थियो। तर आज गौतम वुद्धलाई यस परिवेशबाट अलग्याएर देशकालका सीमाहरूवाट निकालेर दिव्य पुरूषको रूपमा दैवीय वा अलौकिक पुरूषको रूपमा हेर्ने गरेको पाइन्छ। हिन्दू धर्मावलम्वीहरूले बुद्धलाई "भगबान विष्णुको नवौं अवतार" मानेका छन् भने स्वयं वौद्ध सम्प्रदायहरूले पनि वुद्धलाई 'भगवान' घोषणा गरेका छन्। निरिश्वरवादी, अनित्यवादी, अनात्मवादी बुद्धमाथि यो कस्तो खालको न्याय हो ? कस्तो ढंगको चिन्तन पद्धति हो ? बुभन कठीन भएको छ। आज बौद्ध धर्मावलम्वीहरू बुद्धका विचारहरूलाई शाश्वत सत्य मान्दैछन्। वौद्धग्रन्थहरूलाई अकाट्य सत्य र स्वतः प्रमाण मान्दैछन्। तर बुद्ध स्वयंले आफ्नो जीवनकालमा अन्धभक्तिको यस पद्धतिको विरोध गर्नु भएको र "मेरो विचारलाई पनि नबुभी नमान्नु" भनी भन्नु भएको कुरो आजका कर्मकाण्डी, लामावादी वौद्धधर्मावलम्वी-हरूलाई कसरी सम्भाउने !

## गौतम बुद्धका मूलभूत सिद्धान्तहरू

"अस्मिन सति इद भवित"- यो भए पछि यो हुन्छ। अथवा कुनै एकको विनाश पछि अर्कोको उत्पत्ति हुन्छ। हरेक हुनु (भवति)को प्रत्यय (कारण) हुन्छ। यसलाई आज कार्यकारण (Cause and effect) भनिन्छ। गौतम बुद्धले यसलाई "प्रतित्य समुत्पात" भन्नु भएको थियो। प्रत्ययकारण र उत्पात उत्पन्नबाट बनेको "प्रतित्य समुत्पात" को धारणा हो- कारणद्वारा कुनै कुराको उत्पत्ति हुन्छ।

उपनिषदले "कार्यकारण" सम्बन्धको नियमलाई एउटा जड एवं स्थिर नियम बनाएको थियो। त्यसको मान्यता थियो- सबैकुराको श्रृष्टि "ब्रह्म"को परम स्वत्ववाट भएको हो वा सम्पूर्ण जीवन जगतको कारण "ब्रह्म" हो वा एउटै कारण (ब्रह्म)बाट सवै कुराहरूको उत्पात भएको छ। यसरी बेद उपनिषदले वस्तुगत जगतमा विद्यमान वस्तुगत नियमलाई पक्रन असमर्थ भई सम्पूर्ण वस्तुगत नियम र घटना प्रवाहलाई "ब्रह्म" को खेल ठानेर मानव जातिको सांस्कृतिक सम्पदामा एउटा अवस्तुवादी चिन्तनधारा थप्न पुग्यो। यसले चिन्तनलाई भ्रमपूर्ण बनाउन भूमिका खेल्यो। बुद्धको चिन्तन पद्धतिले भने यस भ्रमलाई चिर्ने प्रयत्न गरेको छ।

वुद्धले प्रकृति र मानवजातिको विकासलाई घटनाक्रमहरूको प्रकृयामा हेर्ने, वस्तुको स्वभावमा हेर्ने पद्धति अप्नाउनु भएको थियो।

**के यस्तो ढंगले अनीश्वरवादी, अनित्यवादी र अन्वेषणवादी गौतम वुद्धको उचित अनुशरण हुन सक्छ ? के यस ढंगबाट हामीले बुद्धलाई हाम्रो राष्ट्रिय विभूतिको रूपमा सम्मान गरेको, अभिनन्दन गरेको ठहर्छ ?**



"प्रतित्य समुत्पात" त्यस्तो खालको कार्यकारण नियम थियो, जसको धारणा थियो कि यो नियम एउटा प्रकृया हो। "विच्छिन्न निरंतरताको" (discontinious contineuty) प्रकृया हो। कार्य कारण (cause effect, cause effect) हुँदै वस्तुहरू नित्य बनिरहेका भत्किरहेका छन्। बस्तुहरू अस्तित्वमा आइरहेका छन्। अस्तित्वबाट गइरहेका छन्। यस्तो खालको धारणा बुभाउने यस "प्रतित्य समुत्पात"को नियम आजको बैज्ञानिक धारणा- contineuty and break अर्थात् निरंतरता र विच्छिन्नतासित धेरै नजिक देखिन्छ। बुद्धले यसलाई निरंतरताको विच्छिन्न प्रकृया भन्नु भएर बैज्ञानिक चिन्तन पद्धतिकै उद्घाटन गर्नुभएको थियो।

वस्तु जगतमा क्षण क्षणमा घटिरहेका घटना प्रवाहलाई उपनिषदको चिन्तनले ठम्याउन सकेन। "असतोमा सतो गमय, तमसोमा ज्योर्तिगमय", भनेर असतबाट सत्तिर, अन्धकारबाट प्रकाशतिर जाने प्रार्थना गरिए तापनि वेद उपनिषद्को चिन्तन पद्धति पूर्णरूपमा अवस्तुवादी देखिन्छ, जवकि चार्वाक, लोकायत, बौद्ध र जैन मतहरू धेरथोर वस्तुसंगत हुने कोशिसमा देखिन्छन्।

तर अरू त अरू, बुद्ध स्वयंलाई पनि वस्तु जगतको विद्यमान नियम (objective laws) पक्रनु सहज थिएन, किन कि त्यस युगमा वस्तुलाई निरीक्षण, परीक्षण गर्ने कुने ज्ञान अनुभवको भण्डार, कुनै वैज्ञानिक उपकरण वा संसाधन वा अरू कुनै सुविधा केही थिएन। जे जति ज्ञान अनुभव हुन्थ्यो, त्यो केवल व्यक्तिगत अनुभव, आत्मनिरीक्षण, योग, ध्यान इत्यादिको आधारमा गर्नु पर्दथ्यो। त्यसो भएकोले जेजति त्यस समयमा अनुभव गरिएका थिए, जे जति ज्ञान प्राप्त भएका थिए, त्यो ठूलो महत्वको छ।

बुद्धको मस्तिष्कको क्षमताको कुरो गर्ने हो भने, त्यो आजका वैज्ञानिकहरूको भन्दा कम थिएन। तर इतिहासका सीमाहरूले, वस्तु जगतमा वा समाजमा पैदा भैनसकेका संभावनाहरूलाई ज्ञानको रूपमा भन्न सकिने उपाय प्रदान गर्दैनन्। मानवीय चिन्तन देशकाल सापेक्ष हुन्छ र कुनै देशकाल विशेषमा पैदा भएका चेतनाहरू सर्वकालीन र सर्वदेशीय हुन सक्तैनन्। यस कुरालाई बुद्ध स्वयंले "प्रतित्य समुत्पात" को व्याख्यामा दर्शाउनु भएको छ।

बुद्धको सिद्धान्तको मूलजरो परिवर्तनको, गतिको अवस्थामा जीवन जगतलाई हेर्ने दृष्टिकोण हो। जगतको नित्य परिवर्तनशीलताको नियमलाई देखाउँदै बुद्धले भन्नुभएको थियो- "सब्बो पज्जलितो लोको, सब्बो लोको पकाम्पितो।" समस्त जगत प्रज्वलित नै प्रज्वलित छ, प्रकम्पित नै प्रकम्पित छ। यो बालुवाको कणदेखि सूर्य तारासम्म सवै वस्तु गतिशील छन् भन्ने द्वन्द्वात्मक भौतिकवादी धारणासित कतिपय कुराहरू मिल्दाजुल्दा देखिन्छन्। प्रत्येक क्षण परिवर्तन र विकास भैरहेको वस्तु जगतको यही नियमलाई बुद्धले औल्याउनु भएको कारणले यही धारणाको विकास गर्ने सिलसिलामा वुद्धपछि बौद्ध दार्शनिक नागार्जुनले क्षणिकवाद एवं शून्यवादको सिद्धान्त प्रतिपादन गरेको पाइन्छ।

गौतम बुद्धले "चार आर्य सत्य"को रूपमा "संसारमा दुःख छ, दुःखको कारण छ, यसको निवारण छ र निवारणको मार्ग छ" भनी चारवटा कुराहरू बताउनु भएको थियो। यी चार सत्यहरू बुद्धले दुःखको बोध गर्ने र यसलाई मनन् गर्ने सिलसिलामा खोजी निकाल्नु भएको देखिन्छ। दुःख निवारणका लागि अष्टांगिक मार्ग- सम्मा दृष्टि (सम्यक दृष्टि), सम्मा संकप्पो (सम्यक संकल्प), सम्मा वाचा (सम्यक प्रवचन), सम्मा कम्मत (सम्यक कर्म), सम्मा आजिवो (सम्यक जीविका), सम्मा बायामो (सम्यक गतिविधि,) सम्मा सति (सम्यक स्मृति (सजगता), र सम्मा समाधी (सम्यक समाधान) अप्नाउनु पर्ने र यसका लागि पंचशील "अचोटी, अपरिग्रह, अब्यभिचार, असत्यवचन र मादक पदार्थको असेवन" यी सदाचार वा आचारणमा रहनु पर्ने विधि वताउनु

### पालि भाषाका केही शव्दहरु

धम्म - धर्म
प्रवज्जा - सन्यास
प्रत्यय - हेतु, कारण
उत्पात - उत्पन्न
सम्मा - ठीक
कम्मत - कर्म
सति - स्मृति, जागरुकता
आजिवो - जीविका
नामरुप - चेतना/ बाहिरी शरीर
सुत्त - सूत्र
सबं अविच्चं - सबै अनित्य छ
मज्जिम पतिव्द - मध्य मार्ग
जाति - जन्म
भव - पूर्व अस्तित्व (सत्ता)
तन्हा - इच्छा
उपादान - ग्रहण गर्ने इच्छा
वेदना - संवेदना
विज्ञान - चेतना
जरामरण - सडनु र मर्नु
निर्वाण - दुःखबाट छुटकारा
शिल - सदाचार
श्रमण - साधु
छे आपतन - ५ इन्द्रीय - मन
बोधी - ज्ञान

भएको थियो ।

यी उल्लेखित साधारण सिद्धान्त लगायत वेद उपनिषदका सैद्धान्तिक, दार्शनिक मतहरूको खण्डनको सिलसिलामा चारवटा मूलभूत सिद्धान्तहरू प्रतिपादन गर्नुभएको थियो-

**१. ईश्वर नमान्नु,**

**२. आत्मालाई नित्य नमान्नु,**

**३. कुनै ग्रन्थलाई स्वतः प्रमाण नमान्नु**

**४. जीवन प्रवाहलाई यस जुनीको शरीरसम्म मात्र सीमित नमान्नु ।**

बुद्धको "प्रतित्य समुत्पात" को सूत्र नै यस्तो सूत्र छ जसले उपनिषदकालीन "ब्रह्म" को अधिभौतिक स्वत्वको खण्डन गर्दछ । जब जगतको अस्तित्वको कारण "ब्रह्म" वा "आत्मा" नभई भूत तत्वको उदय-व्ययको "विच्छिन्न निरन्तरता"को प्रकृयालाई ठानिन्छ, यही एउटा सूत्रले, यही धारणाले समस्त वैद्धिक चिन्तनलाई अस्वीकार गरिसकेको छ । अब "ब्रह्म" जस्तो श्रृष्टिको कुनै जड कारणको अस्वीकार भैसकेपछि जीवन र जगतलाई ध्वंश र निर्माणको सतत् प्रकृया ठान्नु वा अनित्यताको बोध हुनु स्वभाविकै देखिन्छ । त्यसकारण बुद्धले मानवोपरी, अधिभौतिक परम सत्तालाई मान्नुको कुनै अर्थ देख्नु भएन ।

यदि "ब्रह्म" नै सवै प्राणीको संचालक हो र समस्त मानवीय कर्महरूको नियन्ता हो भने मानिसको सुकार्यको प्रयत्नको अर्थ के ? मानिसको कामै के ? के मानिस अलौकिक सत्ताको दास हो ? के मानिसले स्वतन्त्र हुने हक छैन ? "ईश्वर" जस्तो अलौकिक वस्तुमा निर्भर हुनु पर्छ ? भन्ने बुद्धको तर्क देखिन्छ । त्यस्तै गरी आत्मालाई नित्य मान्ने वेद उपनिषदको मतको खण्डन गर्दै यदि आत्मा शरीर भन्दा पृथक नै कुनै कुरो छ र त्यो नित्य छ भने फेरि मानिसको मुक्तिको जरूरत नै किन पर्‍यो ? त्यो नित्य आत्मा मानव शरीरभित्र के विश्राम गरेर बसिरहेन्छ ? त्यो दैवीय तत्वको दायित्व मानिसलाई दुःखमा नै नहुल्नु होइन ? यदि त्यो त्यसो गर्दैन र मानिस खुदै कर्मभोग गर्नु पर्छ भने त्यो नित्य दैवीय वस्तुको औचित्य किन ? वेद उपनिषदको चिन्तन यहिँनेर आफैमा अस्पष्ट र अन्यौलपूर्ण भएको बुद्धले पाउनु भयो ।

तेस्रो, बेद उपनिषद कालमा श्रुति स्मृतिलाई वा ग्रन्थलाई स्वतः प्रमाण मान्ने प्रचलन थियो । यो प्रचलन अन्धताले भरिएको, विचारहीन विश्वासले भरिएको देख्नु भयो । यसबाट मानव मस्तिष्कको, विकास हुने देख्नु भएन र दुःखीहारा मानिसहरू दुःख र पीडाबाट मुक्ति पाउन सचेत हुनु पर्ने, कसैको लहैलहैमा अड्किनु नहुने इत्यादि कुरातर्फ सचेत गराउँदै धर्मग्रन्थहरुलाई स्वतः प्रमाण नमान्नु भनी देशना गर्नु भयो ।

चौथो, सूत्रमा बुद्ध वेद उपनिषदबाटै प्रभावित देखिनु हुन्छ । उहाँको मस्तिष्कमा "जीवन प्रवाह"को कारण नसुल्झिएको देखिन्छ । वेद उपनिषदले त बरू "ब्रह्म" के हो भन्दा नेति नेति त भनेका थिए, तर बुद्धले जीवन प्रवाहलाई "अनन्त प्रवाह" भन्नु भएकोले बुद्धको दृष्टिकोण द्वन्द्ववादी हुँदाहुँदै पनि पुनः हेगेलको जस्तो "परम विचार" (Absolute Idea) मा पुग्नु भएको देखिन्छ ।

### निचोड के हो त ?

गौतम बुद्धको चिन्तनको महत्व केमा छ भने जीवन र जगतलाई घटना क्रमहरूमा, नित्य उदय-व्ययको गति र परिवर्तनको प्रकृयामा हेर्ने दृष्टिकोणमा । यो दृष्ठिकोण वेद उपनिषदको दृष्टिकोणको तुलनामा वस्तुवादी देखिन्छ । वेद उपनिषदका जडवादी, स्थिरवादी र अधिभूतवादी दृष्टिकोणको विरोधमा नै बुद्धको चिन्तन उभिएको देखिन्छ ।

"सत्य अनित्य" !

सवै अनित्य छ, बुद्धले घोषणा गर्नु भएको थियो । यस घोषणाले वेद उपनिषदको शाश्वतवादी, नित्यवादी विचारहरूको पूर्ण अस्वीकार गरेको छ । यसले द्वन्द्व र गतिको नियमतर्फ इंगित गरेको छ । प्रत्येक क्षण पुरानो ध्वस्त र नयाँ निर्माण हुने घटना प्रवाहमा वस्तुजगतलाई बभन प्रेरित गरेको छ ।

बुद्धको समस्त चिन्तनको स्रोत-वोधी हो । बुद्धले ज्ञानलाई मुक्तिको ढोका ठान्नुभएको थियो । समस्त दुःखको कारण अज्ञानतालाई ठान्नुभएको थियो र समस्त कुराहरूको अनित्यतामाथि जोड दिनु भएको थियो । उहाँले आफूभित्र अनित्यवोध जगाऔं भनी अह्वान गर्नुभएको थियो । अज्ञानबाट ज्ञानतिर जाने वा शील, समाधि प्रज्ञाको बाटोमा अपरिहार्य कुरो अप्रमाद र सति ( जागरूकता) लाई वताउनुभएको छ । यसरी बुद्धले समस्त संसारलाई ज्ञानको बोधको शिखरमा पुग्न सतत् जागरूकताको सन्देश दिनुभएको थियो र बुद्धको एकमात्र देशना छ- "भवतु सन्व मंगल" (सवैको मंगल होस) !

*२०५१ वैशाख ९*

---

विज्ञान/प्रविधि

# दिन लम्बिँदो छ !

## प्राप्त प्राचीन तथ्यांकहरूको आधारमा डा. स्टेफेनसन र मोरिसनले लाखौं दिनहरूको तुलनात्मक अध्ययनबाट ज्यादै थोरै दरमा परिवर्तन भएको तथ्य पाए

पत्याउनुस् वा नपत्याउनुस्, दिनरात हामीले चालै नपाईकन लम्बिरहेको छ सर्वविदितै छ- दिनरात समयावधिको जोड २४ घण्टाको हुन्छ । तर हालै गरिएको अनुसन्धानबाट दिनरातको समयावधिमा प्रत्येक शताब्दीमा केही मिलिसेकेण्ड जोडिदै गएको पत्ता लागेको छ ।

विगत २ हजार ७ सय वर्षको अन्तरालमा हरेक शताब्दीमा औषत १.७ मिलिसेकेण्डको दरले दिनरात लम्बिएको छ । सो तथ्यांकलाई वेलायतका डहीम विश्वविद्यालय, भौतिक विभागका डा. एफ आर स्टेफेन्सन र रोयल ग्रीनवीच अब्जर्भेटरीका खगोलवीद् एल भी मोरिसनको संयुक्त अध्ययन, अनुसन्धानबाट पुष्टि गरिएको छ । उनीहरुले वेलायतको रोयल एस्ट्रोनोमिकल सोसाईटीलाई वताए अनुसार विगत २ हजार ५ सय वर्ष यता दिनरातमा परिवर्तन भएको करीव मिलिसेकेण्डको समयावधिको पुष्टि वारे ठोस प्रमाणहरू र गणितीय आधारहरू फेला पारिसकेका छन् ।

दुई वैज्ञानिक स्टेफेन्सन र मोरिसनले यस वारे खोजी कार्य सर्वप्रथम सन् १९८४ मा शुरू गरेका थिए । शुरूमा यिनीहरूले विगत ३ सय ५० वर्ष यता भएका ऐतिहासिक खगोलीय अभिलेख तथा सर्वेक्षणहरूको बारेमा अध्ययन गरेका थिए । यस समयमा टेलिस्कोपको सहायतावाट गरिएको दिनरातमा भएको मिलिसेकेण्डको परिवर्तनबारे जानकारी प्राप्त भएका थिए । यी अध्ययन, सर्वेक्षण तथा अनुसन्धानको आधारमा हाल उनीहरू प्राचीन कालमा गरिएका टेलिस्कोपिक सर्वेक्षणहरूको तथ्यांक विश्लेषण तथा लामो समयमा भएका परिवर्तनका वारेमा जानकारी हासिल गरिरहेका छन् ।

प्राप्त प्राचीन तथ्यांकहरूको आधारमा डा. स्टेफेन्सन र मोरिसनले लाखौं दिनहरूको तुलनात्मक अध्ययनबाट ज्यादै थोरै दरमा परिवर्तन भएको तथ्य पाए । यसले घण्टौं घण्टा समयमा फरक पारेको पनि देखियो । यस सम्बन्धमा डा. स्टेफेन्सनले सो समयमा गरिएको सर्वेक्षण अपरिपक्व र कच्चा हुन सक्ने अड्कल काटेका छन् । यसबारे समुद्री सतह र जमीनमा लामो अन्तरालमा हुने ज्वारभाटा र यसबाट उत्पन्न हुने घर्षणको कारणबाट दीर्घकालीन फरक पर्ने सक्ने कुरामा डा. स्टेफेन्सन विश्वास गर्छन् । निचोडमा उनले एक शताब्दीमा करीब २.३ मिलिसेकेण्डले दिनरात लम्बिदै जाने कुरा बताएका छन् ।

**प्रस्तुति : रविन्द्र राय**

# सयपत्री फूलबाट पनि लामखुट्टेको नियन्त्रण

## यस्ता यौगीकहरूले मलेरीया र पीतज्वर ल्याउने दुई प्रकारका लामखुट्टेहरू क्रमश : एडिस इजिप्टी र एनोफिलिज स्टेफेन्सिका लार्भा र वयस्कहरूलाई मारिदिए

सयपत्रीले वगैंचामा आफ्ना वरपर रहेका विरूवाहरूलाई हानिकारक किराहरूबाट बचाउँछ भन्ने तथ्यको वैज्ञानिक कारण पत्ता लागेको छ । सयपत्रीले तुरून्तै वाफमा परिणत हुने खालका कीटनाशक पदार्थ छोड्दछ । यी पदार्थहरू मलेरीया र पीतज्वर जस्ता घातक रोग फैलाउने लामखुट्टेका लागि विष नै हुन्छन् ।

अलावामा विश्वविद्यालयका सि. वेल्लले नेतृत्व गर्नु भएको एउटा टोलीले तीन प्रकारका सयपत्रीहरूको अध्ययन गर्‍यो । तिनीहरूले जराहरू, पातहरू र फूलहरूबाट निस्कने पदार्थलाई अलग अलग उमाले । अनि ग्यांस क्रोमाटोग्राफी ( मिश्रण छुट्याउने विधि )को प्रयोग गरेर हरेक रासायनिक पदार्थलाई छुट्याए । वेल्स र उनका सहयोगीहरूले तीनै प्रकारका सयपत्रीहरूमा कीटनाशक गुण भएको कुरा पत्ता लगाए । फूल चाँहि हरेकमा सबैभन्दा महत्वपूर्ण भागको रूपमा देखा पर्‍यो । त्यस मध्ये Tagetes minutae भन्ने सयपत्रीको जाति सबैभन्दा शक्तिशाली कीटनाशक तत्व पाइयो ।

रसायनशास्त्रीहरूले उक्त विरूवाहरूमा थायोफिन सहित बिभिन्न प्रकारका कीटनाशक यौगीकहरू भएको पाए । यस्ता यौगीकहरूले मलेरीया, र पीतज्वर ल्याउने दुई प्रकारका लामखुट्टेहरू क्रमश : एडिस इजिप्टी (Aedes aegyptii) र एनोफिलिज स्टेफेन्सि (Anopheles Stephensi) का लार्भा र वयस्कहरूलाई मारिदिए ।

सयपत्रीबाट बन्ने कीटनाशक औषधीको बजार सुनिश्चित छ । किनभने, प्राकृतिक कीटनाशक औषधीले संश्लेषित औषधीलाई बढ्दो रूपमा विस्थापित गरिरहेको छ । त्यसको साथै संश्लेषित औषधीलाई वातावरणीय हानी पुर्‍याएको आरोप पनि लाग्ने गरेको छ । Chrysanthemum Cineraria-efolium भन्ने विरूवाबाट निस्कने Pyrethrin लाई अति उत्तम प्राकृतिक कीटनाशकको रूपमा लिइएको छ । यसमा कीराहरूले पनि अवरोध विकास गर्दैनन् । यसको वातावरणीय असर पनि ज्यादै कम छ ।

यदि सयपत्री पर्याप्त सावित भयो भने मलेरीया र पीतज्वरको नियन्त्रणका लागि लढिरहेका विकासशील देशहरूमा फूलको कीटनाशकत्वको वजार विस्तृत हुन सक्नेछ ।

**प्रस्तुति : प्रकाश अधिकारी**

विज्ञान लेखमाला




# बामपन्थी सरकारदेखि किन

राजेन्द्र महर्जन

## अमेरिकी स्वार्थ

**चि**लीमा वामपन्थी शासनलाई ध्वस्त गरी जनरल पिनोचेटको फाशिष्ट शासनको स्थापनासित अमेरिकी साम्राज्यवादको स्वार्थको सम्बन्ध नंग र मासु भैं गाँसिएको थियो । त्यसले आफ्नो साम्राज्यवादी स्वार्थ पूर्तिको लागि बीसौं शताब्दीको शुरूवातदेखि गर्दै आइरहेको घुसपैठ, तानाशाही शासनहरूको स्थापना, उदारवादी शासकहरूलाई निर्मूल गर्ने षड्यन्त्रहरू कै निरन्तरतामा यस सफल षड्यन्त्र गरेको तथ्य अब कसैबाट लुकेको छैन ।

अमेरिकी साम्राज्यवादले ल्याटिन अमेरिकी देश-चिलीको प्राकृतिक स्रोत र साधन एवं सस्तो श्रम गर्ने चिलीवासीहरू-माथि कब्जा गरी शोषण गर्न बीसौं शताब्दीको शुरूवातदेखि नै घुसपैठ गर्न थालेको थियो । यो कब्जाको लागि अमेरिकी साम्राज्यवादका आधारस्तंभहरू-अमेरिकी एकाधिकारी पूँजीपति वर्ग र तिनीहरूका वहुराष्ट्रिय कम्पनीहरूले चिलीको भूमिमा बेलायती र जर्मनी साम्राज्यवादको पूँजीसँगै बीसौं शताब्दीका प्रथम वर्षहरूमा नै प्रयत्न थालेका थिए ।

सुन, तामा र दासहरूको खोजीमा दक्षिण अमेरिकामा डकैती गर्न पसेको स्पेनी साम्राज्यवादको पंजामा मेक्सिको र पेरुपछि चिली १५४० मा परेको थियो । प्रख्यात ल्याटिन अमेरिकी जन नायक-सान मार्टिनका सेनाहरूले १८१० देखि १७ सम्म चलाएको भीषण राष्ट्रिय मुक्ति संघर्षपछि मात्रै चिली दुई सय पचास वर्षको उपनिवेशी शासनबाट मुक्त भएको थियो । स्पेनीश गुलामीबाट मुक्त भए पनि चिली बेलायती र जर्मनी साम्राज्यवादबाट पनि निर्ममतापूर्वक शोषित र शासित स्थितिमा रहिरहनु पऱ्यो ।

१९०० देखि १९१४ भित्र मात्रै आफ्नो लगानी ५० लाख डलरबाट २ अरब डलर अर्थात् ४० गुना वृद्धि गर्न समर्थ अमेरिकाले प्रथम विश्वयुद्धमा जर्मनीको शर्मनाक पराजयको फाइदा उठाई आफ्ना बहुराष्ट्रिय कम्पनीहरूको विस्तार र लगानीमा काफी वृद्धि गऱ्यो । अमेरिकाका Smelting and Refining Co, United states steel co. र Kennecott Copper Corp जस्ता बहुराष्ट्रिय कम्पनीका शाखाहरू चिलीमा खोलिए । यस आर्थिक सफलतालाई दिगो र सुदृढ बनाउन चिलीको राजनीतिक समीकरणमा पनि अमेरिकी साम्राज्यवादले हस्तक्षेप गर्न थाल्यो । यसको ज्वलन्त उदाहरण थियो- ठूला जमीन्दारहरू, सैनिक अधिकारीहरू तथा अमेरिकी एकाधिकारी पूँजीपतिहरूको सहयोगमा सैनिक विद्रोह गर्ने कर्नल कार्लोस इबानेजको १९२७ को सत्ताग्रहण !

कर्नल कार्लोस इबानेजले सत्ताग्रहण गर्नासाथ त्यसले आफ्ना प्रभु-अमेरिकी साम्राज्यवादलाई चिलीमा विशेष स्थान दिने कैयौं अध्यादेशहरू जारी गऱ्यो । उदाहरण स्वरूप, अमेरिकाको South American Force and Power ले

**"हर हालतमा पनि एलेण्डेलाई सत्ताच्यूत गर्नै पर्छ,**
**जुन तरीकाबाट संभव छ,**
**त्यही तरीका अप्नाइयोस्,**
**सबैभन्दा राम्रा र दक्ष मानिसहरू यस कार्यमा लागिपरून्,**
**यो कार्य चौबीसै घण्टा जारी रहनु पर्छ ।**
**चिलीस्थित अमेरिकी दूतावासको सहभागिता प्रमाणित नहोस् भनेर चाहिँ**
**सतर्कता अप्नाइयोस् ।"**

अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको यस आदेश अनुरूप अमेरिकी सरकारले १९७० को दशकको शुरू कार्य नै चिलीका वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको सरकार पल्टाउने कुख्यात कारवाहीबाट थालेको थियो ।

तीन वर्ष लागेको यस कुख्यात षड्यन्त्रमा अमेरिकी साम्राज्यवादले हवाइट हाउस, विदेश विभाग, सी.आई.ए. र अमेरिकी बहुराष्ट्रिय कम्पनी- इन्टरनेशनल टेलिफोन एण्ड टेलिग्राफ कर्पोरेशन (ITT) ले आफ्नो बल, वृद्धि र चिलीका सैनिकहरू प्रयोग गरेको थियो । यस कुख्यात षड्यन्त्रको सफलताको लागि अमेरिकी साम्राज्यबादले बामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डे लगायत २५ हजार चिलीका जनताको ज्यान लिएको थियो, हजारौंलाई जेल, नेल, यातना र निर्वासनको कठोर सजाय दिएको थियो, बामपन्थी सत्तालाई सैनिक बूंटले कुल्चेर त्यस ठाउँमा फाशिष्ट तानाशाह जनरल अगस्टो पिनोचेटलाई सत्तासीन गरेको थियो ।

इटाली, इरान, इराक, जमैका, सूरीनाम, इण्डोनेशिया, फिलिपिन्स, ग्वाटेमाला, ब्राजिल लगायत कैयन देशमा गरेका सैनिक विद्रोहहरू सफलतापूर्वक सम्पन्न भएपछि, त्यस सफलताबाट उत्साहित भएर अमेरिकी साम्राज्यवादले यस कुख्यात षड्यन्त्र रचेको थियो ।

यस कुख्यात षडयन्त्रको पनि सफलताबाट अमेरिकी साम्राज्यवाद आफ्नो साम्राज्यवादी स्वार्थ पूर्ति गर्न सक्षम त भयो, तर विश्वको जनता सामु भने त्यो नराम्ररी बदनाम भयो ।

तर यहाँ प्रश्न के उठ्छ भने, अमेरिकी साम्राज्यवादले यत्ति धेरै मूल्यमा किन वामपन्थी राष्ट्रपति एलेण्डेको शासनलाई ध्वस्त गऱ्यो ? किन हजारौं हजारलाई हत्या, जेल-नेल, यातना र निर्वासनको सजाय दियो ?

साँच्चै चिलीमा अमेरिकी साम्राज्यवादको के के स्वार्थ गाँसिएको थियो त ?

**सी.आई.ए.ले कसरी सैनिक विद्रोह संगठित गऱ्यो ?**

# जनरल पिनोचेटको सैनिक विद्रोहको

# अमेरिकी साम्राज्यवाद थर्कमान ?



सान्टियागो, वाल्पाराइसो र आकोन्कागुआका नदीनालाहरूमाथि ९९ वर्षसम्म नियन्त्रण गर्ने अधिकार प्राप्त गऱ्यो, र अन्ततः बिजुली एवं उर्जा उत्पादन तथा वितरणमाथि त्यसले एकाधिकार कायम गऱ्यो । त्यस्तै अर्को अमेरिकी एकाधिकार पूँजीपति वर्गको संस्था- International Telephone and Telegraph (ITT) ले त्यहाँको टेलिफोन-संचार माध्यममाथि पूर्णतः एकाधिकार जमायो, जसले बामपन्थी सरकार फ्याँक्न प्रमुख सहयोगीको भूमिका खेलेको तथ्य यहाँ स्मरणीय छ ।

१९२९ देखि अमेरिकाले आफ्नो प्रत्यक्ष पूँजी लगानी ४ अरब २३ करोड डलर पुऱ्यायो भने ३ अरब डलर त चिलीमाथि ऋण नै बोकायो । यसरी अमेरिकाले प्रत्यक्ष रूपमा पूँजी लगानी गरेर र ऋणको ब्याजबाट मात्रै वर्षेनी १ अरब डलर चिलीबाट सोस्न थाल्यो ।

चिलीमा बढ्दो अमेरिकी आर्थिक-राजनीतिक हस्तक्षेपस्वरूप जर्मनी साम्राज्यवाद त्यहाँबाट उठीबास हुन वाध्य भयो । बेलायती साम्राज्यवाद भने हार नमानी जतिसक्यो, त्यति चिलीलाई लुछ्न प्रयत्नरत रहीरह्यो । तथापि दोस्रो विश्वयुद्ध पछाडि, ल्याटिन अमेरिकी देशहरूमध्ये क्यूबापछि चिली मै सबैभन्दा बढी प्रत्यक्ष रूपमा पूँजीको लगानी गर्ने काम अमेरिकाले गरेको थियो । १९४० पछि त्यहाँ ५ अरब ९२ करोड डलर लगानी गर्ने अमेरिकाले दोस्रो विश्वयुद्धपछि चिलीभित्र र वाहिर देखापरेको अनुकूल परिस्थितिलाई दुहुन त्यति धेरै कष्ट गर्नु परेन । विडेला सरकारलाई आफ्नो आर्थिक र सैनिक बलले पेलेर अमेरिकाले आफ्नो बशमा पारीसकेको स्थितिमा आफ्नो लगानी बढाउने सिलसिला जारी राख्न र त्यहाँको अर्थतन्त्रका मूल आधारहरूलाई आफ्नो डलरले नचाउने काम गऱ्यो । स्मरणीय छ, १९६४ सम्म पुग्दा चिलीमा लगानी भएको १२ अरबको वैदेशिक पूँजीमध्ये १० अरब डलर अमेरिकाकै थियो । १९७० तिर पुग्दा त्यहाँ लगानी भएको १६ अरब ७२ करोड डलर वैदेशिक पूँजी मध्ये ११ अरब डलर त अमेरिकाकै प्रत्यक्ष रूपमा लगानी गरिएको पूँजी थियो ।

ल्याटिन अमेरिकामै चिली फलाम, स्टील, सिमेन्ट र विद्युतको प्रतिव्यक्ति उत्पादनमा सबैभन्दा अघिल्लो पक्तिमा रहेको थियो । यी स्रोत-साधनमाथि नंग्रा गाड्नु नै अमेरिकी सामाज्यवादको मुख्य स्वार्थ थियो । अमेरिकी तामाका कम्पनीहरू Kennecott र Ana conda ले १९६३ भित्र अर्थात ५० वर्षको अवधिभित्र मात्रै ४१ अरब ६ लाख डलर, सोडा खानी कम्पनहिरूले ८० वर्षको अवधिभित्र ३९ अरब ३७ करोड डलर र The Bethlehem Steel Corporation ले ५० वर्षभित्र ९ अरब ७० करोड डलर नाफा कुम्ल्याएर अमेरिका पुऱ्याइसकेका थिए । फ्रेइ सरकारका विदेशमन्त्री माल्डेजले स्पष्ट रूपमै चिलीमा अमेरिकी एकाधिकारी पूँजीपति वर्गले एक डलर लगानी गरेर ५ डलर नाफा कमाएर लगेको तथ्य स्वीकारेका छन् । चिलीको कृषितन्त्रलाई पनि बजारमुखी बनाई अमेरिकी एकाधिकारहिरूले त्यहाँको घरेलु उत्पादन स्थानीय बजारमा बेचनै नदिएर त्यहाँ खाद्यान्नको कृत्रिम अभाव सृजना गर्ने र अमेरिकी धनी किसानहरूका खाद्यान्नहरू त्यहाँ बेच्ने उपायबाट ठूलो नाफा कमाएको कुरा बिर्सन्नै सकिदैन । स्मरणीय छ, चिलीको जमीनमात्रै राम्ररी प्रयोग गरिएको र वितरण गरिएको स्थितिमा ३ करोड जनतालाई राम्ररी खुवाउन भ्याउँथ्यो ।

माथि धेरै पटक र बिस्तृत रूपमा अमेरिकी एकाधिकारी पूँजीपति वर्गद्वारा चिलीमा गरिएको आर्थिक शोषणको व्याख्या भइसकेको छ । यसको अर्थ तिनीहरूले त्यहाँ शोषण मात्रै गरे, सहयोग अलिकति पनि दिएनन् भन्न खोजिएको कदापि होइन । वास्तविकता के थियो भने अमेरिकाले त्यहाँबाट खरबौं खरब डलरको नाफा कुम्ल्याएको थियो तर त्यसको सानो अंश केही सहयोग स्वरूप "दान" दिएको थियो ।

यस क्रममा १९६१ देखि ७० सम्ममा Alliance for progress को नामबाट १४ अरब डलर ऋण, Agency for International Development (AID) को नामबाट १९६३ मा ४१ करोड ३० लाख डलर र १९६४ मा ७८ करोड ८० लाख डलर सहयोग दिइएको थियो । त्यस्तै चिलीको लागि आर्थिक सहयोग कार्यक्रम अन्तर्गत १९६४ मा अमेरिकी साम्राज्यवादले ५५ करोड डलर ऋण, एक्सपोर्ट-इम्पोर्ट बैंकबाट १५ करोड डलर सापटी र अमेरिकी कोषसँग भएको सम्झौता अनुरूप १५ करोड डलर नदिइएको होइन ।

**सी.आई. ए.को सैनिक विद्रोहमा बहुराष्ट्रिय कम्पनीहरूको संलग्नता !**


तर ती सबै सहयोग वा ऋणको उद्देश्य पनि अन्ततः शोषण नै थियो, शोषणलाई जारी राख्न सहयोग दिने आफ्नो मतियार-सरकारलाई टिकाइ राख्नु नै थियो । चिलीको दश वर्षे आर्थिक कार्यक्रमलाई सहयोग गर्ने नाममा AID नामक संस्थाले त्यस कार्यक्रमको कुनै ठोस व्याख्या, उद्देश्य र कार्यक्रमविना नै डलर खन्याएको थियो, जुन अमेरिकी शोषणका कारणले खोक्रो भएको त्यहाँको अर्थतन्त्रमा आएको संकटलाई टाल्न प्रयोग गरियो । ४०% को दरले बृद्धि भइरहेको महँगी, ठूलो व्यापार घाटा, कम आर्थिक उत्पादन र बढ्दो बेरोजगारीको समस्यामाथि रफू भर्न यस सहयोग, ऋण र सापटीलाई प्रयोग गरियो, ताकि आफ्नो तावेदार सरकारको विरूद्ध जन विद्रोह नभड्कियोस्, ताकि आफ्नो तावेदारको सत्ता टिकी रहोस् र आफ्नो चौतर्फी शोषण जारी राख्न सकियोस् ।

आफ्नो यस निहित साम्राज्यवादी आर्थिक स्वार्थ पूर्तिको लागि चिलीमा आफ्नो हाल-हुकूम मान्ने सरकारको आवश्यकता थियो । र यो आवश्यकता कार्लोस इबानेजदेखि लिएर विडेला, अलेसान्द्री र फ्रेइको सरकारले पूरा गर्दै आइरहेको थियो । तर वामपन्थी शक्तिले सडक र सदनमा देखाएको प्रभावबाट भने अमेरिकी साम्राज्यवाद भयभीत हुन थालेको थियो ।

## अमेरिकी भय

यही चौतर्फी राष्ट्रिय संकट र समस्याको बीचबाट चिलीमा वामपन्थी जनप्रिय नेताको रूपमा साल्भाडोर एलेण्डेको उदय भयो, वामपन्थी पार्टी सत्ताको दावेदार हुनथाल्यो । चुनावमा राष्ट्रपतिको पदको लागि वामपन्थीहरूको संयुक्त मोर्चाका उम्मेदवारको रूपमा उठाइएका एलेण्डेको घोषणापत्रमा क्रान्तिकारी भूमिसुधार, उद्योगहरूको राष्ट्रियकरण, संपत्ति जनतालाई बितरण, अमेरिकी साम्राज्यवादको विरोध, समाजबादी खेमासँग सहयोग र मित्रता जस्ता कार्यक्रम र नीतिहरू अघि सारिए । यी कार्यक्रम र नीतिहरूले अमेरिकाको साम्राज्यवादी स्वार्थलाई ठाडो आघात पुऱ्याउँथे । उद्योगहरूको राष्ट्रियकरण र संपत्तिको बितरण सम्बन्धी कार्यक्रमले चिलीमा अति नाफा हसुरिरहेका अमेरिकाका एकाधिकार पूँजीपतिको उद्यम र व्यापार व्यवसायमा ठाडो असर पुऱ्याउँथ्यो । एलेण्डेको समाजवादी खेमाको नजिक हुने नीतिले के प्रष्ट पार्थ्यो भने एलेण्डेको शासन कालमा पहिलेको सत्तामा जस्तो त्यहाँको सरकार अमेरिकी साम्राज्यवादको तावेदार रही रहनेछैन । यो निकटस्थताले चिलीको साधन स्रोतमाथि र बजारमाथि लूट मच्चाउने अमेरिकी साम्राज्यवादको

# पछाडि अमेरिकाको स्वार्थ के थियो ?



स्वार्थमा पनि ठाडो नोक्सान पुर्‍याउँथ्यो।

त्यसैले, १९६४ को चुनावमा बामपन्थी उम्मेदवार एलेण्डेलाई हराउन अमेरिकाले डलरको खोलो बगायो। सके चुनावमा जित्नै नदिने, जिते पदभार ग्रहण गर्न नदिने वा सैनिक विद्रोह गरेर भए पनि सिध्याउने अमेरिकी योजना रह्यो। यो प्रयत्नबाट १९६४ मा जित निश्चित भएर पनि एलेण्डे चुनावमा हारे।

तथापि १९७० को चुनावमा भने अमेरिकाको केही लागेन। अमेरिकाको पैसाको खोलो र सारा षड्यन्त्रको बाबजूद एलेण्डेले चुनावमा जितेर पदभार ग्रहण गरी छाडे।

सत्तारूढ भए पछि आफ्नो घोषणा बमोजिम एलेण्डेको पपुलर यूनिटी सरकारले प्रमुख विदेशी बहुराष्ट्रिय कंपनीहरूलाई र बैंकहरूलाई राष्ट्रियकरण गर्‍यो। क्रान्तिकारी भूमिसुधारको कार्यक्रम लागु गर्न शुरू गर्‍यो। सोभियत खेमासँग सम्बन्ध बढाउन थाल्यो। यूरोप र जापानी पक्षसित आर्थिक र व्यापारिक सम्बन्ध गाँस्न थाल्यो। यी सबै काम कारवाहीले अमेरिकी एकाधिकार पूँजीपतिहरूलाई त्रस्त पार्‍यो।

## आर्थिक नाकावन्दीको पाशो

अमेरिकी साम्राज्यवादको घिनलाग्दो शोषणको विरोधको परिप्रेक्षमा नै त्यहाँ वामपन्थीहरू चुनावमा विजयी भएका थिए। अब सत्तारूढ वाम-सरकारले आर्थिक शोषणलाई छेकेवार लगाउन थालेकोले यो अमेरिकी साम्राज्यवादको लागि कट्टर शत्रु भयो। त्यसले अब चिलीको वाम-सरकारलाई ढाल्न आर्थिक नाकाबन्दीको हतियार प्रयोग गर्ने निधो गर्‍यो।

चिलीको वामपन्थी सरकारलाई फ्याँक्न लागू गरिएको सी.आई.ए.को "सेन्तौर प्लान" अनुसार नै अमेरिकाले आर्थिक नाकावन्दीको हतियार प्रयोग गरेको थियो। आर्थिक नाकावन्दीद्वारा वामपन्थी सरकारलाई पंगु, निकम्मा र ध्वस्त पारेपछि, त्यसबाट उत्पन्न हुने जन असन्तुष्टि, आक्रोश र विद्रोहलाई हावा दिएर सैनिक विद्रोह सफलतापूर्वक सम्पन्न गर्नु र त्यसपछि चिलीलाई फेरि आफ्नो आर्थिक, राजनीतिक र सामाजिक दासताभित्र ल्याउनु नै "सेन्तौर प्लान"को प्रमुख रणनीति थियो। यस रणनीतिलाई पूरा गराउने काममा अमेरिकी साम्राज्यवादले आफ्नो राष्ट्रिय सुरक्षा परिषद् (National Security Council) लाई पूरा जिम्मा दियो। त्यसमार्फत् सी.आई.ए. र चिलीमा कार्यरत आफ्ना बहुराष्ट्रिय निगमहरू, विशेषतः ITT Corporation को सहयोगमा तीन वर्षको पूरै अवधि लगाएर सैनिक विद्रोहको पृष्ठभूमि तयार गरेको थियो।

अमेरिकाले यस "आर्थिक नाकावन्दी"को शुरूवात अमेरिकी बहुराष्ट्रिय कम्पनीका मुनाफायुक्त खानीहरू, उद्योगधन्दाहरू राष्ट्रियकरण गरिएपछि रिसाएर आफ्नो संघीय र प्रोइभेट पूँजी सापटी नदिने घोषणा सहित गर्‍यो। चिलीका अर्थमन्त्रीको १९७१ फरवरीमा सम्पन्न अमेरिका भ्रमणको क्रममा अमेरिकी सरकारसँग भएको वार्तामा अमेरिकाले राष्ट्रियकरण गरिएका आफ्नो देशका उद्योग-धन्दाहरूको उच्चतम क्षतिपूर्ति मागेपछि तिनीहरूको सम्बन्ध झन विग्रियो। त्यसपछि अमेरिकाले चिली विरूद्ध अघोषित रूपमा आर्थिक नाकावन्दी लगाउने क्रममा आफ्ना सम्पूर्ण वहुराष्ट्रिय कम्पनीहरू, सहयोग एजेन्सीहरू र बैंकहरू लगायत मित्रराष्ट्रहरू मार्फत वामपन्थी सरकारलाई एक पैसा पनि नदिलाउने चक्रव्यूहको रचना गर्‍यो। यसको परिणाम चिलीको लागि निकै कष्टकर भयो। औद्योगिक र व्यापारिक क्षेत्र पंगु जस्तै हुन थाल्यो। तापनि ऊ पुराना शासकहरूले मनपरी तवरले लिएको ऋणको साँवा र व्याजको रकम भने तिरिरहन बाध्य थियो, जुन देशको निर्यातबाट हुने आम्दानीको एक तिहाईभन्दा बढी हुन्थ्यो।

**राष्ट्रपति रिचर्ड निक्सनको नीति-निर्देशनमा बनाइएको यस सेन्तौर प्लानको ट्र्याक- २ अन्तर्गतको सैनिक विद्रोहको योजना पपुलरयूनिटी मोर्चाको विजयभन्दा अगाडिदेखि शुरू भएको थियो**

चिलीको बामपन्थी सरकार विरूद्धको आर्थिक युद्धको क्रममा त्यसले चिलीको प्रमुख आर्थिक स्रोत तामाको खानीलाई राष्ट्रियकरण गरेको रिसमा यूरोपीय बजारमा चिलीको तामाको बिक्री वितरणलाई वहिष्कार गर्न लगायो। राष्ट्रियकरणमा परेको अमेरिकी बहुराष्ट्रिय कम्पनी-केन्नेकोट्ट कपर कर्पोरेशनलाई प्रयोग गरी फ्रान्स, हलैण्ड र स्वीडेनका अदालतहरूमा मुद्दा हाल्न लगाई चिलीको तामा बहिष्कार गर्न लगायो र चिलीलाई तिर्न बाँकी रकम रोक्का समेत गराइयो। यसले गर्दा चिलीको निम्ति हार्ड करेन्सी र तामाको बजारको संकट उत्पन्न हुन थाल्यो। त्यही बेला, अन्तर्राष्ट्रिय रूपमा एकतावद्ध भएका साम्राज्यवादीहरूले अमेरिकाको नीति निर्देशनमा विश्व-बजारमै तामाको भाउमा कमी ल्याए, चिलीद्वारा आयात गरिने सामानको भाउमा वृद्धि गरे, साथै नगदी भुक्तानीको माग गर्न थाले। यसबाट देशमा उत्पन्न भएको संकटलाई टार्न बामपन्थी सरकारले राष्ट्रिय अर्थतन्त्रलाई मजवूत पार्ने, राष्ट्रियकरण र सार्वजनिकीकरण गरिएका उद्योग धन्दालाई–उत्पादनशील बनाउने एवं सुधारिएको भूमि सम्बन्धबाट फलप्राप्त गर्ने अभियान नै चलायो। यसबाट उत्पादनमा धेरै नै वृद्धि भयो। बेरोजगारी घट्यो र आम्दानी भएको सम्पत्तिलाई जनतावीच वितरण पनि गरियो। यी सबका बाबजूद पनि अमेरिकाद्वारा प्रायोजित नाकावन्दीको कारणले केही लोभ र केही अभावले ग्रस्त चिलीका मध्यमवर्ग र पूँजीपति वर्गलाई भने असन्तुष्ट र आक्रोशित गराउने योजनामा केही सफलताको लक्षण भने देखा पर्‍यो।

## सैनिकहरूलाई विद्रोहको प्रशिक्षण

विगतमा, १८३० देखि हालसम्ममा ६०० भन्दा बढी सफल सैनिक विद्रोहहरू भएको महादेश ल्याटिन अमेरिकामा अमेरिकाले "प्रत्यक्ष सैनिक हस्तक्षेप" का अलावा "सैनिक विद्रोह" लाई पनि वढावा दिंदै आइरहेको तथ्य ग्वाटेमाला, डोमिनिकन गणतन्त्र र व्राजिलको ताजा सफल सैनिक विद्रोहहरूबाट प्रष्ट भै सकेको छ। ती अनुभवहरूलाई संगालेर नै अमेरिकाको निक्सन प्रशासनले केनेडी र जोनसन प्रशासनले जस्तो प्रत्यक्ष सैनिक आक्रमणको बाटोलाई चिलीको सन्दर्भमा एकछिन थाती राखेर आर्थिक नाकावन्दीको कदमपछि सैनिक विद्रोह कै नीति अख्तियार गर्‍यो।

चिलीमा सैनिक विद्रोह गराउन आवश्यक पृष्ठभूमि तयार गर्ने काम भने निक्सन प्रशासनभन्दा निकै अगाडिका प्रशासकहरूले केही त भ्याइसकेका थिए। १९३० को दशकमा सैनिक विद्रोहद्वारा स्थापित कार्लोस इबानेजको सरकारको पालादेखि नै त्यहाँको सैनिक शक्तिमा अमेरिकाले आफ्नो घुसपैठ गर्न थालेको थियो। अमेरिकी सरकारले ५० को दशकका चिलीका तानाशाह गोञ्जालेज विडेलाको शासनकालमा डलर र शक्तिको भरमा एउटा सैनिक संझौता गरेको थियो, जसले गर्दा त्यहाँको सशस्त्र सेना अमेरिकी फौजको हेडक्वार्टर-पेन्टागनको नियन्त्रणमा परेको थियो।

त्यही सम्झौताको पत्र अगाडि सार्दै चिलीको सैनिक शक्ति भित्र पस्न सफल भएको अमेरिकाले दोस्रो विश्वयुद्धको अन्तदेखि शुरू गर्न थालेको त्यहाँका विभिन्न स्तरका सैनिक अधिकारीहरूलाई प्रशिक्षण दिने क्रमलाई व्राजिलको सैनिक विद्रोहको सफलताबाट उत्साहित भएर अझ तीव्र र विस्तृत गर्न थाल्यो। पानामाको नहर क्षेत्र र अन्य देशमा रहेका अमेरिकी फौजी अड्डाहरूमा अमेरिकी सशस्त्र सेनाका प्रशिक्षकहरूद्वारा अनियमित युद्ध र छापामारयुद्ध आदिको प्रशिक्षण दिइयो यस कार्यक्रमको मूल उद्देश्य थियो- बैचारिक-सांस्कृतिक रूपमा चिलीका सैनिक अफिसरहरूलाई अमेरिकीकरण गरी चाहिएको बेला हतियार झैं आफ्नो साम्राज्यवादी स्वार्थको लागि प्रयोग गर्ने!

यसप्रकार चिलीको नेशनल आर्मीका ४ हजारभन्दा बढी, जनरलदेखि जुनियर अफिसरसम्मलाई प्रशिक्षण दिइयो। अमेरिका एकातिर एलेण्डेको पपुलर यूनिटी सरकार विरूद्ध आर्थिक युद्ध र राजनीतिक असहिष्णुताको व्यवहार गरिरहेको थियो। अर्कोतिर त्यही वेला अमेरिकी प्रशासनले चिलीका सैनिकहरूलाई प्रशिक्षण दिने, करोडौं डलर आर्थिक सहयोग दिने र फौजी अधिकारीहरूको द्विपक्षीय भ्रमण जारी राख्यो २६ सय अमेरिकी फौजी सल्लाहकारहरूलाई प्रशिक्षक र कूटनीतिज्ञहरूलाई चिलीमा बसाई राख्ने काम जारी राखियो। यसै कामको दौरानमा सम्पर्कमा आएका चिलीका सैनिक अधिकारीहरूलाई नै पपुलर यूनिटी मोर्चा सत्तासीन हुनुभन्दा अगाडिदेखि सैनिक विद्रोहको लागि तम्तयार गर्न थालिएको थियो।

## सी.आई.ए.को. सेन्तौर प्लान

अमेरिकी साम्राज्यवादको राष्ट्रिय सुरक्षा परिषद (NSC) को आदेशअनुरूप सी.आई.ए.ले सम्पूर्ण अमेरिकी राज्ययन्त्र, बहुराष्ट्रिय कम्पनीहरू, बैंकहरू र चिलीका सैनिकहरूलाई प्रयोग गर्ने गरी बनाएको सेन्तौर. प्लान (Centaur Plan) लाई दुई चरणको कार्ययोजनामा विभाजित गरेको थियो। ट्र्याक-१ र ट्र्याक- २ नामले चर्चित यस कार्य योजनाको ट्र्याक- १ अन्तर्गत वामपन्थी सरकारको विरूद्ध राजीतिक, आर्थिक र प्रचार-युद्ध छेड्ने कार्यक्रम राखिएको थियो। ट्र्याक- २ अन्तर्गत सी.आई.ए. ले चिलीमा सैनिक विद्रोहको योजना, कार्यनीति र कार्यक्रमहरू

बनाएको थियो ।

राष्ट्रपति रिचर्ड निक्सनको नीति-निर्देशनमा बनाइएको यस सेन्तौर प्लानको ट्र्याक- २ अन्तर्गतको सैनिक विद्रोहको योजना पपुलर यूनिटी मोर्चाको विजयभन्दा अगाडिदेखि शुरू भएको थियो । एलेण्डेको राष्ट्रपति पदको शपथग्रहणसम्म दिन दिनै ह्वाइट हाउस-बहुराष्ट्रिय निगम- आई टी.टी.-सान्टियागोका सैनिक अधिकारीहरू बीच बैठक र छलफल भइरहेको थियो । यस सैनिक विद्रोहको निम्ति मूल बाधक थिए चिलीको प्रधान सेनापति रेने श्नीदर । त्यसैले उनलाई सैनिक विद्रोहका सूत्रधार सी.आई.ए. ले चिलीका जनरल भियोन्सको हत्यारा दस्ताद्वारा सफलतापूर्वक हत्या गर्न लगायो ।

सी.आई.ए. र आई.टी.टी. जस्तो बहुराष्ट्रिय कम्पनीहरूको नीति-निर्देशनमा सैनिक विद्रोहको तयारीमा लागेका सैनिक जनरलहरूमा जनरल भियोक्स जस्ता थुप्रै सैनिक अधिकारीहरू थिए । यसमा सहभागी अर्को जनरल थियो- क्यामिलो भ्यालेन्जुयला,जो सान्टियागोको गेरिसन कमाण्डर थियो । अन्य व्यक्तिहरूमा वाशिंगटनको चिली दूतावासमा १० वर्षसम्म सैनिक सहचारी भएको जनरल अगस्टो पिनोचेटदेखि लिएर जनरल गुस्टाभो लेघ, एडिमरल जोसे तोरिबियो मेमिरो, कर्नल गेरेर्दो लोपेज, जनरल कार्लोस तोरो माजोटे, जनरल अर्नेस्टो बाइजा, जनरल फिग्वेरोवा र एड्मिरल आर्टुरो त्रोन्कोसो थिए । यी सवै सैनिक अधिकारीहरू अमेरिकाको पद र पैसामा बिकेका थिए ।

## आई.टी.टी. कर्पोरेशनको चालवाजी

कोल्ड क्रीमदेखि टेलिफोनसेटसम्म, जनावरको खानादेखि ट्रान्जिस्टरसम्म उत्पादन गर्ने अमेरिकी व्यापारिक सम्राट- International Telephone and Telegragh Corporation (ITT) यति भयानक शक्तिशाली थियो कि त्यसले संसारको कुनै पनि देशको वारेमा अमेरिकाको परराष्ट्र नीति नै फेर्न लगाउन सक्थ्यो । त्यसले चिलीको राष्ट्रपति पदमा को बसाउने, को हटाउने सम्मको निर्णय आफ्नो अरबौं, डलरको बाढी सृजना गरेर र सी.आई.ए.का पूर्व र निवर्तमान निर्देशकहरूमार्फत् गर्न सक्दथ्यो, जो आई.टि.टि सँग पैसा र पदको कारणले गाँसिएका हुन्थे ।

यस भयानक शक्तिलाई समेत चुनौती दिने ढंगले अगाडि वढेको चिलीको वामपन्थी सरकारको देशी विदेशी उद्योग व्यवसायको राष्ट्रियकरणको कार्यक्रमले थर्कमान भएको आई.टी.टी. कर्पोरेशनले सी.आई.ए.लाई सेन्तौर प्लानको शुरूवातदेखि नै आर्थिक सहयोग गर्दै आएको थियो । १९७० को मध्यदेखि अमेरिकी नियोगहरूसँग मिलोमतो गरी सैनिक विद्रोहको तयारीमा लागिपरेका सी.आई.ए. र चिलीका सैनिकहरूलाई पैसाको सहायता गर्न त्यो अलिकति पनि पछिपरेको थिएन । अमेरिकी साम्राज्यवादले चिली विरूद्ध आर्थिक युद्ध चलाउँदा पनि त्यसले जीऊज्यान दिएर अमेरिकाको लागि वैचारिक र आर्थिक सहयोग गरेको थियो । यस कार्यमा राष्ट्रियकरणबाट प्रभावित चिलीको धेरै जसो तामा खानीको मालिक आनाकाण्डा कम्पनी र पेय पदार्थ-पेप्सीकोला कंपनी पनि सरिक थिए ।



अमेरिकी साम्राज्यवादको नीति निर्देशनमा सफल सैनिक बिद्रोह गर्ने तानाशाह जनरल अगस्टो पिनोचेट

## चिली वासीलाई फुटाउने षड्यन्त्र

अमेरिकी साम्राज्यवादले वामपन्थी सरकारलाई धवस्त पार्न आर्थिक नाकावन्दी, प्रचारयुद्ध र सैनिक विद्रोहको तयारी गर्नुका साथै विपक्षी पार्टीहरूको लागि पनि डलरको खोलो नै बगायो । यसरी डलर हसुर्ने पार्टीहरू थिए- Patria Libertad Group क्रिश्चियन डेमोक्रेटिक पार्टी र नेशनल पार्टी सी.आई.ए.को डलरको खोलोको हिसाव किताव १९७१ सालभरिमा मात्रै दिइएको डलरको सानो झझल्को हेरे पुग्छ ।

१९७१ को जनवरीमा १२ लाख ४० हजार, मार्चमा १ लाख ८५ हजार, मेमा ३ लाख २० हजार जुलाईमा १ लाख ५० हजार, नोभेम्वरमा ८ लाख १५ हजार, डिसेम्वरमा १ लाख ६० हजार डलर अमेरिकी साम्राज्यवादका विभिन्न च्यानलबाट विपक्षी पार्टीहरूले "सहयोग स्वरूप" प्राप्त गरेका थिए । यो काम अमेरीकाले १९७३ को सैनिक विद्रोहभन्दा तीन हप्तासम्म पनि विपक्षीहरूलाई १० लाख डलर लगानी गरेर जारी राख्यो । अझ पपुलर यूनिटी मोर्चालाई फुटाउन र त्यसभित्र आफ्ना एजेन्टहरू घुसाउन ८ लाख ६५ हजार डलर त्यसले फ्याँकेको थियो ।

सैनिक बिद्रोहको लागि मलिलो माटो तयार गर्ने क्रममा अमेरिकाले पूँजीपतिहरु, उद्यमीहरु, साना व्यापारीहरु, यातायातका साधनका मालिकहरु, अर्ध बैधानिक दक्षिणपन्थी आतंकवादी संगठनलाई आर्थिक सहयोग दिएर आफ्नो नियन्त्रणमा ल्याउने कार्यबाट त्यसलाई अझ तीव्र गऱ्यो । यसै आर्थिक सहयोगकै प्रतापस्वरुप १९७२ मा सी.आई.ए.द्वारा ट्रक मालिक र व्यापारीहरुको देशब्यापी हडताल प्रायोजित गरियो । यस हडतालको लगत्तैपछि अन्य ब्यापारी, उद्यमी र पूँजीपतिहरुले पनि हडतालको नांगो नाच प्रदर्शन गरे ।

यसैबीच दक्षिणपन्थी आतंक-वादीहरुले पनि डलरको फुर्ति देखाउँदै आतंककारी गतिविधिहरु संचालन गर्न थाले । सी.आई.ए.द्वारा लगानी गरिएका विपक्षी पार्टीका अखवार, रेडियो टि.भि.हरुले प्रचारयुद्ध छेड्न थाले । गैरसरकारी संस्था एवं अनुसन्धान सम्बन्धी संस्थाहरुले पनि डलर हजम गर्दै सरकारका कमी कमजोरीहरु, समाजका संकटहरु अनुसन्धान गरी विपक्षी पार्टीहरुलाई रिपोर्ट दिन थाले । विपक्षी पार्टीहरुले सोही साम्रग्रीहरुको आधारमा नीति निर्माण गरी कहिले अविश्वासको प्रस्ताव त, कहिले अनावश्यक सडक संघर्ष, कहिले उत्पात, आतंक त कहिले वार्ताको नाटक रच्न थाले ।

## अन्ततः सैनिक विद्रोह !

सी.आई.ए.द्वारा प्रायोजित यी सबै कार्यको दिशा सैनिक विद्रोहतिर नै केन्द्रित थियो । त्यसको लागि सेप्टेम्वर, १९७१ मा सी.आई.ए.ले चिलीको सैनिक शक्तिसंग "नेटवर्क" निर्माण गरेको थियो । त्यो नेटवर्क अन्तर्गत सान्टियागो स्थित स्टेशनले सूचना जम्मा गर्ने, ती सूचनाको आधारमा विद्रोहको आह्वानसहित पम्प्लेट निकाल्ने र गोप्य रुपमा विद्रोहको तयारी गरिरहने कार्य भएको थियो ।

२२ यसै बीच, विद्रोहको संकेत देखापरेको हुनाले एलेण्डेको पुपुलर यूनिटी सरकारले मन्त्री परिषदमा पुनर्गठन गऱ्यो र जल, थल र हवाई सेनाका सेनापतिहरूलाई मन्त्री पदमा नियुक्त गऱ्यो । तर त्यति "उपलब्धि"बाट नपुगेको महशूस गर्ने सी.आई.ए.ले पटक पटक साल्भाडोर एलेण्डेको हत्या गर्ने असफल प्रयास जारी राख्यो, सैनिक विद्रोहको प्रयास जारी राख्यो र राजनीतिमा सैनिक हस्तक्षेपका विरोधी अर्को प्रधान सेनापति जनरल प्रात्सलाई उत्तेजित पारी अगस्ट २४,१९७२ मा राजिनामा दिन बाध्य पाऱ्यो ।

अन्ततः ११ सेप्टेम्वर १९७३ मा तीन बर्षदेखि अमेरिकी साम्राज्यवादले तयारी गरिरहेको सैनिक बिद्रोह भयो । स्थल र हवाई आक्रमणगरी जन निर्वाचित राष्ट्रपति एलेण्डे लगायत २५ हजार न्यायप्रेमी चिलीवासीको हत्या गरियो । चिली र अमेरिकी सेनाबीच संयुक्त अभ्यासको नाटक भइरहेको स्थितिमा सम्पन्न यस बिद्रोहमा प्रत्यक्षरुपमै अमेरिकी सेना संलग्न थिए । यसमा विशेषतः अमेरिकी हवाई सेनाका पाइलटहरु राष्ट्रपति भवन -ला मोनेडा प्यालेसमाथि सटीक वमवर्षा गर्नमा संलग्न थियो । अमेरिकी जनरल विलियम बेस्टमोरेलाएण्डद्वारा बोलिभियाबाट पठाइएका सेना, असंख्य हातहतियार एवं सी.आई.ए.का गुण्डा दलहरू चिली पसेर ७ हजारभन्दा बढी चिली, वोलिभिया, ब्राजिल र अन्य ल्याटिन अमेरिकी जनताको निर्मम हत्या गर्नमा सहभागी भएका थिए ।

अमेरिकी साम्राज्यवादकै नीति निर्देशनमा सफल सैनिक विद्रोह गर्ने जनरल अगस्टो पिनोचेटको फाशिष्ट सैनिक दस्ताले पूँजीवादी संविधानलाई समेत कुल्चेर, जननिर्वाचित वामपन्थी सरकारलाई ध्वस्त गरी नव-फाशिष्ट शासनसत्ता स्थापना गऱ्यो । पूँजीवादीहरूद्वारा स्थापित पूँजीवादी प्रजातन्त्र, पूँजीवादी संविधान, जन-प्रतिनिधि सभा, राष्ट्रियसभा, न्यायपालिका र कार्यपालिकालाई पनि निहित स्वार्थका लागि अमेरिकाको र चिलीको पूँजीवादी शक्तिले नै ध्वस्त पाऱ्यो । र ती सवैको सट्टामा तानाशाही सैनिक शक्तिलाई पूर्णतः स्थापित गऱ्यो । साम्राज्यवादी स्वार्थका लागि चिलीको प्रजातन्त्र र प्रजातान्त्रिक सरकार पूँजीपतिहरू, दलाल पूँजीपतिहरू र नोकरशाही पूँजीपतिहरूको अमेरिकी एकाधिकारी पूँजीपति वर्गसँगको गठजोडद्वारा स्वाहा पारियो । यो गठजोड सैनिक विद्रोहपछि स्थापित नव-फाशिष्ट शासनकालमा अझ बलियो भयो, र अमेरिकी एकाधिकारी पूँजीपतिहरू, बहुराष्ट्रिय कम्पनीहरू र बैंकहरू सबै प्रफुल्ल भए- अब फेरी चिली र चिलीका जनतामाथि शोषण र शासन कायम गर्न पाउने भयो भन्ने धूर्त मुस्कान सहित ! ◆

# वामपन्थी सरकारका सुधारवादी-क्रान्तिकारी कार्यहरू

## जसले अमेरिकी साम्राज्यवादलाई थर्कमान पाऱ्यो !

*"देशका श्रमिक जनता हो ! तपाईंहरू केवल तपाइं श्रमिकहरूको विजय हो यो ! लामो सयदेखि, डेढ शताब्दीदेखि उत्पीडित जनताको विजय हो यो ! यो स्वतन्त्रताको नाममा शासक वर्गद्वारा शोषित र शासित जनताको विजय हो ! ती शासक वर्गद्वारा प्रगतिको ठेक्का लिएतापनि यथार्थमा हेला गरिएका, पिछिडिएका र भोकमरीले ग्रस्त जनताको विजय हो यो !*

*हिजोसम्म शासक वर्गले आफ्नो नाफाको लागि धेरै उत्पीडन, शोषण र शासन गऱ्यो । तर अब त्यो समय आएको छ, अब हामी भन्न सक्छौं- Bostanji ! बढी भयो, अब धेरै सह्य हुँदैन ! अब धेरै आर्थिक शोषण चाहिदैन, अब धेरै सामाजिक असमानता सह्य हुँदैन ! अब धेरै राजनीतिक दमन बन्द गर !!!*

*आज हाम्रा राष्ट्रिय नायकहरूबाट आलोकित भएर, हामी यहाँ चिलीमा हामो विजय-उत्सव मनाउदैछौं, हाम्रो मुक्ति यात्राको थालनी गर्दैछौ । अन्ततः सरकारमा जनता स्वयं नै सत्तासीन भएको छ, अब हामी जनताकै हातमा हाम्रो देशको भाग्य आएको छ !"*

यो अभिव्यक्ति पाब्लो नेरुदा, पाब्लो पिकासो, आर्थर मिल्लर, जेनी फोण्डा लगायत ल्याटिन अमेरिकी बामपन्थी बुद्धिजीवी, साहित्यकार र कलाकारहरूका साथै लाखौं चिलीवासी जनतालाई प्रथम वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेद्वारा राष्ट्रपतित्व ग्रहणको उपलक्ष्यमा गरिएको प्रथम सम्बोधन- भाषण थियो ! नव निर्वाचित राष्ट्रपति एलेण्डे अब समाजवादीकरणको सपनालाई यथार्थमा परिणत गर्न सान्टियागोस्थित राष्ट्रपतीय भवन - ला मोनेडा प्यालेसमा कार्यरत हुन थाले ! अमेरिकी साम्राज्यवादको आक्रामक रुख र चिलीमा चलाइरहेको नव उपनिवेशवादी शासनबाट राम्ररी परिचित एलेण्डेलाई थाहा थियो- जनताको विजय त्यति सजिलैसँग, कम मोलमा प्राप्त भएको होइन ! यस जन विजयको सफलतालाई सुदृढ र परिस्कृत गर्दै लैजानु झनै गाह्रो छ, नयाँ समाज, नयाँ सामाजिक सम्बन्ध, नयाँ मूल्य-मान्यता, नयाँ मातृभूमि निर्माण गर्नु झनै गाह्रो छ !

यस कठीन उद्देश्य र गाह्रो कामलाई संयोजन गर्न, क्रियान्वयन गर्न एलेण्डेको पपुलर यूनिटीको बामपन्थी सरकारसँग न सशस्त्र क्रान्तिको भट्टीबाट इस्पात झैं बनेर निस्केको जन सेना थियो, न नयाँ प्रजातान्त्रिक, समाजवादी समाज स्थापनाको उद्देश्यसँग सहमत प्रहरी, प्रशासन यन्त्र, गुप्तचर र अदालत नै । वामपन्थी सरकारसँग केही थियो भने केवल अमेरिकी साम्राज्यवादद्वारा नियन्त्रित प्रहरी, प्रशासन, गुप्तचर, सेना र अदालतमात्र थियो । त्योसँग केही बलियो र शक्तिशाली कुरा केही थियो भने ती थिए चिलीका जनता, चिलीका श्रमिकहरु-किसानहरु, तिनीहरूका पार्टीहरू-बामपन्थी र समाजवादी पार्टीहरू र ती पार्टीहरूको संयुक्त मोर्चा-पपुलर यूनिटी !

यसै जन शक्ति र जनशक्तिमाथि घोडा चढेर वसिरहेका प्रतिक्रियाबादी शक्तिहरू बीच एलेण्डेको पपुलर यूनिटीको बामपन्थी सरकारले चिलीलाई "समाजवादीकरण" गर्ने नयाँ यात्रा थालनी गऱ्यो । संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले थालिएको यस "समाजवादी क्रान्ति" को नौलो परीक्षण पूर्णतः सफल हुने कुरामा एलेण्डे र एलेण्डेको पपुलर यूनिटी मोर्चाभित्र समाहित कम्युनिष्ट पार्टी एवं समाजवादी पार्टीहरू विश्वस्त थिए ।

वामपन्थी राष्ट्रपति एलेण्डेले निर्वाचन लड्दा र राष्ट्रपति पदमा निर्वाचित भएर शपथग्रहण गर्दा समेत स्वीकारेको विद्यमान संविधानको सार र रूप, दुबै पूँजीवादी थियो र उनी त्यही पूँजीवादी संविधानमार्फत पूँजीपति र सामन्तहरूको सत्ता उखेलेर फ्याँक्न सकिन्छ भन्ने उद्देश्य लिएर अगाडि बढेका थिए । उनी पूँजीवादी ऐन-कानून र विधानलाई नै स्वयं पूँजीवादीहरूको विरुद्ध नै प्रयोग गर्न चाहन्थे । उनी ती सबै पूँजीवादी ऐन-कानून र विधानलाई क्रान्तिकारी उद्देश्यको सेवामा लगाउन प्रयत्नरत हुन थाले ।

उनी विद्यमान पूँजीवादी संविधानलाई ने सर्वोपरी ठान्थे । त्यसको प्रभावकारी प्रयोगमा उनलाई गौरव महशूस हुन्थ्यो र त्यो गौरव नै आफ्नो पपुलर यूनिटी सरकारको शक्ति र हतियार ठान्थे । देश, जनता र संविधानको विरुद्ध उठ्ने प्रत्येक प्रतिक्रियावादी बिद्रोहलाई उनी पूँजीवादी संविधानद्वारा नै परास्त गर्न चाहन्थे ।

यसरी विध्यमान पूँजीवादी संविधान भित्रै वसेर आफ्नो उद्देश्य अनुकूल परिवर्तन गर्न सक्ने सोच र ब्यवहार बोकेर शासनको बागडोर सम्हालेका साल्भाडोर एलेण्डेको पपुलर यूनिटीको सरकारले यथार्थमा पनि संविधानलाई जति दुहुन सकिन्छ, दुहेर जनता र देशको हित र स्वार्थलाई साध्ने काम गऱ्यो । चुनाव प्रचारको दौरानमा र चुनावबाट विजय पछिका दिनहरूमा, देशी तथा विदेशी प्रतिकृयावादी शक्ति-हरूद्वारा जुकाले झैं चुसिएका, उत्पीडित र शासित चिलीका गरीव जनताको नजर-मा आशा-उत्साहका प्रतीक र मुक्तिदाताको रूपमा प्रकट भएका वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको पपुलर यूनिटीको सरकारले दिएका सबै बचनहरू र सबै घोषणाहरू पूरा गर्दै जान थाल्यो ।



यहाँ उल्लेखनीय कुरो के छ भने, चिली उद्योग, बैंक एवं व्यापारको लागि अमेरिकी पूँजी र बहुराष्ट्रिय निगम-हरूमाथि परनिर्भर बनाइएको चिलीको थियो । घरेलु शासक वर्गको रूपमा परिचित त्यहाँका ११ ठूल-ठूला घरानियाँहरू पनि अमेरिकी साम्राज्यवाद कै छत्रछायाँमा हुर्के-वढेका थिए । तिनै एघार घरानियाँहरूको हातमा समस्त उद्योग, व्यापारदेखिलिएर राजनीतिक पार्टीहरू, प्रशासन र सेनाको समेत लगाम थियो । तिनीहरूलाई सहयोग गर्ने चार प्रतिशत जमीन्दार परिवारको हातमा ठूलाठूला फार्महरूको रूपमा देशको कृषियोग्य भूमिको ५६% भूभाग निजी सम्पत्तिको रूपमा थियो । उनीहरूकै सेवामा कानून, संविधान, सरकार, पार्टी, सेना, अड्डा अदालत सबै सबै कार्यरत थिए ।

यस्तो बिषम स्थितिमा पनि एलेण्डेको पपुलर यूनिटी सरकारले आफ्नो जनशक्तिको आधारमा क्रान्तिकारी र सुधारबादी कार्यक्रमहरू सफलतापूर्वक अगाडि बढाउने कार्य गरे । क्रिशमशको उपलक्ष्यमा वाम सरकारको प्रथम उपहारस्वरूप १९७० को अन्ततिर सगर्व घोषणा गरियो- देशका सबै प्राइभेट बैंकहरू अर्थात् बाइवटै बैंकहरू राष्ट्रियकरण गरिएको छ । बैंकहरू राष्ट्रियकरण गर्ने क्रममा बैंकको ३/५ धरौटी र ८०% बैंक-ऋणलाई सरकारले आफ्नो हातमा लिइयो र स-साना उद्यमी र व्यापारीहरूलाई २५% व्याजदरमा पूँजीको बितरण गर्न थालियो । सरकारको यस प्रथम कार्यबाट नै विदेशी एकाधिकारी पूँजीपति वर्ग आफ्नो अति नाफा र एउटा आर्थिक शोषणको हतियारबाट बञ्चित भयो !

यस सफलताको लगत्तै पछि सरकारले १२ जुलाई, १९७१ का दिन चिलीको ७०% भन्दा बढी आम्दानीको प्रमुख स्रोतको रहेको तामा खानीलाई पनि बहुराष्ट्रिय कम्पनीहरूको हातबाट खोसेर राष्ट्रियकरण गऱ्यो । यसको महत्वबोध गरेर नै त्यसदिनलाई "दोस्रो स्वतन्त्रता प्राप्तिको दिन" को रूपमा एलेण्डेले परिभाषित गरेका थिए । आनाकोण्डा, केन्नेकोट्ट र केरो ग्रुपको नामले चर्चित अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूका ५ वटा बिशाल तामाका खानीहरूको राष्ट्रियकरणबाट अमेरिकी साम्राज्यवाद निकै रिसायो । प्रतिक्रियास्वरूप अमेरिकी विदेशमन्त्री विलियम रोजर्सले त अमेरिकी व्यक्तिगत पूँजीको लगानीलाई नै रोकी दिने र सबै सहयोग ठप्प पार्ने घोषणा गरे !

यसपछि तुरून्तै सरकारले अन्य आधारभूत स्रोत-साधन र त्यससँग सम्बन्धित उद्योग-कल कारखानाहरू राष्ट्रियकरण गऱ्यो । फलाम खानीलाई पूर्णतः सार्बजनिक स्वामित्वअन्तर्गत राखियो । स्टीलको विशाल उत्पादनकर्ता बेथलहेम कर्पोरेशनसँग वार्ताको माध्यमद्वारा दवाव दिएर त्यसलाई राष्ट्रिकरणतिर डोऱ्याइयो । कोइला

खानीलाई पनि राष्ट्रिय सम्पत्तिको रूपमा घोषणा गरियो । २८ मई, १९७१ मा त नाइट्रस अम्लको नूनलाई पनि राष्ट्रियकरण गरियो र माछा सम्बन्धी उद्योगलाई पनि सरकारले आफ्नो हातमा लियो ।

## कल-कारखानाहरू पनि जफत

आफ्ना प्राकृतिक स्रोत-साधन र त्यसमाथि रजाई गरिरहेका बहुराष्ट्रिय कम्पनीहरू र बैंकहरू राष्ट्रियकरण गरेपछि सरकारले कल कारखानाहरू पनि सार्वजनिक स्वामित्वमा, राष्ट्रको स्वामित्वमा पार्ने काममा पनि हात हाल्न थाल्यो ।

यसै क्रममा जफत गरिएका कल कारखानाहरू मध्ये त्यहाँको सबैभन्दा ठूलो घरेलू सामान निर्माणकर्ता कारखानादेखि लिएर टेक्सटाइल कारखाना, फोर्ड मोटर कम्पनीको ६६ करोड डलरको अटोमेटिक प्लान्ट, विद्युतीय ऊर्जा, पेट्रोलियम, रेलमार्ग, चिनी प्रशोधन कारखानाका साथै स्टील र सिमेन्ट कारखानाहरूलाई पनि राज्यको स्वामित्व अन्तर्गत राखियो ।

टेक्सटाइल उद्योगहरूदेखि लिएर सैयौं अन्य उद्योगहरूलाई राष्ट्रियकरण गरियो । त्यसैबेला पूँजीपतिहरूको अधीनमा रहेका बैंकहरू आफ्नो अधीनमा लिइयो र ७० भन्दा बढी इन्टरप्राइजेजहरूको जिम्मा त्यहाँकै मजदरहरूको हातमा सुम्पियो । बाँकी बचेका देशका ठूला ठूला प्रकाशन संस्थाहरूमा, मजदूर संघर्षलाई समर्थन गर्दै ज्यालामा काफी बृद्धि गर्न लगाइयो ।

यसैबीच सरकारले Grupo Movil नामक चिलीको प्रहरी शक्तिको अर्द्धसैनिक दस्तालाई आफ्नो चुनावी बाचाअनुरूप १९७२ मा प्रतिबन्ध लगाई दियो । सोही वर्ष सबै रेडियो स्टेशनहरूमाथि सरकारी नियन्त्रण कायम गरियो भने Campaina Manufacturers de papelas Cartoues जस्तो अन्तिम मुख्य कागज उत्पादन कम्पनीलाई पनि राष्ट्रियकरण गरियो । यी भन्दा पनि महत्वपूर्ण अर्को एउटा काम पनि सरकारले गऱ्यो, त्यो हो- चिलीको टेलिफोन र अन्य यान्त्रिक संचार माध्यममाथि अर्द्ध शताब्दीदेखि प्रभुत्व जमाइरहेको अमेरिकी बहुराष्ट्रिय कम्पनी- International Telephone and Telegraph Corporation (ITT) लाई १९७२ को अप्रिलमा ४ लाख ८० हजार जनताको ऱ्यालीलाई सम्बोधन गर्दै राष्ट्रियकरणको घोषणा गर्नु ! एलेण्डेका अनुसार, १८ करोड डलर लगानी गरेर १९३० देखि त्यसबेलासम्ममा ३ अरब, ६० करोड डलर नाफा कुम्ल्याएको उक्त ITT कर्पोरेशनको राष्ट्रियकरणबाट अमेरिकी साम्राज्यवाद त पागल नै भएको थियो । त्यसैले अमेरिकी सरकारले त्यस संस्थासँग मिलेर चिलीमाथि अप्रत्यक्ष रूपमा आक्रमण गरेको थियो !

सरकारका यी कारवाहीहरूलाई हेर्दा देखिन्छ- त्यसले उत्पादनका सम्पूर्ण साधनहरूलाई सामूहिकीकरण गर्न खोजिरहेको थिएन । बरू, राष्ट्रिय आर्थिक विकासको लागि केही आधारभूत क्षेत्रलाई राष्ट्रियकरण र सार्वजनिकीकरण मात्र गर्न खोजिरहेको थियो । त्यस कारवाहीको क्रममा धेरै स्रोत-साधन र उद्योगहरू राष्ट्रको, समाजको अथवा जनताको स्वामित्वमा, केही मिश्रित खालको अर्थात् राज्य र प्राइभेट पूँजीको स्वामित्व हुने र केही पूर्णतः प्राइभेट पूँजीकै नियन्त्रणमा हुने व्यवस्था गरिएको थियो ।

## भूमि सुधारको कार्यक्रममा तीव्रता

वामपन्थी राष्ट्रपति एलेण्डेको पपुलर यूनिटीको सरकारका सह्राहना गरिएका कामहरू मध्ये प्रमुख काम थियो- कृषि क्षेत्रमा लागू गरिएको भूमिसुधारको कार्यक्रम !

चिलीका बहुआयामिक युवा कृषि मन्त्री ज्याक्वीज कोन्कोलको अगुवाइमा १९७१ को प्रथम महिनातिरदेखि लागू गरिएको यस कार्यक्रम लागू गरिने क्रममा दुई वर्षको अवधिभित्र ५ लाख २८ हजार



हेक्टर जमीन जमीन्दारहरूबाट खोसिएको थियो र त्यसबाट ४० हजार किसानहरू लाभान्वित भएका थिए । देशको ३५% कृषि भूमिमा प्रथम चरणको रूपमा सफलतापूर्वक लागू गरिएको यस कार्यक्रम कति सफल थियो भने एलेण्डेको पपुलर यूनिटीको सरकारभन्दा अघिको सरकारले ६ वर्ष लगाएर गरेको काम त्यसले २ वर्ष मै पूरा गऱ्यो र प्रथम चार महिनाभित्रै १६ लाख ६१ हजार एकड भूमि कब्जा गरिरहेका ९० वटा जमीन्दारीहरूलाई जफत गरी जमीन्दारबाट जमीन र फार्महरू खोस्ने कार्यमा तीव्रता ल्याएको महशूस गरायो, जबकि यसअघिको सरकारले ६ वर्ष लगाएर मात्र ८७ लाख एकड जमीन केही मुआब्जा दिएर जफत गर्न सकेको थियो ।

**वामपन्थी सरकारले प्रत्येक बाल बालिकाले प्रत्येक दिन दूध खान पाउँने व्यवस्था गरियो ।**

सरकारले यसरी सामन्तहरूबाट जमीन जफत गरेको उदाहरणबाट प्रोत्साहित भएर जनताले पनि त्यस अभियानमा सहयोग दिन थाले । मापुचे जातिका गरीब, स्वाभिमानी र लडाकु खालका रेड इण्डियन आदिवासी जनताले पनि काउटीन प्रान्तमा जग्गा जमीन र सम्पत्ति जफत गर्ने काम यत्ति तीव्ररूपले गरे कि स्पेनीश उपनिवेश कालदेखि खाई-लाई आएका जमीन्दारहरूले प्रतिरोध सम्म पनि गर्न सकेनन् !

यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष हो- सरकारले किसानहरूलाई ऋण सहयोग, प्राविधिक सर-सहयोग, बजार व्यवस्थादेखिलिएर वितरण व्यवस्था गर्नु एवं नव गठित सहकारी कार्यहरूलाई ट्याक्टर, मलखाद र बीऊ पनि उपलब्ध गराउनु !

पपुलर यूनिटी सरकारको यस राष्ट्रियकरण र जमीन खोस्ने, पुनः वितरण गर्ने कार्य यति तीव्र थियो कि यूरोपेली "प्रजातान्त्रिक समाजवादी" राष्ट्रहरूले पंचवर्षीय योजनामा पनि यति काम गर्न सकेका थिएनन् । यूरोपकै लागि असंभव कामहरू गरेर नौलो चमत्कार देखाउने पपुलर यूनिटीको सरकारको राष्ट्रियकरण र भूमिसुधारको कार्यक्रमको सफलतालाई प्रोफेसर पेत्रासको सांख्यीकीय भाषामा भन्ने हो भने १९७०-७१ मा कृषि उत्पादन ३.७% को दरले वृद्धि भयो ।

## केही फल पनि प्राप्त भयो !

देशको राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउने यी कारबाहीबाट अमेरिकी पूँजी र बहुराष्ट्रिय निगमहरूका लगानी एवं देशका पूँजीपति तथा जमीन्दारहरूको एकाधिकारलाई छिनाल्ने काम सफलतापूर्वक सम्पन्न भयो । देशको खानी, उत्पादन, यान्त्रिक उत्पादनको क्षेत्र मध्ये करीव आधीभन्दा बढी राष्ट्रिय निकासी भ्याउने ४०० भन्दा बढ़ी इन्टरप्राइजेजहरूलाई एकाधिकारी पूँजीबाट खोसी सार्वजनिकीकरण गरिनाले उत्पादन र श्रमिकहरूको ज्यालामा धेरै बढोत्तरी भयो ।

यस तीन वर्षको शासनकालमा पपुलर यूनिटी सरकारले ७०% राष्ट्रिय अर्थतन्त्र, ८०% वैंकिग आम्दानी, ८५% रेलवे, हवाई एवं समुद्री यातायात तथा एक तिहाई थोक व्यापार, ९०% तामाको उत्पादन र सम्पूर्ण बैदेशिक व्यापार राज्यको हातमा पारिसकेको थियो ।

यस सफलतालाई सुदृढ गर्न सरकारले उत्पादन बृद्धि दर १३% पुऱ्यायो, आर्थिक वृद्धि दरलाई वार्षिक ५ देखि ७% कायम गऱ्यो, देशको अर्थतन्त्रको मेरूदण्ड तामाको उत्पादनमा निकै वृद्धि गऱ्यो ।

भूमिसुधार कार्यक्रमको सफलतास्वरूप, ठूला-ठूला जमीन्दारहरूबाट खोसिएको २ लाख ४० हेक्टर कृषियोग्य जमीन गरीब किसानहरूलाई वितरण गरिएको थियो, जसले कृषि उत्पादन र कृषकहरूको जीवनस्तर उकास्न मद्दत मिलेको थियो । यस उपलब्धिलाई पूँजीवादी संचार माध्यम-अमेरिकी प्रेसले समेत उच्च मूल्यांकन गर्दै भनेको थियो- "एलेण्डेको भूमि सुधार र कृषियोग्य जमीनको वितरण एवं जमीन्दारहरूका फार्महरूको राष्ट्रियकरण निकै लोकप्रिय भएको छ ।"

कल कारखाना, उद्योग-धन्दा, प्राकृतिक स्रोत-साधन एवं व्यापारमाथि केही राज्यको नियन्त्रण गरिएको, केही सार्वजनिक स्वामित्वमा राखिएको र केही मजदूरहरूको जिम्मामा दिइएको घटनापछि विस्तारै श्रमिकहरूको जीवनस्तरमा सुधार आएको दृष्य स्पष्टै देखिन थाल्यो । श्रमिकहरूको साँच्चिकैको आम्दानी-मा वृद्धि सरकार र मजदूरहरू मिलेर संयुक्त रूपमा ज्याला वृद्धि गरेपछि देखिएको थियो । कल कारखाना एवं अफीसमा काम गर्ने श्रमिकहरूको ज्यालामा वृद्धि गर्ने क्रममा राजकीय स्वामित्वमा रहेकाहरूमा ६६% र अन्य प्राइभेट इन्टरप्राइजेज, उद्योग धन्दामा ३५ देखि ४०% सम्मको ज्याला वृद्धि गरिएको थियो । यसले उनीहरूको क्रयशक्ति, आफूलाई आवश्यक हुने सर-सामान किन्नसक्ने शक्ति २० देखि ४५% सम्म बढेको देखियो ।

बयोवृद्ध र अशक्त जनताको लागि दिइने पेन्सनमा सालाखाला ३५ देखि ६६% सम्म वृद्धि गरियो भने यो गएगुज्रेको परिवारलाई हेरेर ५० देखि १००% सम्म वढाइएको थियो । यसरी जनताको जीवनमा आउन थालेको परिवर्तनले मृत्युलाई समेत गहिरो असर पाऱ्यो, वाल मृत्युदरमा काफी कमी आयो र मानिसको आयु लम्बियो !

१९७० सम्म ८.३ प्रतिशत बेरोजगारी रहेको चिलीमा पपुलर यूनिटी सरकारको काम र कामको ग्यारेन्टीको स्थिति सृजना गर्ने प्रयत्नको फलस्वरूप १९७२ को डिसेम्बरसम्म पुग्दा बेरोजगारी ३.८% मा घट्यो, किनकि यस अबधिमा २ लाखभन्दा बढी नयाँ रोजगारी सृजना गर्न सरकार सक्षम भएको थियो

शैक्षिक सुविधाहरूमा विस्तार गरी विद्यार्थीहरूलाई पढ्ने अवसर प्रदान गरियो,

[बाँकी ४५ पृष्ठमा]



# सोमालियामा अनिकाल किन पर्‍यो ?

– दीपक बैद्य

### एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका ८० वटाभन्दा बढी विकासोन्मुख देशहरू सोमालिया बन्दैछन् !

**ला**मो समय आघदेखि अनिकाल र गृहयुद्धको चपेटामा परेका कारणले चर्चित रहँदै आएको अफ्रिकी देश सोमालियालाई आजकाल पनि अनिकालको अजिंगरले खप्लक्कै निलिरहेछ । अमेरिका र सारा पश्चिमी मुलुकहरू सोमालियालाई त्यो अजिंगरको मुखबाट निकाल्न भनेर त्यहाँ खाद्यान्नका केही "दयालु" प्याकेटहरू पठाई रहेछन् । त्यहाँ "शान्ति" ल्याउन भनेर उनीहरू त्यहाँ "शान्ति सेना" पठाई रहेछन् ।

तर यो थाहा पाउँदा हामीलाई आश्चर्य लाग्ला कि सोमालियालाई जानाजान अनिकालको मुखमा हाल्ने कारणी भने यिनै अमेरिका र यूरोपेली समुदायका खाद्यान्नका र मासुका एकाधिकार पूँजीपतिहरू थिए । सोमालियाको अनिकाल खासैमा खाद्यान्न उत्पादन गर्ने जमीन नै नभएर वा प्राकृतिक कारणले उत्पादन घटेर भएको थिएन । प्राकृतिक होइन, यो मूलतः मानव निर्मित अनिकाल थियो ।

## अनिकालको अन्तर्कथा

सोमालिया खडेरीग्रस्त देश थिएन । १९७० को दशकसम्म पनि यो मुलुक खाद्यान्नमा पूरै आत्मनिर्भर थियो । यो एउटा पशुपालन अर्थतन्त्र भएको मुलुक थियो । करीव ६७ लाख जनसंख्या भएको यो मुलुकमा ५० प्रतिशत जनसंख्या घुमन्ते पशुपालकहरू थिए । यहाँको कुल अर्थतन्त्र यिनै घुमन्ते पशुपालकहरू र साना किसानहरूको वीचको लेनदेनमा टिकेको थियो । १९८३ सम्म पनि यो देशको कूल निर्यात मध्ये ८० प्रतिशत पशुहरूको निर्यातबाट प्राप्त हुन्थ्यो । १९७० को दशकमा त्यहाँ पुनर्वास कार्यक्रम शुरू भयो । यो कार्यक्रमले त्यहाँ घुमन्ते वस्तुपालनको ठाउँमा व्यापारिक वस्तुपालन शुरू गऱ्यो । तथापि खाद्यान्नको कुनै संकट त्यहाँ थिएन ।

संकटको शुरूआत १९८० को दशकमा मात्र भयो । र यो विश्व बैंक (WB) र अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को ऋणको आकर्षक ठूलो थैली र त्यसको साँवा व्याज भुक्तानीको निम्ति सोमालियाले तिनीहरूको दवावमा अप्नाउन बाध्य भएको "ढाँचागत समायोजन कार्यक्रम" (Structural Adjustment Programme) को कारणले शुरू भयो । यो कार्यक्रम अन्तर्गत सोमालियाले आफ्नो देश खाद्यान्नमा आतमनिर्भर हुँदाहुँदै अमेरिका र यूरोपबाट सस्तो खाद्यान्न आयात गर्न बाध्य हुनुपऱ्यो । शुरूमा यी खाद्यान्नहरू "खाद्यान्न सहायता" कार्यक्रम अन्तर्गत आए । पछि खाद्यान्न आयात बढ्न थाल्यो । यसरी खाद्य सहायता कार्यक्रमबाट शुरू भएको खाद्यान्न आयातको ओइरोले अन्ततः सोमालियाको पूरै बस्तुपालनमुखी कृषि अर्थतन्त्रलाई स्वाहा पाऱ्यो ।

१९७० को दशकदेखि १९८० को दशकको आधा आधीसम्ममा खाद्य सहायता १५ गुना बढ्यो । यो अवधिमा वर्षेनी ३१ प्रतिशतका दरले खाद्यान्नको आयात बढिरह्यो । सोमालियाको बजारमा अमेरिकाको सस्तो गहुँ र चामल भित्रिन थालेपछि सोमालियाको आफ्नै मुख्य कृषि उत्पादन मकै र Sorghum बिक्न छाड्यो । मान्सिहरू त्यही कुरा किन्न थाले, जुन कुरा सस्तो र मीठो छ । यसले सोमालियालीहरूको खाद्यान्नको उपभोग र रूचिमै ठूलो परिवर्तन ल्यायो । नतिजा के भयो भने- आफ्नो खाद्यान्न बजारमा खपत नै नहुनाले सोमालियाका कृषि उत्पादकहरू भसक्कै विग्रिए । उनीहरूको घरेलु कृषि उत्पादन गर्ल्यम गुर्लुम ढल्यो । किसानहरूको आम गरीवी शुरू भयो । यही वेला पारेर सोमालियाको सबैभन्दा उब्जाउ बहुसंख्यक जमीन त्यहाँका ती नोकरशाहरू, सेनाका अधिकृतहरू र व्यापारीहरूले हात पारे, जो सरकारका प्रियपात्र थिए । ती जमीनमा देशका लागि चाहिंने अन्न नउब्जाएर निर्यातका लागि उच्च मूल्य जोडिने फलफूल, सागपात, तेलहन र कपासको खेती गर्न विश्व बैंकले प्रोत्साहित गऱ्यो । किनभने पश्चिमेली मुलुकहरूको लागि यी वस्तुहरू निकै सस्तोमा चाहिएको थियो ।

यता जून १९८१ मा अन्तर्राष्ट्रिय मुद्रा कोष IMF को दवावमा सोमाली मुद्रा शिलीडको अवमूल्यन गरियो । यसपछि लगातार पटक पटक मुद्रा अवमूल्यन हुँदै रह्यो । यो मुद्रा अबमूल्यनले गर्दा सोमालियाको बजारमा इन्धन, रासायनिक मल र कृषि सामग्रीहरूको मोल झन झन् महँगो हुन थाल्यो । खाद्यान्न आयातले उत्तिकै ढल्न लागिरहेका सोमालियाली किसानहरूलाई यो महंगीले झन् छिटो ढाल्न मद्दत गऱ्यो । ढाँचागत समायोजन कार्यक्रम अन्तर्गत यही बेला सरकारले जरूरी कृषि सामग्रीमा दिई आएको क्षतिपूर्ति (Subsidy) पनि दिन बन्द गर्न थाल्यो । फलतः ती पनि निकै महँगा भए । उता चर्को महंगी वृद्धिले शहरी क्षेत्रका उपभोक्ताहरूको पनि सामान किन्ने क्रय शक्ति घट्न थाल्यो । एकै समयमा यी सबै संकटका बाढीहरू सबैतिरबाट ओइरिनाले सोमालियाको कृषि अर्थतन्त्रको हराभरा जमीन ढुंगे बगरमा परिणत हुन थाल्यो । त्यहाँको कृषि अर्थतन्त्रको मेरूदण्ड नै भाँचियो ।

मुद्रा अवमूल्यनले गर्दा १९८० को दशकको शुरूमा सबै आयातीत पशु-उपचारका औषधिहरूको मोल एक्कासी ह्वात्तै बढ्यो । बिश्व बैंकले यही बेला घुमन्ते पशुपालकहरूका बस्तुभाउहरूलाई सितैंमा दिई आएको पशु उपचार सेवामा शुल्क लगाउन दबाब दियो । अरू त अरू, अब पशु खोपको पनि पैसा लिन थालियो । पश्चिमी मुलुकहरूको ओखती बिकाउन पशु-ओखतीहरूको निजी बजार बिस्तार गरियो, पशु प्रयोगशालाका सम्पूर्ण सेवाहरूलाई पहिले झैं सेवामूलक बनाउनुको सट्टा नाफा नोक्सानका आधारमा चल्ने व्यापारमा परिणत गरियो, र सम्पूर्ण पशु उपचार सेवालाई निजीकरण गरियो ।

पशु उपचार सेवाको व्यापारीकरण संगसंगै पशुपालनलाई नभई नहुने पानीको पनि व्यापारीकरण गरियो । पानीका स्रोतहरू र पशु-चरनको संरक्षणमा जानाजान उपेक्षा गरियो र खडेरीको बेला आवश्यक पर्ने पशु दानाहरूको बजारमा अभाव सिर्जना गरियो ।

बिश्व बैंकको दवाबमा भएका यी सारा कदमहरूले सोमालियाको पशुपालन अर्थतन्त्रलाई एक दशकभित्रै तहस नहस पाऱ्यो । पशुपालकहरू भसक्कै बिग्रिए, वस्तुभाउको संख्यामा ठूलो कटौती भयो । करीव दश भागमा नौ भाग पशुहरू घटे ।

बिश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले सोमालियाको पशु पालन अर्थतन्त्र खतम पार्नुको पछाडि अस्ट्रेलिया र यूरोपेली समुदायका मासुका एकाधिकारहरूको स्वार्थले काम गरेको थियो । ती

# नेपाललाई पनि सोमालिया बन्न दिने कि नदिने ?

एकाधिकारीहरू साउदी अरेबिया र खाडी राष्ट्रको नाफादायक मासु बजार कब्जा गर्न चाहन्थे । तर बाधा बनेको थियो- सोमालियाको बस्तु-पालन ! ती देशहरूमा मासुको निमित सोमालियाबाट पशु निर्यात गरिन्थ्यो । त्यसैले त्यहाँको बजार कब्जा गर्न सोमालियाको बस्तुपालनलाई स्वाहा पार्न जरूरी भएको थियो । बिश्व बैंकले उनीहरूको यही स्वार्थलाई पूरा गर्न पशु उपचार र पानी वितरण सेवालाई व्यापारीकरण र निजीकरण गर्ने नीति अघि सारेको थियो, किनकि यसो गर्नासाथ सोमालियामा पशु व्यवसाय स्वतः ढल्थ्यो ।

यसरी बिश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका कार्यक्रमहरूले सोमालियाको कृषि अर्थतन्त्रलाई एउटा गजबको दुष्चक्रमा फँसायो । पशुपालनमा आएको ठूलो कमीले घुमन्ते पशुपालकहरूलाई गरीवी र भुखमरीको खाडलमा धकेल्यो । पशुपालकहरू धराशायी भएपछि उनीहरूले किसानहरूसित आफ्नो पशु दिएर अन्न साटासाट गर्ने वा किन्ने कार्य गर्न सकेनन् । उता किसानहरू धराशायी भए पछि वस्तुपालकहरूले आफ्नो वस्तुभाउको लागि पहिले झैं साटासाटको शर्तमा खाद्यान्न दाना पाउन सकेनन् । दुवै थरीको बिनाशले दुवै थरीलाई नराम्ररी प्रभाबित पार्‍यो । बस्तुपालक अर्थतन्त्रको पूरै सामाजिक ढाँचा यसरी धराशायी भयो ।

यस प्रकार खाद्यान्न र पशुपालनको आधारमा आफ्नै खुट्टामा उभिरहेको एउटा देश सोमालियामा पश्चिमाली पूंजीपतिहरूको स्वार्थका लागि अनिकाल भित्र्याइयो ।

## चौतर्फी प्रभाव

सोमालियाको विदेशी मुद्राको मुख्य स्रोत नै पशुहरूको निर्यात थियो । पशुपालन व्यवसाय स्वाहा पारिए पछि विदेशी मुद्राको मुख्य मुहान नै थुनियो । यसबाट सोमालियाको भुक्तानी सन्तुलन चौपट भयो । निर्यात महशूल ... आउन बन्द हुनाले राज्यसित आर्थिक सामाजिक कार्यक्रममा लगानी गर्ने पैसाकै ... अभाव भयो ।

बजारमा अमे... ...न्नको ओइरो र कृषि सामग्रीहरूको ... भारी बृद्धिले गर्दा साना किसानहरू स... विस्थापित भए ।

चर्को महँगीले शहरी जनसंख्याको गरीवीलाई सर्लक्कै बढायो र त्यो गरिवीले गर्दा खाद्यान्नको उपभोगमै ठूलो कमी आयो । आम जनताको गरिवीले राज्यको राजस्व पनि निकै घटायो ... सिंचाइमा र सिंचाइ उपलब्ध ... ठाउँमा राज्यको लगानी बन्द भयो । राज्यले सन्चालन गरेका कृषि कार्यक्रमहरूमा राज्यको लगानी शून्य भयो । फलतः त्यहाँको कृषि उत्पादन पनि निकै गिर्‍यो । विश्व बैंकको प्रस्तावमा तिनीहरू या त बन्द गरिए या निजी क्षेत्रलाई बेचिए । १९७० को दशकको तुलनामा कृषिमा राज्यको लगानी ८५ प्रतिशतले घट्यो ।

यति हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय मुद्रा कोषले सोमालियाको सरकारलाई आन्तरिक स्रोत साधन परिचालन गरेर बिग्रँदो आर्थिक स्थिति सुधार्नमा रोक लगायो । उसको दवाबमा बजेट घाटा घटाउन कसिकसाउ लक्ष्यहरू निर्धारित गरिए ।

संकटको यो बेला दाता राष्ट्रहरूले "सहायता" बढाएको बहाना त गरे, तर सहायता पूंजी र जरूरी संसाधनको आपूर्तिको रूपमा आएन । यो ... पनि खाद्य सहायताकै रूपमा आयो । सहायताको रूपमा आएको खाद्यान्न सरकारले स्थानीय बजारमा बेच्ने र त्यसबाट आएको पैसाले विकास आयोजनाहरूको खर्च चलाउने हालतमा सोमालिया पुग्यो । १९८० को दशकको पहिलो पाँच वर्षमा पुग्दा खाद्य सहायताको विक्री नै सोमालियाली राज्यको मुख्य राजस्व बन्न पुग्यो । यसो भए पछि सोमालियाको बजेटमा पूरापूर पश्चिमेली पूँजीपतिहरूको नियन्त्रण कायम भयो ।

बिश्व बैंक र मुद्रा कोषले लादेका कथित आर्थिक सुधारका कार्यक्रमहरूले सोमालियाको स्वास्थ्य र शिक्षा सेवा सम्बन्धी कार्यक्रममा ठूलो डाँवाडोल पैदा गर्‍यो । १९७५ को तुलनामा १९८९ मा राज्यको स्वास्थ्य सेवा सम्बन्धी लगानी ७८ प्रतिशतले घट्यो । हरेक प्राथमिक विद्यालयका विद्यार्थीका निम्ति १९८२ मा राज्यले प्रतिवर्ष ८२ अमेरिकी डलर लगानी गर्न सक्थ्यो । १९८९ मा पुग्दा राज्यले बालि ४ अमेरिकी डलर मात्र लगानी गर्न सक्ने स्थिति पैदा भयो । यस कारणले गर्दा १९८१ देखि १९८९ को बीचमा स्कूलमा विद्यार्थीहरूको भर्ना ४१ प्रतिशतले घट्यो । कक्षा कोठाहरूमा पाठ्यपुस्तक र शैक्षिक सामग्री भन्ने कुरा नै गायब भयो । पुराना स्कुल भवनहरू भत्किए, तर तिनको मर्मत पुनर्निमाण गर्ने पैसा राज्यसित भएन । करीब एक चौथाई प्राथमिक विद्यालयहरू त बन्द नै गरिए । शिक्षकहरूको तबल खानै नपुग्ने गरी घट्यो ।

गरीब हुँदै गएको राज्यसित आफ्नै कर्मचारीहरूलाई तलव दिने पैसा समेत भएन । १९८९ सम्म पुग्दा १९८० को पूर्वाद्धको तुलनामा राज्यका कर्मचारीहरूको तलबमा ९० प्रतिशत कमी आयो । औसत कर्मचारीको तलब केवल महीनाको ३ डलरमा झर्न पुग्यो,जसले उनीहरूको एक छाक पनि राम्ररी धान्दैनथ्यो । राज्यले तलबै ख्वाउन नसक्नाले सोमालियाको निजामती प्रशासन यन्त्र नै तहस नहस भयो ।

अब बिश्व बैंकको प्रस्ताव के रहयो भने राज्यले आफ्नो ४० प्रतिशत कर्मचारीहरूलाई निष्काशन गरेर कर्मचारीको सुविधा घटाएर निजामती प्रशासन पुनर्गठन गर्नु पर्छ । यो योजना अन्तर्गत सोमालियाको कर्मचारी यन्त्र १९९५ सम्ममा फगत २५ हजारको संख्यामा झार्ने लक्ष्य राखियो ।

यसरी सम्पन्न सोमालिया एक दशकमै चौतर्फी सामाजिक संकटको भड्खालोमा जाकियो । तर यी अन्तर्राष्ट्रिय दाता राष्ट्रले सोमालियाको ध्वस्त हुँदै गएको आर्थिक र सामाजिक संरचना पुनर्निमाण गर्नको लागि र जनताको क्रय क्षमता ...उनका लागि कुनै प्रयत्न गरेनन् । न त उनीहरूले राज्ययन्त्र फेरी मजबूत पार्न नै कुनै मद्दत गरे ।

बरू उल्टो यी दाता राष्ट्रहरूले "व्यापक आर्थिक समायोजन कार्यक्रम" लागु गर्न दवाब दिए । यो कार्यक्रम अन्तर्गत राज्यले सामाजिक-आर्थिक क्षेत्रमा गर्दै आएको नाम मात्रको लगानी समेत अरू झन झन घटाउनु पर्दथ्यो । केन्द्रीय बैंककै पुनर्गठन गर्नु पर्दथ्यो । राज्यले चलाई आएका अत्याधिक उद्योग व्यवसायहरू या त बन्द गर्नु पर्दथ्यो, या निजी क्षेत्रलाई सुम्पनु पर्दथ्यो । ऋण दिने कार्यक्रमलाई राज्यले अरू उदार पार्नु पर्दथ्यो । यो कार्यक्रम पछाडि यी "दाताहरू" को स्वार्थ थियो- सोमालियाको अर्थतन्त्रमा राज्यको बाँकी बचेको पकड समेत खत्तम पार्नु । यसो गर्दा पूरै सोमालियाली बजारमा र स्रोत साधनमा पश्चिमेली पकड बलियो हुन जान्थ्यो ।

सोमालियामा अमूल्य यूरेनियम र तेलको भण्डार छ भन्ने कुरा यी पश्चिमेली पूँजीवादी राष्ट्रहरूलाई राम्ररी थाहा थियो । उनीहरू यसमाथि पनि कब्जा जमाउन चाहन्थे । यो कब्जा जमाउने स्वार्थका लागि पनि वलियो र आत्म निर्भर सोमालिया बाधा हुन्थ्यो । त्यसैले उनीहरू यस हिसावले पनि राज्य-यन्त्रलाई तहस नहस पार्न सोमालियाको बलियोपन र आत्मनिर्भरतालाई खतम पार्न प्रयत्नशील थिए । यसका लागि उनीहरूले प्रयोग गरेको अचूक हतियार थियो- ऋण । ऋणको पाशोमा एकचोटि सोमालियालाई पार्न सकियो भने यसको सारा लगाम आफ्नै हातमा हुन सक्छ भन्ने उनीहरूको रणनीति ...

... समायोजन कार्यक्रम सोमालियालाई त्यही ऋणको जालोमा फसाउँने प्रक्रिया थियो ।१९८९ मा पुग्दा सोमालियाले विदेशी ऋण वापत तिर्नु पर्ने साँवा व्याज अर्थात ऋण सेवाको रकम यसको जम्मा जम्मी निर्यातको १९४.६ प्रतिशत पुगिसकेको थियो । अब १९८९ मा पुग्दा ऋण सेवा नै चुकाउन नसकेको आरोपमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सोमालियालाई दिने भनिएको ऋण नै रद्द गर्‍यो ।

जून १९८९ मा बिश्व बैंकले ढाँचागत समायोजन ऋण भनेर ७ करोड डलरको ऋण स्वीकृत गरेको थियो । केही महीना पछि नै व्यापक आर्थिक सुधारको कार्यक्रम चित्तबुझ्दो भएन भनेर त्यो ऋण पनि रद्द गरियो । अब नयाँ ऋणको लागि पुरानो ऋण नै चुक्ता गरी सक्नु पर्ने उनीहरूको शर्त भएको छ । तर सोमालियाको अन्तरविरोध के भएको छ भने- उसले



ऋण तिर्नका लागि पनि ऋण लिनु पर्ने भएको छ । यसरी अब सोमालिया ऋणको पाशोको फन्दामा जकडिसकेको छ ।

### नियत र पाठ

ढाँचागत समायोजन कार्यक्रम र आर्थिक सुधारका कार्यक्रमले कसरी एउटा साधन सम्पन्न र आत्मनिर्भर मुलुकलाई स्वाहा पार्दो रहेछ र यसको पछाडिको नियत के रहेछ, त्यो सोमालियाले प्रष्टै देखाएको छ । सोमालियामा जुन आर्थिक सुधार र ढाँचागत समायोजन कार्यक्रम विश्वबैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रस्तावित गरेको थियो, त्यो एशिया-अफ्रिका र ल्याटिन अमेरिकाका ८० वटा भन्दा बढी विकासोन्मुख मुलुकहरूमा पनि उसले लागु गर्न प्रयत्न गर्दैछ । यसले थुप्रै सोमालियाहरू जन्माउने निश्चित छ ।

थुप्रै अफ्रिकी मुलुकहरूमा त अहिले पनि सोमालियाको जस्तै घुमन्ते पशुपालक अर्थतन्त्र छ । ती अर्थतन्त्रहरूलाई अहिले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले सोमालियामा जस्तै तरीका अपनाएर एक एक गर्दै खतम पार्न खोज्दैछ ।

यसरी खत्तम पार्नुको पछाडि साम्राज्यवादीहरूको एउटै स्वार्थ देखिन्छ- अमेरिकी खाद्यान्न र यूरोपेली मासुको लागि बजार निश्चित गर्नु ! अफ्रिकी मुलुकहरूमा अनिकाल सिर्जना हुनु र कृषि अर्थतन्त्र तहस नहस हुनु युरोप, अमेरिका र अस्ट्रेलियाका अन्न र मासुका एकाधिकारीहरूको स्वार्थ अनुकूल छ । उनीहरू, त्यसैले त्यहाँको राज्य खतम पार्दै त्यहाँको राष्ट्रिय कृषि अर्थतन्त्रलाई स्वाहा पार्दैछन् । अनिकाल त त्यसको नतिजा मात्रै हो ।

सोमालियाको अनिकाल, त्यसैले, मानव निर्मित हो । यसलाई अझ पश्चिमेली साम्राज्यवाद निर्मित भनियो भने उपयुक्त र ठेट होला । खाद्यान्नकै अभाव हुने भौतिक परिवेश सोमालियामा विद्यमान हुनाले यो अनिकाल पर्न गएको होइन । यो अन्न र मासु वेसी उत्पादन हुने तर खपत नहुने पशिचमेली साम्राज्यवादी मुलुकहरूको आर्थिक ढाँचाको परिणाम स्वरूप पैदा गरिएको अनिकाल हो । यो खपतको लागि अन्तर्राष्ट्रिय कृषि व्यापारीहरूलाई बजार चाहिएको छ । बजार राष्ट्रिय कृषि अर्थतन्त्र र राज्यको सुरक्षा जालोलाई स्वाहा पारेपछि मात्र पाइन्छ । त्यसैले प्रत्येक देशको राष्ट्रिय कृषि उत्पादन र खपत स्वाहा हुने शर्तमा पनि, संसार भरिका किसानको गरीवी र तहस नहसको शर्तमा पनि अति उत्पादन र अति आपूर्तिको समस्याले ग्रस्त पश्चिमेली पूँजीवादी मुलुकहरू विकासोन्मुख देशमा खाद्यान्नको बजार बनाउने नियतले अनिकाल सिर्जना गर्दैछन् ।

अनिकालको सिर्जनासित ढाँचागत समायोजन कार्यक्रम सिधासिधै जोडिएको हुन्छ । ढाँचागत समायोजन कार्यक्रम अन्तर्गत ती सबै राष्ट्रिय ढाँचाहरू खतम पारिन्छन्, जुन यी साम्राज्यवादी राष्ट्रहरूको स्वार्थ अनुकूल हुँदैन । राष्ट्रिय खाद्यान्न उत्पादन खाद्यान्न आयात गर्नको लागि खत्तम पारिन्छ । आयात अनावश्यक पार्ने राष्ट्रिय उद्योगहरू बाहिरी बस्तुको लागि बजार बनाउन भन्सार महसूल घटाएर खत्तम पारिन्छ र साना-साना उद्योग व्यवसाय ध्वस्त पारिन्छन् । मुद्रा अवमूल्यन गरिन्छ र बस्तुहरू सारै महँगा हुन्छन् र यसरी आम जनताको किन्ने क्षमता स्वाहा पारिन्छ । यसरी समायोजन कार्यक्रमले संपूर्ण किसिमको राष्ट्रिय आर्थिक गतिविधिहरूलाई खतम पार्छ । र, राज्यलाई विदेशी पूंजीको दयामा निर्भर बनाइन्छ, ता कि त्यहाँको राज्यमा बिदेशी पूंजीपतिको पकड बलियो बनोस् ।

सोमालियाको अनिकाल यसै गरी सिर्जना गरिएको हो । अहिलेको युद्ध र अनिकाल पछि सोमालियाको तेल र युरेनियम जस्ता बहुमूल्य राष्ट्रिय स्रोत-साधन एक्लौटी पार्न सिर्जित युद्धहरू हुन् ।

**लस एन्जेल्स टाइम्सका अनुसार** अहिले ४ वटा अमेरिकी तेल कम्पनीहरू सोमालियाको गाउँले क्षेत्रको लाखौं एकड जमीनमा तेलको खोजी गर्न र कुवा खन्न अत्यन्त सस्तो र सुविधाजनक उपाय अमेरिकी सरकारले युद्धमार्फत हात पारिदेला भनेर पर्खेर बसिरहेछन् । १९९१ मा अपदस्थ हुनुअघि राष्ट्रपति सियाड बारेले सोमालियाको दुई तिहाइ जमीन यी चार तेल कंपनीहरू- कोनोको, अमोको, चेभ्रोन र फिलिपलाई यस उद्देश्यका निम्ति सुम्पीसकेका थिए । यी कंपनीहरू अहिले अमेरिकी र पश्चिमेली सेनाले उनीहरूको करोडौं डलरको लगानीलाई सफल पारि दिने आशामा बसिरहेछन् । युद्ध त्यही नियतले मच्चिरहेछ । बाँकी घटना विश्व सामु छ ।

सोमालिया नेपालको लागि टडकारो पाठ हो । कृषि अर्थतन्त्र भएको नेपालमा पनि ढाँचागत समायोजन कार्यक्रम १९८० को दशकदेखि नै लागु गरिएको छ । नेपालमा पटक पटक मुद्रा अवमूल्यन त्यही सिलसिलामा भएको हो । कृषि क्षेत्रलाई राज्यले दिई आएको क्षतिपूर्ति त्यही सिलसिलामा खत्तम पारिएको हो, जसले गर्दा रासायनिक मल तीन दोब्बर महँगो भएको छ । विदेशी बस्तुलाई भन्सार महसूल घटाउने नीति त्यही कारणले अपनाइएको छ । विदेशी ऋण त्यही कारणले बढदैछ र देश ऋणको पाशोमा जाक्किदैछ । बाटो उही र एकै छ । जाने दिशा एउटै भए पछि पुग्ने ठाउँ अलग कसरी होला ? सम्पूर्ण देशभक्त नेपालीहरूले निधार खुम्च्याएर सोच्न जरूरी छ- नेपाललाई सोमालिया हुन दिने कि नदिने ?

तथ्य तथ्यांक स्रोत :
माइकेल चोस्सुडोस्की
अर्थशास्त्रका प्राध्यापक, ओटावा विश्वविद्यालय,क्यानाडाको लेख "सोमालियामा अनिकालको वास्तविक कारण"
"न्याय नपाएकाहरू" भन्ने पुस्तक
१९९४

◆

# जाजरकोटमा नयाँ आविष्कार

आवश्यकताहरूका कारण आविष्कारहरू अस्तित्वमा आउँछन् भन्ने कुरा अब शत प्रतिशत सत्य प्रमाणित भइसकेको छ । आवश्यकता कै फलस्वरूप यस्तै प्रकारको एउटा आविष्कार हालै नेपालको मध्य पश्चिमाञ्चलको जाजरकोट जिल्लामा भएको छ । जाजरकोट विकट र सुविधाहीन जिल्ला हो । त्यहांको तापक्रम विशेषतः हिउंदमा निकै तल झर्ने भएकोले सिंचाई र अन्य उद्देश्यका लागि प्रयोगमा ल्याइने पानी छुनै नसकिने हुन्छ । केही समय पहिलेसम्म त्यहाँ पानी तताउन दाउराको प्रयोगबाहेक अरू विकल्प थिएन ।

तर, हिजोआज कल्पट क्षेत्रमा सामुदायिक कार्यक्रम चलाईरहेका बेलायती नागरिक क्रिसको पहलमा पानी तताउने नयां र सुहाउंदा प्रविधिको विकास गरिएको छ । यस प्रविधिले पानी मात्रै तातो हुदैन, खेतवालीमा प्रयोग हुने कम्पोष्ट मलमा हुने लाभदायक व्याक्टेरियाहरूलाई रक्षा गर्ने र बन जंगलको क्षति रोक्ने काममा पनि यो प्रविधि निकै महत्वपूर्ण प्रमाणित भएको छ ।

यस प्रविधिका लागि कम्पोष्ट मलको थुप्रो र फलाम अथवा पोलिथिनको ठीक आकार भएको नली भए पुग्दछ । तताउनु पर्ने पानीको परिमाण अनुसार मलको थुप्रो र नलीको लम्बाइ चाहिन्छ ।

कम्पोष्ट मलको थुप्रोभित्र नलीलाई क्वाइल बनाएर राखिन्छ । नलीको एक छेउ थुप्रोको टुप्पोमा र अर्को चाहि फेदमा आवश्यकता अनुसारको नापमा बाहिर निकालिएका हुन्छन् र नलीको बांकी भाग थुप्रोमा पुरिएको हुन्छ । नलीको थुप्रो बाहिर देखिएको माथिल्लो छेउलाई Inlet भनिन्छ भने फेदको छेउलाई Outlet भनिन्छ । तातो पार्न खोजिएको चिसो पानीलाई Inlet बाट पाइपमा बगाइन्छ र Outlet बाट पानी तातो भएर बाहिर निस्किन्छ । कम्पोष्ट मलको थुप्रो भित्रको तापक्रमका कारण लामो नलीबाट पानी गुज्रिदा त्यसको तापक्रम बढ्दछ ।

क्रिस, पोलिथिन नलीको साटो फलामे नली प्रयोग गर्दा परिणाममा चार गुनासम्म सुधार हुने अर्थात पानीको तापक्रम चार गुना बढ्ने बताउछन् । तर जाजरकोटी जनताहरूको आर्थिक स्थितिका कारण हाल फलामे पाइप प्रयोग गर्न नसकिने उनको भनाइ छ ।

यो प्रविधिले पानी मात्रै तताउन सकिन्न, कम्पोष्ट मलमा रहेका व्याक्टेरियाहरूलाई सुरक्षित गर्न पनि मद्दत मिल्दछ । व्याक्टेरियाहरू २५ डिग्री सेल्सियससम्मको तापक्रममा बाच्न र संतान वृद्धि गर्न सक्छन् । यी व्याक्टेरियाहरूको अभावमा कम्पोष्ट मलको अस्तित्व रहँदैन । कम्पोष्ट मलको थुप्रोभित्रको तापक्रम ग्यांसहरूको कारण २५ डिग्री सेल्सियसभन्दा धेरै हुन्छ, जसले गर्दा व्याकटेरियाको क्षति हुन्छ र त्यो मलको प्रयोग अर्थहीन हुन्छ । तर यदि थुप्रोभित्र नलीको माध्यमबाट चिसो पानी बगाइयो भने थुप्रोको तापक्रम घट्छ र व्याक्टेरियाहरू सुरक्षित हुन्छन् ।

यसरी पानी तताउने यो नयां प्रविधिले दोहोरो लाभ दिएको छ । साथै पर्यावरण रक्षाको दृष्टिले पनि यो प्रविधि लाभदायक छ, जस्तो कि, क्रिस भन्छन्- नेपालीहरूले यसलाई गम्भीरताका साथ लिनु पर्ने भएको छ ।

# सौर्य कारः नयाँ क्रान्ति

सौर्य शक्तिबाट चल्ने कारहरू अब केही वर्षभित्रै संसारका मुख्य मुख्य शहरहरूमा, जहां तही सजिलै देख्न सकिने भएको छ ।

संयुक्त राज्य अमेरिकाको फ्लोरिडा विश्व विद्यालयको हाताभित्र एउटा अद्वितीय कार बिसौनी बनाइएको छ । यस बिसौनीमा सौर्य शक्तिवाट चल्ने मोटरहरू तपाई देख्न सक्नु हुन्छ । यसलाई बिसौनी भनिएतापनि सांच्चै भन्ने हो भने त्यो पेट्रोल पम्प जस्तै इन्धन भर्ने ठाउं हो । त्यस बिसौनिमा नमूना कारहरूलाई इन्धन दिइन्छ । फोटोभोल्टाइक व्याट्रिहरू त्यहां राखिएका छन् । ती व्याट्रिहरूमा सूर्यको प्रकाशले शक्ति भर्छ र त्यो जम्मा भएको शक्तिलाई पछि मोटरमा भरिन्छ ।

फोटोभोल्टाइक प्रणालीबाट इन्धन लिने कारहरूमा विशेष प्रकारको इन्जिन हुन्छ । यस प्रणालीले सूर्यबाट लिइएको शक्तिलाई विद्युतशक्तिमा परिणत गर्दछ । त्यो विद्युत डाइरेक्ट करेन्ट हुन्छ । डाइरेक्ट करेन्टलाई कारमा अल्टरनेटिभ करेन्ट बनाई पठाईन्छ र कार चल्न थाल्दछ ।

यस्तो इन्धनबाट चल्ने कार सस्तो हुने अपेक्षा गरिएको छ । पेट्रोल अथवा डिजेलबाट चल्ने साधनहरूको तुलनामा इन्धनमा हुने खर्च ३०० देखि ४०० प्रतिशत कम हुनेछ । कारमा भरिएको सौर्य उर्जा कारलाई आवेशित गरिएको समयमा निर्भर हुनेछ । यदि कार २० मिनेटसम्म आवेशित गरिएको छ भने कारले ६० किलोमिटरको दुरी पार गर्न सक्ने छ । त्यस्तो कारलाई इन्धनको कमी नहोस भन्ने उद्देष्यले फिलिङ सेन्टरहरू कम्तिमा एक सय बीस किलोमिटरको दूरीमा हुनु पर्दछ । यस काममा लागेका कम्पनीहरूले ग्राहकलाई असुविधा नहोस् भन्ने उद्देष्यले ऋण पत्रहरू जारी गर्ने भएका छन् ।

सौर्य कारहरू बनाउने काम अहिले जोडतोडका साथ चलिरहेको छ । आगामी १० वर्षभित्र विश्वका फाटफूट शहरहरूमा त्यस्ता कारहरू मात्र नभई फिलिङ सेन्टरपनि बनिसक्ने सम्भावना छ ।

यदि त्यस्तो कार बजारमा आयो भने वातावरणको बिग्रिदो स्थितिले कुन रूप लिन्छ होला ? आशा गर्नुस्, प्राकृतिक संसाधन र पर्यावरण दुवैको संरक्षणको नयां युग शुरू हनेछ ।

*प्रस्तुति : खेम भण्डारी/विज्ञान लेखमाला*

# पारिजातका कविताहरु



## मृत्यु

धेरै अघि एक साँझ
चराहरू निन्याउरा भएर हाँगातिर
बसिरहेको बेला
घरका समस्याहरूले पिल्सिएर
आफैं पनि झोक्रिएर बसिरहेको बेला
मलाई एउटा कविता लेख्न मन लागेको थियो
मृत्यु अभिशाप हो,
मृत्यु विसंगति हो,
मृत्यु जीवनको अन्त हो भनेर ।

मृत्युको कुरालाई धर्म ग्रन्थहरूबाट
जस्ताको तस्तै ग्रहण गरकी छु मैले
तथापि मसँग मृत्युको केही आलो व्यथा छ,
जीवनको विकराल दुःखहरूबाट तर्सेर
एकपल्ट मैले मृत्युको पछ्यौरामा
मुख लुकाउने दुष्प्रयास गरेकी छु
तथापि मसँग मृत्युको केही साक्षात कथा छ ।

भट्मास दिएर नून साट्न आएकी
साँघुरो भिरालो बाटोमा
पेटभरि आहार नभएर बांगो टिंगो हिंडिरहेकी,
एउटी गरीब आमाको धुन्सेबाट
आँत सुकेको बालख छोरो अरल्लिएर रूँदा
फुत्केर कालीको बौलाहा छालमा खस्यो,
उसको मृत्यु भयो ।
ज्वरोको धङ्धडीमै ठालुले जोताको
एउटा निर्धो तन्नेरी
रूखको हाँगा काट्दा काट्दै
असन्तुलित भएर भुईंमा खस्यो,
उसको मृत्यु भयो ।
रक्सी खाएर रंग साइडतिर हाँकिरहेको
महानगरको एउटा सफेद पोशले
एउटा झुम्रे रिक्सावालालाई
हाकाहाकी चेप्ट्याएर मार्‍यो
उसको मृत्यु भयो ।
अझ थुप्रै थुप्रै सामूहिक मृत्युहरू भए
खान नपाउनेहरूको,
अधिकार खोज्नेहरूको
दुई पाइलो जग्गा माग्नेहरूको
अब मसँग मृत्युको त्यो पुरानो परिभाषा छैन,

आज मलाई फेरि एउटा कविता लेख्न मन लागेको छ
मृत्यु विसंगति होइन,
मृत्यु जीवनको अन्त होइन भनेर
मृत्यु त शहीद भएर रातो झण्डाभित्र सुरक्षित
भीडहरू बीच हिंड्दो रहेछ
मृत्युको अर्को नाउँ बलिदान रहेछ,
मृत्यु बाँच्दा रहेछन्,
जिउँदाहरूको मानसमा संझना भएर
अन्यायमा परेर मरेका मृत्युहरू
डरलाग्दा आक्रोश भएर जुर्मुराउँदा रहेछन्
प्रतिशोध भएर जताततै फुँकार गरी हिंड्दा रहेछन्,
कहाँ मर्दा रहेछन् र मृत्युहरू
मृत्यु त संगठन भएर
अंगालोहरूतिर बाँधिइदा रहेछन्
नारा भएर भित्ताहरूतिर लिपिइदा रहेछन्
पर्चा भएर हातभरि छरिइदा रहेछन्
कहाँ मर्दा रहेछन् र
भोका किसान र जिउँदै डढ्ने सुकुम्वासीका मृत्युहरू
उनीहरूका मृत्यु त
संघर्ष गर्न तम्तयार आएको
विशाल विशाल जुलुसमा हिड्ने संघर्षकारीहरूको
पाखुरी पाखुरीमा,
मुठ्ठी मुठ्ठीमा,
कसम भएर
अठोट भएर
प्रतिज्ञा भएर
ज्यूँदै ज्यूँदै जाग्दा रहेछन्, बल्झिदा रहेछन्
मृत्यु त संगीन भएर
वर्ग शत्रुको छातीतिर तेर्सिइदा रहेछन्
बन्दूक भएर पड्किंदा रहेछन् । ❑❑

## एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता

ज्यू,
काम गरेको मात्र थाहा छ
दुःख पाएको मात्र थाहा छ
फाटेको चोलो र जडौरी गुन्यू
लगाएको मात्र थाहा छ
जोबन सोध्नु भएको ?
त्यो त हजूर आएको, गएकै थाहा छैन ।
खै, जान्ने-सुन्नेले भनेको
मेरो जोबन त जिम्मुवालको उ त्यो
गहुँबारीमा सप्रिसक्यो रे !
उसैको करेसावारीको सयपत्रीमा फुलिसक्यो रे !
खै, कुन्नि कस्तो अनौठो
मेरो आँखा र ओंठमा नफुलेर मेरो जोबन
अर्काको सम्पत्तिमा फुल्ने रे !
के भन्नु भयो, निकै हिस्सी परेकी छु रे ?
ज्यू, त्यो दहको पानीमा हेर्दा
त्यस्तै-त्यस्तै लागेको थियो
तर के भरपर्दो हुन्छ र
पानीमुनिको छायाँ ।
ढाँटेकी भए हजूरको मासु खाने
मेरी बास्सै !
लोग्नेलाई त मैले जग्गेमा मात्र देखेकी
टोपीमा लालुपातेको फूल घुसारेर
निधारमा तीनवटा सितारा टाँसेर
गालामा अलि-अलि लाली घसेर
आएको मेरो अधबैसे दुल्हा
आरन जस्तै अँध्यारो र
खलाँती जस्तै धुस्रो थियो ।
ए, हाँस्नु भएको हजूर त !
यसको गोडा पखालेको पानी खानु, साँझ-विहान
यो तेरो देवता हो भनी
बुढी बज्यैले भन्दा
घुम्टोभित्र म रोएकी
खै, कसरी देखाउँ
गालामा आँसुको डोब बस्दैन हजूर
पहरामा खहरेको डोब बसे जस्तो ।
ज्यू, माईत सात खोला सात डाँडा उता छ
मैले बालखकालमा देखेकी सपना जस्तै
मेरो मुटुभित्रै भएर पनि कति-कति टाढा ।
जै-जन्म सोध्नु भएको ?
ज्यू, यीनै दुईटा छोरा
च्याँसे र पुन्टे, डेढ वर्षको फरक छ
ढाँटेकी भए यो आगो हातैमा छ हजूर ।
यो च्याँसे
मुखियाको घर बनाउने ढुंगा बोक्दा-बोक्दै पाएकी
नाम्लो त थाप्लो मै थियो गाँठे
फरियामा पोको पारेर ल्याएँ
छाप्रोमा साल-नाल काटें
फेरि मुखियाको धान गोड्दा-गोड्दै हिलो मै जन्म्यो
यो पुन्टे
हिलोमा जन्मनेहरूलाई
कहाँ लेखेको हुँदो रहेछ र सिमलको भुवा ?
ज्यू, हुर्काउदैछु हजूर, हुर्काउँदैछु
नाँगै-भुतुँगै
जनावरहरू जस्तै
कुकुर र सुँगुरका बच्चाहरू जस्तै ।
ज्यू, माया लाग्छ यै बूढा कामीको
गरीबीभन्दा अर्को छनौट नै के छ र जीवनमा ?
म पनि त चायाँ र कलेटीले
तर्साउने जस्तै भई सकें
के म स्वास्नीमान्छे जस्ती छु र ?
ल फेरि हाँस्नु भयो हजूर त !
जीवनको अर्थ
ज्यू, केही बुझ्या छैन
मेरो कामीको रंग र फलामको रंग
एउटै छ हजूर ।
च्याँसे-पुन्टेको छालाको रंग र बाटोको धुलोको रंग
एउटै छ,
म पनि त हजूर फोहर, मयल ध्वाँसो जस्तै छु
कामी रूने होइन कहिल्यै
उस्का पसिनाको रंग
र मेरो आँसुको रंग
एउटै छ हजूर ।
ज्यू, ज्यू काम गर्नेहरूले खान पाउनु पर्छ
भन्ने कुरा
भर्खर-भर्खर पो थाहा पाउन लागेकी छु हजूर ! ❑❑

प्रमुख सहभागीहरू
क. निर्मल लामा,
नेकपा (एकता केन्द्र)
क. माधव कुमार नेपाल
नेकपा (एमाले)
क. नारायणमान विजुक्छे रोहित,
नेमकिपा




# नेपालमा स्वास्थ्य क्षे









## स्वास्थ्य क्षेत्रको क्रान्ति राजनीतिक क्रान्तिसित जोडिएको हुन्छ

मूल्यांकन मासिकले आफ्नो अंक १६ मा अन्तर्क्रियाका लागि भनेर स्वास्थ्य सेवा संबन्धी दुइ वटा महत्वपूर्ण लेखहरू प्रकाशित गरेको थियो । माओकालीन चीनको प्राथमिक स्वास्थ्य सेवा संबन्धी सिद्धान्त र त्यसको प्रयोग संबन्धी अनुभवमा आधारित भएर डा. महेश मास्के र डा. शरद वन्तद्वारा लिखित ती लेखहरूले स्वास्थ्य क्षेत्रमा वामपन्थीहरुको क्रान्तिकारी विकल्प के ? भन्ने संबन्धमा केही महत्वपूर्ण सवालहरू उठाएका थिए ।

कसरी नेपालमा स्वास्थ्य सेवामा आम जनताको पक्षमा आमूल परिवर्तन गर्न सकिन्छ- भन्ने सवालमा ती लेखले केही आधारभूत प्रस्थापनाहरु अघि सारेका थिए ।

ती प्रस्थापनाहरू बारे नेपालमा वाम राजनीतिज्ञ, अर्थविद, समाजशास्त्री र स्वास्थ्यविदहरू बीच व्यापक विचार- अन्तर्क्रिया हुन सकेमा जीबनको हरेक क्षेत्रमा क्रान्तिकारी बिकल्प विकास गर्न प्रयत्नरत नेपालका वामपन्थीहरूमा स्वास्थ्य क्षेत्रमा पनि बिचार स्पष्टता प्राप्त गर्न निकै ठूलो सहयोग मिल्थ्यो भन्ने उद्धेश्यले हामीले केही समयअघि यस संबन्धमा प्रत्यक्ष विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं ।

प्रस्तुत छ, उक्त अन्तर्क्रिया कार्यक्रमको मुख्य सार संक्षेप:

### डा. महेश मास्के
**(शुरू लेख प्रस्तुतकर्ता)**

गरीवी, रोग र कुपोषणले पीडित अधिकांश नेपालीको स्वास्थ्य समस्याको हल के हुन सक्छ भन्ने संवन्धमा मूल रूपमा म ध्यान केन्द्रित गर्न चाहन्छु । स्वास्थ्य सेवामा क्रान्ति नभईकन नेपाली जनताको स्वास्थ्य समस्या हल हुन संभव छैन । तर त्यो स्वास्थ्य सेवामा क्रान्ति हुन्छ नै कसरी ? हुनु पर्छ नै कसरी ? यस सम्वन्धमा छिमेकी देश चीनका अनुभवहरूबाट सिक्नु पर्ने सारहरू मैले आफ्नो लेखमा प्रस्तुत गरेको छु ।

मेरो लेख मुख्य रूपमा डा. भिक्टर साइडलको पुस्तक "जनताद्वारा स्वास्थ्य - Helth by the people" मा आधारित छ । अहिले विश्वमा प्राथमिक स्वास्थ्य सेवामा "सवैको लागि स्वास्थ्य" संवन्धी जुन धारणा आएको छ , त्यो १९७५ मा प्रकाशित यही पुस्तकको देन हो । त्यसदेखि वाहेक ३/४ वटा अरू पुस्तकहरू पनि प्रकाशित भएका थिए । यी सवको फलस्वरूप, १९७८ मा मात्र प्राथमिक स्वास्थ्य सेवा सम्वन्धी धारणा जन्मेको थियो । डा. भिक्टर साइडल अहिले International Physician for Prevention of Nuclear War (आणविक युद्ध रोकथामका लागि अन्तर्राष्ट्रिय चिकित्सकहरू) भन्ने संस्थाका अध्यक्ष हुनुहुन्छ ।

म के स्पष्ट पार्न चाहन्छु भने- मेरो चीन सम्बन्धी प्रत्यक्ष अनुभव छैन । तर भिक्टर साइडल लगायत अन्य अनुभव प्राप्त विद्वानहरूका कृतिहरू हेर्दा के लाग्यो भने- माओकालीन चीनको स्वास्थ्य संवन्धी प्रयोगहरू नेपालको सन्दर्भमा पनि सान्दर्भिक छन् । त्यसैले, मैले आफ्नो लेखमा यी प्रयोगहरुमा अन्तर्निहित सार र सिद्धान्तलाई जोड दिएको छु ।

उहाँहरुले आफ्नो कृतिमा उठाएका कुरा बाहेक मेरो आफ्नो मूल जोड माओले स्वास्थ्य संवन्धमा अप्नाउनु भएको "जननीति" मा रहेको छ । माओले चीनको स्वास्थ्य सेवा संवन्धी अनुभवहरुलाई चार वटा सूत्रहरुमा संश्लेषण गर्नु भएको छ । यदि स्वास्थ्य सेवामा जननीति नअप्नाइएको भए यी सूत्रहरु व्यवहारमा लागु हुन सक्ने थिएनन्, यसको प्रत्यक्ष उदाहरण अहिले विश्वका बिभिन्न भागमा प्रयोग भएको प्राथमिक स्वास्थ्य सेवा (Primary Health care) संवन्धी सिद्धान्त हो । जहाँ जहाँ यो प्रयोग भएको छ, उनीहरु पनि यिनै सूत्रका कुरा गर्छन् । जस्तो कि- उनीहरु समताको कुरा गर्छन् । उनीहरु पनि प्रतिकारात्मक उपचार (Prev-entive measures) लाई प्राथमिकता दिनुपर्छ भन्छन् । उनीहरु पनि स्वास्थ्य सेवामा सामुदायिक सहभागिता हुनु पर्छ भन्छन् । उनीहरु पनि देश सुहाउँदो प्रविधि (Appropriate technology) प्रयोग हुनु पर्छ भन्छन् । र, उनीहरू पनि अन्तर्चिकित्सा पद्धति सहयोग (Intersectural

विचार
अन्तर्क्रियाको
लागि
लेख
प्रस्तुतकर्ताहरू
डा. महेश मास्के,
(स्वास्थ्यविज्ञ)
डा. शरद वन्त,
(स्वास्थ्यविज्ञ)

# प्रत्यक्ष विचार–अन्तर्क्रिया

# क्षेत्रमा क्रान्ति कसरी ?

**प्रमुख सहभागीहरू**
डा. सरोज धिताल, स्वास्थ्य विज्ञ
डा. भरत प्रधान, स्वास्थ्य विज्ञ
गोविन्दप्रसाद लोहनी, अर्थविद
महेश्वरमान श्रेष्ठ, अर्थविद्
दीपेन्द्र क्षेत्री, अर्थविद्
डा. चैतन्य मिश्र, समाजशास्त्री
बिमल फुयाल, सामाजिक कार्यकर्ता
शरद पौडेल, सामाजिक कार्यकर्ता

cooperation) को कुरा उठाउँछन् । यसरी प्राथमिक स्वास्थ्य सेवाका पाँच वटै सिद्धान्त उनीहरू पनि स्वीकार्छन् । यी पाँच वटै सिद्धान्तहरू चीनमा प्रयोग भै सकेका हुन् । तर के कुरा खट्किन्छ भने अन्यत्र यिनै सिद्धान्तहरू प्रयोग गरिदा गरिदै पनि उनीहरूमा चीनमा जस्तो क्रान्तिकारी सार (Revolutionary essence) भेटिन्न । उनीहरूमा जननीति भेटिन्न ।

चीनमा जननीतिका आधारमा यिनै सिद्धान्तहरू अन्यन्त उदाहरणीय रूपमा लागू भए । अन्यत्र यिनै सिद्धान्तहरू नक्कल गर्ने, लागू गर्ने प्रयत्न भए, तर त्यसको क्रान्तिकारी सार जननीतिविना नै । यही कारण हो, जसले गर्दा "सन् २००० सम्ममा सबैको लागि स्वास्थ्य" भन्ने क्रान्तिकारी नारा अहिले १९९३/९४ मा पुग्दा एउटा मेलमिलापवादी, सुधारवादी नारामा बदलिएको छ । सबैको लागि स्वास्थ्य उपलब्ध हुने कुनै छाँटकाँट देखिन्न ।

अब प्रश्न के हो भने- चीन, क्युवा, निकारागुआ, तान्जानिया आदि मुलुकमा किन त्यही सिद्धान्त अत्यन्त राम्रोसँग लागु हुन सक्यो ? किन अरू देशमा त्यो सही तवरबाट लागू हुन सकेन ? चीन जस्तो विशाल जनसंख्या भएको देशमा कुनै विदेशी सहयोगबिना नै कसरी यो सिद्धान्त सबभन्दा सफलतापूर्वक लागू हुन सक्यो त ? स्वास्थ्य सेवा सम्बन्धमा आधारभूत समस्या हल गर्न खोजिरहेको हाम्रो जस्तो देशले यसबारे खोजी गर्नु पर्छ । यही उद्देश्यले मैले आफ्नो लेखमा केही आधारभूत सवालहरू उठाएको हुँ ।

देङ शियाओ पिङको नेतृत्वमा "सम्पन्न बन" भन्ने नारा अन्तर्गत चीनमा अहिले द्रुत गतिले आर्थिक विकास भैरहेको छ । तर सवाल के हो भने- प्राथमिक स्वास्थ्य सेवा आम जनता वीच पुऱ्याउने सवालमा अहिलेको देङको चीन नेपालको लागि अनुकरणीय छ कि माओकालीन चीन, जतिखेर सीमित स्रोतका वावजूद साम्राज्यवाद र सामन्तवादसँग लड्दा लड्दै पनि आधारभूत स्वास्थ्य सेवा "नांगो खुट्टे डाक्टर" मार्फत आम जनता वीच पुऱ्याउन खोजिदै थियो ? कुन चीनको अनुभव हाम्रो लागि सान्दर्भिक छ ? यो प्रश्न पनि मैले आफ्नो लेखमा हल गर्ने प्रयत्न गरेको छु, यद्यपि स्थानाभावले मैले त्यसमा विस्तृत व्याख्या भने गर्न सकेको छैन । खालि छोएको मात्र छु ।

जननीति (Massline) शब्द राजनीतिमा त धेरै प्रयोग भएको पाइन्छ । तर माओकालीन चीनको विशिष्टता के हो भने- स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा पनि त्यहा जननीति सफलतापूर्वक लागु गरिएको थियो । र, यो सांस्कृतिक क्रान्तिको प्रक्रिया अन्तर्गत लागु गरिएको थियो । त्यसैले, सांस्कृतिक क्रान्तिको खालि राजनीतिक र सांस्कृतिक महत्व मात्रै छैन । यसले स्वास्थ्य र शिक्षा क्षेत्रमा जुन जननीतिको दिशा (Orientation) दिन खोज्यो, त्यो सारै महत्वपूर्ण छ । लेखमा मेरो आग्रह यो रहेको छ ।

एकातिर-पूँजीवादी प्रजातन्त्र, अर्कातिर सोभियत जनवादको विकृत रूप, यी दुवैको परिप्रेक्ष्यमा माओले लागु गर्नुभएको जननीति जनवादको एउटा सर्वोन्नत विशिष्ट रूप हो । मेरो विचारमा माओले अभ्यास गर्नुभएको जननीतिभन्दा उन्नत र स्पष्ट सर्वहारा जनवादको उदाहरण अर्को छैन । स्वास्थ्य क्षेत्रमा यो जननीतिलाई कसरी लागु गर्ने ? हाम्रो देशको मुख्य समस्या यो हो ।

खालि स्वास्थ्य क्षेत्रमा मात्र क्रान्ति फुट्टो रूपमा हुन संभव छैन । स्वास्थ्य क्षेत्रको क्रान्ति राजनीतिक क्रान्तिसित जोडिएको छ । चीनमा प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी अभ्यास १९४९ मा हैन, त्योभन्दा धेरै अगाडि नै येनान, कियाँगसु जस्ता आधार क्षेत्रहरूमा र लामो यात्राको दौरानमा शुरू भएको हो । तर १९४९ मा राजनीतिक क्रान्ति भए पछि नै यो देशव्यापी रूपमा लागु हुन सक्यो ।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने- प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी सिद्धान्त नेपालमा अहिलेदेखि नै प्रयोग गर्न थाल्नु पर्छ र सम्भव छ । वामपन्थी शक्तिको जनाधार वलियो भएका विभिन्न ठाउँमा यो प्रयोग थालिनु सम्भव छ । यो प्रयोगबाट सिक्दै ५।१०।२० वर्ष पछि, या जुन बेला राजनीतिक क्रान्ति सम्पन्न होला, त्यतिखेर यो राष्ट्रव्यापी रूपमा लागु गर्न सम्भव हुनेछ ।

❒ ❒










## स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी कदम कहाँदेखि शूरु गर्ने ?

### डा. शरद वन्त
**शुरूलेख प्रस्तुतकर्ता**

मेरो लेख पनि महेशजीकै लेखमाथि आधारित थियो । तर यहाँ चाहिं म अहिले नेपालको स्वास्थ्य सम्बन्धी यथार्थ स्थिति के हो, अहिले हाम्रो देशमा कसरी स्वास्थ्य सेवा संचालन भइराखेको छ, यदि हामीले स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी कदम शुरू गर्ने हो भने कहाँदेखि शुरू गर्ने भन्ने सवालमा केन्द्रित भएर बोल्न लागिरहेछु ।

हाम्रो यहाँको अहिलेको स्वास्थ्य व्यवस्था पश्चिमी मुलुकको स्वास्थ्य व्यवस्थाको नक्कल हो । यसलाई पश्चिमी ढाँचाको स्वास्थ्य सेवा प्रणाली (Western Model Health Care System) भन्न सकिन्छ । हाम्रो यहाँ शदियौंदेखि जुन स्वास्थ्य सेवा प्रणाली थियो, त्यसलाई यो पश्चिमी ढाँचाको स्वास्थ्य प्रणालीले पूरै धराशायी पारिदिएको छ । यहाँको घरेलु उपचार प्रणाली (Indigenous Health Care System) लाई बढावा दिने काम चाहिं राज्यले गरिराखेको छैन । आयुर्वेद जस्तो उन्नत उपचार प्रणालीलाई समेत पन्छाउने र पछाडि धकेल्ने काम राज्यले गरिराखेको छ ।

हाम्रो यहाँको स्वास्थ्य सेवा प्रणालीको अर्को महत्वपूर्ण पक्ष हो- नीति निर्णयमा पूर्ण केन्द्रिकरण ।

यहाँ विकेन्द्रीकरणको, सामुदायिक सहभागिताको कुरा त राज्यले पनि गरिरहेछ । तर व्यवहारमा स्वास्थ्य सम्बन्धी

# कार्यक्रमको रिपोर्ट

# स्वास्थ्य सेवामा क्रान्ति

सम्पूर्ण नीति निर्णय भने केन्द्रिकृत रूपमा मात्र हुने गरेको छ । उदाहरणको लागि- सरकारले गत वर्ष नयाँ स्वास्थ्य नीति लागु गऱ्यो । त्यो नीति बन्दा तल्लो तहसम्म कहिल्यै छलफल भएन, स्वास्थ्य सेवामा सरीक विभिन्त तहका मानिसहरूसित कहिल्यै छलफल-अन्तर्क्रिया गरिएन । एकै चोटि सरकारले नीति बनायो, संसदमा पास गरायो, लागु गऱ्यो । स्वास्थ्य सेवा सम्बन्धी सवै नीति निर्णयमा यही पद्धति राज्यले अंगालिरहेछ ।

त्यसैले नीति निर्णयमा जन सहभागिताको सवाल त टाढै छोडिदिऊँ, म त के देख्छु भने- सरकारकै पनि एउटा निश्चित तप्काको मानिसले बाहेक अरूले नीति निर्णयमा सहभागी हुने मौकै पाउँदैनन् । यो पूर्ण केन्द्रिकरणको नीतिको प्रतिफल के भयो भने एकातिर हाम्रो स्वास्थ्य सेवामा जन-सहभागिता भनेको ठ्याप्पै जुट्न सकेन । माथिबाट विसंगतिपूर्ण निर्णयहरू गर्दै तिनलाई तल जथाभावी लाद्ने काम यहाँ भै रह्यो । अहिले स्वास्थ्य क्षेत्रमा जुन अन्यौल छ, त्यो केन्द्रिकृत स्वास्थ्य सेवा प्रणालीकै स्वाभाविक परिणाम हो ।

हाम्रो स्वास्थ्य सेवाको अर्को विशेषता के हो भने- हाम्रो स्वास्थ्य सेवा प्रणाली पूर्ण रूपमा विदेशी सहयोगमा, विदेशी भरथेग र विदेशी अनुदानमा आधारित छ । १९९० को विश्व बैंकको तथ्यांकअनुसार प्रत्येक नेपालीले स्वास्थ्यमा एक वर्षमा आफ्नो निम्ति खर्च गर्ने कूल रकम हो- सात डलर । त्यो ७ डलरमा हाम्रो सरकारको खुद योगदान २ डलर भन्दा पनि कम छ ।

स्वास्थ्य क्षेत्रमा हाम्रो विदेश निर्भरता पनि धेरै छ । १९९३ को तथ्यांक लिने हो भने सरकारले एक वर्षमा स्वास्थ्य क्षेत्रमा १ अरब २० करोड रू लगानी गर्छ । त्यो भनेको एउटा नेपालीको भागमा एक वर्षमा स्वास्थ्य क्षेत्रका लागि ६० रूपियाँ जति लगानी हुनु हो । त्यो ६० रूपियाँलाई डलरमा ढाल्ने हो भने दुई डलर पनि भएन । स्वास्थ्य सेवामा यति भयावह विदेश निर्भरता भएपछि कसरी यस क्षेत्रमा आमूल परिवर्तन गर्न सकिन्छ ? कसरी आत्मनिर्भरताको बाटोतिर अघि बढ्न सकिन्छ ?

प्रति वर्ष सात डलर प्रत्येक नेपालीले स्वास्थ्यका लागि खर्च गर्नेमा दुई डलर भन्दा कम सरकारले लगानी गरेपछि वाँकी या त निजी क्षेत्रले गर्दो रहेछ या विदेशी अनुदानबाट व्यहोरिंदो रहेछ ।

हाम्रो स्वास्थ्य सेवाको अर्को मुख्य प्रवृत्ति हो- यो बढी भन्दा बढी निजीकरणतिर उन्मुख भइरहेछ । विश्व बैंकको तथ्यांक अनुसार नेपालमा स्वास्थ्यका लागि हुने खर्च मध्ये लगभग ५० प्रतिशत नीजि क्षेत्रबाट व्यहोरिंदो रहेछ, बाँकी ५० प्रतिशत खर्चमा २५ प्रतिशत सरकारले व्यहोर्दोरहेछ र अर्को २५ प्रतिशत विदेशी अनुदानबाट व्यहोरिंदो रहेछ ।

निजीकरण भन्नुको मतलव यहाँको स्वास्थ्य सेवा राज्यको दायित्व हुन छाडेर नाफाको स्वार्थबाट चल्नु हो, स्वास्थ्य सेवा पनि निजी व्यापार व्यवसायमा बदलिनु हो । स्वास्थ्य सेवामा सरकारी योगदान घट्दै गएर निजीकरण बढेपछि समान रूपमा आम जनताले स्वास्थ्य सेवा पाउन् भन्ने कुरा असंभव हुन जाने हुन्छ । जोसँग पैसा छ, उसले स्वास्थ्य सेवा किन्न सक्ने भो । जो सँग छैन, उसले विनाउपचार त्यतिकै मर्नु पर्ने भो । स्वास्थ्य सेवामा



निजीकरणको तात्पर्य यही हुन्छ । अहिले सरकार एकातिर प्राथमिक स्वास्थ्य सेवाको पनि कुरा गरिरहेछ । अर्कोतिर, स्वास्थ्य सेवालाई धमाधम निजीकरण पनि गर्दैछ । यो एउटा विचित्रको बिडम्बना हो- नेपालको !

स्वास्थ्य सेवाको अर्को विशेषता भइरहेछ- सेवाको संख्यात्मक विस्तार । अहिले सरकारको स्वास्थ्य सम्बन्धी सम्पूर्ण कार्य त्यही दिशामा छ । सेवाको संख्यात्मक विस्तार भन्नुको तात्पर्य हो- अस्पतालको संख्या बढाउने, नर्स, डक्टरको संख्या यति बढे भन्ने यति वटा हेल्थपोष्ट बढ्यो भन्ने, प्राथमिक स्वास्थ्य सेवामा यति वटा चौकी वृद्धि भए भन्ने । यो तथ्यांक उत्पादन गर्नमै सरकारको सारा प्रयत्न केन्द्रित भएको छ ।

सरकारले यो प्रयत्न चाहिं गरेको देखिन्न कि- ती सेवाहरू आम जनताको निम्ति उपलव्ध छन् कि छैनन् ? जनताले ती सेवाहरू हिजोभन्दा बढी प्राप्त गर्न सकेका छन् कि छैनन् ? योतिर सरकारको कुनै चासो देखिन्न । डाक्टर, नर्सको संख्या बढ्दैमा, अस्पताल र हेल्थपोष्टको संख्या बढ्दैमा आम जनताले समानताका आधारमा ती सेवा प्राप्त गर्छन् भन्ने कुराको निश्चितता हुँदैन । यस्तो पनि हुन सक्छ- डाक्टर, नर्स त बढेका छन्, तर ती निजी क्षेत्रमा र शहरमै मात्र केन्द्रित छन्, स्वास्थ्य चौकी त बढेका छन्, तर तिनीहरूमा न त आवश्यक ओखती छ, न ओखती गर्नेहरू । नेपालमा अहिले यस्तै भैरहेछ । डाक्टर उत्पादन हुने, तर ती नाफा आर्जनका लागि निजी क्षेत्रमै केन्द्रित हुने हो भने जनताको स्वास्थ्य स्थितिमा कुनै सुधार आउँदैन । तर यस दिशामा सरकारको कुनै चासो देखिन्न । फगत सेवाको संख्यात्मक विस्तार गर्ने गोरखधन्दामा सरकार लागेको छ, भलै ती सेवाहरू बहुसंख्यक सर्वसाधारण जनताको पहुँच बाहिर किन नहुन् !

नेपालका वर्तमान यी पाँच वटा यथार्थहरू एकै ठाउँमा राख्ने हो भने नेपालमा स्वास्थ्य सेवा फगत हुने खानेको विशेषाधिकार भएको पाइन्छ । स्वास्थ्य सेवाको विस्तारले बहुसंख्यक जनताको स्वास्थ्यमा कुनै सकारात्मक प्रभाव पर्ने स्थिति छैन । नेपालीको स्वास्थ्य-स्तर यति तल्लो हुनुको मुख्य कारण यही हो भन्ने मलाई लाग्छ ।

यो यथार्थको परिप्रेक्ष्यमा आज जुन अन्तर्क्रिया कार्यक्रम भईराखेको छ, त्यसमा विचारार्थ म केही प्रश्नहरू विज्ञहरू समक्ष राख्न चाहन्छु ।

सर्वप्रथम, मेरो प्रश्न- अर्थविद्हरूलाई छ ।

हामी स्वास्थ्य सेवामा सारै नै परनिर्भर छौं । यो परनिर्भभरता खत्तम पार्दै सामाजिक न्याय र समानताको आधारमा स्वास्थ्य सेवालाई आम जनताको पहुँचभित्र पुऱ्याउनु आर्थिक हिसावले हाम्रो मुलुकमा संभब हुन्छ कि हुन्न ? यो किनभने, आजको ५० वर्षपछि पनि नेपालको प्रत्येक जिल्लामा बीर अस्पताल वा टिचीङ अस्पताल जस्तो अस्पताल बनाउन संभब हुने छैन । प्रत्येक जिल्लामा स्वास्थ्य क्षेत्रका विशेषज्ञहरू (Specialists) पुऱ्याउन संभब छैन । चीनियाँ अनुभवबाट सिक्ने हो भने चीनमा पनि त्यो उपलब्ध थिएन । तर सवाल के हो भने- ठूला साधन सम्पन्न अस्पताल पोखरा, काठमाडौं, चितवन जहाँ भए पनि नेपालको कुना कन्दरामा, मेचीदेखि महाकालीको जुनसुकै ठाउँमा बसेका नेपालीले समानताको आधारमा त्यसको सेवा कसरी उपभोग गर्न सक्छन्- यो अहम प्रश्न अर्थविदहरूले हल गरी दिनुहुनेछ भन्ने मैले आशा लिएको छु ।

अर्को, हामीले आम जनतालाई समानताको आधारमा स्वास्थ्य सेवा उपलब्ध

**स्वास्थ्य सेवाको प्राप्तिमा रहेको यो असमानता, यो अन्यायपूर्ण विभेदलाई कसरी खत्तम पार्न सकिन्छ ? कसरी एउटा साधारण ढाक्रेले पनि आधारभूत स्वास्थ्य सेवा पाइने गर्न सकिन्छ ?**

गराउने हो भने एउटा बीर अस्पताल जस्तो ठूलो अस्पताल बनाउनमा जोड दिने कि ५० वटा हेल्थ पोष्ट बनाउनमा ? एउटा बीर अस्पताल बनाएर ५० करोड खर्च गर्ने कि ५० वटा हेल्थपोष्ट देशका विभिन्न भागमा बनाएर ५० करोड खर्च गर्ने ? यसको लागत-पर्ताको विश्लेषण पनि आर्थिक दृष्टिकोणबाट हुन जरूरी छ । किनभने, हाम्रा आवश्यकताहरू धेरै छन्, तर हामीसित साधन स्रोत थोरै छ । यो स्थितिमा सीमित साधन स्रोतलाई कसरी सामाजिक न्यायको हिसावले वितरण गर्ने ?

अर्को प्रश्न, यदि स्वास्थ्य सेवाको पनि निजीकरण गर्ने हो भने यो निजी

क्षेत्रमा पनि समता र सामाजिक न्यायको सवाल कसरी गाँसेर लैजाने ? उदाहरणको लागि, एउटा गरीब ठेलागाडा चलाउने मानिस सडकमा दुर्घटनामा पर्‍यो र उसलाई तुरून्त सिटी स्क्यानिंग गर्नुपर्‍यो । उसले २५०० रूपियाँ तिरेर सिटी स्क्यानिंग त गर्न सक्दैन । तर एउटा धनी व्यापारीले केही ठूलो नलागिहाले पनि साधारण टाउको दुखेको आशंका मेट्न पनि तुरून्तै र सजिलै सिटी स्क्यानिंग गर्न सक्छ । नभए ऊ भेलोर, दिल्ली वा बैंकक जान सक्छ । स्वास्थ्य सेवाको प्राप्तिमा रहेको यो असमानता, यो अन्यायपूर्ण विभेदलाई कसरी खत्तम पार्न सकिन्छ ? कसरी एउटा साधारण ढाक्रेले पनि आधारभूत स्वास्थ्य सेवा पाइने गर्न सकिन्छ ?

अर्को प्रश्न, समाजशास्त्रीहरूको विचारार्थ । नेपालमा आधुनिक चिकित्सा आएको ५० वर्ष पनि भएको छैन । त्यो भन्दा अघि पनि त यहाँ आफ्नै, घरेलु-चिकित्सा प्रणाली थियो, आयुर्वेद थियो, आफ्नै स्थानीय जडीबूटीमा आधारित थुप्रै स्थानीय उपचार प्रणालीहरू थिए । अहिले किन र कसरी लोप भएर गएका छन् त ती उपचार प्रणालीहरू ? चीनमा पुरानो उपचार प्रणालीलाई खोजेर, पत्ता लगाएर, नयाँ आधुनिक उपचार प्रणालीतिर गाँसियो, फलस्वरूप अक्युपंचर जस्तो उपचार प्रणाली पैदा भयो । त्यस्तै गरी नेपालका पनि ती पुराना प्रभावकारी उपचार प्रणालीलाई खोज्न, फेरि पुनर्जीवित गर्न, जोगाउन र आधुनिक उपचार प्रणालीसित जोड्न सकिंदैन ? पुराना उपचार प्रणालीहरूमा रहेका खराव कुरालाई हटाउँदै, राम्रा कुरालाई लिंदै आधुनिक उपचार प्रणालीसँग तिनलाई कसरी एकीकृत गर्न सकिन्छ ? उदाहरणार्थ कसरी आयुर्वेद र प्राकृतिक चिकित्सा प्रणालीलाई आधुनिक प्रणालीसित जोड्न सकिन्छ ?

अर्को प्रश्न, अहिले नेपालमा स्वास्थ्य सेवा प्रणाली केन्द्रिकृत छ । सबै नीति निर्णय केन्द्रबाटै हुन्छन् । यसले जन सहभागितालाई उपेक्षा गरिरहेछ । यो स्थितिलाई फेरेर स्वास्थ्य सम्बन्धी नीति निर्णयमा जन सहभागिता कसरी सुनिश्चित गर्ने ? हेल्थपोष्ट कहाँ चाहिएको छ त्यसको निर्णय रामशाह पथको स्वास्थ्य मन्त्रालयमा होइन, जसलाई वास्तवमा चाहिएको छ, ती जनताले त्यहिं गर्ने स्थिति कसरी ल्याउने ? हामीलाई ठूलो अस्पताल हैन, यो हेल्थपोष्ट चाहिएको छ भन्न सक्ने स्थिति कताबाट कसरी जनतामा ल्याउने ? गाउँमा हेल्थपोष्ट छ, तर त्यहाँ उपचार गर्ने हेल्थ असिस्टेण्ट छैन । हेल्थ असिस्टेण्ट यहाँ उपलब्ध हुनै पर्छ भनेर माग गर्न सक्ने स्थितिमा कसरी ल्याउने गाउँ गाउँका जनतालाई ? अर्थात जनतालाई शक्तिशाली कसरी बनाउने ? उनीहरूलाई शक्ति सम्पन्न कसरी पार्ने ? यसवारे पनि यहाँ विचार विमर्श हुनेछ भन्ने मैले आशा लिएको छु । □ □

# स्वास्थ्य सेवामा वामपन्थी विकल्प

## समानताको आधारमा नेपालीहरूलाई स्वास्थ्य सेवा पुर्‍याउन आर्थिक हिसाबले सम्भव छ

**गोविन्दप्रसाद लोहनी**
**अर्थविद्**



समानताको आधारमा मेचीदेखि महाकालीसम्मका नेपालीहरूलाई स्वास्थ्य सेवा पुर्‍याउन आर्थिक हिसावले सम्भव छ कि छैन भन्ने सवाल यहाँ उठेको छ, मेरो विचारमा त्यो सम्भव छ । यो द्वैत नीति अप्नाएर सम्भव छ ।

हामीले नयाँ जनवादी क्रान्ति सम्पन्न गरिहाले पनि ५०/६०/७० वर्षसम्म अझै नयाँ जनवादी चरण नै हुनेछ । त्यहाँ वर्गहरू अझै रहीरहनेछन् । त्यसैले त्यहाँ वर्ग वर्ग बीचको असमानता पनि बाँकी रहनेछ । यो स्थितिमा स्वास्थ्य सेवामा द्वैत नीति अप्नाएर स्वास्थ्य सेवामा सफलता हासिल गर्नु सम्भव हुनेछ ।

द्वैत नीति भन्नाले धनीहरूलाई निजी क्षेत्रमा प्राइभेट क्लिनिक खोल्न दिएर वा सरकारी अस्पतालमै बढ्ता पैसा तिरेर स्वास्थ्य सेवा उपलब्ध गराउने नीति अप्नाउने र आम जनताहरूलाई, गरीबहरूलाई, मुफ्तमा वा निकै सस्तोमा स्वास्थ्य सेवा प्रदान गर्ने नीति अप्नाउने । वसन्त चौधरी विरामी पर्‍यो भने उसले लाखौं रूपैयाँ तिरेर आफ्नो ओखती उपचार गराउन सक्छ र गरोस्, उसलाई बढ्ता शुल्क लगाउनु पर्छ। निजी क्षेत्रको क्लिनिकमा ऊ जान चाहन्छ भने जाओस् र त्यहाँ बढी पैसा तिरे वापत उसले अलि बढी अत्याधुनिक उपकरणको सुविधा पनि उपभोग गर्न सक्ला, त्यो गरोस् । तर एउटा साधारण किसानले त त्यति पैसा तिर्न सक्दैन नि । त्यसैले, उसको लागि राज्यले जिल्ला जिल्लामा र केन्द्रमा पनि आधारभूत स्वास्थ्य सेवा निकै थोरै मूल्यमा उपलब्ध गराउने प्रबन्ध गर्नुपर्छ । उसले पनि आवश्यकता पर्दा बसन्त चौधरीले जस्तै सिटी स्क्यानिंग र एम.आर.आई. गर्न पाउने प्रबन्ध गर्नु पर्छ, निकै थोरै शुल्कमा ।


यस्तो द्वैत नीति अप्नाएरै स्वास्थ्य सेवामा समता हासिल गर्न सकिन्छ । सबै स्थितिमा मानिसलाई समान व्यबहार गर्नु समता होइन, असमानता हो । असमान स्थितिका मानिसलाई असमान नीति अप्नाइयो भने मात्र व्यबहारमा समता आउँछ । यस्तो द्वैत नीति चीनमा पनि अप्नाइएको छ र भारतमा पनि छ । त्यहाँ निजी क्षेत्रका थेरै शुल्क लिने सोफिष्टिकेटेड अस्पताल पनि छन् । थोरै शुल्क तिरे पुग्ने सवै आधुनिक सुविधा सम्पन्न सरकारी अस्पताल पनि छन् ।

There is no such thing as free lunch in the world संसारमा मुफ्त भन्ने कुनै कुरा हुँदैन, किनकि कुनै पनि कुरा मुफ्तमा उत्पादन हुँदैन । जे कुरा मुफ्त भनिएको हुन्छ, त्यसको उत्पादनमा पनि कतै न कतैबाट मूल्य परिरहेकै हुन्छ । राज्यले जुन कुरा मुफ्तमा दिएको भनिन्छ, त्यसमा पाउनेले मुफ्त पाए पनि राज्यको खर्च त त्यसमा भै राखेकै हुन्छ । र, त्यो खर्च जनताले तिरेको करबाटै व्यहोरिएको हुन्छ वा जनताले श्रम गरेर त्यो खर्चको लागि मूल्य पैदा गरेको हुन्छ । त्यसैले स्वास्थ्य सेवा पनि मुफ्त भनियो भने पनि त्यो वास्तवमा मुफ्त हुँदैन ।

स्वास्थ्य सेवामा पनि न्याय र समता ल्याउने हो भने- स्वास्थ्य सेवा मुफ्त होइन, छनौटमुखी मुफ्त Selective free हुनुपर्छ । जो बढी मूल्य तिर्ने क्षमता राख्छन्, उसलाई सरकारी अस्पतालमै बढी मूल्य, जो थोरै तिर्ने क्षमता राख्छन्, उसलाई थोरै मूल्य वा नाम मात्रको मूल्य । अर्थात् उही स्वास्थ्यसेवाको पनि रेट अलग अलग हुनु पर्‍यो, वर्गस्थिति अनुसार । समाजमा वर्ग रहेसम्म यो नीति अप्नाउनु पर्छ । धनीबाट बढी पैसा उठाएर गरीबलाई निकै सस्तोमा दिनुलाई अर्थशास्त्रमा भुक्तानीको स्थानान्तरण Transfer of payment भनिन्छ । भुक्तानीको यस्तो स्थानान्तरणद्वारा नै समाजमा स्वास्थ्य सेवामा न्याय र समता कायम गर्न सकिन्छ । यो आर्थिक हिसाबले सम्भव हुन्छ ।

ग्रामीण क्षेत्रमा जननीति लागु गर्न सकिन्छ । तर जननीति लागु गर्न जनसंगठन हुनु जरूरी हुन्छ । बामपन्थी पार्टीले गाउँ गाउँमा जन संगठन विकास गर्ने र जन संगठन मार्फत हरेक क्षेत्रमा जनताहरूलाई उनीहरूको समस्याको समाधान निम्ति जागृत र संगठित गर्ने । खालि स्वास्थ्य मात्र होइन, बाटो, शिक्षा, कृषि, नहर, उद्योग, सबै क्षेत्रमा यस्तो गर्न सकिन्छ । एउटा गाउँमा ५/१० जना पार्टीका प्रतिवद्ध मान्छे छन् भने उनीहरूले ५/१० सय जना मानिसहरूलाई जागृत र संगठित गर्न सक्छन् । स्वास्थ्य चेतना जागृत गर्न सक्छन् ।

अहिले नै पनि यस्तो कार्य थालनी गर्न सकिन्छ । यसको लागि सत्ता हातमा आउने दिन पर्खिराख्नु जरूरी छैन । जहाँ जहाँ बामपन्थीहरूको वर्चश्व भएका गा.वि.स.हरू छन्, जि.वि.स.हरू छन्, त्यहाँ त्यहाँ, केन्द्रीय सत्ता हातमा आएको वेला जस्तो पूरापूर गर्न नसकिएला, तर केही महत्वपूर्ण काम अहिल्यै थाल्न



**स्वास्थ्य सेवामा पनि न्याय र समता ल्याउने हो भने- स्वास्थ्य सेवा मुफ्त होइन, छनौटमुखी मुफ्त Selective free हुनुपर्छ । जो बढी मूल्य तिर्ने क्षमता राख्छन्, उसलाई सरकारी अस्पतालमै बढी मूल्य, जो थोरै तिर्ने क्षमता राख्दैन, उसलाई थोरै मूल्य वा नाम मात्रको मूल्य ।**

# स्वास्थ्य सेवामा क्रान्ति

सकिन्छ । जनतामा स्वास्थ्य चेतना जागृत गर्न सकिन्छ । जननीति लागु गर्न सकिन्छ । प्राथमिक स्वास्थ्य सेवाका मुख्य सिद्धान्त-हरू केही हदसम्म व्यवहारमा लागु गरेर देखाउन सकिन्छ । केन्द्रीय पृष्ठभूमि तयार गर्न सकिन्छ । पूरा, राम्रोसित भने क्रान्ति भएपछि नै गर्न सकिन्छ । तर प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी कामै थाल्नको लागि क्रान्तिको दिन पर्खिनु जरूरी हुन्न । अहिले जहाँ जहाँ जुन सीमित शक्ति र सत्ता प्राप्त भएको छ, त्यसको अधिकतम प्रयोग गर्ने र त्यस पछि अरू बढी शक्तिको लागि संघर्ष गर्ने नीति अप्नाइनु पर्छ । यसो गरियो भने चुनावको हिसावले पनि फाइदा हुन्छ, भरेको क्रान्तिको लागि पनि जग तयार हुन्छ ।

खालि स्वास्थ्य सेवामा क्रान्ति अरू क्षेत्रलाई छोडेर अलग अलग रूपमा हुन सक्दैन । स्वास्थ्य सेवा र चेतनासँग शिक्षा, बाटोघाटो, संचार माध्यम, बलियो आर्थिक जग सवै कुरा जोडिएर आउँछन् । ती क्षेत्रमा क्रान्ति नल्याईकन स्वास्थ्य क्षेत्रमा मात्र क्रान्ति संभव हुँदैन । भन्नाले, संपूर्ण क्षेत्रमा विकासको प्रक्रियासँगै स्वास्थ्य सेवाको पनि विकास संभव हुन्छ । अरू कुराको अभावमा स्वास्थ्यको मात्र विकास संभव हुन्न ।

यसमा पनि जननीतिको सवाल आउँछ । जनताको सजगता र सहभागिता नभई विकास संभव हुन्न । यो सजगता र सहभागिता बढाउन प्रतिबद्ध बाम पार्टीले नै भूमिका खेल्नु पर्ने हुन्छ- जन संगठन मार्फत, संचार माध्यम मार्फत, शिक्षा मार्फत । चीनमा देशव्यापी जन संगठनको जालो छ- त्यहाँको कम्युनिष्ट पार्टीको । प्रत्येक छिमेकमा समेत छिमेक जन कमिटीहरू छन् । ती कमिटी मार्फत पार्टीले महिला संघ र युवासँग परिचालित गरेर जन सहभागिता सुनिश्चित गर्ने र जन चेतना जागृत गर्ने काम गरिरहेको छ । को कहिले सुत्केरी हुने वाला छ, कसको घरमा के स्वास्थ्य समस्या छ, त्यसको समेत कम्प्युटरद्वारा हप्तेवारी रेकर्ड राख्ने गरिएको छ, त्यहाँ । त्यसैले त त्यहाँको सरदर आयु-यूरोपसरह ६९ वर्ष पुगेको छ । जनसंख्या वृद्धिदर फगत १ प्रतिशत छ । ❑❑

# स्वास्थ्य सेवामा आमूल हेरफेर ल्याउन परिवर्तन सम्बाहकको जरुरत हुन्छ

दीपेन्द्र क्षेत्री
अर्थविद्



स्वास्थ्य सेवालाई जीवनका अरू पक्षबाट अलग्याएर हेर्न मिल्दैन । खानेपानी, बातावरण, अर्थतन्त्र, कृषि, विज्ञान सवैले स्वास्थ्यमा असर गरिरहेको हुन्छ ।

हाम्रो स्वास्थ्यसेवा बिस्तारमुखी छ भन्ने डा. बन्तको कथन सही छ । सरकार सत्ता टिकाउनका लागि यति वटा अस्पताल बढाएँ, यति हस्पीटल, बेड बढे, यति डाक्टर-नर्स बढे भन्ने तथ्यांक पेश गर्नमै वेसी तल्लीन छ ।

यी सारा कुरामा आमूल परिवर्तन गर्नको लागि केन्द्रीय सत्ता नै हातमा आउनु जरूरी हुन्छ ।

जहाँसम्म नेपालमा समताको आधारमा स्वास्थ्य सेवा देशको कुना काप्चासम्म विस्तार गर्न सम्भब छ कि छैन भन्ने सवाल छ, त्यो आर्थिक हिसावले संभब छ ।

स्वास्थ्य सेवाको विकासको लागि नेपाल जस्तो देशमा आर्थिक रूपले संभब हुने एउटा कुरा हो- शारीरिक तन्दुरूस्ती विकास गर्ने कार्यक्रमहरू । यसको लागि त्यति खर्च लाग्दैन । तर यसमा आम स्तरमा निरन्तर ध्यान दिइयो भने जन स्वास्थ्यमा प्रगति आउँछ ।

परम्परागत ओखती प्रणालीलाई आधुनिक ओखती प्रणालीसँग जोड्ने कुरा पनि नेपालमा विल्कुल सम्भब छ । नेपालका आफ्नै त्यस्ता सैकडौं स्थानीय ओखतीमूलोहरू छन्, जसलाई खोजी निकाल्नु, जोगाउनु र आधुनिक ओखतीको सहायकको रूपमा प्रयोग गर्न सकियो भने स्वास्थ्य सेवामा निकै ठूलो योगदान हुन सक्छ ।

स्वास्थ्य सेवामा आमूल हेरफेर ल्याउन जनतामा स्वास्थ्य चेतना जागृत गर्न परिवर्तन संवाहक ( Change agent) को जरूरत हुन्छ । हाम्रो जस्तो मुलुकमा यसको लागि छुट्टै मानिस नियुक्त गर्नु आर्थिक हिसावले संभव हुँदैन । तर प्रत्येक वाम पार्टीका कार्यकर्ताहरू गाउँ गाउँका, इलाका इलाकामा छन् । तिनीहरूले Change agent को काम गर्न सक्छन् । उनीहरूलाई प्राथमिक स्वास्थ्य सेवा र रोगको रोकथाम सम्बन्धी न्यूनतम तालीम दिने अक्युपन्चरकै तालीम दिने र सानो सानो ओखतीको बक्सा अर्थात Kit नै उपलब्ध गराउने हो भने यसले ग्रामीण स्वास्थ्य चेतना जागृत गर्नमा र जनताको सहभागितामा स्वास्थ्य सेवा विस्तार गर्नमा निकै ठूलो भूमिका खेल्न सक्छ । यो निकै कम खर्चमा हुन सक्ने निकै ठूलो काम हो । प्रारंभिक किसिमका रोग व्याधहरूलाई त यस उपायद्वारा उन्मूलन नै गर्न सम्भब हुनेछ । यो उपाय चीनमा पनि त अप्नाइएको थियो ।

हामीसित थुप्रै राम्रा जडीवूटीका भण्डारहरू छन् । क्यान्सरको ओखती बनाउन काम लाग्ने एउटा जडीबूटी नेपालबाट थुप्रै मात्रामा विदेश निर्यात भइरहेछ । त्यस्ता असंख्य जडीबूटी यहाँ छन् । तिनको अनुसन्धान गरेर यहीं ओखतीहरू विकास गर्न सम्भव छ । यस्तो गर्न सके एउटा त नेपालमै थुप्रै असाध्य रोगका प्रभावकारी ओखतीहरू विकसित हुनेछन । अर्को तिनको निर्यात गरेर विदेशी मुद्राको आर्जन पनि गर्न सकिन्छ, जसबाट स्वास्थ्य क्षेत्रमा लगानी गर्नका लागि बढी पूँजी प्राप्त हुनेछ ।

सरकाले मिलीटरी र प्रहरी अस्पतालका लागि अलग्गै र मनग्गे बजेट बिनियोजन गरिरहेछ । यस्ता शीर्षकहरूमा हुने खर्चको रोकथाम गर्ने हो भने पनि जन स्वास्थ्यको निम्ति बढी पूँजी प्राप्त गर्न सम्भब हुनेछ । साथै धार्मिक मन्दिरहरूमा भेटी वापत जम्मा हुने रकम पनि त्यति कम हुँदैन । सुनिन्छ, पशुपतिका मूल भट्टको त कुरै छोडौं, सहायक भट्टहरूले मात्र महीना महीनामा एउटाले तीन तीन लाख रूपियाँ बाँड्छन् । यस्तो आम्दानी गर्ने मन्दिरहरू थुप्रै छन् । जन सम्मति प्राप्त गरेर यी निष्क्रिय रहने स्रोतहरूलाई जन स्वास्थ्यको निम्ति प्रयोग गर्ने नीति अप्नाइनु पर्दछ । स्वास्थ्य सेवाको क्षेत्रमा परनिर्भरता हटाउने यस्ता थुप्रै उपायहरू हुन सक्छन् । ❑❑



**"प्रत्येक बाम पार्टीका कार्यकर्ताहरूले Change agent को काम गरेर ग्रामीण स्वास्थ्य चेतना जागृत गर्नमा र जनताको सहभागितामा स्वास्थ्य सेवा विस्तार गर्नमा निकै ठूलो भूमिका खेल्न सक्छ ।"**

# स्वास्थ्य सेवामा वामपन्थी विकल्प

## वाममन्थी विकल्प भनेको स्वास्थ्यमा जननीति, जनसहभागिता र जनमुखी स्वास्थ्य प्रणाली हो




**डा. चैतन्य मिश्र**
**समाजशास्त्री**

समाजशास्त्रीय हिसावबाट नेपालमा विद्यमान परम्परागत ओखती प्रणालीलाई आधुनिक ओखती प्रणालीसित जोड्नु संभव हुन्छ कि हुन्न, यसबारे भवाट्ट भनी हाल्नु त्यति सजिलो छैन । यसले लामो अनुसन्धानको माग गर्छ ।

दुईवटा लेखबाट मैले सिकेका कुराहरू भनेका चीन र सोभियत संघका स्वास्थ्य प्रणालीको जानकारी, जनताको शक्तिकरणमा दिइएको जोड र विभिन्न ओखती प्रणालीको एकीकरण कसरी गर्न सकिन्छ र चीनमा त्यो कसरी भयो भन्ने कुराको जानकारी हो । तर लेखमा अलिकता बढी ध्यान पुऱ्याउनु पर्ने, तर नपुगेका कुराहरू म अगाडि राख्न चाहन्छु ।

हाम्रो विचार र व्यवहार भनेको आदर्श र यथार्थ वीचको तानातानीको उपज हो । दुईवटै लेखमा आमूल रूपमा परिवर्तित स्थितिको विचार गरेर नेपालको लागि त्यो बाटो ठीक छ कि छैन भन्ने कुरा उठाइएको छ । यो आदर्शको सवाल ठीकै हो । तर के पनि बिर्सनु भएन भने हामी भरेङको तल्लो खुडकिलोमा छौं । हाम्रो यो यथास्थितिको बिचारै नगरेर आदर्शका सबै खुडकिलाहरू एक्कैचोटि चढ्ने कल्पना गर्नु उचित हुन्न जस्तो मलाई लाग्छ । आदर्शको कुरा गर्दा हामीले हमेशा यथास्थितिलाई मध्य नजरमा राख्नु पर्छ । आदर्शलाई मात्र आँखा उठाएर हेरेर काम लाग्दैन ।

त्यसैले, एकातिर हामीले आमूल परिवर्तन कसरी हुन सक्छ भन्नेतिर हामी लाग्नु पर्छ भने, अर्कोतिर स्वास्थ्य भित्र सुधारवादी देखि लिएर क्रान्तिकारी परिवर्तनसम्म कसरी गर्न सकिन्छ भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ भन्ने मलाई लाग्छ ।



**स्वास्थ्य सेवामा सुधारवादीदेखि लिएर क्रान्तिकारी परिवर्तनसम्म कसरी गर्न सकिन्छ भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ ।**

हामीले यहाँ चीनको र सोभियत संघका अनुभवहरूको विवेचना गऱ्यौं । त्यसको साथसाथ आमूल परिवर्तन भएको नठानिने ठाउँहरू भारतको केरला र श्रीलंकाले स्वास्थ्य क्षेत्रमा गरेका विकासको विवेचना यहाँ गरिएको भए अरू राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । चीनको उदाहरण राम्रो छ, तर एकांगी भयो ।

त्यस्तै गरेर नेपालमै पनि स्वास्थ्य क्षेत्रमा केही उपलब्धिहरू भएका छन्, जस्तो औलो नियन्त्रण, बिफर उन्मूलन, पुनर्जलीय उपचार आदि क्षेत्रमा । हुनु पर्ने जति उपलब्धि पक्कै भएको छैन, तर केही न केही उपलब्धि पक्कै भएको छ । यो कसरी भयो त ? हाम्रा यी अनुभवहरूको पनि विवेचना गरेपछि मात्र हामीले कुन बाटो जाने भन्ने कुरा पहिल्याउन अलि सजिलो हुन्थ्यो, चीनको मात्र उदाहरण अघि सार्नु भन्दा ।

जन स्वास्थ्यमा जन सहभागिता कसरी बढाउने भन्ने सवाल छ, त्यसमा सबभन्दा पहिले सामुदायिक तहमा, सबै तहमा स्वास्थ्य सम्बन्धी शिक्षा कसरी बढाउने भन्ने सवालमा आधारित भएर काम थाल्न जरूरी छ । कान्तिकारी पार्टीले गर्ने काम वाहेक नै अहिलेकै यथास्थितिमा स्कूलको पाठ्यक्रममा राखेर हुन्छ कि, वा सामुदायिक तहमा स्वास्थ्यको Action research (कार्य अनुसन्धान) गरेर हुन्छ कि, स्वास्थ्य चेतना फैलाउने काम थाल्नु जरूरी छ ।

अर्कोतिर अघि विकेन्द्रीकरणको सवाल उठेको थियो, डा. शरद वन्तवाट । त्यो ज्यादै जरूरी छ । राजनीतिको पनि, अर्थतन्त्रको पनि र स्वास्थ्य प्रणालीको पनि विकेन्द्रीकरण लागु गर्नु जरूरी छ । यसमा जोड दिनु जरूरी छ । अहिलेको यथास्थितिमा राजनीतिक पार्टीहरू, जि.वि.स., गा.वि.स.हरूलाई यो प्रक्रियामा कसरी सहभागी बनाउने भन्ने कुरामा विचार पुऱ्याउनु जरूरी छ ।

केही ठाउँमा NGO हरूले गरेको सरसफाइ, ल्याट्रिन सम्बन्धी जनचेतना जगाउने कामले मात्र पनि २/३ वर्षमै जन सहभागितामा दिशा पखाला र आउँ केही नियन्त्रित भएको मैले पाएको छु । फगत सरसफाइमा गरिएको जोडले मात्र यति नतिजा ल्याउँछ भने यो भन्दा धेरै काम हुन सम्भव छ र यो भन्दा धेरै उपलब्धि हासिल गर्न सम्भव छ भन्ने चाहिं यसले देखाउँछ, यद्यपि यो एउटा फुट्टो उदाहरण मात्र हो । केही ठाउँमा पशुहरूको स्वास्थ्य उपचारको लागि जन-सहभागितामा Rovolving Fund खडा गर्नाले पशु स्वास्थ्यमा धेरै सुधार आएको मैले देखेको छु । यस्ता हाम्रै देशका अनुभवबाट हामीले सिक्नु पर्छ र निचोड निकाल्नु पर्छ भन्ने मलाई लाग्छ ।

मेरो विचारमा वामपन्थी विकल्प भनेको नै, अघि डा. मास्के र शरदले राख्नु भए जस्तो, स्वास्थ्यमा जननीति, स्वास्थ्य सेवामा जन सहभागिता र जनमुखी स्वास्थ्य प्रणाली हो । स्वास्थ्य सम्बन्धी नीति निर्णयमा कसरी घर घरको र जन समुदायको सहभागिता हुन्छ, कसरी उनीहरूको नियन्त्रण कायम हुन्छ भन्ने कुरा नै बामपन्थी विकल्प हो ।

जहाँ सम्म प्राथमिक स्वास्थ्य सेवाको सवाल छ, प्रतिरोधात्मक स्वास्थ्य सेवाको सवाल छ, समताको आधारमा त्यो गर्नु आर्थिक हिसावले सम्भव छ भन्ने मलाई लाग्छ । सामुदायिक तहमा जन सहभागितामा प्राथमिक स्वास्थ्य सेवा र प्रतिरोधात्मक उपचार गर्नु नेपालमा पनि सम्भव छ । अघि लोहनीज्यूले भन्नु भए जस्तो एकातिर थोरै मात्र भए पनि स्वास्थ्य सेवाको शुल्क लिइनु पर्छ र अर्कोतिर यसमा जनताको स्रोत साधनको पनि परिचालन गर्नुपर्छ, मुफ्त केही पनि गरिनु हुन्न । सहभागिता भनेको नीति निर्णयमा सहभागिता मात्र हैन, आफ्नो स्वास्थ्य उपचारमा आफ्नो स्रोत साधनको सहभागिता पनि हो । तिर्न नसक्नेको लागि मात्र अलगै प्रबन्ध गर्नुपर्छ ।

❐❐

## नाङ्गो खुट्टे डाक्टरलाई म सकारात्मक पहलको रुपमा स्वीकार्छु

**डा. सरोज धिताल**
**(चीन सम्बन्धी प्रत्यक्ष अनुभव समेत प्राप्त स्वास्थ्यविज्ञ)**

चीनमा म १२ वर्ष बसें । म १९७४ मा जति बेला चीन गएँ, त्यो माओकालीन चीन थियो । माओको मृत्यु पछाडिको परिवर्तित चीन पनि मैले देखें । म पहिलो चोटि चीनबाट फर्कन लाग्दा चीन अहिले जे छ, त्यो बाटोमा हिंडिसकेको थियो । १९८५ मा म फेरि गएँ र १९९० सम्म बसें । यसरी मैले दुवै चीन देखेको छु- माओकालीन र माओको मृत्युपछिको हालको चीन ।

महेशको लेखमा नांगोखुट्टे डाक्टरको अनुभव नेपालमा पनि प्रासंगिक छ भन्ने सवाल उठाइएको छ । मैले नांगो खुट्टे डाक्टर (Barefoot Doctor) देखेको छु र उनीहरूसँगै काम पनि गरेको छु । Barefoot Doctor को जुन छाप मेरो कलिलो मनमा त्यतिखेर परेको थियो, त्यो ज्यादै नै सकारात्मक थियो र अहिले पनि म त्यसलाई सकारात्मक पहलको रूपमा स्वीकार्छु । तर दुःखको कुरा, अहिले चीनले Barefoot Doctor को धारणालाई पूरापूर छोडिसकेको छ । म १९८५ मा चीन जाँदा Barefoot Doctor को सवाल उठाउँदा उनीहरू हाँस्थे । उनीहरूको लागि अब यो हास्यास्पद कुरा भएको छ, जसरी तिमी कम्युनिष्ट पार्टीको सदस्य हौ ? भनेर सोध्दा

**स्वास्थ्य सेवामा क्रान्ति**

# नाङ्गो खुट्टे डाक्टर : चीन र नेपालको सन्दर्भमा प्रश्नोत्तर

उनीहरूको लागि अहिले हास्यास्पद कुरा भएको छ । तर जतिखेर म शुरूमा गएँ, त्यतिखेर त्यस्तो थिएन । उनीहरूको नांगो खुट्टे डाक्टर बारे राम्रो र स्पष्ट धारणा थियो । त्यतिखेर अनौपचारिक शिक्षाबाट क्रमशः विकसित हुँदै गएका स्वास्थ्य कार्यकर्तालाई "नांगा खुट्टे डाक्टर" Barefoot Doctor भनिन्थ्यो । मैले (Barefoot Doctor) ले अपरेशन गरेको देखेको छु-गल ब्लाडरको (पित्ताशयको) । जसलाई कुनै समुदायले वेयर फुट डाक्टर वनाउने भनिएको छ, उसलाई शुरूदेखि नै विरामीको संसर्गमा ल्याइन्थ्यो । अलि अक्यूपन्चर, अलि अलि जडीबूटीको, परम्परागत ओखतीको ज्ञान दिइन्थ्यो । यो यो रोगमा यसो गरियो भने राम्रो हुन्छ, यसो गरियो भने खराब हुन्छ भनेर व्यावहारिक उदाहरणद्वारा उनीहरूलाई सिकाइन्थ्यो । उनीहरू झन झन विरामीको संसर्गमा आउँछन्, प्रत्यक्ष



अनुभवबाट झन् झन सिक्दै जान्छन् र विस्तारै घाउ चिर्न, ससानो अपरेशन गर्न सिक्छन् । त्यतिखेर उनीहरूको प्रत्येक नांगो खुट्टे डाक्टरलाई ८/१० वर्षभित्र एउटा विश्वविद्यालयको स्वास्थ्य विषयको स्नातक अर्थात यहाँको एम.बी.बी.एस. सरह पुऱ्याउने प्रष्ट योजना थियो । माओ बाँचुन्जेल त्यो योजनाले राम्रोसित काम गऱ्यो । तर अहिले त्यहाँ त्यस्ता डाक्टर छैनन् । यस्तो किन भयो त आखिर ?

मेरो नितान्त व्यक्तिगत व्याख्या के हो भने- उनीहरूले त्यतिखेर नांगो खुट्टे डाक्टरको राम्रो क्रान्तिकारी धारणा ल्याउन त ल्याए, तर यो खालि माथिबाट लादियो । मानिसहरूले तलबाट, बुझेर त्यसलाई अभ्यास गरेका थिएनन् र जब माथिबाट गराउने मान्छे रहेनन्, त्यो पनि त्यत्तिकै लोप भयो । अर्थात तलका मान्छेको संस्कृतिमा भिजेर, उनीहरूको आफ्नै बुझाइ र सम्मति अनुसार त्यो आउन सकेन । माओको पालामा जे जति राम्रा कुराहरू भए, ती माथिको चेतनाबाट लागु गर्ने कुरा त भए, तर जनताको शक्ति सम्पन्नताबाट त्यो कुरा भएको थिएन । □□

**डा. चैतन्य मिश्र** : *जस्तो म विरामी परें । तर नांगो खुट्टे डाक्टर आएन भने त्यतिखेर के गर्ने गरिन्थ्यो ?*

**डा. सरोज** : नांगो खुट्टे डाक्टर भनेको त्यही समुदायमा घुमिरहने, त्यहींकै किसान हुन्थ्यो, जसले डाक्टरको रूपमा केही प्राथमिक स्वास्थ्य सेवाको ज्ञान र साधन प्राप्त गरेको हुन्थ्यो । त्यसैले चाहिंदा नआउने भन्ने कुनै प्रश्न नै थिएन । यहाँका क्वाँकहरूले जस्तो त्यहाँका केही नांगो खुट्टे डाक्टरहरूले कुनै बदमासी नै गरेका थिएनन् भन्ने होइन । गरेका थिए, तर आधारभूत रूपमा र जम्मा जम्मीमा उनीहरूले राम्रो काम गरिरहेका थिए । उनीहरूप्रति जनताको आशा थियो । उनीहरू धेरै संख्यामा थिए र चाहिंदा उपलब्ध हुन्थे ।

**डा. महेश मास्के** : नांगो खुट्टे डाक्टरलाई अलग अलग रूपमा हेर्नु वेठीक होला । खालि नांगो खुट्टे डाक्टरले चीनमा अदभुत कार्य गरेका थिए भनेर बुझ्नु गल्ती हुनेछ । नांगो खुट्टे डाक्टर भनेको सबभन्दा तल्लो तहको जन समुदायमा आधारित, उनीहरूबाटै चुनिएको स्वास्थ्य कार्यकर्ता थियो, जो साथसाथै एउटा किसान पनि थियो । यस अर्थमा ऊ अर्द्ध किसान थियो । उसको पछाडि चीनियाँ स्वास्थ्य प्रणालीको पूरापूर समर्थन थियो । ऊ स्वास्थ्य प्रणालीकै एउटा अभिन्न अंग थियो । उसलाई के तालीम दिने, कस्तो तालीम दिने त्यसको निर्णय स्वास्थ्य प्रणालीले गर्थ्यो । तर ऊ समुदायमा रहन्थ्यो र काम पर्दा खेतमा पनि काम गर्थ्यो र माग भएको बेला स्वास्थ्य कार्यकर्ताको रूपमा प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउँथ्यो । मैले बुझेको नांगो खुट्टे डाक्टरको अवधारणा यो हो ।

एउटा बूँदा के भने- हाम्रो नेपालको ग्रामीण स्वास्थ्य कार्यकर्तालाई नांगो खुट्टे डाक्टरसँग दाँज्यौं भने गल्ती हुनेछ, यद्यपि यो त्यसैको नक्कल स्वरूप आएको हो । यहाँ ग्रा.स्वा.का. लाई फगत तीन महीने तालीम दिइन्छ, अरू केही हुँदैन । न त उनीहरू समुदायद्वारा चुनिएका हुन्छन्, न समुदायमा आधारित । न उनीहरूको योजनाबद्ध विकासको कुनै योजना छ । खोप दिने सिवाय उनीहरूको अर्को काम देखिन्न । त्यसैले यी दुई एउटै होइनन् ।

**गोबिन्द लोहनी** : *अहिले चीनमा जो १७ लाख डाक्टररू छन्, ती तिनै नांगोखुट्टे डाक्टरबाटै बिकसित भएका हुन कि नयाँ तालीम प्राप्त हुन् ?*

**डा. सरोज** : ती नांगो खुट्टे डाक्टरबाट आएका हैनन् । अहिले चीनमा नांगो खुट्टे डाक्टर भन्ने कुनै कुरै छैन ।

**गोबिन्द लोहनी** : *चीनले त्यसो भए १७ लाख डाक्टर कसरी निकाल्न सक्यो, जबकि भारतमा डेढ लाख डाक्टर मात्र छन् ?*

**डा. सरोज** : थाहा छैन, कसरी निकाल्यो । तर चीनमा मेडिकल कलेजको संख्या पनि धेरै छ र त्यहाँ प्रवेश गर्नु भारतको भन्दा सजिलो पनि छ । त्यसैले हो कि ?

**डा. महेश** : चीनमा १९४९ देखि १९६५ सम्ममा मात्र १ लाख डाक्टरहरू नांगो खुट्टे डाक्टरबाट बिकसित हुँदै डाक्टर बनेका थिए । त्यहाँ ती नांगो खुट्टे डाक्टरलाई निरूत्साहित नै गर्दा पनि त्यहाँको मेडिकल कलेजकै बाटोबाट त्यति धेरै डाक्टर पैदा हुन नसक्ने म देख्दिन । नेपालमा पनि गाउँ गाउँमा काम गर्ने "अहेव र अनमी" बाट डाक्टर पढ्न पाउने प्राबधान थियो । अहिले त्यसलाई सरकारले निरूत्साहित गर्दैछ र त्यो प्रणाली मर्न लागेको छ । अब स्वास्थ्य झन बढी शहर केन्द्रित, सुविधा सम्पन्न वर्ग केन्द्रित हुन लाग्दैछ ।

**गोबिन्द लोहनी** : चीनमा यस वीच १७/१८ सय शहरहरू विकास भएका छन् । अहिले त्यहाँ ७० करोड जनसंख्या शहरमा र ४० करोड मात्र गाउँमा छन् । अब त्यसैले गाउँलाई मात्र जोड दिनु पर्ने स्थिति नै त्यहाँ बाँकी छैन । त्यसैले त्यहाँको स्वास्थ्य नीति फेरिएको हुन सक्छ ।

**डा. महेश** : नांगो खुट्टे डाक्टर खालि गाउँको निम्ति बिकसित गरिएको अवधारणा हैन । शहरमा पनि उनीहरू थिए । उनीहरूलाई "मजदूरको डाक्टर" पनि भनिन्थ्यो । यी दुवै चीनको नयाँ नेतृत्वको नीतिले गर्दा खतम भएका हुन् । अब त्यहाँको स्वास्थ्य नीति बढी भन्दा बढी शहर केन्द्रित भएको छ ।

**डा. सरोज** : म के स्पष्ट पार्न चाहन्छु भने- १९४९ अघि चीनमा डाक्टरी कोर्स पूरा गर्न पूरापूर ८ वर्ष लाग्थ्यो । क्रान्तिपछि थुप्रै डाक्टरहरू, बुद्धिजीवि र बैज्ञानिकहरू विदेश भागे । जनताको सेवा गर्नु थियो, त्यसैले त्यो आवश्यकता पूरा गर्न त्यहाँ ८ वर्षको कोर्सलाई खुम्च्याएर ५ वर्षको पारियो । सांस्कृतिक क्रान्ति ताका त त्यो तीन वर्षको समेत पारियो । कसरी छिटोभन्दा छिटो सक्षम बौद्धिक जनशक्ति तयार पार्ने भन्ने उनीहरूको चिन्ताको फलस्वरूप यस्तो गरिएको थियो । यही उपायबाट त्यति छिटै त्यति धेरै डाक्टर निकालिएको थियो । नांगो खुट्टे डाक्टरबाट डाक्टरहरू धेरै निक्लिए भन्ने कुरा होइन ।

तथापि चीनको नांगो खुट्टे डाक्टरको प्रयोग अन्तर्राष्ट्रिय रूपमै धेरै महत्वपूर्ण अनुभव थियो । त्यो धेरै नै सकारात्मक, धेरै नै प्रगतिशील, धेरै नै क्रान्तिकारी अनुभव थियो, जुन नेपाल जस्तो देशको निमित्त पनि कामलाग्दो अनुभव हुन सक्छ । महेशले त्यो अवधारणा समुदायबाटै जन्म्यो भन्न खोजेको जस्तो लागेको छ । कुरा त्यो होइन । त्यो लादिएको कुरो थियो, नेतृत्वबाट । महान नेताको शिक्षा

> *“ नांगो खुट्टे डाक्टरको प्रयोग धेरै नै सकारात्मक, धेरै नै प्रगतिशील, धेरै नै क्रान्तिकारी अनुभव थियो, जुन नेपाल जस्तो देशको निमित्त पनि कामलाग्दो अनुभव हुन सक्छ । ”*



भनेर लागु गरिएको थियो । जनताको शक्तिकरणबाट जनताको संस्कृतिको रूपमा आएको कुरा त्यो थिएन । त्यसैले त्यो हट्दा जनताबाट कुनै संघर्ष र प्रतिरोध भएन ।

डा. मिश्रले वाम विकल्पको सवाल निकाल्नु भएको छ । वाम विकल्प भनेको, मेरो बिचारमा, स्वास्थ्यको क्षेत्रमा पनि जनताको शक्तिकरण गर्नु हो । यस मामलामा हामी नांगो खुट्टे डाक्टरको अनुभवबाट धेरै कुरा सिक्न सक्छौं ।

भर्खरै म एउटा चेपांगको बस्तीमा साथीहरूसित गएको थिएँ । एउटा सानो गैर सरकारी संस्थाले त्यहाँ डेढ वर्षदेखि काम गर्दै रहेछ । तर डेढ वर्षको बीचैमा उनीहरूको कामले बालकको मृत्युदरमा ठूलो अन्तर ल्याएको रहेछ । त्यहाँ काम गर्ने मानिस कोही पनि स्वास्थ्यबिज्ञ थिएनन् । उनीहरूले "डाक्टर नभएमा" भन्ने किताव हेर्दै त्यहाँ पुनर्जलीय उपचार व्यापक रूपमा थालेका रहेछन् । फगत त्यतिले मात्र पनि बालकहरू अकालमै मर्ने घटना धेरै रोकिएको हरेछ । एउटा चेपाङ्गले १२/१३ बच्चा जन्माउने, त्यसमध्ये ४/५ वटा बच्चा मात्र बाँच्ने । अब सबै बच्चा बाँच्न थालेपछि त ख्वाउने पियाउने समस्या पैदा भयो । एउटी चेपाङनीले मलाई फर्कने बेलामा सोधी "साप, बच्चा नजन्माउन के गर्नु पर्छ ?"

मैले यो कुरो किन उठाएको भने- नांगो खुट्टे डाक्टरको जुन प्रयोग भएको थियो चीनमा, त्यो नेपालको सन्दर्भमा पनि धेरै प्रासंगिक छ । त्यो धारणा नै काम नलाग्दो भएको होइन । खालि त्यो लादियो, त्यसैले खतम भयो । तर त्यसको सान्दर्भिकता नेपाल जस्तो देशको लागि अझै धेरै छ । हामीले यो लाद्नु भने हुँदैन । वामपन्थी पार्टीहरूले चुनाव जित्नका लागि वा जस लिनका लागि कुनै गाउँमा स्वास्थ्य कार्यक्रम चलाउने हो भने त्यो पनि स्वास्थ्य कार्यक्रम लाद्नु नै हुनजान्छ । त्यस्तो गर्ने हैन । जनताको चेतना बढाएर, जनताको सजगता र सहभागिता बढाएर जनतालाई शक्तिशाली पार्ने उद्देश्यका लागि हामीले गाउँ गाउँमा स्वास्थ्य सेवा चलाउनु पर्‍यो । अनि मात्र त्यो बाम विकल्प हुन जान्छ ।

मैले पाएको के भने - कुनै सत्ताले पनि, फगत सत्ताको लागि संघर्षरत कुनै पार्टीले पनि र बाम पार्टीले समेत सत्तामा आए पछि जनतालाई शक्तिशाली बनाउन चाहँदैन । खालि सत्ताको भोक नभएको गैर सत्तामुखी जनताको आन्दोलनले मात्र जनतालाई शक्तिशाली बनाउन सक्छ । के नेपालका बाम पार्टीहरू यस्तो आन्दोलनको अभिन्न अंग भएर जनतालाई साँच्चै नै शक्तिशाली बनाउन तयार छन् ? बिश्वमा र नेपालमा पनि बिनामसीहाको, बिना कुनै धर्मगुरूको त्यस्तो आन्दोलन जन्मिसकेको छ ।

❐ ❐

# स्वास्थ्य सेवामा वामपन्थी विकल्प



## स्वास्थ्यलाई राजनीतिसित अलग्याएर हेर्न मिल्दैन

### डा. भरत प्रधान : स्वास्थ्यविद्

**स्वा**स्थ्यलाई राजनीतिसित अलग्याएर हेर्न मिल्दैन । राजनीतिक तहमा जुन निर्णयहरू लिइन्छ, त्यो स्वास्थ्यको लागि पनि निर्णायक कुरा हुन्छ । उत्तिकै छोडिदिने हो भने हामीले स्वास्थ्य सेवामा केही परिवर्तन गर्न सकिएला जस्तो लाग्दैन । यहाँ अहिले जनताको शक्तिकरणको कुरो उठिसकेको छ । महेशले त्यसको बारे लेखै लेख्नुभयो र हामी यहाँ छलफल गर्न बसेका छौं । अब यसबारे राजनीतिक पार्टीका नेताहरूले बोल्नु उचित हुनेछ ।

❐

## स्वास्थ्य सेवामा आमूल परिवर्तन गर्नको लागि

# नांगो खुट्टे डाक्टरको धारणा अझै प्रासंगिक छ

### क. रोहित

**अध्यक्ष, नेपाल मजदूर किसान पार्टी**

"**मू**ल्यांकन" ले अत्यन्त महत्वपूर्ण विषयमा अन्तर्क्रियाको आयोजना गरेको छ । दुवै लेख मैले हेरें ।

जसरी ज्ञान र बिज्ञानका कुराहरू सबभन्दा पहिले माथिल्लो वर्गले पाउने र त्यसपछि मात्र तल्लो वर्गले पाउने गरिरहेको छ, त्यसरी नै स्वास्थ्य सेवा सम्बन्धी उपलब्धिहरू पनि सर्वप्रथम माथिल्लो वर्गले नै पाउने गरिरहेको छ । हामीले यो स्थिति अन्त गर्नुपरेको छ । जबसम्म राज्य सत्तामा गरीब वर्गको पकड हुँदैन, यो स्थिति तबसम्म अन्त हुने छैन ।

चीनमा जनमुखी राजनीतिको अभिन्न अंगका रूपमा जनमुखी स्वास्थ्य सेवाको अवधारणा आयो भनेर लेखमा देखाउन खोजिएको छ । त्यो सही हो । चीनमा जुन जुन इलाकामा कम्युनिष्टहरूको कब्जा हुन्थ्यो, त्यो त्यो इलाकामा शुरूदेखि नै सरसफाइ, स्वच्छ खानेपानी जस्ता कुरामा ध्यान दिन थालेको थियो । सत्ता प्राप्त भएपछि गाउँमा रहेका धामीझाँक्री आदिलाई उन्मूलन गर्न खोज्दा उनीहरूको दानापानी नै हरण हुन लाग्यो भनेर विरोध भयो । त्यसपछि तिनीहरूलाई पनि प्राथमिक स्वास्थ्य सेवाको तालीम दिइयो र ती नांगो खुट्टे डाक्टर बने । बास्तवमा नांगो खुट्टे डाक्टर भनेका किसान डाक्टर थिए ।

◆

नेपालमा स्वास्थ्य सेवामा आमूल परिवर्तन गर्नको लागि नांगो खुट्टे डाक्टरको धारणा प्रासंगिक छ । त्यसको उदाहरण भक्तपुर नगरपालिकाले चलाएको स्वास्थ्य कार्यकर्ता तालीम हो ।

◆



शहरका डाक्टरहरू धरैजसो गाउँमा जानै नचाहने स्थितिमा नांगो खुट्टे डाक्टर नै एउटा उपाय थियो, जसले गर्दा गाउँले जनताले पनि प्राथमिक स्वास्थ्य सेवा पाउँथे ।

जहाँसम्म नेपालमा स्वास्थ्य सेवामा आमूल परिवर्तन गर्नको लागि नांगो खुट्टे डाक्टरको धारणा प्रासंगिक छ कि छैन भन्ने सवाल उठेको छ, त्यो मेरो विचारमा, अझै पनि प्रासंगिक छ । त्यसको उदाहरण भक्तपुर नगरपालिकाले चलाएको स्वास्थ्य कार्यकर्ता तालीम हो । प्रत्येक वडामा दुई जना स्वास्थ्य कार्यकर्तालाई तालीम दिइन्छ र उनीहरूको काम त्यो वडाका जनतामा खोप दिनु र स्वास्थ्य चेतना फैलाउनु हो । त्यसले त्यहाँ जनताको स्वास्थ्यमा निकै परिवर्तन ल्याएको छ । अझै फोहोरी बानी त पूरै गईसकेको छैन । वर्षमा केहीको मृत्यु त फोहोरको कारणले नै हुन्छ । तथापि जनतामा स्वास्थ्य चेतना ल्याएर उनीहरूकै सहभागितामा जन स्वास्थ्य वृद्धि गर्न सकिन्छ भन्ने चाहिं त्यसले देखाउँछ । त्यसैले Barefoot Doctor को अनुभव नेपालमा प्रासंगिक छ ।

अर्को, हामीले पार्टी र जनवर्गीय संगठन परिचालन गरेर चीनमा जस्तै यहाँ पनि प्रतिरोधात्मक कामहरू गर्न संभव छ । रोग लाग्नु अघि नै रोगै लाग्न नदिने यस्ता प्रतिरोधात्मक कामहरू गरेर धेरै रोगहरूलाई रोकथाम र खत्तम पार्न सकिन्छ । हाम्रो यहाँ धेरै जसो रोग पेटबाट हुन्छ र त्यो फोहोर पानी र खानेकुराबाट हुन्छ । यी रोगहरू जनतामा सरसफाइ र स्वच्छ पानी सम्बन्धी चेतना फिंजाएरै उन्मूलन गर्न सकिन्छन् । त्यसैले चीनमा जस्तै नेपालको स्वास्थ्य सेवामा पनि क्रान्ति ल्याउन प्रतिरोधात्मक कामहरू गर्नु नितान्त सान्दर्भिक छ । यी कामहरू क्रान्ति हुनु अघि नै थाल्न सकिन्छन् ।

बनारसमा बस्दा के थाहा पाइयो भने त्यहाँ हरेक पटक जनसंघ जित्नुको रहस्य जन संघले जनताको जीवनको हरेक पाइलामा सहयोग सेवा पुऱ्याउँदो रहेछ । धारा, पानी, स्वास्थ्य, शिक्षा सबैमा त्यसले जनतालाई सेवा पुऱ्याउँदो रहेछ । जाबो जनसंघले यस्तो गर्न सक्छ, हामी वामपन्थीहरू किन त्यस्तो गर्न सक्दैनौं ? हामी वामपन्थीहरूले पनि जनताको जीवनको हरेक



## स्वास्थ्य सेवामा क्रान्ति

पक्षमा जनताको सेवा गर्ने नीति अप्नाउनु पर्छ। सत्ता स्वार्थको लागि होइन, निस्वार्थ रूपले यो काम गरिनु पर्छ। त्यसको प्रयोग हामीले भक्तपुर-मा गरिरहेछौं।

अर्को, हामीले नेपालमा गर्न सक्ने कुरा हो- पश्चिमेली उपचार प्रणाली, आयुर्वेद, होमियोप्याथ; एक्युपन्चर लगायत सबै उपचार विधिहरूको एकीकरण। चीनमा "विदेशले देशको सेवा गर्नु पर्छ" भनेर त्यहाँको परंपरागत आयुर्वेद जस्तै उपचार प्रणालीसित पश्चिमी उपचार प्रणालीको एकीकरण गरिएको थियो। "पुरानाले नयाँको सेवा गर्नु पर्छ" भनेर पुराना सबै ओखती प्रणालीहरूको खोजी गरेर त्यसलाई आधुनिक रूप दिइयो। यो कुरा नेपालको लागि पनि प्रासंगिक छ। यस्तो गर्न सकियो भने स्वास्थ्य सेवाको मामलामा ठूलो हेरफेर आउँथ्यो। स्वास्थ्य सेवा निकै सस्तो पनि पर्न जान्थ्यो।

जहाँसम्म विकेन्द्रीकरणको कुरा उठ्यो, त्यसमा मेरो धारणा के भने केन्द्रियता पनि नभई हुँदैन। हरेक गिलासको पानी सफा गर्नु भन्दा रिजर्भ्वाएर नै सफा गर्नु राम्रो र पर्ता पर्ने हुन्छ। त्यसैले केन्द्रीयताको विरोध गर्‍यौं भने हामी कामै गर्न सक्दैनौं जस्तो लाग्छ। एन.जी.ओ मार्फत १०-८ ठाउँमा काम गर्न सकिन्छ। तर त्यो भन्दा धेरै काम प्रभावकारी रूपबाट राज्यसत्ता हाम्रो हातमा भएपछि गर्न सकिन्छ। छोटो अवधिमा धेरै व्यापक जनसेवाका काम राज्यसत्ता हातमा भएमा गर्न सकिन्छ। तर यसको मतलव अहिले जनसेवाको काम थाल्नु हुन्न भन्ने होइन। काम अहिले नै थाल्नु पर्छ। जहाँ जहाँ बामपन्थीको पकड हुन्छ, त्यहाँ त्यहाँ जनताको स्वास्थ्यमा हेरफेर ल्याउने काम अहिल्यै थाल्नु सम्भव पनि छ। चीन र कोरियामा पनि क्रान्तिअघि नै यस्तो काम थालिएको थियो।

उत्तर कोरियामा मैले आश्चर्यजनक स्वास्थ्य प्रणाली देखें। खालि अनिवार्य शिक्षा मात्र थाहा थियो, तर त्यहाँ त अनिवार्य स्वास्थ्य उपचार सेवा पनि रहेछ। चीनमा जस्तै डाक्टरहरू त्यहाँ खेत खलिहानमा जाँदा रहेछन्। निश्चित समयमा डाक्टर देखाउनु अनिवार्य गरिएको रहेछ, त्यहाँ। गाउँको एउटा सहकारीमा १२ जना डाक्टर रहेछन्। तर दुईजना मात्र त्यहाँ उपस्थित देखेर अरू खै भनेर सोद्धा- अरू सबै खेत खलिहान र घरघर गएका रहेछन्। १४ वर्ष नपुगेसम्म हरेक बालकलाई डाक्टरले घरैमा गएर निरन्तर हेर्नु पर्ने नियम रहेछ, त्यहाँ। सुत्केरी हुनेवाला र हुनेहरूलाई घरघरमा गएर हेर्ने प्रबन्ध रहेछ। यी सवै त हामी क्रान्तिपछि नै गर्न सकौंला। तर यी अनुभबबाट हामीले सिक्नु भने नितान्त जरूरी छ।


वन्तजीको लेख हेर्दा के थाहा लाग्यो भने- जनताको सहभागिता नभएसम्म राज्यले दान दिएको कुराले धेरै दिन काम दिन सक्दैन। त्यो धारणा सही नै हो। स्वास्थ्य सेवामा जनसहभागिता हुनै पर्छ।

वर्गहरू रहेसम्म खालि सरकारी सेवामात्र होइन, निजी स्वास्थ्य सेवा भन्ने कुरा पनि रहन्छ भन्ने मलाई पनि लाग्यो। यसलाई हाम्रो देशमा पनि प्रयोग गरिहेर्नु पर्छ। त्यसपछि हामीलाई आफ्नै अनुभव हुनेछ। अनि कुनै मसिहाको अरूरत हुने छैन।

# वामपन्थीहरूको स्वास्थ्य नीति भनेको जनमुखी स्वास्थ्य नीति नै हो



**क. माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**



यहाँ उठेका कुरालाई दुई भागमा बाँड्नु पर्छ भन्ने मलाई लागेको छ। एउटा, क्रान्तिपछि वामपन्थीहरूको स्वास्थ्य नीति के हुनु पर्छ ? अर्को, क्रान्ति हुनुअघि आफ्नो प्रभाव क्षेत्रमा बामपन्थीहरूले अहिले नै के के गर्न सक्छन् ?

निश्चितै रूपमा वामपन्थीहरूको स्वास्थ्य नीति भनेको जनमुखी स्वास्थ्य नीति नै हो। अहिलेको स्वास्थ्य नीति डा. शरद वन्तजीले भन्नु भए जस्तै पश्चिममुखी, सुविधा सम्पन्नमुखी छ। हाम्रो स्वास्थ्य नीति यसको ठीक उल्टो हुनुपर्छ। हाम्रो तल्लो तहमा बस्ने जनतामुखी स्वास्थ्य नीति (Grass root oriented health policy) हुनु पर्छ। स्वास्थ्य उपचारमा हामीले पहिलो स्थान केही नभएकाहरूलाई दिनुपर्छ। यस हिसावले हाम्रो स्वास्थ्य नीति स्वभावतः "सबैको लागि स्वास्थ्य" नै हो। हाम्रो स्वास्थ्य सेवा यस दृष्टिकोणबाट सर्वसुलभ पनि हुनु पर्‍यो। त्यो प्रयोगात्मक मात्र हैन, प्रभावकारी पनि हुनु पर्‍यो।

यो कुरो यहाँ निर्विवाद अवधारणा भएको छ कि हामी बामपन्थीहरूले उपचारात्मक विधि (Curative approach) भन्दा वेसी प्रतिरोधात्मक स्वास्थ्य सेवा प्रणालीलाई प्राथमिकता दिनुपर्छ, ताकि रोगै नलागोस्, लाग्नु अघि नै रोकथाम होस्। यसको निम्ति हामीले चेतना जगाउने कार्यमा जोड दिनु पर्ने हुन्छ। खोप, स्वच्छ खानेपानी, सरसफाइ, स्वस्थ वातावरण र रहनेठाउँमा जोड दिनु पर्ने हुन्छ। सफा, सस्तो र सन्तुलित खानामा जोड दिनु पर्ने हुन्छ। यी सबै कुरा आपसमा अन्तर्सम्बन्धित छन्। सारमा हामीले प्रतिरोधात्मक स्वास्थ्य सेवा प्रणालीलाई नै जोड दिनु पर्ने हुन्छ। यसमा सबभन्दा महत्वपूर्ण कुरा हुन्छ- स्वास्थ्य शिक्षाको। गाउँ गाउँमा, बस्ती वस्तीमा हामीले अनौपचारिक स्वास्थ्य शिक्षा पुर्‍याउनु जरूरी छ। यसको महत्व वारे डा. सरोजले भनी हाल्नु भो।

जब गाउँ गाउँमा, बस्ती बस्तीमा जाने जरूरत हुन्छ, हाम्रो यहाँ पनि स्वभावतः नांगो खुट्टे डाक्टर प्रासंगिक र आवश्यक हुन आउँछ। हामीलाई गाउँ गाउँमा गईदिने स्वास्थ्यविज्ञको पनि जरूरत हुन्छ, गाउँमै बस्ने र गाउँमै जनतासँगै काम गर्ने स्वास्थ्य कार्यकर्ताको पनि जरूरत हुन्छ। अहिले नेपालमा ग्रामीण स्वास्थ्य कार्यकर्ताको नेटवर्क त छ र सहायक स्वास्थ्य कार्यकर्ता र अनमीको पनि। नेटवर्कको हिसावले यो ठीकै छ। तर उनीहरूसित राजनीतिक प्रतिबद्धता छैन। प्रतिबद्धताबिना जनताको सेवा हुँदैन, जनता ठग्ने र नाफा खाने काम मात्र हुन्छ। जागिर मानासकता मात्र हुन्छ, भई राखेको पनि छ। यो स्थिति हामीले बदल्नु पर्छ। यो त विचारधारा र संस्कृति बदलेर, सिंगो व्यवस्थै बदलेर मात्र गर्न सकिने कुरा हो। क्रान्तिकारी विचारधारा र दृष्टिकोणले ओतप्रोत र उत्प्रेरित नबनाए सम्म जनताप्रति प्रतिबद्ध स्वास्थ्य कार्यकर्ता तयार पार्न सकिन्न। जबसम्म सिंगो समाजमा नै विचारात्मक परिवर्तन ल्याउन सक्दैनौं, सामाजिक तहमा त्यस्तो प्रतिबद्धता ल्याउन सकिन्न।

हामीले उहाँहरूका लेखमा बढीजसो बाहिरका अनुभव पाउँछौं। तर हाम्रो देशमा अहिले के भई राखेको छ, ने.का.को सरकारले पंचायतभन्दा भिन्न र अलग्गै के गरिरहेको छ, कुन दिशामा काम गरिरहेको छ, त्यसको तथ्यपरक विवेचना भई दिएको भए वेस हुन्थ्यो। शुरू वाहिरबाट गरियो, शुरू यहाँबाट गर्नुपर्‍यो। पंचायतकालदेखि अहिलेसम्मको सरकारको स्वास्थ्य नीतिमा मुख्य दोष कहाँ कहाँ किन छ ? उनीहरूको स्वास्थ्य नीतिमा त्रुटी के छ ? त्यो इंगित हुनुपर्थ्यो र त्यसको विश्लेषण गरेर हाम्रो बामपन्थी विकल्प पेश गरिनु पर्थ्यो।

"नांगो खुट्टे डाक्टर" अनौपचारिक शिक्षा (Informal education) सँग सम्बन्धित धारणा हो। नेपाल जस्तो देशमा यो जरूरी छ। तर साथसाथै हामीलाई स्वास्थ्य संबन्धमा औपचारिक शिक्षाको पनि जरूरत छ। औपचारिक शिक्षाविना बिज्ञानका अत्याधुनिक उपलब्धिले लैश, दक्षता प्राप्त जनशक्ति पैदा हुन सक्दैन। त्यसैले हाम्रो पद्धति के हुनु पर्‍यो भने काम अनौपचारिक स्वास्थ्य शिक्षाबाट थाल्ने, नांगो खुट्टे डाक्टरबाट थाल्ने, दिशा चाहिं आधारभूत स्वास्थ्य शिक्षा, औपचारिक शिक्षाले ती सबैलाई



**हामी बामपन्थीहरूले उपचारात्मक विधि भन्दा वेसी प्रतिरोधात्मक स्वास्थ्य सेवा प्रणालीलाई प्राथमिकता दिनुपर्छ, ताकि रोगै नलागोस्, लाग्नु अघि नै रोकथाम होस्**

लैश गर्ने लिने । दुईलाई यसरी जोड्ने नीति लिनु जरूरी छ । हामीले के बुझ्नु पर्छ भने नांगो खुट्टे डाक्टरको अवधारणा देशमा शिक्षित र दक्ष स्वास्थ्य जनशक्ति सबैतिर पुऱ्याउन नसकिने वास्तविकताबाट पैदा भएको हो । यही स्थिति हाम्रो नेपालको पनि हो । यो स्थिति सधैंभरी रही रहँदैन । जब जब दक्ष जनशक्ति सबैतिर पुऱ्याउने सम्भावना हुन्छ, नांगो खुट्टे डाक्टरको आवश्यकता पनि कम हुन्छ । चीनमा यही भएको हुन सक्छ ।

अर्को सवाल के भने धेरै लामो समयसम्म गाउँ र शहरको विभेद रही रहन्छ । शहरहरू बढी विकसित र सुविधासम्पन्न हुन्छन्, राज्यको क्षमता र आम्दानी जति बढ्दै जान्छ, स्वास्थ्य सुविधाको विस्तार पनि सकेसम्म धेरै ठाउँमा गर्दै लान सकिएला । तर फेरि पनि सबै अत्याधुनिक साधनहरू सबै ठाउँमा एकैचोटि पुऱ्याउन सम्भव हुँदैन । त्यसैले हाम्रो नीति सीमित साधनमा असीमित जनताको पहुँच कसरी पुऱ्याउने भन्ने हुनु पर्छ । हामी एकातिर शहर र गाउँको खाडललाई पुर्दै जान्छौं र अर्कोतिर शहरमा भएको अत्याधुनिक सुविधा गाउँका अधिकांश जनताले कसरी पाउने, त्यसको पनि न्यायपूर्ण प्रबन्ध गर्दै जान्छौं । अनि साधन स्रोत जति बढ्दै जान्छ उति आधुनिक सुविधाहरू क्रमशः क्षेत्रहरूमा, अंचलहरूमा, जिल्लाहरूमा, इलाकाहरूमा र गाउँहरूमा त्यो समानुपातिक रूपले वितरण गर्दै जान्छौं । हामीसित अर्को विकल्प नै छैन । नेटवर्कको हिसाबले हाम्रो पनि नेटवर्क यही नेटवर्क हो ।

**पंचायतकालदेखि अहिलेसम्मको सरकारको स्वास्थ्य नीतिमा मुख्य दोष कहाँ कहाँ किन छ ? उनीहरूको स्वास्थ्य नीतिमा त्रुटी के छ ? त्यसको विश्लेषण गरेर हाम्रो बामपन्थी विकल्प पेश गरिनु पर्थ्यो**

चीनमा बेयर फुट डाक्टर खत्तम भए पनि बेयर फुट डाक्टरको जस्तै नेटवर्क अहिले पनि हुनुपर्छ । नत्र उनीहरू कसरी स्वास्थ्य सेवा गाउँ गाउँमा पुऱ्याउँछन् ? त्यसैले, प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त र नेटवर्क चीनलाई अहिले पनि जरूरी छ । नेपाललाई त जरूरी छ नै । प्रत्येक घरले, प्रत्येक तल्लो तहका जनताले स्वास्थ्य सेवा यही सिद्धान्त र नेटवर्क मार्फत नै प्राप्त गर्न सक्छन् ।

जनताको पहलकदमी बढोस्, सत्तामुखी प्रवृत्ति वाम पार्टीमा नहोस् भन्ने कुरामा सहमत हुन सकिन्छ । तर राज्य नै चाहिन्न भन्ने कुरा मान्न सकिन्न । जबसम्म राज्यले आफ्ना स्रोत साधनहरूलाई जनताको निम्ति केन्द्रित गर्दैन, व्यक्तिगत पहलद्वारा मात्र केही हुन संभव छैन । केही ठाउँमा सामाजिक सेवा हुन सक्ला, बिनोवा भावेको भूदान यज्ञ जस्तो, मदर टेरेसाको अभियान जस्तो । तर केही एन.जि.ओ. हरूले सामाजिक सेवा गरेर देशमा अभूतपूर्व क्रान्ति गर्लान भन्ने कुरा मान्न सकिन्न ।

वामपन्थीहरूले स्वास्थ्य सेवालाई व्यावसायिकरण हुन दिनु हुँदैन । नाफामुखी प्रबृत्ति, सुविधा सम्पन्नले मात्र स्वास्थ्य सेवा किन्न सक्ने पार्ने प्रबृत्तिलाई निरूत्साहित पार्नु पर्छ । स्वास्थ्य सेवालाई जनमुखी नै बनाइनु पर्छ । तर यो कुरो पनि सत्तारूढ वामपन्थी पार्टीले नै सबभन्दा राम्ररी गर्न सक्छ । यो उसैको जिम्मेवारीको कुरो हो । यदि कुनै पार्टीले यस्तो जनमुखी नीति लिदैन भने त्यसको विरोध हुनुपर्छ, त्यसको विरूद्ध संघर्ष हुनुपर्छ । तर जनमुखी स्वास्थ्य नीति फेरि पनि वामपन्थी पार्टीले मात्र अख्तियार गर्न सक्छन्, अरूले सक्दैनन् । विश्वको इतिहासले यही देखाएको छ । कुनै अर्को सरकारबाट आएका काल्पनिक समाजवादीले जनमुखी स्वास्थ्य नीति अप्नाएको इतिहास छैन । त्यसैले, विकेन्द्रीकरण हुनु पर्छ । तर राज्यको केन्द्रीय भूमिका हुनु पर्छ । पहलकदमी तलको, Grassroot को हुनु पर्छ, राज्यको केन्द्रीय समन्वयकारी भूमिका हुनुपर्छ । सबै कुराको केन्द्रिकरण सही छैन ।

जुन जुन ठाउँमा वामपन्थीहरूको प्रभाव क्षेत्र छ, त्यहाँ स्वास्थ्य सेवाको काम अहिलेदेखि नै हुन सम्भव छ, हुन थाल्नु पर्छ । जहाँ जति सम्भव छ, गर्नु पर्छ । यो वर्ग समाज हो । यहाँ प्रतिक्रियावादी वर्ग पनि छन् । उनीहरूसित जुझ्नु, प्रतिस्पर्धा गर्नु अपरिहार्य छ । योजनाबद्ध रूपमा तपाई तिनीहरूसित संघर्षरत हुनुहुन्न भने तपाइलाई उनीहरूले नामेट पारिदिन्छन् । यस्तो वर्ग समाजमा तपाई कुनै पनि पक्षमा लाग्दिन भन्नुहुन्छ भने खालि तमासे हुने काम मात्र हुनेछ । वास्तविक समाजको कटु यथार्थ यही हो । त्यसैले वामपन्थीहरूले जितेका, नजिकका दुवै ठाउँमा स्वास्थ्यलाई प्रवेशद्वार Entry point बनाएर धेरै काम गर्न सकिन्छ, गर्नु पर्छ ।

बेलायतमा मजदूर हडताल हुँदा वेल्जियमको कम्युनिष्ट पार्टीले रोटी पठाए, तर बेलायतका कम्युनिष्टहरू भेट्न समेत गएनन् । यसले गर्दा उनीहरूले मजदूरहरूको आस्था र समर्थन गुमाए । यो उदाहरणबाट हामीले सिक्नु पर्छ । जनताको हरेक समस्यामा सहभागी हुनु, कम्युनिष्टहरूको चरित्र हुनु पर्छ । क्रान्ति पछि लागु गर्ने केही कुरा हामीले हाम्रो प्रभाब क्षेत्रमा अहिले नै लागु गरेर पनि हेर्न सकिन्छ, हेर्नु पर्छ ।

□ □

# स्वास्थ्य सेवामा वामपन्थी विकल्प

**बामपन्थीहरू सत्तामा पुगे भने के गर्ने ?**

# बामपन्थीहरूको बाहुल्य भएको इलाकामा अहिलेदेखि नै के गर्न थाल्ने ?

**क. निर्मल लामा**
नेता, नेकपा (एकता केन्द्र)



दुई जना डाक्टरको लेख मैले "मूल्यांकन" मा पढें । आजको बामपन्थी आन्दोलनको जुन कमजोरी छ, त्यसमाथि यी लेखले निकै जोडदार थप्पड हानेका छन् ।

यी लेखले स्वास्थ्यको कुरा उठाएको छ । तर त्योभन्दा बेसी स्वास्थ्य क्षेत्रमा क्रान्ति गर्नको लागि किन राजनीतिक प्रतिबद्धता र "जनताको सेवा गरौं" भन्ने भावना चाहिन्छ, त्यो कुरा उठाएको छ ।

मलाई लाग्छ, अहिलेको नेपालको बाम आन्दोलन एकपक्षीय रूपमा मात्र गई राखेको छ । सशस्त्र संघर्ष गर, सत्तामा कब्जा जमाऊ, नेपाल बन्द गर, पोष्टर पर्चा गर, संगठन बढाउ- यत्तिमै हाम्रा सारा गतिविधि सीमित भएका छन् । जनताको सेवा गर्ने र जनताको जीवनमा परिवर्तन ल्याउने काम गर्ने हामीसित फुर्सद नै छैन । जनताप्रति हाम्रो कुनै प्रतिबद्धता नै देखिन्न । यस स्थितिमा स्वास्थ्यको नाममा भए पनि यी लेखमा जुन कुरा उठाइएका छन्- ती अत्यन्त समसामयिक छन् र राम्ररी सैद्धान्तिकरण भएर आएका छन् ।

लेखमा दुई वटा पक्ष उठाइएका छन् । एउटा, बामपन्थीहरू सत्तामा पुगे भने के गर्ने ? अर्को, बामपन्थीहरूको बाहुल्य भएको इलाकामा अहिलेदेखि नै के गर्न थाल्ने ?

बामपन्थीहरू सत्तामा पुगे भने कस्तो स्वास्थ्य नीति अप्नाउनु पर्छ भन्ने सम्बन्धमा ती दुवै लेख र आजको अन्तर्क्रिया कार्यक्रमले अत्यन्त महत्वपूर्ण कुरा उठाई सकेको छ । यसबाट जुन निश्कर्ष निक्लनेछ, त्यो हाम्रो बामपन्थी शक्तिको क्रान्तिकारी विकल्प हुनेछ, स्वास्थ्य क्षेत्रका लागि । त्यो निश्कर्ष लिएर हामी व्यवहारमा जानु पर्छ ।

▼

**माओले १९३४ मै मजदूर किसानहरूको छलफलमा टिप्पणी गर्दै भन्नुभएको रहेछ- तपाईंको छलफलमा दुइटा कुरा छुट्यो, एउटा, जनताको सेवा कसरी गर्ने भन्ने कुरा । अर्को, जनतालाई कसरी परिचालित गर्ने भन्ने कुरा**

▲



# स्वास्थ्य सेवामा क्रान्ति

लेखमा जुन "नांगो खुट्टे डाक्टर"को अवधारणा अघि सारिएको छ- त्यो नेपालको सन्दर्भमा पनि सान्दर्भिक र उपयुक्त छ। हामीले पनि नांगो खुट्टे डाक्टर बनाउनु पर्छ, तर हाम्रो यथार्थ र क्षमता अनुसारको।

हामी हाम्रा साथीहरूलाई जेल जान सिकाउँछौं, भाषण दिन सिकाउँछौं, लाठी खान सिकाउँछौं भने हामी कार्यरत इलाकामा २/४ जना साथीलाई प्राथमिक स्वास्थ्य सेवाको तालीम दिएर जनताको स्वास्थ्य स्थितिमा परिवर्तन ल्याउने प्रक्रिया थाल्न किन सक्दैनौं? ठूला ठूला अपरेशन तिनले गर्न नसक्लान, तर सफा पानी पिउनु पर्छ, घर वरपर फोहोर गर्नु हुन्न जस्ता सरसफाइको चेतना त उनीहरू फिंजाउन सक्छन्। खोप र साधारण ओखतीमूलोको प्रबन्ध त उनीहरू गर्न सक्छन्। के के गरियो भने कुन कुन रोगबाट बच्न सकिन्छ भन्ने जागरूकता त उनीहरू फिजाउन सक्छन्। साधारण रोगको उपचार त उनीहरू गाउँमै गर्न सक्छन्। यस्तो नांगो खुट्टे डाक्टरको व्यवस्था हाम्रो बाहुल्य वा प्रभाव भएको प्रत्येक गाउँमा हामी किन गर्न सक्दैनौं?


लेखमा उठाइएको मुख्य कुरा के भने यस्तो जन स्वास्थ्य सेवाको प्रबन्ध फगत एउटा वा केही वामपन्थी पार्टीले गर्ने होइन, फगत राज्यले पनि गर्ने होइन। यो काम आम जनतालाई परिचालित गरेर, उनीहरूको सहभागितामा गरिनु पर्छ। यो धारणा ठीक छ। हामी किन आफू कार्यरत इलाकामा आम जनतालाई परिचालित गरेर उनीहरूकै सहभागितामा नांगो खुट्टे डाक्टर विकास गरेर आजैदेखि स्वास्थ्य सेवा थाल्न सक्दैनौं? यस्तो जन सहभागिता खालि स्वास्थ्य सेवाको क्षेत्रमा मात्र होइन, जीवनको सबै समस्याको क्षेत्रमा जुटाउने दृष्टिकोण अप्नाउनु पर्छ।

माओले १९३४ मै यी सवालमा आधारभूत कुरो उठाउनु भएको रहेछ। मजदूर किसानहरूको छलफलमा टिप्पणी गर्दै उहाँले भन्नुभएको रहेछ- तपाईंको छलफलमा दुइटा कुरा छुट्यो, एउटा, जनताको सेवा कसरी गर्ने भन्ने कुरा। अर्को, जनतालाई कसरी परिचालित गर्ने भन्ने कुरा। बडो प्रष्ट भाषामा उहाँले सोध्नु भएको रहेछ- गाउँमा घाउ खटिरा भएका थुप्रै मानिस छन्, उनीहरूको निम्ति यो बैठकले के के गर्न सक्छ? महिलाहरू हलो जोत्न, दाइँ गर्न चाहन्छन्, उनीहरूलाई त्यो गर्न सिकाउन हामीलाई केले रोक्छ? बाल बच्चाहरू पढ्न चाहन्छन्, हामी किन प्राइमरी स्कूल खोल्दैनौ? त्यो पुल भत्कन लागेको छ, त्यहाँबाट मान्छे कुनै पनि बेला खस्न सक्छ, हामी त्यो किन मर्मत गर्दैनौ? हामी कार्यरत इलाकामा यी सबै चीज हामी गर्दैनौ भने हामी जनतालाई गोलबन्द गर्न सक्दैनौं। जनतालाई गोलबन्द गर्न सक्दैनौ भने क्वोमिन्ताङ र साम्राज्यवादीहरूलाई कसरी हराउन सकिएला? माओले यति महत्वपूर्ण कुरा उठाउनु भएको रहेछ। जननीति भनेकै यही रहेछ। माओको यो अनुभवबाट हामी नेपाली क्रान्तिकारीहरूले सिक्नु पर्छ कि पर्दैन?

त्यसैले हामीले पनि हामी कार्यरत हरेक इलाकामा जनताको जीवनमा फाइदा पुग्ने काम अहिलेदेखि गर्न थाल्नु पर्छ। खालि स्वास्थ्य क्षेत्रमा मात्रै होइन, सबै क्षेत्रमा जनताको सेवा हुने काम अहिलेदेखि गर्न थाल्नु पर्छ। जनतामुखी भएर, जनताको सहभागितामा गाउँ गाउँमा स्वास्थ्य, शिक्षा, कृषि, उद्योग सबै क्षेत्रमा जनताको भलाई हुने काम अहिलेदेखि थाल्नु पर्छ। दुई जना डाक्टरले आफ्नो लेखमा उठाएको मुख्य सवाल यो हो। हाम्रो कब्जा वा प्रभाव भएको प्रत्येक इलाकामा यो काम अहिलेदखि थाल्ने र क्रान्ति भईसकेपछि डाक्टर साहेवहरूले लेखमा उठाएको जस्तो ४ वटा स्वास्थ्य नीति राज्यले नै लागु गर्न थाल्ने सोच बनाइनु पर्छ। यसरी स्वास्थ्य क्षेत्रमा क्रान्ति ल्याउन सकिन्छ। ❑

# जतालाई शक्तिबोध गराउने काम गाउँ गाउँमा कार्यरत राजनीतिक पार्टीहरूले गर्नु पर्छ

**शरद पौडेल**
**(ग्रामीण सामाजिक कार्यकर्ता)**



यहाँ एउटा कुरो छुटे जस्तो मलाई लागिरहेछ। अहिले गाउँ गाउँमा र विभिन्न ठाउँमा जुन सरकारी स्वास्थ्य सुविधाहरू छरिएर रहेका छन्, हेल्थपोष्ट र अस्पतालमा जुन सुविधा उपलब्ध छन्, ती सुविधाहरूलाई कसरी लिने, उपभोग गर्ने भन्ने कुरा यहाँ त्यति उठे जस्तो मलाई लागेन।

म बाग्लुङमा काम गर्छु। त्यहाँ काम गर्दाको मेरो अनुभव के छ भने आम जनतालाई हेल्थपोष्टमा के के सुविधा उपलब्ध छन्, जिल्ला अस्पतालमा के के सेवा पाउन सक्छ भन्ने कुरा नै थाहा छैन। हामीहरूले त्यो ज्ञान आम जनतालाई दिनु पर्ने हो कि होइन? यो विचार गर्नु जरूरी भएको छ।

जन स्वास्थ्यमा परिवर्तन ल्याउने हो भने ~~आम जनतामा~~ अस्पताल उनीहरूकै सम्पत्ति हो, हेल्थपोष्ट उनीहरुकै सम्पत्ति हो, त्यसको सक्दो बढी उपभोग गर्न संघर्ष गर्नु पर्छ भन्ने अनुभूति जनतामा ल्याउनु जरूरी हुन्छ। अनि मात्र जनताले शक्तिबोध गर्न सक्छन्। यो काम गाउँ गाउँमा कार्यरत राजनीतिक पार्टीहरूले गर्नु पर्ने हो भन्ने मलाई लाग्छ।

**वाम कार्यकर्ताहरूमा आफू सत्तामा पुगेपछि सबै ठीकठाक हुनेछ भन्ने धारणा छ। केन्द्रीय नेताहरूले उनीहरूको यो धारणा परिवर्तन गरेर अहिलेदेखिं नै जनताको जीवनमा परिवर्तन ल्याउने काम थाल्ने धारणा विकास गर्न भूमिका खेले राम्रो हुन्थ्यो।**

डा. महेश मास्केले गाउँ गाउँमा ग्रामीण स्वास्थ्य कार्यकर्ताले काम गरेका छैनन्, हाम्रो पनि स्वास्थ्य सेवा वितरणको प्रारूप त्यही हो भन्नु भयो। त्यो सही हो। तर गाउँ गाउँमा ग्रामीण स्वास्थ्य कार्यकर्ता छनौट गर्ने कार्यमा राजनीतिक पार्टीहरूले जस्तो जथाभावी हस्तक्षेप गर्ने गरेका छन्, त्यही कारणले त्यो समस्या पैदा भएको हो भन्ने मलाई लाग्छ। अनि जनताले नै उनीहरूलाई छनौट गर्ने प्रक्रिया थाल्ने हो भने यो समस्या हल हुनेछ।

हामीले RECPHEC नामक संस्था (जसमा डा. शरद पनि हुनुहुन्छ) बाट केही बिज्ञहरू लगेर स्थानीय जनताले नै छानेका मानिसलाई प्राथमिक स्वास्थ्य सेवाको तालीम दिने प्रबन्ध गर्‍यौं। त्यस पछि ती ग्रामीण स्वास्थ्य कार्यकर्ताले त्यहाँका आम जनतामा जुन जागरण ल्याउने कार्य गरे, जुन स्वास्थ्य चेतना जगाए, त्यसले चाँडै नै महत्वपूर्ण नतिजा देखाउन थालेको छ। त्यो निकै राम्रो देखिएको छ। यो अनुभबले के सिकाएको छ भने ठाउँ ठाउँमा जुन तालीम हुन्छ त्यहाँ जनताले नै, समुदायले नै मान्छे छानेर पठाउने प्रक्रिया थाल्न हामीले प्रोत्साहित गर्ने हो भने अहिलेकै ग्रामीण स्वास्थ्य सेवा कार्यकर्ताको प्रारूपबाट पनि जन स्वास्थ्यमा ठूलो परिवर्तन ल्याउन सकिन्थ्यो कि!

गाउँमा कार्यरत बाम पार्टीहरूसँग काम गर्दाको मेरो तीतो अनुभव के छ भने उनीहरूमा आफू सत्तामा पुगेपछि सबै ठीकठाक हुनेछ भन्ने धारणा छ। केन्द्रीय नेताहरूले उनीहरूको यो धारणा परिवर्तन गरेर अहिलेदेखि नै जनताको जीवनमा परिवर्तन ल्याउने काम थाल्ने धारणा विकास गर्न भूमिका खेले राम्रो हुन्थ्यो। ❑ ❑

# स्वास्थ्य भनेको राज्यले दिने कुरा होइन जनताले संघर्ष गरेर लिने कुरा हो

**डा. चैतन्य मिश्र**

तपाईंको प्रश्नलाई समर्थन गर्दै म आफ्नो केही विचार राख्न चाहन्छु। यहाँ अहिले विचारको एउटा धागो के विस्तारित भइरहेछ- हामी ग्रामीण स्वास्थ्य कार्यकर्ता वा Barefoot doctor को बाटो जाने कि राज्यले प्रदान गर्ने स्वास्थ्यको बाटो जाने? स्वास्थ्य भनेको दिने चीज हो कि लिने चीज हो? यहाँ एकातिर जनताको शक्तिकरण (empowerment) को कुरा छ, अर्कोतिर सत्ताले दिने कुरा छ।

**अहेवको दयामा जैनताको स्वास्थ्य भयो भने जनता कहिल्यै शक्तिशाली हुँदैन**

शरदजीले भन्नु भो कि हेल्थपोष्ट र अस्पताल छ, तर जनताहरू त्यसलाई आफ्नो ठान्दैनन्, किनकि राजनीतिक नेताहरूले भनी दिएका छन् कि यो त हामीले ल्याई दिएको। यस बारे यहाँ अहिले छलफल भै रहेछ।

मेरो बिचारमा जनतालाई शक्तिशाली बनाउने हो भने स्वास्थ्य भनेको राज्यले दिने कुरो होइन, यो जनताले संघर्ष गरेर लिने कुरा हो भन्ने धारणा जनतामा जागृत गर्नु पर्छ। स्वास्थ्य मेरो हो, मैले, मेरो समुदायले सत्तासित यो लडेर लिनु पर्छ भन्ने धारणा हुनु पर्छ। नत्रभने राज्यले दिएर कहिल्यै पनि पुग्दैन। जहाँ सत्ताले दिने कुरा हुन्छ, त्यहाँ जनता जहिले पनि निरीह हुन्छन्। र, सत्ता कहिल्यै पनि जनतामुखी हुँदैन, त्यो ममुखी नै हुन्छ। एउटा अहेवलाई राख्ने कि नराख्ने


# स्वास्थ्य सेवामा वामपन्थी विकल्प

## राजनीति भनेपछि खालि सत्ता कब्जा मात्र बुझ्ने धारणा हाम्रै पार्टीमा छ

### —क. माधव नेपाल—

हमेशा राज्यले जनतालाई दिने, यो अवधारणा पनि सही हुँदैन । जनताले हरेक कुरा लडेरै लिने, यो पनि सही हुँदैन । यसबाट जनता परमुखापेक्षी बन्छन् । जनतामा स्वास्थ्य मेरो अधिकार हो भन्ने भाव हुनु पर्छ र सरकारमा यो मेरो दायित्व हो भन्ने भाव हुनु पर्छ । यसको सन्तुलनमा नै समस्याको हल छ । खालि स्वास्थ्य मात्र होइन, अरू सवालमा पनि यो लागु हुन्छ ।

मुख्य कुरा के भने जनता, परिचालित हुनु पऱ्यो, उसको सहभागितामा हर कुरा हुनु पऱ्यो । राजनीति भनेपछि खालि सत्ता कब्जा मात्र बुझ्ने हामीमा आम धारणा छ, हाम्रै पार्टीमा त्यस्तो धारणा छ । त्यो हटाउनु पऱ्यो । जनताको जीवन स्थितिमा फरक ल्याउने काम आजैदेखि गर्नु पनि राजनीति हो भन्ने कुरामा हामी स्पष्ट हुनु पऱ्यो । □



## अग्रदूतहरूले परिचालन नगरेसम्म जनताले माग्न पनि जानेको हुँदैन

### —क. रोहित—

अग्रदूतहरूले परिचालन नगरे सम्म जनताले माग्न पनि जानेको हुँदैन, संघर्ष पनि गर्न जानेको हुँदैन । त्यसैले सचेतनता भन्ने कुरा सचेत मानिसहरूले नै जगाउने कुरा हो । आफ्नोलागि संघर्ष भने जनता आफैले गर्नु पर्छ ।

राज्यसत्ता भनेकै दमन यन्त्र हो, लाद्ने यन्त्र हो । त्यो कुरामा हामी स्पष्ट हुनु पर्छ । त्यसैले राज्यसत्तासित लडेर उसलाई जनताको माग पूरा गर्न कसरी झुकाउने भन्ने काम जनताले हमेशा गर्नु पर्छ । हाम्रो जस्तो पूँजीवादी राज्य भएको ठाउँमा त त्यो झनै गरिनु पर्छ ।

जहाँसम्म हाम्रो हातमा सत्ता आएपछिको कुरा हो, त्यतिखेर जनताको स्वास्थ्य सम्बन्धी सजगता कुन स्तरमा पुगिसकेको हुन्छ, त्यो अनुसार काम गर्नु पर्ने हुन्छ । अहिल्यै के गर्ने भन्न सकिने स्थिति हुँदैन । □

## सानो कुलो बनाउन पनि केन्द्रलाई सोध्नु पर्ने !

### शरद पौडेल

पार्टीहरूले बिकेन्द्रीत नीति नअप्नाएकाले तल तल जन सेवाका कामहरू शुरू हुन नसकेको हो । एउटा सानो कुलो बनाउन पनि केन्द्रलाई सोध्नु पर्ने स्थिति तल तल विद्यमान छ । त्यसैले तल जनताको काम भई रहेको छैन ।

□

## जनताको शक्तिकरण भनेको तलको पहलकदमी बढाउने हो

### क. माधव नेपाल

यति सारो त स्थिति विद्यमान छैन । तर सारमा केन्द्रमुखी चिन्तन भने विद्यमान छ । आफूलाई कांग्रेसले गोदीसक्यो, आफूले चाहिं गोदौं कि नगोदौं भनेर सोध्ने प्रचलन छ । यस्तो स्थिति हटाउन पर्छ । विकास निर्माणका सबै काममा तलको पहलकदमी बढाउनु जरूरी भएको छ ।

जनताको शक्तिकरण भन्ने शब्द नयाँ परे पनि सारमा जनताको शक्तिकरण भनेको तलको पहलकदमी बढाउने हो । तललाई आफ्नो भाग्यको फैसला आफै गर्न अधिकार सम्पन्न पार्ने हो ।

□

## पार्टीले स्वास्थ्य कार्यकर्ता तयार पारेर काम गर्न सक्दैन ?

### डा. कृष्णबहादुर थापा
इतिहासशास्त्री

हामीले आज स्वास्थ्य समस्याबारे अन्तर्क्रिया गऱ्यौं । तर स्वास्थ्यकै समस्या बारे कुरा गर्दा पनि अरू धेरै कुरा यससित जोडिएर आउँदो रहेछ, त्यो आजको अन्तर्क्रियाबाट देखिएको छ । यसमा मलाई अत्यन्त खुशी लागेको छ ।

नेपालमा पश्चिमा उपचार प्रणाली अंग्रेजहरूको प्रवेशसँगै राणा कालमा पसेको हो । तर त्यो पस्नुभन्दा अगाडि पनि त यहाँको आफ्नै घरेलु उपचार प्रणाली थियो, जस्तो- आयुर्वेद नै । पश्चिमेली उपचार प्रणाली यहाँ प्रवेश गरेपछि हाम्रो आफ्नो उपचार प्रणाली चाहिं चटक्कै छोड्ने काम भयो । अहिले यहाँ पश्चिमा उपचार प्रणाली र हाम्रो घरेलु उपचार प्रणालीको बीचमा संयोजन गर्ने, दुवैलाई एकीकृत गर्ने कुरा उठेको छ । त्यो राम्रो अवश्य हो । तर के यो पनि पश्चिमले एकीकृत गर्नु पर्छ भनेकाले हामी त्यसो गर्न सहमत भएका हौं कि दुवैलाई एकीकृत गर्न हामी साँच्चै नै तयार छौं ?

आजको छलफलमा समस्या मात्र धेरै उठे । तर नेपालको सन्दर्भलाई यादमा राखेर समाधान के भन्ने कुरा त्यति धेरै उठेन, समस्या समस्या नै रह्यो ।

मलाई के भन्न मन लागेको छ भने हामी यतिका पार्टी छौं । प्रत्येक पार्टीको गाउँ गाउँमा प्रभाव क्षेत्र छ । ती क्षेत्रमा प्रत्येक पार्टीले स्वास्थ्य कार्यकर्ता तयार पारेर स्वास्थ्य चेतना जगाउने र केही प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउने काम किन गर्न सक्दैन ? त्यसो गरियो भने थुप्रै रोगहरू प्रारंभमै निर्मूल पार्न सकिन्थ्यो । पार्टीको राजनीतिक प्रभाव पनि बढ्थ्यो । हाम्रो पार्टी कार्यकर्ता जनताको जीवनमा फेरबदल ल्याउने कार्यकर्तामा बदलिन्थ्यो । यसो गर्न संभव छ र यसमा पार्टीहरूले ध्यान दिनु पर्छ भन्ने मलाई लाग्छ । □

## स्वास्थ्य भन्ने कुरा बामपन्थी शासन कालमा पनि नि:शुल्क हुनु हुँदैन

### डा. कृष्ण कर्माचार्य
(स्वास्थ्यविद्)

स्वास्थ्य भन्ने कुरा बामपन्थी शासन कालमा पनि नि:शुल्क हुनु हुँदैन भन्ने गोविन्द लोहनीज्यूको विचार सही छ । नि:शुल्क भन्ने कुराले दुरूपयोग बढाउँछ । त्यसैले कुनै न कुनै रूपमा भए पनि शुल्क लाद्नु पर्छ ।

बामपन्थी स्वास्थ्य विकल्पको रूपमा प्राथमिक स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउने र विशेषज्ञ सेवा पनि पैसा नहुनेले पनि पाउन सकिने व्यवस्था गर्नु पर्छ । नत्र यहाँ जस्तै पैसा हुनेले मात्र बिशेषज्ञ सेवा पाउने स्थिति हुनेछ । □

## कुन वर्गका लागि कस्तो स्वास्थ्य सेवा ?

### बिमल फुयाँल
(सामाजिक कार्यकर्ता)

कुरा Barefoot Doctor को उठे पनि बामपन्थीहरूको समग्र स्वास्थ्य प्रणाली कस्तो हुनु पर्छ भन्ने कुरा यहाँ उठेको छ । स्वास्थ्य सम्बन्धी हल खोज्दा नेपालले सबै कुरा चीनको हूबहू नक्कल गरेर काम चल्दैन । नेपालको यथार्थ के हो, त्यसलाई याद गरेर हल खोजिनु पर्छ ।

नेपालमा स्वास्थ्य उपचार सम्बन्धी जुन समस्या छ, त्यो यहाँको सबैको समस्या होइन । स्वास्थ्य उपचारको कुनै समस्या नै नभएका तप्काहरू पनि यहाँ छन्, भएकाहरू पनि छन् । त्यसैले, कुन

त्यो जनताको कंट्रोलमा हुनु पर्छ । अनि मात्र जनताको शक्तिकरण हुन्छ । अहेवको दयामा जनताको स्वास्थ्य भयो भने जनता कहिल्यै शक्तिशाली हुँदैन ।

कुनै पनि सत्ता जनताको शक्तिकरणको लागि सहयोग र समर्थन गर्ने चाहिं हुन सक्छ र हुनु पर्छ । तर दिगो रूपमा हमेशा एउटा सत्ताले जनताको शक्तिकरणका लागि काम गर्छ, यस्तो चाहिं हुन सक्दैन । कुनै पनि सरकारले दिगो रूपमा, लगातार जनतालाई शक्तिशाली बनाएर राख्दैन । उसले जनतालाई लाटै बनाई राख्न चाहन्छ । त्यसैले, जनताले आफूलाई शक्तिशाली बनाउने हो भने आफैले प्रयत्न गर्नु पर्छ । जनताले सरकारलाई हमेशा त्यो मेचमा खस्छ कि खस्छ कि भन्ने स्थितिमा राख्नु पर्छ । नत्र भने त्यसले जनताको निम्ति काम गर्दैन । जनताले सरकारलाई हमेशा च्यालेन्ज गरिराख्नु पर्छ, सजग बनाई राख्नु पर्छ । □□

# स्वास्थ्य सेवामा क्रान्ति

वर्गका लागि कस्तो स्वास्थ्य सेवा भन्ने कुरा याद राखिनु पर्छ । वर्ग अनुसार जन स्वास्थ्य सेवा वितरण गर्ने सोच बनाइनु पर्दछ ।

अर्को क्षेत्र अनुसार स्वास्थ्य समस्याहरू अलग अलग छन् । हिमाली क्षेत्रको स्वास्थ्य समस्या तराईमा छैन । तराइको समस्या काठमाडौंमा छैन । त्यसैले स्वास्थ्य सम्बन्धी हल निकाल्दा यो क्षेत्रीय विभिन्नतालाई ध्यानमा राखिनु पर्छ ।

त्यस्तै बच्चा, महिला र पुरूषका भिन्न भिन्न स्वास्थ्य समस्याहरू हुन्छन् । यसलाई पनि ध्यानमा राखिनु पर्छ । यो समस्याको विभिन्नतालाई ध्यानमा राखेर कति कुरा अस्पतालबाट हल खोज्ने, कति स्वास्थ्य चेतना जगाएर, कति प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराएर भन्ने सवाल हल गरिनु पर्छ । चाहिए पनि, नचाहिए पनि जतासुकै अस्पताल नै बढाउने र प्रत्येक अस्पतालमा यो यो सुविधा हुनै पर्ने भन्नु हचुवा हुन्छ । आवश्यकताको आधारमा अस्पताल र सुविधा विस्तारित गर्ने नीति अप्नाइनु पर्छ ।

स्वास्थ्य समस्या समस्त आर्थिक सामाजिक संरचनासँग जोडिएको हुन्छ । कतिपय रोगहरू खास खास आर्थिक सामाजिक संरचनाको कारणले नै पैदा भएका हुन्छन् । जस्तो कुपोषण गरीवीबाट पैदा भएको हुन्छ । त्यसैले स्वास्थ्य समस्या के छ भन्ने बुझ्दा समग्र आर्थिक सामाजिक संरचनासँग त्यो समस्या कसरी जोडिएको छ भन्ने हिसावले अनुसन्धान गरिनु पर्छ ।

हाम्रो समाजमा स्वास्थ्य उपचारका आफ्नै घरेलु विधिहरू पनि ठाउँ ठाउँमा छन् । सरकारले प्रचलनमा ल्याएका प्रणालीहरू पनि छन् । जस्तो, सिन्धुलीको बस्तीपुरमा म जाँदा त्यहाँका स्थानीय वासिन्दाहरू एउटा समय पारेर जंगलमा जडीबूटी खोज्न जाँदा रहेछन् र त्यसैले उनीहरूको वर्ष भरिको रोगको इलाज गर्दारहेछन् । खोज्ने हो भने यस्तो ओखती उपचार प्रणाली धेरै ठाउँमा हुन सक्छ । हामीले ती मध्ये कुन कुन उपचार प्रणालीलाई अहिले पनि व्यापक चलन चल्तीमा ल्याएर मजवूत र दिगो बनाएर लान सक्छौं, त्यसमा हाम्रो भूमिका के हुनुपर्छ ? त्यो पनि खोजिनु जरूरी भएको छ ।

डाक्टरहरूले कमिशन स्वार्थको आधारमा अनावश्यक ओखती लेखी विरामीलाई शोषण गर्ने गरिरहेछन् । यो समस्यालाई कसरी हल गर्ने त्यो पनि सोच्नु जरूरी छ । ❑

# स्वास्थ्य सेवामा क्रान्ति कसरी ?

## स्वास्थ्य सेवामा वामपन्थी विकल्प के ?

**अन्तर्क्रियाको सारसंक्षेप**

○ **प्रा**थमिक स्वास्थ्य सेवा समता र सामाजिक न्यायको आधारमा देशको हरेक कुना काप्चामा बसेका नागरिकहरूले, विशेषतः बिपन्न र उत्पीडित नागरिकहरूले प्राप्त गर्ने प्रवन्ध गरिनु पर्छ । यस निम्ति स्थानीय जनसमुदायले चुनेका र उनीहरूमै आधारित प्रथमिक स्वास्थ्य सेवा कार्यकर्ता बिकास गर्ने र उनीहरूलाई राज्यले प्राथमिक स्वास्थ्य सेवाको तालीम र अत्यावश्यक उपचारका साधनको प्रबन्ध गर्नु पर्दछ ।

यस सन्दर्भमा चीनको प्राथमिक स्वास्थ्य सेवाको सिध्दान्त अवधारणा नेपालमा सान्दर्भिक हुन सक्छ ।

अहिलेकै नेपालको प्राथमिक स्वास्थ्य केन्द्र, इलाका स्वास्थ्य केन्द्र ग्रामीण स्वास्थ्य कार्यकर्ताको खाका वामपन्थीहरूको पनि खाका हुन सक्छ । तर फरक के हुनुपर्छ भने अहिले ग्रा. स्वा.का माथिबाट थोपरिन्छ, त्यसैले माथिप्रति नै उत्तरदायी हुन्छ । वामपन्थी ग्रा. स्वा. कार्यकर्ता जनताप्रति उत्तरदायित्व हुनुपर्छ । अतः स्थानीय जनताको सहभागिता र शक्तिकरणमा आाधारित प्राथमिक स्वास्थ्य सेवा वामपन्थीहरूको स्वास्थ्य सेवा संवन्धी अवधारणा हो । यस उपायबाट गाउँ गाउँमा स्वास्थ्य सेवा पुऱ्याउन सकिन्छ ।

○ साधन र स्रोत सीमित भएको हाम्रो जस्तो देशको स्थितिमा - साधन स्रोतको केन्द्रीयकरणले गर्दा पहिलो प्राथमिकता प्राथमिक स्वास्थ्य सेवा र प्रतिरोधात्मक उपचार सेवा (*Preventive health care*) ले पाउनु पर्छ ।

जनतामा स्वास्थ्य र सरसफाइको चेतना जगाउने, व्यायाम र स्वच्छ खानेपानीको प्रवन्ध गर्ने र रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्नै नदिने सवालहरूमा ध्यान दिनु नै प्रतिरोधात्मक उपचार सेवामा प्राथमिकता दिनु हो । शहरमा ठूला ठूला अस्पताल मात्र बनाएर भए जति साधन स्रोत सिध्याउनुभन्दा प्रतिरोधात्मक उपचार सेवा नेपालको निम्ति समता र सामाजिक न्यायको हिसावले प्रभावकारी पर्ता, पर्ने र दीगो हुन सक्छ । यसले जनताको स्वास्थ्य स्थितिमा कायापलट ल्याउन सक्छ ।

○ अहिले स्वास्थ्य सेवालाई व्यापार बनाइन थालिएको छ र यो स्रोत- संपन्नहरूले मात्र किन्न सक्ने बस्तु बनाइएको छ। स्वास्थ्य सेवालाई व्यापार बनाउने यो नीतिले देशका बहुसंख्यक गरीब र उत्पीडितहरूले स्वास्थ्य सेवा पाउनै नसक्ने बस्तु बन्न जानेछ । यो नीतिको अन्त गरिनु पर्छ । स्वास्थ्य सेवा व्यापार होइन, जनताको आधारभूत अधिकार हुनु पर्छ ।

○ ठूला साधन संपन्न अस्पताल विशेषज्ञ सेवाको निम्ति हुनुपर्छ । देशको साधन स्रोत जति बढ्दै जान्छ, त्यसको आधारमा सामाजिक न्यायको हिसाबले त्यसलाई देशको विभिन्न भागमा विस्तारित गर्दै जाने नीति अपनाउनु पर्छ । यसरी विस्तारित ठूला साधन संपन्न अस्पतालमा प्राथमिक स्वास्थ्य केन्द्रले सिफारिश गरेको आधारमा देशका कुना काप्चाका विपन्न नागरिकहरूले समेत निःशुल्क उच्च प्रविधि र विशेषज्ञ सेवा प्राप्त गर्ने प्रबन्ध हुनु पर्छ ।


○ पश्चिमा आधुनिक उपचार प्रणाली र यहाँको परम्परागत उपचार प्रणाली एक आपसमा शत्रुतापूर्ण प्रणालीको रूपमा रहीरहेका छन्, यो स्थितिको अन्त गरिनु पर्छ । दुवैलाई एकीकृत गरिनु पर्छ र एक आपसका कमीहरू पूरा गर्ने सह-उपचार सेवाको रूपमा लिइनु पर्छ । आयुर्वेद, प्राकृतिक चिकित्सा, एक्युपंचर, होमियोप्याथी, युनानी चिकित्सा र गाउँ गाउँमा प्रचलनमा रहेका विज्ञानसम्मत परंपरागत उपचार प्रणालीलाई एकीकृत गरिनु पर्छ । हाम्रै गाउँ ठाँउमा त्यस्ता थुप्रै स्थानीय जडीवूटीमा आधारित विज्ञान सम्मत उपचार विधिहरू छन्, तिनको खोजीनीति गर्नु पर्छ । फगत एउटै उपचार प्रणाली एलोप्याथीलाई मात्र विशेष प्राथकिता दिने प्रणालीको अन्त्य, सम्पूर्ण उपचार विधिहरूको वैज्ञानिक एकीकरण र एउटै छानोवाट सह सेवाको रुपमा ती सेवाहरू प्राप्त गर्ने प्रवन्ध हुनुपर्छ र यसले उपचार सेवामा वेसी पूर्णता र ठूलो हेरफेर ल्याउनेछ ।

○ अहिलेको नेपालको स्वास्थ्य सेवा मुख्य रूपमा विदेशी सहायतामा टिकेको छ । यो स्थितिको अन्त गरिनुपर्छ । विदेशको पूँजी प्रविधि लिने तर त्यसैमा मात्र मुख्य रूपमा भर नपर्ने नीति लिइनु पर्छ । जनताको व्यापक सहभागिता र हाम्रो आफ्नै स्रोत साधनमा आधारित स्वास्थ्य सेवा मात्र दिगो र भरपर्दो हुन सक्छ ।

○ नाफाको निम्ति जनताको स्वास्थ्य र सीमित स्रोतको ठूलो नोक्सानीको

# स्वास्थ्य सेवामा हामी अहिल्यै के के काम थाल्न सक्छौं ?

**महेश्वरमान श्रेष्ठ** (अर्थशास्त्री)



**स्वा**स्थ्य सेवा सम्बन्धमा दुईवटा कुरा हामी अहिल्यै थाल्न सक्छौं । एउटा राजनीतिक पार्टीले गर्ने कुरा । रोहितजीले भन्नु भए जस्तो, पार्टीको पकड भएको ठाउँमा पार्टीले स्वास्थ्य सम्बन्धमा चासो लिएर काम गर्नु पऱ्यो । जनतालाई शक्तिशाली बनाउने भन्ने कुरा पनि दुवैतिरबाट हुनु पऱ्यो-माथिबाट पनि र तलबाट पनि । पार्टी कार्यकर्ताहरूले जनतालाई परिचालन गरेर कुनै स्वास्थ्य सुविधा वा हेल्थपोष्ट हाम्रो गाउँमा किन हुनु नहुने भन्ने बारेमा संघर्ष छेड्न सघाउनु पऱ्यो । संघर्ष गर्न बाटो देखाउनु पऱ्यो ।

दोस्रो, उनीहरूले सामान्य जानकारी-हरू पर्चा प्रशिक्षणद्वारा दिएर पनि समस्या हल गर्न मद्दत गर्न सक्छन् । जस्तो मानिसको उपचारको लागि नभई नहुने ४०/५० वटा ओखतीको मात्र सही जानकारी दिए पनि जनताहरूले त्यसलाई आपत परेको बेला आफैं किनेर प्रयोग गर्न सक्छन् । जहाँ बामपन्थीहरू जितेका छन्, त्यहाँ तं स्वास्थ्य उपचारको नमूना नै देखाउनु पऱ्यो । कामैद्वारा के देखाउनु पऱ्यो भने बामपन्थीहरू र अरू सत्तामा आउनुमा के फरक हुन्छ ।

तेस्रो, हाम्रा यति धेरै बामपन्थी डाक्टरहरू छन् । उनीहरूले अत्यन्त सस्तोमा, नाम मात्रको फी लिएर, खासै विरामीलाई चाहिने ओखती सकेसम्म मुफ्तमा, नसके सस्तोमा दिएर उपचार गर्ने क्लिनिक हाम्रो प्रभाव भएका इलाकाहरूमा खोल्नु पऱ्यो । यस्तो एउटा केन्द्रीय क्लिनिक काठमाडौंमा खोल्नु पऱ्यो र त्यो केन्द्रीय क्लिनिकबाट समय समयमा विभिन्न ठाउँमा डाक्टरहरूको टीम जानु पऱ्यो । यस्तो गरियो भने यहाँ जनताप्रति सरोकार राख्ने, जनतामुखी डाक्टर पनि छन् भन्ने भावना जनतामा जागृत हुन्छ । ❑



*शर्तमा पनि बहुराष्ट्रिय कंपनीहरूले अनावश्यक र हानिकारक ओखतिहरू बजारमा ल्याएका छन् । नाफाको निम्ति ओखती उत्पादन प्रयोग गर्ने वहुराष्ट्रिय कंपनीहरूको कार्यवाहीको गंभीर अनुगमन हुनुपर्छ । त्यस्ता सबै ओखतिहरू प्रतिवन्धित गर्नु पर्छ, जो हानिकारक छन् वा अनावश्यक छन् । ओखतिमा बहुराष्ट्रिय कंपनीको एकलौटी बिगबिगी अन्त गरिनु पर्छ । कुनै ओखतिले जनताको स्वास्थ्यमा फाइदा गर्छ कि गर्दैन भन्ने संवन्धमा निरन्तर खोजी गर्ने र नियन्त्रण कायम गर्ने एउटा राष्ट्रिय ओखति अनुसन्धानशाला र नियन्त्रण संयन्त्र विकास गरिनु पर्छ । हानिकारक र अनावश्यक ओखति विरूद्ध आम जन-चेतना जागृत गर्नुपर्छ ।*

*○ समाजमा वर्ग उन्मूलन नभए सम्मको संक्रमणकालीन अवधिमा स्वास्थ्य सेवामा द्वैत नीति लिइनु पर्छ, धनी र सम्पन्नको लागि उही सेवाको निम्ति महँगो दर र अरू विपन्न नागरिकको निम्ति तिनै सेवाको निःशुल्क उपलब्धि वा अति सस्तो दर ।*

*○ स्वास्थ्य व्यवस्थामा आम जनताको सक्रिय सहभागिता र जनताको स्वास्थ्य चेतनामा निरन्तर अभिवृद्धिमा आधारित स्वास्थ्य सेवा, यो नै वामपन्थीहरूको स्वास्थ्य नीतिको प्राण हुनु पर्छ ।*

*○ यी सबै कुराहरू समता, सामाजिक न्याय र जनताप्रति प्रतिबद्ध सरकार र राज्य व्यवस्थाले मात्र दिगो रूपमा गर्न सक्छ । त्यसैले, एक्लैदुक्लै स्वास्थ्य सेवामा मात्र क्रान्ति पूरा हुनु सम्भव छैन । स्वास्थ्य सेवामा पूरापूर क्रान्ति ल्याउन राज्य व्यवस्थामा पनि पूरापूर क्रान्ति ल्याउनु पर्छ । तर दुवै क्रान्तिको प्रक्रिया भने अहिल्यै थाल्न सकिन्छ ।*

***– सम्पादक मण्डल***

# स्वास्थ्य सेवामा वामपन्थी विकल्प

# स्वास्थ्य र शिक्षा

## क्रान्तिको लागि सशक्त हतियार हुन सक्छन्

**डा. महेश मास्के**



**स्वा**स्थ्य सम्बन्धी विषयमा पनि यति धेरै महत्वपूर्ण मानिसहरू यति धेरै चासो दिएर लामो समय सम्म बसिदिएको अनुभूति मेरोलागि नौलो हो । म यसमा धन्यवाद दिन चाहन्छु ।

स्वास्थ्य संबन्धमा जननीतिको पहिलो कदम के हुन्छ भने एउटा राष्ट्रकै निम्ति एउटा व्यक्तिको स्वास्थ्य कति महत्वपूर्ण हुन्छ भन्ने कुरा बुझ्नु, बुझाउनु , यो चेतना माथिबाट लगियो कि तलबाट, यो कुरा महत्वपूर्ण होइन । महत्वपूर्ण कुरा हुन्छ- यो कुरा बुझ्नु र बुझाउनु । जननीतिको कुख्य कुरा हो- जनताबाटै लिनु, जनतामै दिनु । यो प्रक्रिया तवसम जारी रहन्छ, जबसम्म जनताबाट लिने कुरा नै बिलीन भएर जाँदैन, जबसम्म नेतृत्वको आवश्यकता नै हराएर जाँदैन ।

यहाँ आलोचना आयो, मेरो लेखमा नेपाल सम्बन्धी सन्दर्भ त्यति धेरै आएन भनेर । वास्तवमा यो लेख स्वास्थ्य सम्बन्धी समस्याबारे अन्यत्रको अनुभव के छ भनेर पाठकलाई जानकारी गराउने उद्देश्यले नै लेखिएको हो । पाठकले पढिदिंदैनन् कि भनेर त्यसमा नेपाल सम्बन्धी सन्दर्भ जोडिएको मात्र हो ।

यहाँ अहिले उठेको महत्वपूर्ण कुरा के भने यदि यो व्यवस्था र सरकारले स्वास्थ्य क्षेत्रमा जनताको सेवा गर्दैन भने, व्यवधान खडा गर्छ र जनताको स्वास्थ्यप्रति सरोकार राख्दैन भने यसलाई कसरी पर्दाफास गर्ने र झुकाउने ? कसरी जनताको सेवा गर्ने ? यो काम थाल्नको लागि अहिले उपयुक्त मौका हो भन्ने मलाई लाग्छ । यदि आफनो जनाधार भएका इलाकाहरूमा बामपन्थी शक्तिले अहिले सबै बामपन्थी र जनमुखी स्वास्थ्यकर्मीहरूलाई परिचालन गरेर एउटा उन्नत बैकल्पिक स्वास्थ्य सेवा प्रणाली यस्तो हुन सक्छ भनेर देखाउन सक्छ भने त्यसले कालान्तरमा त्यस्ता अनुभव दिनेछन्, जुन भरे देशव्यापी रूपमा लागु गर्न सकिनेछ ।

स्रोतहरू जति प्रतिक्रियावादी केन्द्रीय सत्ताको हातमा भएको बेला प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त लागु गर्न हामीसँग स्रोत होला कि नहोला भनेर छलफल गर्नु निरर्थक बहस हो भन्ने मलाई लाग्छ । अहिलेको मुख्य प्रश्न त के हुनु पर्ने भने हामी आफ्नो जनाधार भएको क्षेत्रमा के गर्न सक्छौं, ता कि जनताको विश्वास हामीप्रति होस्, हामीले जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउन सक्यौं र केन्द्रीय सत्तामा भएको प्रतिक्रियावादी कब्जा तोड्न सकौं ! स्वास्थ्य र शिक्षा क्षेत्र यतिखेर आर्थिक र राजनीतिक क्रान्तिको लागि सशक्त हतियार हुन सक्छन्

हामीसँग अहिले हेल्थपोष्टहरूको व्यापक खाका छ । तिनीहरूमा छरिएका स्वास्थ्यकर्मीहरू छन् । हामीसँग अर्को अचम्मको चीज छ- त्यो हो महिला स्वास्थ्य स्वयं सेविका । महिला स्वास्थ्य स्वयं सेविकालाई समुदायले पाल्दैन र राज्यले सहयोग गर्दैन, बेयर फूट डाक्टरलाई जस्तो । तर पनि कुनै तलव कतैबाट नपाएर पनि ती स्वयं सेविकाहरूले धेरै ठाउँमा निकै प्रशंसनीय काम गरेको भेटिएको छ । यी महिला स्वास्थ्य स्वयंसेविकाहरू गाउँबाटै उम्रेका स्वास्थ्यकर्मी हुन, बेयर फूट डाक्टर जस्तै । यो प्रणाली र अनुभवलाई बामपन्थी शक्तिले हस्तक्षेप गरेर तुरून्तै सुदृढ गर्नु जरूरी छ, अन्यथा ती महिला स्वयंसेविकाहरू कतैबाट पनि टेवा नपाएर निराश भएर जानेछन् । हस्तक्षेप भयोभने यी स्वयंसेविकाको खाका र अनुभव निकै कामलाग्दो हुन सक्छ । कतैबाट उत्प्रेरणा नपाए पनि कुन उत्प्रेरणाले उनीहरू काम गर्दैछन् ? थाहा पाउन जरूरी छ । यस्तो म.स्वा. स्व.हरू अहिले प्रत्येक गाउँको ९ वडामा एक एक जना हुन्छन् । अहिले नयाँ स्वास्थ्य नीतिले प्रत्येक गा.वि.स.मा एउटा उपस्वास्थ्य चौकी रहने, त्यहाँ अहेव र ग्रामीण स्वास्थ्य कार्यकर्ता रहने र सहयोगको रूपमा म.स्वा.स्व.हरू हुने व्यवस्था गरेको छ ।

ग्रामीण स्वास्थ्य कार्यकर्ता अहिले माथिबाटै चुनिने र माथिबाटै तलब खाने कर्मचारीको रूपमा छ । बाम शक्तिले यसमा हस्तक्षेप गरेर यस्लाई समुदायबाटै चुनिने र समुदायप्रति नै उत्तरदायी स्वास्थ्यकर्मीको रूपमा विकास गर्न सक्यो भने यो पनि ठूलो उपलब्धि हुन जानेछ । उनीहरूलाई ठीक ढंगले ट्रेनिङ गर्ने र म.स्वा.स्व.को निरीक्षकको रूपमा विकास गर्ने गर्‍यो भने राम्रो हुनेछ । हामीले यी सबबारेमा योजना बनाएर काम गर्‍यौं भने हाम्रो प्राथमि-कता जानु पर्ने ठाउँ यहाँ छ ।

## वाम प्रभुत्व भएको इलाकाहरूमा के गर्नु पर्छ ?

१. माथि उल्लिखित स्वास्थ्य सेवामा क्रान्तिको प्रक्रिया वाम प्रभुत्व भएका सबै इलाकामा अहिल्यै, राजनीतिक क्रान्तिअघि नै थाल्न सकिन्छ । यसले वाम प्रभुत्व भएका इलाका र अरू इलाकामा रहेको आधारभूत भिन्नता व्यवहारतः प्रष्ट पार्नेछ ।

२. वाम पार्टीका कार्यकर्ताहरूले तुरून्तै जनताको स्वास्थ्य चेतना बृद्धि गर्ने कार्यक्रम गर्न सक्छन् । प्रतिरोधात्मक उपचार सेवाको प्रबन्ध गर्न सक्छन् । वाम प्रभुत्व भएको इलाकामा जनताको स्वास्थ्य स्थिति अन्यत्रभन्दा राम्रो हुनु भनेको आफैमा वामपन्थी सत्ताको महत्वको गतिलो विज्ञापन हो ।

३. जनतालाई स्वास्थ्य हाम्रो अधिकार हो भन्ने चेतना जागृत गर्ने कार्य वाम पार्टीहरूले गर्न सक्छन् । र, जनताको सहभागिता र संघर्षबाट जनताको स्वास्थ्य सुविधा बृद्धि गर्दै लैजाने कार्य हुन सक्छ । यसै प्रक्रियाबाट जनताको शक्तिकरण पनि सम्भव हुन्छ ।

***– सम्पादक मण्डल***

❑ ❑ ❑



**यदि आफनो जनाधार भएका इलाकाहरूमा बामपन्थी शक्तिले अहिले सबै बामपन्थी र जनमुखी स्वास्थ्यकर्मीहरूलाई परिचालन गरेर एउटा उन्नत बैकल्पिक स्वास्थ्य सेवा प्रणाली यस्तो हुन सक्छ भनेर देखाउन सक्छ भने त्यसले कालान्तरमा त्यस्ता अनुभव दिनेछन्, जुन भरे देशव्यापी रूपमा लागु गर्न सकिनेछ ।**

## स्वास्थ्य सेवामा क्रान्ति

यतिखेर हामीहरूको अन्तर्क्रिया हुनुपर्‍यो र गाउँ गाउँका फ्रण्ट-लाईनमा जान चाहने जनमुखी स्वास्थ्यकर्मीहरूको खोजी हुनुपर्‍यो। केन्द्रमा बस्ने साथीहरूले तिनलाई सहयोग जुटाउनु पर्‍यो। यति गर्न सक्यौं भने पनि निकै ठूलो काम हुनेछ। तर समस्या के छ भने हामी बामपन्थीहरूमै गाउँमा जाने चाहना छैन।

अहिले एक जिल्लामा कम्तीमा ९ वटा इलाका हुन्छन् र एउटा इलाकामा एउटा हेल्थपोष्ट हुन्छ। प्रत्येक गा.वि.स.मा एउटा सहायक हेल्थपोष्ट हुन्छ। जिल्लामा एउटा जिल्ला अस्पताल हुन्छ। त्यहाँभन्दा माथि अंचल अस्पताल हुन्छ। अहिलेको हाम्रो प्रश्न के हो भने यो खाकालाई हामीले कसरी प्रयोग गर्ने र तलबाट सिफारिश गरेको आधारमा माथि उपचार गर्ने व्यवस्थित प्रबन्ध कसरी मिलाउने? जहाँ बाम जनाधार छन्, त्यहाँ सचेत रूपमा जनप्रतिबद्ध साथीहरू कसरी विभिन्न उपचार प्रणालीको तहमा राख्ने? कसरी उनीहरू बीच छलफल र संयोजन कायम गर्ने? यी प्रश्न हामीले व्यवहारतः हल गर्न सक्यौं भने भरे हामीले यी अनुभवहरू केन्द्रीय सत्ता आफ्नो हातमा भएको बेला पनि प्रयोग गर्न सक्छौं। यस्तो गर्न सक्ने स्थिति धेरै ठाउँमा छ।

अहिले गा.वि.स.हरूमा जुन स्वास्थ्य समितिहरू छन्, त्यसको अध्यक्ष गा.वि.स.को अध्यक्ष हुने प्रणाली रहेछ। यस्तो भएपछि जहाँ जुन गा.वि.स.मा बाम अध्यक्षहरू छन्- त्यहाँ ती अध्यक्षले त्यो स्वास्थ्य समितिलाई किन जन स्वास्थ्य सेवाको निर्दिष्ट दिशामा परिचालित गर्न सक्दैनन्? अवश्य सकिन्छ र यो काम गर्नु पर्छ भन्ने मलाई लाग्छ।

स्वास्थ्य चेतना जगाउनका लागि गाउँका विद्यार्थीहरू निकै सहायक हुन सक्छन्, चीन र अन्य देशको अनुभवबाट यो देखिएको छ। तसर्थ हामीले उनीहरूलाई स्वास्थ्य चेतना जागृत गर्ने सशक्त माध्यमको रूपमा उपयोग गर्ने सोच बनाउनु पर्दछ।


अर्को जरूरी कुरा हो- परंपरागत ओखति र आधुनिक ओखति प्रणालीलाई एकीकृत गर्नु। आयुर्वेद र तिब्बती ओखति प्रणाली यहाँ विद्यमान छ। हाम्रो यहाँको माटो परंपरागत ओखतिको लागि निकै उपयोगी मानिन्छ। यहाँ अनेकौं दुर्लभ जडीबूटीहरू पाइन्छन्। यसको खोज गरिनु पर्छ, उदाहरणार्थ-एक जना यसबारे अनुसन्धान गर्ने साथीले एउटा स्कूलमा गएर त्यहाँका विद्यार्थीहरूलाई उनीहरूको घर घरमा कुन रोगका लागि कुन जडीबूटी प्रयोग हुन्छ, टिपेर ल्याऊ भनेर अह्राए। उनीहरूले ल्याएको लिष्ट विश्लेषण गर्दा ६५ प्रकारका जडीबूटीहरू विभिन्न रोगका लागि आमरूपमा प्रयोग भएको पत्तो लाग्यो। एउटा साधारण अनुसन्धानबाट त यति पत्ता लाग्छ भने-जननीतिमा आधारित भएर व्यवस्थित अनुसन्धान गरियो भने अहिलेसम्म पुस्तकमा उल्लेखै नभएका थुप्रै प्रभावकारी ओखती पत्तो लाग्न सक्छन्, जनताहरूको जानकारीबाट! ❐

# सत्ता हाम्रो हातमा आउन साथ स्वास्थ्य सेवामा क्रान्ति होला भनेर सोच्न सकिन्न

**डा. शरद वन्त**

यति विविध विषयका विज्ञ र राजनीतिज्ञहरूसित स्वास्थ्य सेवा विषयमा छलफल गर्ने अवसर जुन आज मिलेको छ, त्यो मेरोलागि नौलो अनुभव हो।

यहाँ सत्ता हातमा आएपछि जे जस्तो सोच्नु पर्छ, त्यतिखेरै सोचौंला, त्यतिखेरै आवश्यकता अनुसारको नीति बनाउँला भन्ने कुरा उठ्यो। यसमा मलाई के भन्न मन लागेको छ भने जतिखेर हाम्रो हातमा सत्ता आए पनि देश यही हो, यहाँ रहेका अस्पताल, हेल्थपोष्ट र डाक्टरहरू यिनै हुन्, जनता यही हो र मानसिकता यही हो। त्यसैले यसलाई प्रगति र न्यायको दिशामा कसरी आमूल परिवर्तन गर्ने भन्नेबारे प्रष्ट सोच हामीसित छैन भने सत्ता हाम्रो हातमा आउनासाथ एक्कासी स्वास्थ्य सेवामा क्रान्ति होला भनेर सोच्न सकिन्न।



सत्ता हाम्रै हातमा आए पनि आम जनसमुदाय आलोचनात्मक भएन भने हामी अन्ततः तानाशाह नै हुन्छौं। सत्तामाथि नियन्त्रण गर्ने, त्यसको दायित्ववारे प्रश्न उठाउन सक्ने मानिस नभएपछि सत्ता जहाँसुकै तानाशाह नै हुन्छ। त्यसैले, जनसत्ता स्थापना गर्ने हो भने जनताको आलोचनात्मक सजगता वृद्धि गर्नु, हरेक काममा उनीहरूको आलोचनात्मक सहभागिता वृद्धि गर्नु नै एक मात्र उपाय हो। स्वास्थ्य संबन्धमा पनि यही उपाय अप्नाउनु पर्छ। जनताको स्वास्थ्यको सवालमा जनताको आलोचनात्मक सजगता र आलोचनात्मक सहभागिता बढाउनु नै एक मात्र उपाय हो।

स्वास्थ्यको क्षेत्रमा बिगतमा ठूला ठूला क्रान्ति भएका छन्। जब ब्याक्टेरिया पत्ता लाग्यो, त्यतिखेर एउटा क्रान्ति भयो। एण्टीवायोटिक्स जब पत्तो लाग्यो, अर्को क्रान्ति भयो। यस्तै क्रमले थुप्रै क्रान्तिहरू भएका छन्।

यहाँ हामीले छलफल गरिरहेको क्रान्ति चाहिं स्वास्थ्यलाई कसरी सर्वसुलभ बनाउने मामलामा क्रान्ति हो। चीनको अनुभव यस मामलामा विश्वव्यापी प्रेरणाको स्रोत रह्यो। धेरैतिर यसको प्रयोग भयो। प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त अरू केही नभएर स्वास्थ्य सेवालाई सवै जनताको निम्ति प्राप्य बनाउने दर्शन हो। प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त एउटा उपाय हो, जसबाट स्वास्थ्यलाई सर्वसुलभ पार्न सकिन्छ।

यो सिद्धान्तलाई हामीले निरपेक्ष रूपमा हेर्नु हुन्न। चीनमा यो एकढंगले लागु भयो। केही जसरी छैन, त्यही ढंगले नेपालमा पनि लागु हुनु पर्छ। यो सिद्धान्त अहिले राम्ररी विकसित पूँजीवादी देशमा लागु गरिएको छ। तर त्यहाँ वेयर फुट डाक्टरमार्फत यो लागु भएको छैन। दक्ष र विज्ञ डाक्टरहरूमार्फत त्यहाँ प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिन्छ। तर हाम्रो जस्तो अविकसित देशमा भने यो सिद्धान्त लागु गर्न सकेका छैनौं।

प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्तअन्तर्गत अरू पनि महत्वपूर्ण कुरा छन्, तर हामीले चाहिं आज वेसी मात्रामा वेयर फुट डाक्टरवारे मात्र कुरा गर्‍यौं। वास्तवमा यस्तो होइन। अरू कुराहरूको पनि चर्चा गर्नु पर्छ र थुप्रै देशको अनुभवबाट हामीले सिक्नु पर्छ।

प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्तले स्वास्थ्य सम्बन्धमा गर्न खोजेको क्रान्ति के हो भने स्वास्थ्य सवैको लागि वनाउनु! तर सवैको लागि स्वास्थ्य हुनको निमित्त सवैको चासो स्वास्थ्यप्रति चाहिन्छ। स्वास्थ्य सबैको चासो र जागरूकताले मात्र प्राप्त हुन्छ। खालि डाक्टरहरू मात्र स्वास्थ्यका ठेकेदार होइनन्, जस्तो अहिले सम्म ठानिदै आइयो। राजनीतिज्ञ, अर्थशास्त्री, समाजशास्त्री, शिक्षाशास्त्री सबैको स्वास्थ्यमा योगदान हुन सक्छ र हुनुपर्छ। अनि मात्र सबैको लागि स्वास्थ्य हुन सक्छ र स्वास्थ्यमा क्रान्ति हुन सक्छ।

यो छलफलको शुरूआत मात्र हो। आजै स्वास्थ्य सम्बन्धमा महत्वपूर्ण कुरा उठ्यो। यो नै छलफलको सफलता हो। अझ थुप्रै कुरा उठ्न बाँकी छन्। तर जतिसुकै लामो यात्रा पनि त आखिर पहिलो पाइलाबाटै शुरू हुन्छ। त्यो पहिलो पाइलो शुरू भएको छ।

[समाप्त]

प्रतीक्षा गर्नुहोस्!
नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको वैकल्पिक स्रोतको रूपमा प्रकाशित हुँदैछ-

ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी
मूल्यांकनका सहकर्मी
युवा मासिक पत्रिका
अन्तर्क्रिया प्रकाशन प्रा.लि.

# “जसको जोत, उसको पोत” हाम्रो क्रान्तिको मुख्य नारा हुन सक्छ ?

## अन्तर्क्रिया सम्वन्धी प्रतिक्रिया : क. रुपलाल विश्वकर्मा

***रोहितजीको प्रस्तुतिमा “कृषिक्रान्ति र समाजवादको यात्रा नै नेपालका लागि सर्वश्रेष्ठ बाटो हो” भन्ने ठोकुवा जाती लाग्यो- अवश्य पनि पार्टीभित्र समाजवादी जीवन पद्धति र सोही संस्कृतिको अभ्यासका साथै कृषिक्रान्तिको बाटो, नयाँ जनवादी क्रान्तिको यात्रामा लाग्ने ठोकुवा नै होला भन्ने लाग्यो ।***

“मूल्याङ्कन” (विचार अन्तर्क्रिया-मुखी मासिक, अं. १५) २०५० पुषमा “जसको जोत, उसको पोत नारा हाम्रो क्रान्तिको मुख्य नारा हुन सक्छ ?” भन्ने अन्तर्क्रियाको रिपोर्ट छापिएको रहेछ । यो रिपोर्ट “मूल्याङ्कन” का प्रधान सम्पादक साथी श्याम श्रेष्ठले “मूल्याङ्कन” अंक १३ मा प्रस्तुत गर्नु भएको के नेपालमा जसको जोत उसको पोतको नारा उपयुक्त हुन सक्छ ? भन्ने लेखसंग सम्वन्धित छ । त्यो छलफलमा भाग लिनुहुने मुख्य वक्ता साथीमा नारायणमान विजुक्छे “रोहित”, केशव बडाल र दीपेन्द्र क्षेत्री रहनु भएको छ । र अन्य साथीहरू पनि हुनुहुन्छ । यही विषयमा हामीले प्रतिक्रिया जनाउँछौं ।

के.वास्तवमा “जसको जोत, उसको पोत” भन्ने नारा नेपाली क्रान्तिको सान्दर्भिक नारा हुन सक्छ ?

पहिलो कुरा, हामी यहाँ आएका तर्क एवं निश्कर्ष सम्वन्धी प्रतिक्रिया नै जनाऔं ।

विषय प्रस्तुतकर्ता श्यामजीले प्रष्ट उल्लेख गर्नुभएको छ- “म पहिले नै के स्पष्ट पार्न चाहन्छु भने भरपर्दा तथ्यांकहरूको दरिद्रता भएको हालको स्थितिमा यसवाट निस्कने निश्कर्षले भुमि समस्या सम्वन्धमा वाद विवादको अन्त गर्ने छैन” (मूल्याङ्कन अंक १३, पृ. २३ ) । श्यामजीको उक्त भनाइ सही छ भन्ने हामीलाई लाग्छ र यो भनाइसंग अन्तर्क्रियामा भाग लिनुहुने अन्य साथीहरू पनि सहमत हुनुहुन्छ- जस्तै “मोहीको तथ्यांक पूर्णत गलत छ” (रोहित पृ ४२) र “मोहीको तथ्यांक गलत छ” (वडाल पृ. ३९)

एकातिर तथ्यांक गलत स्वीकार गरियो र अर्कोतिर यसै आधारमा साथी दीपेन्द्र क्षेत्रीले प्रस्तुत गर्नुभएको आंकडाअनुसारको निश्कर्ष, जसले जसको जोत उसको पोतको नारा गलत छ भन्ने अभिप्राय राख्दछ, यो नमिल्दो होला जस्तो लाग्यो । यो वास्तवमा गलत तथ्यांकको आधारमा भएकोले अवैज्ञानिक नै पो होला कि ? सोचौं ।

साथी केशव वडालले जसको जोत उसको पोत भन्ने नारा आज पनि सान्दर्भिक छ भन्ने पुष्टि गर्न राख्नु भएका उदाहरण र तर्कहरू उपयुक्त छन् भन्ने हामीलाई लाग्छ । तर उहाले सामन्ती भूस्वामित्वको अन्त गरौं भन्ने मूल नाराले सवै कुरा समेट्छ भनेर जोड दिनु भएको छ । सामन्ती भूस्वामित्वको अन्त गरौं भन्ने नारा वडालजीलाई ठीक लागेपनि यसको निश्कर्षमा यो भ्रमपूर्ण देखिन्छ । किनभने पहिलो कुरा सामन्ती व्यवस्था अन्तर्गतका जमीनका मालिकहरु-रुढीगत उत्पादन सम्बन्ध, सामन्ती सामाजिक ढाँचा (मूल्य-मान्यता समेत) सोही विचारको स्वत्व र यही संस्कृतिको कारणले सामन्ती भूस्वामीनै हुन्छन् । दोस्रो, धेरै जमीनका मालिकहरू पनि पूँजीवादी उत्पादन सम्बन्ध, सामाजिक ढाँचा, सोही विचारको स्वत्व (नांगो वैयक्तिक विचारको स्वात्व), र सोही संस्कृतिको कारणले भूस्वामीहरू पूँजीवादी हुन्छन् । तर जसको जोत उसको पोतको नारा आमूल परिवर्तनको अर्थबोध गराउँछ । यसकारण, “सामन्ती भूस्वामित्वको अन्त गरौं” भन्दा हामीले कस्तो प्रकारको भूस्वामी बनाउन चाहन्छौं ? भन्ने नै प्रष्ट नहुने भयो ।

साथी रोहितले “जसको जोत उसको पोतको नारा पूँजीवादी नाराभित्र पर्छ” (हाम्रो अर्थमा नयाँ पूँजीवादी भन्नु पर्ला कि ?) भनेर किटानी गर्न राख्नु भएका उदाहरण एवं तर्कहरू ऐतिहासिक र सान्दर्भिक नै लाग्यो । तर ऐतिहासिक पृष्ठभूमि र उदाहरणमा, हुनसक्छ छापाको भुलचूक हो कि- वेलायत र अमेरिकाली क्रान्तिमा भने “जसको जोत, उसको पोत” को नारा नभएको हुनुपर्ने र “सामन्त शब्दबाट सामन्तवाद बनेको हो” भन्न नमिल्ने हो जस्तो हामीलाई लाग्छ । सामन्तवाद हुन आर्थिक जग, सामाजिक ढाँचा, विचार र संस्कृति समेत पर्नुपर्ने होला ।

फेरिपनि उहाँको प्रस्तुतिमा “कृषिक्रान्ति र समाजवादको यात्रा नै नेपालका लागि सर्वश्रेष्ठ बाटो हो” भन्ने ठोकुवा जाती लाग्यो- अवश्य पनि पार्टीभित्र समाजवादी जीवन पद्धति र सोही संस्कृतिको अभ्यासका साथै कृषिक्रान्तिको बाटो, नयाँ जनवादी क्रान्तिको यात्रामा लाग्ने ठोकुवा नै होला भन्ने लाग्यो । यो हामीलाई उपयुक्त लाग्नुका साथै यसै अर्थमा हामी सहयात्री हुन किन नसक्ने ? भन्ने प्रश्न पनि उभियो ।

साथी महेश्वरमान श्रेष्ठले सामन्तवादको अर्थ र “जसको जोत उसको पोत” को नारा उठाउनु पर्ने यथार्थलाई ठीक अर्थमा राख्नु भएको हामीलाई महशूस भयो । उहाँले “वास्तवमा जसको जोत उसको पोत” को अर्थ जमीन वास्तवमा जसले जोत्छ, उसैको हक हुनुपर्छ भन्ने हो, हामी यहाँ मास्टरी गर्दछौं., तर हाम्रो नाममा पनि गाउँमा जग्गा छ र हामी मध्यम किसानमा दर्ता भएका छौं । ... “जसको, जोत उसको पोत” को अर्थ यस्तो हुनु हुन्न भन्ने हो । जसले वास्तवमा जमीनमा जीवन बिताउने सोच्दछ” (वाध्य नै हुन्छ होला कि ?) “जमीन उसैको हातमा हुनुपर्छ भन्ने यसको तात्पर्य हो ।” (अं १५, पृ.४१) यो भनाइ समेत श्रेष्ठजीको संक्षिप्त व्याख्याशंमा हामी वैचारिक अर्थमा सहमत छौं ।

दोस्रो प्रश्न, यो रिपोर्टमा जमीन खण्डीकरणको समस्याप्रति पनि “गम्भीर” चिन्ता प्रकट गरिएको रहेछ र समाधानका दुई उपायहरू राखिएको छ- एक, “जग्गाको स्वामित्व परिवारको एउटा सदस्यमा सर्ने (जस्तो जेठो छोरोमा मात्र सर्ने), वाँकीले गैर-कृषि पेशा अपनाउने कानूनी व्यवस्था मिलाउनु हो ।” (दीपेन्द्र- उही) । दुई, “सामूहिकीकरण” भनिएको हरेछ । यसमा पहिलो उपाय न्याय र तर्क बिज्ञानले पुष्टि गर्न नमिल्ने हुन्छ कि, सोचौं ।

दोस्रोले भने हल गर्न सकिएला जस्तो छ । तर यो महान कार्यको लागि योजनाबद्ध अर्थमा लाग्नु पर्ने देखिन्छ ।

**सुझावहरू :**

- वास्तवमा जागिर पचाउने अर्थमा २-४ ठाउँबाट सतही रिपोर्ट लिएर कोठामा वसी लापर्वाहीपूर्ण कार्यशैलीको आधारमा तयार पारिएका सरकारी तथ्यांकहरू गलत नै हुन्छन् । हामी स्वयंले तथ्यांक गलत छ भन्ने स्वीकार गरेर पनि “नेपालको भूस्वामित्वको स्थिति ध्याम्पो” आकारको छ भन्ने किटानी नगरौं कि ? सोचौं ।
- “नेपालको भूमि क्रान्तिमा ५० प्रतिशत गरीव र ४० प्रतिशत मध्यम, निम्न मध्यम र उच्च मध्यम किसानलाई आफ्नो पक्षमा तान्न सक्नु पर्दछ । यो भनेको हरेक हिसावले निर्णायक अनुपात हो र यो वर्ग निर्णायक हो ।” (अंक १३, पृ. २५) तथ्यांक गलत भएको कारणले “निर्णायक अनुपात” र “निर्णायक वर्ग हो” भनेर ठोकुवा नगरौं कि ? सोचौं ।
- कुनै नारा दिदैमा जनता स्वयं संगठित र आन्दोलित हुने हैनन् । जुन मुलुकहरूमा संघर्षको योजनामुताविक ज्याला वृद्धि र कामको घण्टा घटाउने नारा दिएर मजदूर आन्दोलन शुरू गए, त्यहाँ प्रगतिशील एवं न्यायको पक्ष लिने सवै तह र स्तरका जनताले संघर्षमा भाग लिएका थिए र ती राज्यसत्ताकै विरूद्ध विकसित भएका थिए । नारा भनेको विशिष्ठ परिस्थितिमा आधारभूत जनशक्तिलाई दीक्षित र आन्दोलित गर्न सचेत पक्षले क्रियात्वयन गर्न निश्चित गर्ने हो । क्रियान्वयनको व्यवहारिक परिणामले मनोवैज्ञानिक अर्थमा मानव मश्तिष्कमा (भावनामा) प्रभाव पारी ऊर्जाको स्थान लिन्छ । यसरी मात्र संघर्षको मूल र ठूलो शक्ति ध्रुवीकरण हुने हो ।

  ०४६ कै आन्दोलनलाई लिऊँ- त्यसमा पन्चायती शासनको अन्त र बहुदलीय शासनको पुनर्वहालीको नारा थियो । त्यो आन्दोलनमा शहर-बजारका सबै तह र स्तरका जनताले भाग लिएका थिए । शुरूमा विभिन्न पार्टीहरूले आन्दोलनको पहल गरेका थिए, तर जनताको आन्दोलनले पार्टी र नेताहरूलाई पछि पारेको थियो भन्ने प्रतिक्रिया सबै पक्षबाट आएको हो । यसरी व्यवहारिक घटनातिर ध्यानदिंदा “जसको जोत उसको पोत” भन्ने नाराले सम्पूर्ण किसानहरूलाई संघर्षमा आकर्षण गर्छ कि गर्दैन भन्ने समस्या मुख्य हैन कि ? अत्यन्त सचेत र गम्भीरतापूर्वक व्यवहारमा जुट्नुपर्ने आन्तरिक योजना जस्तो विषयलाई विवादमा मात्र छोड्दा राजनीति रंगशाला जस्तो हुन जाला कि ? गम्भीरतापूर्वक सोचौं-विचार गरौं ।
- कृषिक्रान्तिको व्यवहारिक घटनाक्रममा देशका प्रजातान्त्रिक एवं देशभक्त (राष्ट्रिय पूंजीवादीहरू समेत) सबै स्तर र तहका जनता आकर्षित र आन्दोलित हुनेछन् भन्ने हामीलाई लाग्छ । यसको शुरू र विकासक्रममा सवै किसानहरू आकर्षित हुँदैनन् भन्ने हैन, अझ वास्तविकता के हो भने धनी किसान र कतिपय सामन्तहरू पनि संघर्षको अगि-पछि लाग्ने रहेछन्- यो देशमै भएका किसान आन्दोलनको सानोतिनो अनुभव मात्र हो । यसबारे पनि साँचौं । ❑

# हामीमा भ्रष्टाचार किन मौलाइ रहेछ ?

– हरिमान प्रधान

**के अहिलेदेखि भ्रष्टाचार अन्त्य गर्ने प्रक्रिया शुरु गर्न सकिन्न ?**

**"तल्ला घरे केदारको छोराले जागीर खाएको पाँचै वर्षमा काठमाडौंमा घर ठड्यायो । हाम्रो छोरा त कस्तो ल्वाँठ ! १५ वर्ष भइसक्यो, एक टुक्रा जग्गा समेत किनिसकेको छैन ।"**

**"मान्छेको छोरा भनेको रामेश्वर हो ! हेर त, एक महीना पूरै बालुवाटार धाएर पनि अमेरिका गई छोड्यो । छै महीनामा पाँच लाख कमाएर ल्यायो ।"**

**"हाम्रो बूढा कस्तो हरि लल्ठक ! जुनूको लोग्ने ना.सु. भएर पनि पाँच हजारको सिल्क सारी किनी दिन्छ । ऊ सेक्सन अफीसर छ, तर मलाई १५ सयको शिफनमा चित्त बुझाऊ भन्छ ।"**

अचेल नेपाली समाजमा हामी त्यस्ता थुप्रै बाबु आमाहरू पति पत्नीहरू पाउँछौं, जो अरूका छोराछोरीले र पति पत्नीले छिटै मालामाल संपत्ति कमाएकोमा डाहाले छटपटाउँछन्, र यस्ता भनाइहरू अभिव्यक्त गर्छन् । उनीहरूलाई ठ्याप्पै मतलब छैन, त्यो संपत्ति कुन अनैतिक उपाय अप्नाएर कमाइएको छ ।

आफ्नो छोरा छोरीले र पति पत्नीले अनैतिक बाटो नसमातेकोमा, उनीहरू चरित्रवान र नैतिकवान भएकोमा उनीहरूलाई अलिकता पनि गौरबको अनुभूति छैन । सत्चरित्र र नैतिकताको बाटोलाई उनीहरू कमजोरी र निमछरोपन ठान्दछन् । जसरी होस्, रातारात गाँठवाल हुन सक्नुलाई नै उनीहरू बहादुरी ठान्दछन् ।

हामी अड्डा अदालतमा भ्रष्टाचार भएको मन पराउँदैनौं । यिनै बाबु आमाहरू, पति र पत्नीहरू पनि अड्डा अदालतमा घूसखोरी व्यापक भो, पैसा नदिईकन कुनै सानो काम पनि नहुने भो भनेर चर्को गुनासो गर्छन् । भ्रष्टाचारमुक्त प्रशासन र समाजको व्यापक माग हुन्छ । तर उनीहरू के याद गर्दैनन् भने नैतिक र चरित्रवान बाटोप्रतिको उनीहरूको हेय दृष्टि नै सारा भ्रष्टाचारको मुहान हो । आफ्ना छोराछोरी र पति पत्नीमाथि उनीहरूले गरिरहेका नाजायज माग नै सारा भ्रष्टाचारको जरो हो ।

पाँचै वर्षमा त्यो सेक्सन अफीसरले मात्र घर ठ्याउन सक्छ, जो अफिसमा दिनदहाडै भ्रष्टाचार गर्छ । बेसन्दर्भ र अनाहक त्यो मानिसले मात्र बिदेश भ्रमण गर्न र सुनको रोटी भित्र्याउने मौका पाउँछ, जो सारा नैतिकता र स्वाभिमानको नोक्सानीको मूल्यमा पनि सत्तासीनहरूको चाकडीमा अहोरात्र जुट्छ । त्यो ना.सु.ले मात्र आफ्नी बूढियालाई चाडैपिच्छे पाँच हजारको सिल्क सारी हालीदिन सक्छ, जो कार्यालयमा स-सानो कामको लागि पनि ठाड्ठाडो सय-पाँचसयको घूस माग्न सक्छ ।

त्यसैले, हाम्रा छोराछोरीलाई भ्रष्टाचार गर्न प्रोत्साहित पार्ने अरू कोही नभएर हामी आफैं हौं । हाम्रा श्रीमान श्रीमतीलाई अनैतिक बाटो अप्नाईछोड्न उत्प्रेरित गर्ने काम हाम्रै नाजायज माग र औकातभन्दा माथिका आवश्यकताहरूले नै गरिरहेका हुन्छन् । हाम्रा आफन्तलाई अनैतिकता र भ्रष्टताको खाल्डोमा धकेल्ने काम जसरी होस्- अरूभन्दा छिटो पैसा कमाउनै पर्छ भन्ने हाम्रै मानसिकताले गरिहेको हुन्छ ।

तर हाम्रो अन्तरविरोधी स्वभाव के छ भने- हामीलाई अरूले घूस मागेको मन पर्दैन, हामीलाई भ्रष्टाचारदेखि औधी रीस उठ्छ । हाम्रो तीव्र गुनासो छ कि, प्रशासन यति विघ्न किन भ्रष्ट र अनैतिक छ, हाम्रो यही अन्तरविरोधी स्वभावले गर्दा भ्रष्टाचार, चारैतिर भ्रष्टाचार दिन दुई गुना रात चौगुना बढिरहेछ । समाजमा नैतिकवान मानिसहरूलाई इज्जत गर्ने, भ्रष्ट मानिसलाई चारैतिर बहिस्कृत गर्ने परिपाटी हुने हो भने भ्रष्टाचार गर्ने प्रवृत्ति हमेशा निरूत्साहित हुने थियो । नाजायज उपायबाट संपत्ति कमाउनेहरूलाई चारैतिर छि छि दूरदूर हुने हो भने उनीहरूको त्यो प्रवृत्ति घट्दै जाने संभावना हुन्थ्यो । सत्चरित्रवान र नैतिक मूल्यमा अडिग मानिसहरूको उच्च सम्मान हुने प्रणालि समाजमा भएमा धेरै मानिसहरू त्यो सम्मान प्राप्त गर्न लालयित हुन्थे । परिणाम स्वरूप भ्रष्टाचार घट्दै जान्थ्यो, सदाचार बढ्दै आउँथ्यो ।

तर अहिले समाजमा उल्टो स्थिति विद्यमान छ । जो सत्चरित्रवान र नैतिकवान छ, जीविकाको गलत बाटो समात्दैन, उसलाई हामी पटमूर्ख ठानिरहेछौं । जो मौका पाएर पनि भ्रष्टाचार गर्दैन, पद र पैसामा बिक्दैन, उसलाई हामी महान हैन, सिल्ली ठानीरहेका छौं । तर जो ना.सु. को जागीर खाएर पनि एकै वर्षमा काठमाडौंमा घर ठड्याउँछ, त्यो हाम्रो नजरमा प्रतिष्ठित भइरहेछ । जो कालो व्यापार गरेर एकै वर्षमा करोडपति हुन्छ, त्यो समाजमा सम्मानको पात्र भै रहेछ । हाम्रो सम्मान, इज्जत र पुरस्कारको नापो पूँजी भइरहेछ, चाहे त्यो जतिसुकै नीच र घिनलाग्दो उपायबाट कमाइएको किन नहोस् ।

यो हाम्रो समाजको नैतिक मूल्यमा आएको ठूलो गिरावटको प्रष्ट संकेत हो । जब हाम्रो सम्मानको नापो नै पैसा हुन्छ, र जायज उपायबाट पैसाको थुप्रो हात लाग्दैन, मानिस स्वभावतः भ्रष्टाचार गर्न उत्प्रेरित हुन्छ । जब चोरी नै समाजद्वारा सम्मानीत हुन्छ, चोरी गर्न डराउनु पर्ने कारण नै के रहन्छ ?

यसरी भ्रष्टाचारतिर धकेल्ने कारक तत्व र भ्रष्टाचारतिर तान्ने कारक तत्व दुवै हाम्रो समाजमा खचाखच बिद्यमान छन् । ती दुवै कारक तत्वका स्रष्टा हामी आफैं हौं । हैसियतभन्दा बेसीका नाजायज आवश्यकताहरूले हामीलाई भ्रष्टाचारतिर धकेलिरहेछ । जुनसुकै भ्रष्ट बाटोबाट कमाइएको संपत्ति भए पनि त्यसलाई समाजद्वारा मान्यता र उच्च सम्मान दिइनुले हामीहरूलाई भ्रष्टाचार गर्नतिर तानिरहेछ । यसरी भ्रष्टाचार पैदा गर्ने कारक तत्वहरू समाजमा वालछ्याल विद्यमान भएपछि समाजमा भ्रष्टाचार नबढे के बढ्छ त ?

**जो मौका पाएर पनि भ्रष्टाचार गर्दैन, पद र पैसामा बिक्दैन, उसलाई हामी महान हैन, सिल्ली ठानीरहेका छौं । तर जो ना.सु. को जागीर खाएर पनि एकै वर्षमा काठमाडौंमा घर ठड्याउँछ, त्यो हाम्रो नजरमा प्रतिष्ठित भइरहेछ ।**

यी कारक तत्वहरू समाजमा खचाखच विद्यमान हुनुको पनि वस्तुगत कारण छ । त्यो कारण के हो- भने हाम्रो समाज अहिले पूरै व्यक्तिगत पूँजी वा संपत्तिमा अधारित छ । सारा नीति नियम, कानूनहरू व्यक्तिगत संपत्तिको सिद्धान्तमा आधारित छन् । संविधानले पनि व्यक्तिगत संपतिलाई मौलिक अधिकार ठहर गरेको छ र यसलाई अनुलंघनीय मानेको छ । सामन्तवादकालीन ठूला ठूला परिवारहरू फुट्दैछन् र साना साना परिवार बन्दैछन्- व्यक्तिगत संपत्तिकै मानसिकताले गर्दा । समाज सिंगै यसरी व्यक्तिगत संपत्तिमा आधारित भएपछि जसको व्यक्तिगत संपत्ति बेसी हुने भो उसको व्यक्तिगत सम्मान र सामाजिक हैसियत पनि बढी हुने भो । जसको व्यक्तिगत संपत्ति बढी हुने भो, उसको आफ्नो आवश्यकता पूर्ति गर्ने क्षमता पनि बेसी हुने भो । अरूले व्यक्तिगत संपत्तिको आधारमा बेसी आवश्यकता पूर्ति गरेको देखेपछि अरुलाई पनि त्यही व्यक्तिगत संपत्ति वृद्धि गर्ने चाहना स्वभावतः बढ्ने भो । यसरी व्यक्तिगत संपत्तिमा आधारित समाज व्यवस्था यहाँ विद्यमान भएकैले व्यक्तिगत संपत्तिको मानसिकता पनि यहाँ विद्यमान भएको हो । पहिले जमीन जसको बढी हुन्थ्यो, उसको हातमा इज्जत र कानून दुवै हुन्थ्यो । अहिले व्यक्तिगत पूँजी जसको बढी हुन्छ, उसको हातमा इज्जत



र कानून दुवै हुने समाज व्यवस्था कायम भएको छ ।

यही समाज व्यवस्थाले गर्दा समाजमा अहिले व्यक्तिगत पूँजीको दबदबा कायम भएको छ । जोसँग व्यक्तिगत पूँजी वेसी छ, ऊ वेसी सम्मानित र इज्जतदार भैरहेछ, चाहे उसले त्यो संपत्ति कारखानामा लाखौं मजदूरको शोषण गरेर वा बजारमा उपभोक्ताको शोषण गरेर कमाएको किन नहोस् ! जोसँग व्यक्तिगत पूँजी वेसी छ, उसको सबै सुविधाहरू किन्ने क्षमता पनि बेसी हुनु स्वाभाविक भएको छ, चाहे त्यो शिक्षा होस् वा स्वास्थ्य, लुगा होस् या गहना, घर होस् या अन्य सरसुविधाहरू । समाजको जगमा यस्तो व्यवस्था र सम्बन्ध स्थापित भएको हुनाले मानिसको मानसिकता पनि व्यक्तिगत संपत्तिमा आधारित भएको छ । हाम्रो समाजमा भ्रष्टाचारको विगविगीको जग यही हो ।

सारा मजदूर भोकभोकै मर्ने शर्तमा पनि एउटा पूँजीपति अति नाफाको लागि छिटै लाखौं लाख संपत्तिको मालिक हुनको लागि उनीहरूमाथि शोषण गरिहेछ । एउटा व्यापारी चाँडै धनी हुने मनसुवा पूरा गर्न असंख्य उपभोक्ताको अहितको शर्तमा पनि अति आवश्यक बस्तुको कालो बजारी गरेर ठूलो धनराशी रातारात हसुरिरहेछ । एउटा कर्मचारी छिटै घर बनाउन वा छोरालाई वोर्डिङमा हाल्न आफ्नो कार्यालयमा दिनदहाडै घूस मागिरहेछ । केही भौतिक सुविधा र सहुलियत सत्तासीनबाट हात पार्न एउटा राजनीतिज्ञ गलत काम कुरामा पनि सत्तासीनसँग सौदा र सम्झौता गरिरहेछौं । यी सबै भ्रष्टाचारका एक से एक नमूना हुन् । तर यी सबै भ्रष्टाचारका नमूनाहरूको एउटै मुहान छ- त्यो हो व्यक्तिगत संपत्तिको मानसिकता । अथवा आत्मकेन्द्रित चिन्तन । आफूलाई फाइदा वा नाफा भयो कि समाजलाई जे सुकै होस् भन्ने चिन्तन ।

यो चिन्तनको जग व्यक्तिगत संपत्तिमा आधारित समाज व्यवस्था हो ।

त्यसैले समाजमा आम रूपमा र जगैमा भ्रष्टाचारको मुहान अन्त्य गर्ने हो भने व्यक्तिगत संपत्तिमा आधारित समाज व्यवस्था नै फेर्नु पर्छ र सामूहिक संपत्तिमा आधारित समाज व्यवस्था स्थापना गर्नु पर्छ ।

तर के अहिल्यैदेखि यही समाज व्यवस्था अन्तर्गत भ्रष्टाचार अन्त गर्ने प्रक्रिया समेत शुरू गर्न सकिन्न त ?

सकिन्छ, अवश्यै सकिन्छ ।

हामी प्रत्येकले आफूमा संघर्षको प्रक्रिया थालेर, सजगता बढाएर आफ्ना आवश्यकताहरूलाई न्यूनतम पार्न र आफ्नो औकातको सीमाभित्र तिनलाई ल्याउन सक्छौं । यसो गरियो भने भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने स्रोत हामी नहुन सक्छौं । त्यस्तो स्रोत घटाउँदै लान सक्छौं । आफ्नो वरपर पनि यो प्रक्रिया विस्तार गर्न सक्छौं ।

हामी प्रत्येकले भ्रष्टाचारलाई घृणा र निरूत्साहित गर्ने, सदाचारलाई प्रेम र सम्मानित गर्ने प्रक्रिया पनि थाल्न सक्छौं । यसो गरियो भने हाम्रो वरपर भ्रष्टाचार गर्ने मानिसहरू निरूत्साहित हुने संभावना बढ्छ र सदाचारको वृद्धि शुरू हुन्छ ।

हामी प्रत्येकले आफूप्रतिको निरन्तर संघर्ष र आलोचनात्मक सजगताबाट आफूमा व्यक्तिगत संपत्तिमा आधारित मानसिकता र आत्म केन्द्रित चिन्तन खत्तम पार्ने प्रक्रिया शुरू गर्न सकिन्छ । त्यसको ठाउँमा समाजमुखी चिन्तन विकास गर्न सकिन्छ । यसो गरियो भने भ्रष्टाचारको मुहान हामीबाटै खतम हुन थालनी हुन सक्छ ।

> **भ्रष्टाचारतिर धकेल्ने कारक तत्व र भ्रष्टाचारतिर तान्ने कारक तत्व दुवै हाम्रो समाजमा खंचाखच विद्यमान छन् । ती दुवै कारक तत्वका स्रष्टा हामी आफैं हौं ।**

यी प्रक्रियाहरू व्यक्तिले थालनी नै गर्न नसक्ने भए "बुद्ध" हुने थिएनन्, न त मार्क्स नै "मार्क्स" हुन सक्ने थिए । लेनिन, स्तालीन, माओ सबैले यही प्रक्रिया थालनी गरेका थिए । र, यो थालनी हामीबाट पनि हुन सक्छ ।

तर मानिस सामाजिक प्राणी हो । समाजको अन्तर्सम्बन्धमै मानिस "मानिस" भएको हुन्छ । यो अन्तर्सवन्धमा रहँदा अरूबाट मानिस हमेशा प्रभावित भइरहन्छ । समाजमा जबसम्म व्यक्तिगत संपत्ति र त्यो संपत्तिजन्य चिन्तन बाँकी रहन्छ, अन्तर्सम्बन्धमा बाँचेको मानिस पनि प्रतिपल त्यसबाट अछूतो भईरहन सक्दैन । ऊ त्यसबाट कुनै न कुनै रूपबाट प्रभावित भईरहन्छ । त्यसैले, सामाजिक रूपमा र आम स्तरमा भ्रष्टाचार निर्मूल पार्न समाजकै रूपान्तरण जरूरी हुन्छ, जुन निरन्तर सामाजिक रूपान्तरणमुखी आन्दोलनबाट मात्र संभव हुन्छ । समाजको जगमा र मानिसकतामा व्यक्तिगत संपत्तिजन्य सम्बन्ध र मानसिकता खत्तम गर्न सकेपछि मात्र भ्रष्टाचारको मुहान सुक्छ । यो सारै लामो र अति कठीन प्रक्रिया हो ।

यो प्रकृया तालमा पानी सुकाए जस्तै प्रक्रिया हो । तालको पानी पूरै सुकाउन जुन जुन मुहानबाट तालमा पानी जम्मा भएको हो, त्यो मुहान नै पूरै बन्द गर्नुपर्छ । तर निकास खोलेर तालको पानी घटाउन भने जहिले पनि सकिन्छ । त्यसैले यसो गर्न हामी आजैदेखि प्रयत्नशील हुनु जरुरी छ । ❑

# नेताहरुको राजनीतिक आचरण कस्तो हुनुपर्छ ?

## लेनिनको बिचार



**"जनताबीच बस ।<br>उनीहरुका भावनाहरुलाई बुझ ।<br>हरेक चीजलाई बुझ<br>जनतालाई बुझ<br>त्यहाँ पुग्ने सही बाटो खोज ।<br>जनताको पूर्ण विश्वास प्राप्त गर ।"**

नेताहरुले ती जन समुदायहरुबाट आफूलाई कहिले पनि अलग्ग गर्नु हुँदैन, जसको उनीहरु नेतृत्व गरिरहेका हुन्छन् । अगुवा दस्तालाई श्रमका सम्पूर्ण सेनाबाट पनि कहिले पनि अलग्ग हुन दिनु हुदैन ।

(लेनिनः खण्ड ४४, पृष्ठ ४८७)

एउटा सच्चा क्रान्तिकारी भएको नाताले लेनिन पार्टी र जनतासंग सिधै-सिधै कुरा गर्नु हुन्थ्यो । गल्तीहरु खुलारुपमा स्वीकार गर्नुहुन्थ्यो र गल्तीहरु दोहोऱ्याइयो भने त्यसको विरुद्ध चेतावनी पनि दिनुहुन्थ्यो । यस सिधा, स्पष्ट व्यवहार र सत्यलाई उहाँ विजयको आवश्यक शर्त मान्नु हुन्थ्यो ।

यसवारे ज्वलन्त विचार प्रस्तुत गर्दै लेनिन भन्नुहुन्थ्यो-

"अहिलेसम्म जुन जुन क्रान्तिकारी पार्टीहरु पूर्णतः नष्ट भए, ती सबै यसकारणले नष्ट भएका हुन कि ती पार्टीभित्र अहंकार पैदा भएको थियो, तिनीहरु आफ्नो शक्तिको स्रोतलाई चिन्ने कार्यमा असफल भए र आफ्ना कमजोरीहरुमाथि विचार गर्न डराएका थिए ।"

*(लेनिनः खण्ड ३३, पृष्ठ ३११)*

### लेनिनको संझनामा मस्कोमा प्रदर्शन

## लेनिन थिए, लेनिन छन् र लेनिन रहनेछन्

समाजवादी सोभियत संघका संस्थापक भ्लादिमिर इल्यिच लेनिनको १२४ औं जन्मोत्सवको उपलक्ष्यमा आफ्नो श्रद्धाञ्जलि व्यक्त गर्ने क्रममा विश्वका न्यायप्रेमी जनताले जस्तै मस्कोवासीहरूले पनि प्रदर्शन गरे । मस्कोको रेड स्क्वायरमा गत वैशाख ९ गते (२२ अप्रिल) का दिन भेला भएका हजारौं मस्कोवासहिरूले सोभियत झण्डा र राता फूलहरूले लेनिनलाई आफ्नो श्रद्धाञ्जलि व्यक्त गरे ।

सोही दिन दश हजार मानिसहरूले लेनिनलाई चुपचाप सझँदै रेड स्क्वायरस्थित लेनिनको स्मारक (मुसोलियम) मा गई त्यहाँ सुरक्षित रुपमा राखिएको लेनिनको देह-दर्शन गरे । फूल, झण्डा तथा लेनिनका चित्रहरू लिएर दर्शन गर्न आएका अधिकांश प्रौढ मानिसहरू मध्ये ५७ वर्षीया गालिना चेकांसोवा भन्छिन्- 'म लेनिनलाई आफ्नो प्राणभन्दा प्यारो ठान्छु ।'

उनले लिएर आएकी पोष्टरमा हातले यसरी लेखिएको देखिन्छ- "लेनिन थिए, लेनिन छन् र लेनिन रहनेछन् ।"

## "लेनिनको पक्ष लिनै पर्छ ।"

लेनिन दिवसको उपलक्ष्यमा तानाशाही येल्तसिन सरकार त चुप लागेर बसिरह्यो, तर जनता र जनताका पत्रिकाहरू चूपो लागेर बसिरहेनन् ।

यस उलक्ष्यमा रुसी अखबारहरूले लेनिन तथा सोभियत समाजवादी शासनकालपछि यस दिवसको महत्वको बारेमा अनेकौं लेखहरू प्रकाशित गरे ।

सोभियत कम्युनिष्ट पार्टीको पूर्व मुखपत्र- "पाभ्दा" ले मुखपृष्ठमै लेनिनको तस्वीर छाप्यो र रूसीहरूलाई लेनिनको योगदान नभुल्न आग्रह गऱ्यो । 'प्राभ्दा' ले आह्वान गरेको छ- "लेनिनको पक्ष लिनै पर्छ ।" ★

मइ दिवसको उपलक्ष्यमा

# नेपालको मजदूर आन्दोलन किन बलवान हुन सकिरहेको छैन ?

मजदूर आन्दोलन बलवान नहुनुको पहिलो कारण त यहाँको राज्ययन्त्रले यहाँको पूँजीपति वर्गलाई दिइरहेको संरक्षण हो । मजदूरहरूले अन्यायको विरूद्ध सानै माग राखेर संघर्ष गरेपनि यहाँको सरकार मजदूर वर्गको विपक्षमा र पूँजीपति वर्गको पक्षमा लाग्ने गरेको छ । जब राज्य सिंगै मजदूरहरूको विरूद्ध वा विपक्षमा खडा हुन्छ, मजदूर आन्दोलन बलवान हुन गाह्रो हुन्छ नै ।

दोस्रो, के भयो भने २०४६ सालको जन आन्दोलन पछि नयाँ ब्यवस्था आयो । देशले पुरानो व्यवस्थाबाट नयाँ व्यवस्थातिर संक्रमण गऱ्यो । यो बीचको संक्रमणको अवधिमा हामी जुझारूहरू मजदूर आन्दोलन बिकासतिर कम, प्रगतिशील ऐन कानून नियमावलीको व्यवस्थातिर बढी लाग्यौं । ऐन कानून खराब आइदियो भने पुरै मजदूर जगत्‌लाई र आन्दोलनलाई नोक्सान पुऱ्याउला कि भन्ने हाम्रो डर रह्‌यो । त्यसैले, पूँजीपतिको सरकारले ल्याएको ऐन कानून, नियमावलीको बेठीक पक्षको खण्डनतिरै बेसी लागियो । हाम्रो श्रम र समय त्यसमा वढी खर्च हुनाले जुझारू मजदूर आन्दोलनमा हामी त्यति लाग्न सकेनौं ।

हाम्रो नेपालको मजदूर आन्दोलन विभाजित छ, हाम्रो शक्ति विभाजित छ, यद्यपि हाम्रो साझा शत्रु भने एउटै छ । हाम्रो समस्या एउटै छ । यो स्थितिमा साझा कार्यक्रमका आधारमा साझा शत्रु विरूद्ध हामी एकजूट हुनै पर्ने । तर आत्मालोचक भएर विनाहिच्किचाहट हामीले भन्नै पर्छ कि हामी त्यसरी एकजूट हुन सकिरहेका छैनौ । सवैभन्दा ठूलो संगठन हाम्रो हो र यो मूलधार हो भनेर हामी आफूलाई स्वीकार्दा पनि हामीवाट पनि यो जिम्मेवारी उचित तवरले निर्वाह गरेको हामीलाई लाग्दैन । यसरी हामी विभाजित हुनाले फाइदा पूँजीपतिलाई भइरहेको छ । र, हामी उसको तुलनामा झन झन मजबूत हुन सकिरहेका छैनौं ।

अर्को महत्वपूर्ण वास्तविकता के छ भने पूँजीपति वर्ग अन्तर्राष्ट्रिय स्तरमा मजदूर वर्ग विरूद्ध एकजूट छ । मजदूर वर्गलाई कसरी चुस्ने, ठग्ने र बलवान हुन नदिने बारेमा विश्वका सारा पूँजीपतिहरू एक भएर सोचिरहेका छन् । नयाँ नयाँ जुक्ति, नीति र बैकल्पिक कार्यक्रम बनाइ रहेकाछन् र त्यसलाई लिखित रूपमा अगाडि ल्याइरहेकाछन् । पूँजीपति वर्गले आफ्ना सारा बुद्धिजीविहरूलाई यस काम लगाएको छ । प्रचार गर्ने उनीहरूको आफ्नै शक्तिशाली प्रचार यन्त्र छ । यसमार्फत उनीहरूका नयाँ नयाँ नीति, वैकल्पिक कार्यक्रमहरू मजदूर वर्गलाई भ्रमित पार्ने कुराहरू प्रचारमा ल्याईरहेछन् ।

हाम्रो भने सीमाहरू छन् । हाम्रो उनीहरूको जस्तो विश्वव्यापी एकजूटता छैन । विश्वव्यापी बौद्धिक गृह कार्य पनि हामी गरिरहेका छैनौं, के के गर्दा हाम्रो बढी से बढी हित हुन्छ भनेर । हाम्रो, त्यसैले, बैकल्पिक नीति र कार्यक्रम नै विकसित हुन सकेको छैन , उनीहरूको जस्तो । न त नीति र कार्यक्रम नै हामीले राम्ररी प्रचार गर्न सकेका छौं । हामी आदर्शका कुरा बेसी गरिरेहेछौं । मजदूरको राज्य, समाजवाद, शोषणरहित समाज- यस्ता धेरै आदर्शका कुरा हामीले बाँड्दै आएका छौं । तर त्यो आदर्श पाइछाड्न पाइलै पिच्छे कसरी अगाडि बढ्ने त ? आज के के गरे भोलि त्यो दिन आउँछ ? मजदूर वर्गको मुख्य मुख्य समस्या र माग के? पूँजीपतिको विकल्पको सट्टामा जीवनको हरेक फाँटमा हाम्रो प्रगतिशील विकल्प के त ? यसवारे भने हामीले कुनै गृहकार्य नै गरिरहेका छैनौं । यसमा हामीले मथिंगल नै खियाइ रहेका छैनौं । *हामी यसरी विकल्पहीन, कार्यक्रमहीन स्थितिमा छौं, आजको वास्तविकतासित मेल खाने प्रगतिशील नीति र कार्यत्रमविना नै हामी हचुवामा अघि बढिरहेछौं । अनि यस्तो हचुवा तालले हामी कसरी बलवान हुन सक्छौं ?* हामी निर्भिकतापूर्वक स्वीकार्छौं यहाँको कुनै पनि मजदूर संगठनसित प्रगतिशील वैकल्पिक नीति र कार्यक्रम छैन र त्यो संतोषजनक अनुपातमा हामीसित पनि छैन । फरक यति हो कि हामीले यो हामीसित हुनै पर्छ भनेर प्रयास चाहिं थालेका छौं । हामी विकासवान अवस्थामा भने छौं ।

अर्को, यहाँ जुन दिनदेखि संगठित मजदूर आन्दोलन शुरू भयो, त्यही दिनदेखि यही भित्रबाट यसलाई फुटाउने र खत्तम पार्ने प्रवृत्ति पनि शुरू भयो । २००३ साल फागुन २० गते यहाँ संगठित मजदूर आन्दोलन शुरू भयो । ठीक त्यही दिनदेखि यहाँ फुटको बीजारोपण पनि गरियो । मजदूर आन्दोलन भित्र अहिलेका प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालानै त्यो फुटको औपचारिक बीजारोपणकर्ता हुनुहुन्थ्यो । त्यहि दिनदेखि आजसम्म जब जब कजदूर आन्दोलन अघि वढ्ने सुरसार कस्छ, मजदूर आन्दोलन भित्रैबाट त्यो प्रवृत्तिले छेकेवार हाल्ने र पथभ्रष्ट पार्ने कार्य गरिआएको इतिहास साक्षी छ ।

अहिले त गिरिजा प्रसादकै बुइ चढेर औपचारिक रूपमा नेपाली मजदूर आन्दोलन भित्र साम्राज्यवादले खुला प्रवेश गरेको छ । नेपाली कांग्रेसको भ्रातृ संस्था ट्रेड यूनियन कांग्रेसले मजदूरपक्षीय काम त झुक्केर पनि गरेको इतिहास छैन । तर यसलाई ICFTU अर्थात International Federation of Trade Unions ले नेपालको मजदूर आन्दोलन भाँड्न पैसा पेल्न थालेको छ । यसको एउटा साधारण पर्चा पनि आफ्नो पैसाले छापिदैन, ICFTU ले छापी दिन्छ । नेपालका मजदूरहरूको सांस्कृतिक स्तर तल्लो छ । पैसाले तल्लो चेतनास्तर भएका मानिसलाई बाटो भुल्ने पार्ने धेरै संभावना हुन्छ र त्यो उनीहरूले गरिरहेका छन् ।

त्यसमाथि थप, AAFLI भन्ने एउटा मजदूर आन्दोलन विरोधी CIA द्धारा संचालित बदनाम अन्तर्राष्ट्रिय संस्था छ, त्यो संस्थाले औपचारिक रूपमा नेपालमा दर्ता पाएको छ । अर्को USAID भन्ने संस्था छ । यी दुबै संस्था यस्ता संस्था हुन् जसको मुख्य लक्ष्य र काम नै प्रगतिशील मजदूर आन्दोलनमा भाँजो हाल्नु , त्यसलाई फुटाउनु र खतम पार्नु हो । मजदूर विपक्षी आन्दोलनमा लागेकालाई पैसा र सल्लाह दिने नै उनीहरूको काम हो । २०५० सालमा त्यो AAFLI ले नेपालमा दर्ता पायो र अहिले त्यो नेपाली कांग्रेसको ट्रेड यूनियन नेपाली कांग्रेस मार्फत सक्रिय भएको छ । त्यस कारण पनि नेपालको प्रगतिशील मजदूर आन्दोलन बेसी चुनौतीपूर्ण भएको छ ।

यी सवै कारणहरूको कुल जाडले गर्दा नै पूँजीपति वर्गको तुलनामा हामी बलवान हुन नसकेको हो । *एकातिर अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा पूँजीपति वर्गको एकतावद्ध षडयन्त्र, त्यसमाथि हाम्रो आफ्नै सीमा र कमजोरीहरू अति विभाजन यी दुवै एकै ठाउँमा गाँठो पर्नाले हामी उनीहरूको तुलनामा वेसी शक्तिशाली हुन नसकेको हो ।* मजदूर आन्दोलनलाई बलवान वनाउने हो भने हाम्रा यी सीमा र कमजोरीहरू हामीले हटाउनु पर्छ र हामी विश्वव्यापी रूपमा एकतावद्ध हुनुपर्छ ।

सवभन्दा पहिलो कुरा त हामीले मजदूरहरूको न्यून चेतनास्तर माथि उठाउन योजनावद्ध शिक्षा अभियान नै थाल्नु पर्छ । मजदूरहरुको वर्ग चेतनास्तर नवदलिएसम्म कुनै पनि मजदूर आन्दोलन बलियो हुँदैन । हामीले यस निम्ति चरणवद्ध रूपमा Campaign शुरू गरेका छौं, जसको अर्थ हो Trade Union Education Campaign अर्थात मजदूर संगठन शिक्षा अभियान ।

दोस्रो कुरा , नेपालका भएजति मजदूरपक्षीय ट्रेड यूनियनहरू एकतावद्ध हुन पऱ्यो- कार्यगत रूपमा एउटा साझा कार्यक्रमका आधारमा । हाम्रा मतभिन्नताहरू होलान्, तर मजदूरको ज्याला उठाउनु पर्छ, निष्कासित मजदूर पुनर्वहाली गर्नुपर्छ जस्ता कुरामा त हाम्रो एकता हुन सक्छ नि । साझा कार्यक्रम गर्दा आफ्नो संगठन ओझलमा पर्छ कि भन्ने हीनभावना हामीले मनमा पाल्नु भएन । साथै भारभुरेसित के एकता गर्ने भन्ने उच्चताभाषको ग्रन्थी पनि पाल्नु भएन । यही कुरा विश्वस्तरमा पनि गर्नु पर्छ । फगत एउटा देशको मजदूर आन्दोलन टिक्न वाँच्न गाह्रो पर्छ, किनकि पूजीपतिहरू अन्तर्राष्ट्रिय रूपमा एक छन्, हामी विरूद्ध ।

तेस्रो , कुरा हामीसित पनि वैकल्पिक कार्यक्रम र नीति हुन पऱ्यो, प्रगतिशील चरित्रको । त्यसको लागि गृहकार्य थालिनु पऱ्यो ।

**– बिष्णु रिमाल**

**महासचिव, नेपाल ट्रे.यू. महासंघ (जिफन्ट)**






# जगन साहुहरूको अन्याय विरुद्ध

# राजेश हमालहरूको मारमुंग्री

## नेपाली फिल्म

# "कसम"

**ब**जारिया फिल्महरूमा पनि फिल्म उत्पादक र निर्देशकको ध्यान जाने गरेको एउटा महत्वपूर्ण विषय हो- सामाजिक अन्यायको चित्रण गर्नु र त्यसमा आफ्नो गलत दृष्टिकोण अनुसारको समाधानका उपायहरु सुझाउनु ।

हाल काठमाडौं उपत्यकाका तीन वटा हलहरूमा एकसाथ चलिरहेको नेपाली फिल्म "कसम" मा पनि यस्तै गरिएको छ । चार जना लफंगा केटाहरू नाटकीय रुपले सप्रेर आफूलाई सपार्ने केटी "कान्ता" को हत्यारालाई खेद्छन् । आफूलाई वकिल शान्ताले अदालतमा आरोपबाट बचाउन खोज्दा पनि आफैं दश वर्ष जेल पर्न तयार हुन्छन् । उनीहरुको र समग्रमा "कसम" को निचोड रहेको छ- यस किसिमले हत्याराहरूलाई "ठिक" गर्न "त्याग र बलिदान" गर्ने हो भने बल्ल यो समाजको "मुक्ति" सम्भव छ ।

नायक शिव (राजेश हमाल) को भनाइको निचोड छ- कान्ता जस्ता संघर्षशील नारीहरूको लागि हामी सबैले यसरी नै त्याग र बलिदान गर्नुपर्छ !

समाजमा रहेको लुटाहा वर्गको अन्याय र अत्याचारमा परेर असंख्य मानिसहरू तड्पिरहेछन् । उनीहरू त्यस्ता अन्यायहरूबाट मुक्ति चाहन्छन् । यो मुक्ति कसरी संभव छ ?

यो जटील प्रश्नको उत्तरको खोजीमा संसारभरका चिन्तक-दार्शनिकहरूले ठूलो मिहेनत गरिसकेका छन् । भिन्न भिन्न मतभेदहरू, विवादहरूबाट गुज्रेर यसको वैज्ञानिक निर्क्यौल निस्केको छ । त्यस निर्क्यौलले भन्छ- अन्याय अत्याचारको विरुद्ध अन्यायमा परेकाहरू संगठित र योजनाबद्ध भएर लड्नु पर्छ, समाजको आर्थिक, राजनैतिक, सामाजिक स्थितिको आमूल परिवर्तनको अभियानसँग त्यो लडाईं जोडिनु पर्छ । अन्यथा, व्यक्तिगत झोंक र आक्रोश मात्रले समाजको मुक्ति संभव छैन ।



चार जना व्यक्तिहरूले मारमुंग्री गरेर जगनेसाहुको अन्त गराउँदैमा समाजको "मुक्ति" संभव छैन । झन ती चार जना व्यक्तिहरू आवाराहरू मात्र हुन् । लफंगा हुन तिनीहरूले भर्खर मात्र छोडेका छन् । तिनीहरूका दर्शनहीनता र अति न्यून साँस्कृतिक स्तरले दर्शाउँछ- तिनीहरू केवल क्षणिक आक्रोश बोकेका ठेट्नाहरू हुन् । ती ठेट्नाहरूका व्यक्तिवादी लडाईं झगडाले नै समाजको "मुक्ति" संभव हुने भए त यो समाज सयौं वर्षअघि नै मुक्त भैसक्ने थियो । किनभने यो समाजमा सन्काहा र झोकी लफंगाहरूको अभाव कहिल्यै भएन ।

फिल्म "कसम" ले ठेट्नाहरूको यही व्यक्तिवादी लडाईं झगडामा नै समाजको "मुक्ति" को बाटो देखाएर ठूलो राजनीति गरेको छ- न्यायको लागि संगठित संघर्षको बाटोतिर लाग्नबाट जनताको ध्यान अन्यत्रै मोड्ने राजनीति !

यस्ता राजनीतिहरू आज आम बजारिया फिल्महरूले गरिरहेका छन्, चाहे ती अंग्रेजी, हिन्दी वा नेपाली फिल्म नै किन नहोऊन् ।

शुभलक्ष्मी फिल्म प्रोडक्सनद्वारा प्रस्तुत एवं दीपक रायमाझीद्वारा निर्देशित र राजेश हमाल, कृष्टी मैनाली, मौसमी मल्ल, वीणा वस्नेत, सरोज खनाल आदिद्वारा अभिनित यस फिल्म "कसम" ले दिएको मूल सन्देश बारेको विवेचना पछि अब हामी यस फिल्मका अन्य पक्षहरूको बारेमा पनि चर्चा गरौं ।

अन्य व्यावसायिक फिल्मका कथानक झैं यस फिल्मको कथानक पनि नेपाली समाजको कुनै तहको यथार्थ चित्रणमा आधारित छैन । नेपाली समाजमाथि बुनिएको उडन्ते कल्पनामा यो आधारित छ ।

शिव, विरू, धने र लाले नामक चार जना आवारा केटाहरूले बाटामा कान्ता नामक केटीलाई जिस्क्याउने, गीत गाउँदै हातै हालेर रोक्ने, तान्ने, धकेल्ने आदि गर्छन । तर कान्ता भने आफ्नो मृत भाइ सम्झेर तिनीहरूलाई बस्ने खाने बन्दोवस्त गरिदिन्छे । यसै क्रममा नारायणी नदीको तीरमा लगेर ऊ ती केटाहरूलाई "अबदेखि लडाईं झगडा नगर्ने" कसम खुवाउँछे । केटाहरू तुरून्तै छू मन्तर गरे झैं आफ्ना चक्कू, चेनहरू फालेर एक्दम "ज्ञानी" बन्छन् ।

जगनसाहुको प्राइभेट सेक्रेटरी बनेकी कान्तालाई उसले हंगकंग लगेर आफ्नो वासनाको जालमा फसाउँछ र नेपाल फर्केपछि विहे गर्ने वचन दिन्छ । तर नेपाल फर्केपछि भने पैसा दिएर कान्तालाई उसले पन्छाउन खोज्छ । कान्ताले उसलाई नछोडेकी हुनाले ऊ मारिन्छे ।

कान्ताको लास चोकमा देखेपछि ती चार जना केटाहरू कान्ताको हत्यारा जगन साहुसँग वदला लिनका लागि पुन: नारायणी नदीमा गएर "लडाईं-झगडा नगर्ने" आफ्नो कसम तोड्छन् । अनि जगन साहुलाई खेद्ने काम हुन्छ । गाडी र मोटर साइकल, धूलो र ढुंगामा ठूलो "फाइट" पर्छ । राजेश हमालहरूको मारमुंग्री खाएर जगन साहु चक्कूले आफैं हानिएर मर्छ । त्यसमाथि केटाहरूले पनि सोही चक्कू फिकेर प्रहार गर्छन् । अनि उनीहरू पक्राउ पर्छन र थुनिन्छन् ।

कान्ताकी जुल्याहा दिदी शान्ताले (जो वकिल हुन्छे) कान्ता मरेको दृश्य भएको फोटो अचानक देखेर फोटोमा देखिएका ती चार जना केटाहरूको पक्षमा वकालत गरेर उनीहरूलाई बचाउने कोशिस गर्छे । तर केटाहरू आफैंले जगन साहुको हत्या आफूले गरेको भनी अदालतमा बयान दिई १० वर्षको जेल सजाय स्वीकार्छन् । उनीहरूले अनावश्यक रूपमै पनि यो दश वर्षे जेल सजाय स्वीकारेको पनि "समाजको मुक्ति" कै लागि हो भन्ने उनीहरूको तर्क हुन्छ । यसरी फिल्म सकिन्छ ।

मामा घरमा वसेर वि.एल. पढेकी शान्ताले बाबु आमा-भाइ वहिनीबारे खवर नै नपाएको जस्तो कोरा कल्पनामा यो फिल्मलाई टिकाइएको छ । मामाघर बस्ने शिक्षित छोराछोरीको घरसँग पटक्कै सम्बन्ध नहुने भन्ने कुरा यथार्थमा पटक्कै मिल्दैन । यस्तै गरी, नचिनेका लफंगा केटाहरूलाई आफ्नो भाइको झझल्कोमा डेरा र खाने बन्दोवस्त मात्र हैन, पकाउने मान्छे समेत जुटाइदिने "साहसी र दयालु" "कान्ता" हरू पनि वास्तविक समाजमा हुन सम्भव छैन, आर्थिक हैसियतमा पनि जो एउटा मालिकको कारिन्दा मात्रै छे । बाटोमा देखेको भरमा शिवसँग "प्रेम" गर्न आउने अंजली जस्ता प्रेमी पनि समाजका यथार्थ हैनन् ।

समग्रमा भन्ने हो भने "कसम" फिल्म पनि नेपाली भाषामा बनेको अर्को एउटा व्यावसायिक "हिन्दी फिल्म" हो भन्न सकिन्छ- जसमा प्रशस्त मारमुंग्रीका दृश्यहरू छन्, फिल्मलाई बिकाउ बनाउन बलजफ्ती अनुकूल प्रसँग बनाएर राखिएका गीत र नृत्यहरू छन्, भिजेको लुगामा अंजलीको अंग प्रदर्शन छ, कार छ, मोटरसाइकल छ, "प्रेम" छ, "घृणा" छ अर्थात एउटा फिल्मलाई पुग्ने वजारिया मसलाहरू सबै छन् !

**- हरिगोविन्द लुईंटेल**

## गोविन्द भट्ट पुरस्कृत



*नेपाली प्रगतिवादी सौन्दर्य चिन्तन र समीक्षा क्षेत्रमा उल्लेखनीय योगदान गरेवापत गोविन्द भट्टलाई २०५० को "कृष्णमणि साहित्य पुरस्कार" प्रदान गर्ने निर्णय भएको छ ।*

*वर्षभरिमा प्रकाशित उत्कृष्ट कृतिलाई दिइने वा सो प्राप्त नभएमा साहित्यिक व्यक्तित्वहरूलाई वा साहित्यिक प्रकाशन वा संस्थाहरूलाई पनि दिइने प्रावधान भएको सो पुरस्कार विगतमा युद्धप्रसाद मिश्र, केवलपुरे किसान, श्यामप्रसाद शर्माले पाइसक्नु भएको छ । गत साल भने सो सालभरि प्रकाशित कृतिहरूमध्ये कवि आहुतिको कविता संग्रह "तपस्वीका गीतहरू" लाई सो पुरस्कार दिइएको थियो ।* ❐

# पारिजातको शालिक स्थापित



फोटो : अस्मिता

सुप्रसिद्ध साहित्यकार स्व. पारिजातको शालिक अनावरण कार्य गत वैशाख ३१ गते विहान सम्पन्न भयो। वयोवृद्ध भाषा-साहित्यसेवी वैकुण्ठप्रसाद लाकौलले अनावरण गर्नुभएको सो शालिक पारिजातको निवास अगाडिको जग्गामा स्थापित गरिएको छ। काठमाडौं नगर पालिका वडा नं. १६ का वडाअध्यक्ष रामवीर मानन्धरको विशेष सक्रियतामा सो वडाका तर्फबाट निर्मित उक्त शालिक स्थापना र अनावरणको चाँजो **पारिजात स्मृति केन्द्रले** मिलाएको थियो।

स्मरणीय छ, पारिजातको शालिक स्थापनार्थ स्मृति केन्द्रले सरकारसँग त्यहीं नजीकैको सार्वजनिक जग्गा माग गरेको थियो। तर सरकारले सो जग्गा दिएन। त्यसैले उहाँको शालिक निजी जग्गामा स्थापना गरिएको हो।

पारिजातको मृत्यु भएको (गत २०५० वैशाख ५ गते) वर्ष दिन पुगेको उपलक्ष्यमा सोही दिन अपरान्ह पारिजात स्मृति केन्द्रद्वारा प्रकाशित "पारिजात स्मृति ग्रन्थ"को विमोचन प्र.ले.संघका अध्यक्ष श्यामप्रसाद शर्माले गर्नु भयो। सो ग्रन्थ निनु चापागाई र खगेन्द्र संग्रौलाले संपादन गर्नुभएको हो। सोही अवसरमा आयोजित विचार-गोष्ठीमा समालोचक डा. वासुदेव त्रिपाठी र जगदीशचन्द्र भण्डारीले पारिजातको व्यक्तित्व र कृतित्वबारे विचार प्रस्तुत गर्नु भएको थियो। गोविन्द भट्टले सभापतित्व गर्नु भएको सो समारोहमा पारिजातका केही कविताहरू पनि वाचन गरिएका थिए। ❒

# भारतमा पारिजात-स्मृति

गत वैशाख ११ र १२ गते भारतको डुवर्समा पारिजातको स्मृतिमा दुईवटा सेमिनारहरू आयोजित भए। माल बजारमा "पारिजात सेमिनार, भारतीय नेपाली समिति (भानेस) को आयोजनामा भएको डुवर्सव्यापी स्तरको सेमिनारमा पारिजातका विविध पक्षहरू व्यापक रूपले उद्‌वोधित भएका थिए।

यसै गरी, जलपाइगुडी, लुक्सान बजारमा "जनवादी साहित्य सांस्कृतिक मंच" ले अर्को सेमिनारको आयोजना गरेको थियो। भाषासेवी तथा पूर्व सांसद वद्रीनारायण प्रधानले सभापतित्व गर्नुभएको मालबजारको कार्यक्रम र भाषासेवी, समाजसेवी जेठा सुब्वाले सभापतित्व गर्नुभएको लुक्सान बजारको कार्यक्रममा स्थानीय भाषासेवीहरू, समाजसेवीहरू, प्रगतिशील कार्यकर्ताहरू र आम जनताको उत्साहपूर्ण सहभागिता रहेको थियो।

दुवै कार्यक्रममा प्रगतिशील लेखक संघ नेपालका निनु चापागाई, खगेन्द्र संग्रौला, ताराकान्त पाण्डेय, जगदीशचन्द्र भण्डारी, रूद्र खरेल र आहुति विशेष अतिथिको रूपमा निमन्त्रित हुनु हुन्थ्यो। उहाँहरूले पारिजातका विविध पक्षमा वोल्नु भएको थियो।

त्यस क्षेत्रमा भाषा-साहित्य सेवा र समाजसेवामा संलग्न विष्णु शर्मा, शंकर क्षेत्री, इन्द्रबहादुर गुरूंग, कितापसिंह राई, ललित न्यासुर, काजीमान गोले, सुश्री विमला सुब्वा, जनार्दन थापा, दुर्गा चामलिंग, गणेश तिम्सिना र भानेसका अध्यक्ष हर्कबहादुर राईले पनि विचार अभिव्यक्त गर्नु भएको सो कार्यक्रममा जनपक्षीय गीतको प्रस्तुति र कविता वाचंन पनि गरिएका थिए। ❒


# मूल्यांकन ग्राहक अभियान

**के तपाई आफ्नै घरमा बसी-बसी मूल्यांकन पढ्न चाहनुहुन्छ ?**

मूल्यांकनको ग्राहक कूपन भर्नुहोस् र चाहिएको अवधिमा (√) चिन्ह लगाउनु होस् ग्राहक शुल्क र हुलाक महशूलसहित त्यो हामीकहाँ पठाउनु होस्। हामी हुलाक मार्फत तपाईको घरे घरमा पत्रिका पुऱ्याई दिन्छौं।

## ग्राहक कूपन

*श्री व्यवस्थापकज्यू,*

*म/हामी/ हाम्रो संस्था त्यस मासिकको नियमित ग्राहक बन्न इच्छुक हुनाले निम्न अनुसारको (√) चिन्ह लगाइएको ग्राहक अवधिको लागि ग्राहक र हुलाक महशूल पठाइएको छ। ग्राहक बनाई दिनहुन अनुरोध छ।*

| अवधि | पाइने अंक | ग्राहक महशूल | | हुलाक महशूल | |
|---|---|---|---|---|---|
| | | नेपाल | भारत | साधारण | रजिष्टरी |
| वार्षिक | १२ | रु.१७०।- | भा.रु. १५०।- | रू. ३०।- | ६०।- |
| अर्ध वार्षिक | ६ | रु.८५।- | भा.रु. ७५।- | रु. १५।- | ३०।- |
| द्वै वार्षिक | २४ | रु.३३०।- | भा.रु.२९०।- | रु. ६०।- | १२०।- |
| त्रिवार्षिक | ३६ | रु. ५००।- | भा. रु. ४४०।- | रु. ९०।- | १८०।- |

महशूल ड्राफ्ट/मनी अर्डर/नगदमा यसैसाथ संलग्न छ।

पूरा ठेगाना यस प्रकार छ :-

नाम :

ठेगाना :

शुद्धताको प्रतीक राजहंस

सुशील वनस्पति प्रा. लि.

ॐ

राजहंस

वनस्पति घ्यू सोयाविन तेल

तपाईले
- दृष्टि
- जनादेश
- प्रकाश
- नयाँ हाँक
- छलफल
- नयाँ मोर्चा
- विश्व भूमि

पढ्नु भयो ?

## चिली
(९८ पेजको बाँकी)

९८ प्रतिशत बच्चाहरूलाई प्राथमिक शिक्षा दिने र स्कूलका विद्यार्थीहरूलाई नि:शुल्क दूध खुवाउने व्यवस्था गरी स्वास्थ्यमा सुधार ल्याइयो । रोटीको गुणमा बढोत्तरी र मूल्यमा स्थिरता ल्याई गरीब जनतालाई राहत प्रदान गरियो । बजारको मूल्यमाथि कडा नियन्त्रण गरिनुका साथै दैनिक उपभोग्य सामानमाथि सरकारी अनुदान दिई कम मूल्यमा विक्री वितरण गरियो ।

आफ्ना यी क्रियाकलापहरूलाई निरन्तर र विस्तृत पार्न अन्तर्राष्ट्रिय सम्बन्ध पनि बिस्तार गर्नु आवश्यक भएको महसूस गरी सरकारले चीन, भियतनाम, उत्तर कोरिया, पूर्व जर्मनी सोभियत संघ एवं क्यूबासँगसमेत दौत्य सम्बन्ध कायम गऱ्यो । अमेरिकी साम्राज्यवादको अगुवाइमा १९६४ देखि मेक्सिको बाहेक सम्पूर्ण ल्याटिन अमेरिकी शासकहरूबाट बहिष्कृत मुलुक क्यूबासँग साहसिक ढंगले सम्बन्ध स्थापना गर्नाले अमेरिकालाई झनै अप्ठ्यारोमा पारिदियो ।

यसका साथै अमेरिकी साम्राज्यवादको बिगबिगीबाट बच्न असंलग्न राष्ट्रहरूको आन्दोलनमा चिली सहभागी भयो । अल्जियर्समा १९७३ को सेप्टेम्बरमा सम्पन्न चौथो असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनको आम घोषणाको विशेष खण्डमा उल्लेख भए अनुसार असंलग्न आन्दोलनले चिलीका जनता र सरकारले साम्राज्यवाद र देशीय प्रतिक्रियावादी तत्वहरूको संयुक्त आक्रमणको प्रतिरोधमा नयाँ समाजको निर्माण र स्वाधीनताको सुदृढीकरणको लागि गरिरहेको संघर्षको सफलताको लागि कामना गरेको थियो ।

जीवनको सम्पूर्ण भौतिक पक्षमा गरिएको सुधार र आमूल परिवर्तनले पपुलर यूनिटीको सरकार जनताबीच यति प्रिय भयो कि अप्रिल, १९७१ मा सम्पन्न नगरपालिकाको चुनावमा त्यसले ५०.९% मत प्राप्त गऱ्यो र १९७३ मार्चमा सम्पन्न सम्पन्न संसदीय चुनावमा ४३.४% मत प्राप्त गरी १९७० को राष्ट्रपतीय चुनावमा ३६.२% मतबाट ७.२% मत वृद्धि गऱ्यो !

❐ ❐ ❐

### अर्को अंकमा अन्तिम भाग !

- ❐ सैनिक विद्रोहपछिको जन-प्रतिरोध
- ❐ कम्युनिष्ट पार्टीको संघर्ष
- ❐ चिलीको 'शान्तिपूर्ण क्रान्ति' को परीक्षणले सिकाएका पाठकहरू !

# मट्टीतेलको भाउ किन घट्यो ?

गिरिजा सरकारले भर्खरै मटीतेलको भाउ १ लिटरको ९:७५ बाट ९ रुपियाँमा झारेको छ । जनताको हितको ख्याल राखेर नै यसरी भाउ घटाइएको हो भन्ने उसको ब्याख्यान छ ।

दैनिक आवश्यकताका कुनै पनि वस्तुको भाउ घट्यो भने आम जनतालाई राहत हुन्छ, यो कुरा साँचो हो । मट्टीतेलको भाउ घट्नाले पनि आम जनतालाई फाइदा भएको छ । तर अहिले मट्टीतेलको भाउ घट्नुको जरो कारण भने कांग्रेस सरकारको जनताप्रतिको चिन्ता र माया होइन । विश्व बजारमा तेलको भाउ ओरालो लागिरहेछ । सबैतिर तेलको भाउ घट्ने, नेपालमा चाहिं नघट्ने भयो भने सरकार उदांगिन्छ । यही भयले नै सरकारले तेलको भाउ घटाएको हो ।

यसको प्रमाणको रुपमा विश्व बजारको तेलको भाउसम्बन्धी यो चार्ट हेर्न सकिन्छ ।

**गत पाँच वर्षको तेलको भाउ** अमेरिकी डलरमा/प्रतिब्यारेल

| गएको हप्ता | दुई हप्ताअघि | ६ महिनाअघि | १ वर्षअघि | ३ वर्षअघि | ५ वर्षअघि |
|---|---|---|---|---|---|
| १५.७५ | १५.०० | १५.९० | १८.५८ | १९.५५ | १९.८० |

स्रोत : Reuters Price link र Asiaweek, मे ११, १९९४


यो चार्टबाट प्रष्टै देखिन्छ- तेलको भाउ ५ वर्षअघि विश्व बजारमा प्रति ब्यारेल १९.८० अमेरिकी डलर थियो, तर गत हप्ता भने १५.७५ डलर मात्र अर्थात् तेलको भाउ ५ वर्षअघि भन्दा अहिले २५.७ प्रतिशत सस्तो भएको छ । चार्ट हेर्दा थाहा लाग्छ, तेलको भाउ झन्-झन् वर्षैपिच्छे सस्तो हुँदै आएको छ- विश्वको बजारमा । आजभन्दा ६ महिना पहिले पनि अहिलेको जतिकै तेलको भाउ सस्तो थियो । यसको तात्पर्य के हो भने ६ महिना अघि नै तेलको भाउ घटाउनु संभव थियो । खालि मट्टीतेल मात्र होइन, डिजेल, पेट्रोलको भाउ पनि तेलको भाउअन्तर्गत पर्छ । र तिनीहरूले भाउमा पनि कटौती हुनुपर्ने थियो । तर तिनीहरूको भाउ अहिलेसम्म घटाइएको छैन ।

आखिर किन त ? डिजेलको भाउ विश्व बजारमा घटे जस्तो यहाँ पनि घटाइएमा सार्वजनिक यातायात अहिलेभन्दा २५ प्रतिशत सस्तो पर्न जाने थियो । जनताको हित चाहने सरकारले यो चाहिँ किन घटाएन ?

चार्टले देखाएको छ- विश्व बजारमा सम्पूर्ण तेलको भाउमा ५ वर्षको अवधिमा २५ प्रतिशत गिरावट आएको छ । तर मट्टीतेलको भाउ घटाइयो- जम्मा ७.७ प्रतिशत ! आखिर यस्तो किन गरियो त ? किन विश्व बजारमा घटे जतिकै अनुपातमा नेपाली बजारमा मट्टीतेलको भाउ घटाइएन ?

त्यसैले तथ्यहरूले देखाउँछन्- जनताको हितको खातिर सरकार चिन्तित हुनाको कारणले नै तेलको भाउ घटेको होइन । यो भाउ त घट्नै पर्थ्यो । अझ योभन्दा धेरै वेसी घट्नु पर्थ्यो । खालि मट्टीतेलको मात्र होइन, अरू तेलको पनि घट्नु पर्थ्यो । तर मट्टीतेलको मात्र र त्यो पनि विश्व बजारको भाउ गिरावटको तुलनामा धेरै थोरै मात्र घटाइएको छ । यसमा गिरिजा सरकारप्रति कृतज्ञ हुनुपर्ने कुनै कारण छैन । बरु हामीले त माग गर्नु परेको छ- विश्व बजारमा जत्तिकै नै तेलको भाउ घटाऊ र खाली मट्टीतेल होइन, डिजेल र पेट्रोलको पनि भाउ घटाऊ ।

मट्टीतेलको भाउ त्यतिखेर घटेको छ- जतिखेर गिरिजा सरकार बाहिर त निकै अलोकप्रिय छँदैछ, आफ्नै पार्टीभित्रबाट पनि अत्यन्त संकटग्रस्त भएको छ । यो स्थितिमा जनतामा आफ्नो बिग्रेको छवि सुधारेर चरम संकटबाट बच्ने दाउको रूपमा यो मट्टीतेलको भाउ घटाइएको प्रतीत हुन्छ । आखिर मट्टीतेलमा समेत गिरिजाको राजनीति लुकेको देखिन्छ । ❐


**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

○ १. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औंषधी खर्च निशुल्क पाउनु हुने छ ।

○ २. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

○ ३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना ब्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको ब्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नु होस्

**हिमालय फाइनान्स एण्ड सेभिंग कम्पनी (प्रा.) लि.**

ताहाचल, नेपाल, फोन २७०५८६




### साम्राज्यवाद विरोधी रचना

मैले मूल्यांकनमा विभिन्न देशका कम्युनिष्ट पार्टीमाथि र कम्युनिष्ट नेताहरू-माथि आक्रमण अमेरिकाको सी.आई.ए.ले भीषण षड्यन्त्रबाट कम्युनिष्ट पार्टी भताभुंग पार्ने र कम्युनिष्ट नेताहरूलाई निर्ममतापूर्वक मार्ने गरेको कुरो पढन पाएँ। तर साम्राज्यवादीहरूको निरन्तर प्रहारबाट कम्युनिष्टहरू कत्ति पनि विचलित हुन्नन् भनी सामान्य पाठकहरूलाई मनोवैज्ञानिक रूपले दृढ र कठोर वनाउने खालका लेख, रचना तथा कविता मैले पाउन सकिन।

सिन्धु "जलेसा"पौदी अमरोई गाविस, वा.नं. ९, अरेवा, गुल्मी

### नेपाली राष्ट्रवादको एकीकृत आवाज

राष्ट्रियताका सवालहरूमा यस अघिका हरेक ऐतिहासिक काल खण्डमा नेपालका कम्युनिष्टहरूले ज्यादै सशक्त र सुदृढ आन्दोलन गर्दै आएका हुन्। गत चैत्रमा भएको "वानेश्वरमा भारतीय प्रहरी हस्तक्षेप"को घटनाविरूद्ध प्र.रा.यु.संघ, नेपालको विरोध प्रदर्शनको कार्यक्रमलाई आवरण, सम्पादकीय र समाचार टिप्पणी समेतमा समेटेर नेपाली राष्ट्रवादको एकीकृत आवाजलाई मुखरित गर्नु भएकोमा हार्दिक बधाई छ। अन्तर्राष्ट्रिय पूँजीवाद र साम्राज्यवाद विश्व कम्युनिष्ट आन्दोलनबाट कत्तिको त्रसित छ भन्ने छर्लङ्याउन उनीहरूले षड्यन्त्रपूर्वक विश्वका प्रभावशाली कम्युनिष्ट नेताहरूको हत्या कसरी रच्दैछन् भन्ने झल्को दिनु भएको साह्रै राम्रो छ। चिलीको कम्युनिष्ट पार्टीको उत्थान र पतनको कथाले नेपाली कम्युनिष्टहरू कहिले शिक्षा लेलान? "के तपाईं हामी तमासे मात्र हौं?" भन्ने कला सम्बन्धी लेख प्रगतिशील गीति क्यासेटहरूको विज्ञापन पो रहेछ। भलै त्यो पनि राम्रै कुरा हो। प्रज्ञानरत्नका हरेक दार्शनिक लेखहरू पठनीय र मननीय छन्। ईश्वर, धर्म, दर्शन, बिज्ञान, साहित्य, कला र प्रविधिका क्षेत्रमा प्रगतिवादी दृष्टिकोण र बैकल्पिक कार्यक्रमहरू प्रस्तुत गर्दै जानु पर्ने वर्तमान परिप्रेक्षमा यस्तै दिशातर्फ "मूल्यांकन" लक्षित रहेको छ र रहिरहोस्, यो पथ विचलित नहोस्, यही सुभकामना सहित आगामी अंकहरूमा मोफसलतिर पनि लेखकहरू, पत्र-पत्रिकाहरू, पाठकहरू र थोर-बहुत प्रतिभाहरू सहित खोजीका अन्य विषय हुन सक्छन् कि भनी "मूल्यांकन" ले ध्यान दिएमा कसो होला?

-नवराज शर्मा, साहित्य संगम, मकवानपुर

### संसदीय बाटो

चिलीको संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले क्रान्ति सम्पन्न भएको तर थोरै समयमै त्यहाँको कम्युनिष्ट पार्टीको पतन भएको कुराबाट नेपालका संसदीय बाटोमा लागि रहेका पार्टीहरूले समयमै सबक सिकी आफूमा भएका कमी कमजोरीहरूलाई हटाउँदै जानुपर्छ। किनकी यहाँ संसदीय बाटो अप्नाउनुको उद्देश्य जनतालाई संसदीय व्यवस्थाबाट जनताको सही समस्या समाधान हुन सक्तैन भनी जनतालाई सचेत पार्ने नभई, बरू त्यसै बाटोबाट नै कम्युनिष्ट पार्टीले सरकार बनाउन सक्छ र अनि जनताका सबै समस्याहरू सही रूपले समाधान गर्नसक्छन् भन्ने खुचेभको जस्तै धारणाको भ्रम दिएर नै ती पार्टीहरू जनताबाट भोट मागेर चुनाव लडिरहेका छन्।

- ए.पी. विश्वास, कीर्तिपुर

### प्रवासीको सुझाव

यो पत्रिकाले विस्तारै भारत प्रवासमा बस्ने नेपालीहरूको माझमा पनि ठाउँ वनाउन थालेको छ। वास्तवमा नेपाली कम्युनिष्ट आन्दोलनलाई यस पत्रिकाले सही बाटोतिर डोऱ्याउन ठूलो सहयोग पुऱ्याउने कुरामा ढुक्क भएर विश्वास गर्न सकिन्छ। विश्व कम्युनिष्ट आन्दोलनका एतिहासिक घटना र वर्तमान स्थितिको विश्लेषण गरी प्रस्तुत गरेर शिक्षा प्रदान गरेको छ। कुनै राष्ट्रको वामपन्थी आन्दोलनको इतिहास प्रस्तुत गर्दा वर्तमानमा कम्युनिष्ट आन्दोलनको स्थिति कस्तो छ, सम्भव भए प्रस्तुत गरियोस्।

गणेश घिमिरे, भोपाल (भारत)

### स्थानीय कार्यकर्ताबीच अन्तर्क्रिया

यो पत्रिकाले विचार अन्तर्क्रिया गर्दा केन्द्रीय रूपमा धेरै गरिएको पाइयो। तर वामपन्थी आन्दोलनमा लागेका जिल्ला र स्थानीय स्तरका कार्यकर्ताहरू धारणा र विचारहरू पनि अन्तर्क्रिया गरीयुन्। साथै आज फुट र वेमेलमा रहेका नेपालका वामपन्थीहरू एकीकृत मोर्चा वा पार्टी निर्माण गर्ने काममा यसले सदाझैं प्रयत्न गरोस्।

- पुष्कर गौतम, पोकली गाविस, ओखल ढुंगा

### साम्राज्यवादी नीतिको भण्डाफोर

अमेरिकाको साम्राज्यवादी नीतिको भण्डाफोर गर्दै विश्व कम्युनिष्ट आन्दोलनको प्रगति सम्बन्धमा विभिन्न लेख प्रकाशित गर्दै गर्नु होला। निकारागुआको साण्डिनिष्टा क्रान्ति सम्बन्धी लेख अति नै आकर्षक छ। काठमाडौंको क्षेत्र नं. १ को उपचुनावमा पूँजीवादीहरूले खाएको मारबारे लेख अति नै राम्रो लाग्यो।

- सागर वोगटी, बझांग, छान्ता, सेती

### "विश्व हिन्दू परिषद्को" सशस्त्र हस्तक्षेप

नयाँ वानेश्वरमा भारतीय प्रहरीको सशस्त्र हस्तक्षेपवारे क. शंभुराम श्रेष्ठ, क. रोहित र क. हिरण्यलाल श्रेष्ठको प्रतिक्रिया पढ्न पाएँ। उहाँहरूले सशस्त्र भारतीय प्रहरीको हस्तक्षेपलाई त देख्नु भयो, तर उहाँहरूले नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि निर्माण भएको संविधानमा विचारधारात्मक रूपले "विश्व हिन्दू परिषद्को" सशस्त्र हस्तक्षेपलाई नदेख्नु दुर्भाग्य हो।

नेपालको संविधानमाथि विश्व हिन्दू परिषदको हस्तक्षेपको विरूद्ध कुनै कार्यक्रम राखिएको देखिएन। प्रमुख विषयलाई गौण र गौण विषयलाई प्रमुख देख्नु नेपाली कम्युनिष्ट आन्दोलनकै विडम्बना मान्नु पर्छ।

- धनबहादुर डाखुसी, देउजा गाउँ, भक्तपुर

### वक्तव्यवाजी मात्रै ?

टनकपुरको मुद्दा सम्बन्धी सवाललाई लिएर सडक आन्दोलनसमेत गरीसकेको ने.क.पा. (एमाले) लगायत सात वामघटक सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रतासँग जोडिएको यति संवेदनशील सवालमा संसदको भण्डाफोर र वक्तव्यसम्म मात्र सीमित रहनु कम्युनिष्टहरूको लागि सुहाउने कुरा होइन। सानातिना सवाललाई थाँती राखेर ने.का.को अराष्ट्रवादी सरकारलाई ढाल्न सम्पूर्ण वामशक्ति सडकमा उत्रनु पर्ने यस्तो राष्ट्रिय संवेदनशील सवालमा वक्तव्यवाजीमा मात्र सीमित रहँदा जनतामा के मनोवैज्ञानिक प्रभाव पर्ला?

- आर. के.एस., रोबिन, तार्कुघाट, हाल: चितवन

### एउटा गुनासो

राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका कम्युनिष्ट आन्दोलनका घटनाक्रमको अध्ययनबाट नेपाली कम्युनिष्ट आन्दोलनको दिशा कतातिर लैजाने-पूँजीवादी संसारलाई ध्वस्त पार्नको लागि क्रान्तिकारी मार्क्सवादको बाटो अप्नाउने कि पूँजीवादी बाटो नै रोज्ने? मूल्यांकनले आउँदा अंकहरूमा यी विषयका जवाफहरू ठोस रूपमा पाठकवर्ग समक्ष पुऱ्याओस्।

मूल्यांकन पत्रिका पार्टी विशेषको पत्रिका होइन भन्ने जगजाहेर छ, तर अप्रत्यक्ष किसिमबाट प्रमुख प्रतिपक्षको मात्र बढी बयान गर्ने भाँडो बनाउनु भएन। नेपालका सबै बामपन्थी पार्टीहरूको राजनैतिक कार्यक्रम पनि आगामी अंकहरूमा क्रमिक रूपमा प्रकाशित गर्दै जानुपऱ्यो। मूल्यांकनले विश्व कम्युनिष्ट आन्दोलनका गुरूहरूका संसार फेर्न प्रेरित गर्ने सैद्धान्तिक हतियारहरूलाई उद्‌घृत गर्दै पाठक समक्ष पुऱ्याउँदै जाओस्।

- के.आर. खनाल, सुर्खेत क्याम्पस (शिक्षा)

### साझा वाम मञ्च होइन कि ?

यो मूल्यांकन नेपाली साझा वाम पत्रिका ठानिएकोमा यसका केही लेख र फोटो हेर्दा यो नेपाली वाम साझा मञ्च होइन कि जस्तो लाग्यो। किनकी यसभन्दा दुई अंक पहिलेको मूल्यांकनमा सम्पादकीयमा "अब देखि काँग्रेसको थाङ्नामा सुत्ने छैनौं" र यस पूर्णाक १८ मा पनि भारतीय प्रहरी अतिक्रमण (बानेश्वर काण्ड) को विरोधमा नेपालका विभिन्न राष्ट्रवादी भनाउँदाहरूले पनि केहीले पत्रपत्रिकाबाट, कसैले मुखको भरले त कसैले पार्टीको माध्यमबाट, अझै भन्ने हो भने कुनैले सडक आन्दोलनबाट आवाज उठाए। जे सुकै होस्, विरोध त गरे तर यसमा किन प्र.रा.यु. संघको विरोधको आवरण राखियो? के अरू कुनै संघ संस्थाले चाहिं गरेका थिएनन र?

आर.वी. सुनुवार, रसुवा जिल्ला

### कम्युनिष्ट नेताहरूको फोटो

निकारागुआका कोन्ट्रा बिद्रोहीहरूको आत्मसमर्पण, सेना प्रमुख ओर्टेगाको राजीनामा दिने कुरो समेत आगामी अंकमा आउँने आशा छ। विश्व कम्युनिष्ट गतिविधि स्तंभ मूल्यांकनसँगसँगै जारी रहोस् अगाडिका साथीहरूका सुझाव-विश्वका कम्युनिष्ट नेताहरूको फोटो-परिचय राख्न मूल्यांकनलाई के आपत्ति छ? अनि मूल्य स्थिर भए .....

राम ब. गुरूङ्ग "योद्धा", भोजपुर, हाल : बेलबारी-३ मोरङ्ग

### कम्युनिष्ट आन्दोलनका गाथाहरू

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन सम्बन्धी स्तंभमा निकारागुआ र चिलीपछि संसारका अरू देशका कम्युनिष्ट आन्दोलनका अमर गाथाहरू पनि अरू अंकहरूमा प्रकाशित गर्न अनुरोध गर्दछु। महिनाभरका घटनाहरू संक्षिप्त दैनिक डायरी र कम्युनिष्ट आन्दोलनका विषयमा प्रश्नोत्तर मञ्च पनि समावेश गर्न सके अझ राम्रो हुन्थ्यो। कम्युनिष्टहरूले आफ्नो घर र परिवारमा गर्नुपर्ने व्यवहार र चालचलन तथा हाल नेपालमा प्रचलित अवैज्ञानिक-अव्यावहारिक शिक्षाप्रणालीको चिरफार गरिएका लेखहरू आगामी अंकमा पढ्न पाउने आशा गर्दछु।

रमेश खनाल, शनिश्चरे-९, झापा हाल: पोखरा

### धेरै महंगो !

स्तरहीन र बेअर्थका विभिन्न रंगी-चंगी पत्रिकाहरूका माझ छुट्टै विशेषता बोकेर देखापरेको "मूल्यांकन" आफ्नो अलग पहिचान राख्न सफल भएको छ। यसका हरेक अंकहरू पठनयोग्य र संग्रहणीय छन्। विश्वका विभिन्न देशका कम्युनिष्ट आन्दोलनको चिरफार गर्न यो पत्रिका सफल छ। तर कम्युनिष्ट आन्दोलनमा चासो राख्ने हामी जस्ता निम्न वर्गीय विद्यार्थीहरूको लागि एक अंकको रू. १५ धेरै महंगो भएन र?

- परशुराम नेपाल, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा

### भाषागत त्रुटि

चिली को कम्युनिष्ट आन्दोलन, चन्द्रदेव नेपालीको "के हामी तमासे मात्र हौं?" लेखले ठूलो पाठ सिकाएको छ। तर मूल्यांकनको भाषागत त्रुटि बिगतभन्दा धेरै बढेको छ। एकै व्यक्तिका धेरै लेखहरू छाप्दा अन्यलाई अन्याय होला की?

मातृभूमिको मुक्तिका निम्ति सयौं वर्षदेखि संघर्षरत आई.आर.ए. तथा कम्बोडियाली खमेर रूज छापामार समुह सम्बन्धी लेखहरू आगामी अंकमा प्रकाशित भएमा आभारी हुने थिएँ।

- कमल "युद्धविराम", बूढानीलकण्ठ

### प्रजातन्त्रको हत्या

विश्व कम्युनिष्ट आन्दोलमा अमेरिकाले निकारागुआ लगायत विश्वका कुना-कुनामा प्रजातन्त्रको हत्या गरेको र उत्तर कोरियामा चलाउन लागेको संघर्षको बारेमा सम्पूर्ण न्यायप्रेमी, जनवादी प्रगतिशीलहरूमा गरिएको आह्वान ठीक लाग्यो, अतः मूल्यांकन पत्रिकाप्रति आभार व्यक्त गर्दछु। यस्तै आइन्दादेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक महत्वपूर्ण राजनीतिक घटनाक्रमहरू स्पष्ट रूपमा दिंदै जानुहोला।

- इन्द्रकुमार खाम्ले शाई छिन्ताङ, धनकुटा

### विवेचनात्मक र ज्वलन्त प्रकाशन

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमको विवेचनात्मक र ज्वलन्त प्रकाशन नै मूल्यांकनको परिचय मान्नुपर्छ। यद्यपि देशको विभिन्न कुनाका कम्युनिष्ट आन्दोलनहरूमा प्रमुख भूमिका निर्वाह गर्दै आउने व्यक्तिहरू देशभरिका जनताका लागि अपरिचित हुनु स्वभाविकै हो। त्यसैले अपरिचित व्यक्तित्ववारे मूल्यांकनले परिचित गराउने प्रकृयाको थालनि गरोस्।

झण्डै शहीद बनाइनुभएका क. बासु शाक्यको जीवनमा आइलागेका अप्ठ्यारा झमेला र तत्कालीन प्रशासनको क. शाक्यले कसरी सामना गर्नु भयो? भन्नेवारे मूल्यांकनबाट क्रमिक रूपले विस्तृत जानकारी गराउनु होला।

- मोहन "गाउँले" र बिष्णु मणि दाहाल संखुवा सभा।



*Made for those*
*who dream sweet dreams*
*Love that ever grows,*
*Plan each day*
*the Panther way*
*and always dream*
*sweet dreams*
*Panther!*
*for those who dream.....*

**Panther**




ELECTRONICALLY TESTED CONTRACEPTIVE FOR MEN.


# के तपाई मूल्यांकनको नि:शुल्क ग्राहक बन्न चाहनु हुन्छ ?

**मूल्यांकनको नियमित ग्राहक बनाउनु होस् तपाई स्वत: यसको नि:शुल्क ग्राहक बन्नुहुनेछ !**

मूल्यांकन ग्राहक अभियान अन्तर्गत यसको नियमित ग्राहक बनाउने प्रत्येक व्यक्तिलाई प्रोत्साहन स्वरुप निम्नानुसार नि:शुल्क ग्राहक बनाइने छ :

- ५ जना दुई वर्षे ग्राहक बनाउनेलाई एक वर्षको नि:शुल्क ग्राहक
- १० जना वार्षिक ग्राहक बनाउनेलाई एक वर्षको नि:शुल्क ग्राहक
- ५ जना वार्षिक ग्राहक बनाउनेलाई ६ महिनाको नि:शुल्क ग्राहक
- १० जना अर्ध वार्षिक ग्राहक बनाउनेलाई ६ महिनाको नि:शुल्क ग्राहक
- ५ जना अर्ध वार्षिक ग्राहक बनाउनेलाई ३ महिनाको नि:शुल्क ग्राहक

ग्राहक बनाउने महानुभावहरू निम्न कुरा मूल्यांकन कार्यालयले प्राप्त गरेपछि मात्र नि:शुल्क ग्राहक बन्नुहुनेछ-

★ प्रत्येक ग्राहक बन्नेहरूले भरेको यसै पत्रिकामा संलग्न ग्राहक कूपनको कटनी

★ ड्राफ्ट, मनी अर्डर वा नगदमा ग्राहक शुल्क

★ नेपालमा हुलाकबाट पठाउनु पर्ने भए हुलाक महशुल वापतको रकम रु. ३०।- (भारतका लागि भा रु. ३०।-) सहितको रकम पत्रिका पसलबाट प्राप्त गर्ने भए मूल्यांकन बिक्री गर्ने गरिरहेको पसलको सहमति-पत्र

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**

Announcing

The only non-stop flight to

# KATHMANDU

*FROM*

## BOMBAY

EVERY MONDAY & FRIDAY




| RA 201 | FLIGHT NUMBER | RA 202 |
|---|---|---|
| B757 | TYPE OF AIRCRAFT | B757 |
| MON, FRI | DAYS OF OPERATION | MON, FRI |
| 1400 ↓ 1620 | DEP KATHMANDU ARR / ARR BOMBAY DEP | 2030 ↑ 1740 |

**Royal Nepal Airlines**

Bombay Tel: 2181-431/440, 232438

Delhi Tel: 332-1572/1164/0817

Calcutta Tel: 298634

Kathmandu Tel: 220757, 214640